*परिच्छेद - एक*

# शोध-परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक रामप्रसाद ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेत रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विषय स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निमित्त प्रस्तुत गरिएको छ ।

## १.३ शोधसमस्या

प्रस्तुत शोधपत्र रामप्रसाद ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेत कृतिपरक अध्ययनमा केन्द्रित रहेकाले यो पक्ष र चिन्तन पहिल्याउन यस शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् :

१. क्रान्ति र यसको सैद्धान्तिक पक्ष के-कस्तो रहेको छ ?

२. नेपाली क्रान्तिकारी कविताको परम्परा कसरी विकसित हुँदै आएको छ ?

३. रामप्रसाद ज्ञवालीको कवितायात्रा र क्रान्तिचेतको विकासक्रम कसरी अगाडि बढेको छ ?

४. कवि रामप्रसादको साहित्यिक प्रवृत्ति के-कस्ता रहेका छन् ?

५. कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा अभिव्यक्त क्रान्तिचेतको स्वरूप कस्तो रहेको छ ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

१. क्रान्ति र यसको सैद्धान्तिक पक्ष पहिल्याउनु ।

२. नेपाली क्रान्तिकारी कविताको परम्पराको निरूपण गर्नु ।

३. कवि रामप्रसाद ज्ञवालीको कविता-काव्ययात्रा र क्रान्तिचेतको विकासक्रमको निरूपण गर्नु ।

४. कवि रामप्रसाद ज्ञवालीका कविता-काव्ययात्राका प्रमुख प्रवृत्ति केलाउनु ।

५. कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा अभिव्यक्त क्रान्तिचेतको निरूपण र मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कवि रामप्रसाद ज्ञवालीका प्रकाशित उपन्यास, महाकाव्य, खण्डकाव्य, कविता आदिमा अहिलेसम्म धेरै व्यक्तिहरूबाट विभिन्न कोणबाट अध्ययन गरिएको भए पनि उनका कविता-काव्यमा क्रान्तिचेत भन्ने शीर्षकमा अध्ययन हुन सकेको छैन । यस अवस्थामा उनका कविता-काव्यमा क्रान्तिचेतको अध्ययन गर्नका लागि पहिले भएका पूर्वकार्यको सहयोग लिनुपर्ने भएकाले पूर्वकार्यको खोजी गरिएको छ । ती पूर्वकार्यहरू निम्नलिखित रहेका छन्-

लक्ष्मण गाम्नागे, 'धत् रामप्रसाद ज्ञवाली', हिमालय टाइम्स ३१ वैशाख,२०५९

प्रस्तुत लेखमा गाम्नागेले पप, ऱ्याप र ज्याकहरूले समयलाई सताइएको बेला छन्दमा कविता लेख्ने, समालोचनामा गुणलाई भन्दा दोषलाई कोट्याउने कसैले नबुझ्ने कविता लेख्न छाडेर पाठकले पढ्नासाथ छर्लङ्ग हुने कविता लेख्ने कवि ज्ञवाली साहित्यकार जस्ता देखिँदैनन् भन्दै व्यङ्ग्यमा ज्ञवालीको प्रशंसा गरेका छन् ।

निमिष, 'पुतली र झुसिल्किराको ज्वारभाटा', शब्दाङ्कुर साहित्यिक मासिक (ज्येष्ठ २०५९ वर्ष १ अङ्क ८)

प्रस्तुत लेखमा निमिषले ज्ञवालीलाई जसरी गोपालप्रसाद रिमाल, भूपि शेरचन तत्कालीन समयबाट अलग रहन नसकी काव्यमा देखापरे त्यसैगरी कवितामा सिस्नुपानी लिएर देखापर्ने कवि भनी विश्लेषण गरेका छन् ।

भोगीराज चाम्लिङ, 'पुतली र झुसिल्किरा : विरोधाभासको आँखीझ्यालबाट हेर्दा', जनएकता साप्ताहिक (१३ जेष्ठ २०५९)

चाम्लिङले यहाँ पुतली र भुसिल्किरा कवितासङ्ग्रहको व्याख्या गरेका छन् । भ्रष्टताको विरुद्ध हुङ्कार र २१ औं शताब्दीमा मरनीदेवीजस्ताले भोग्नुपरेको पछौटे घटनाका विरुद्ध आएको पुतली र झुसिल्किरामार्फत ज्ञवालीको फलामे कविता लेख्ने दृढता सांयोगिक प्रतिबद्धता नभएर युगसापेक्ष आवाज र युगको आवश्यकता पनि हो भन्ने कुरा प्रस्तुत लेखमा व्यक्त भएको छ ।

हेमचन्द्र नेपाल, 'तिम्रो उचाइको मात्रा मलाई मनपर्दछ', भूमिका, पुतली र झुसिल्किरा (२०५९)

प्रस्तुत भूमिकामा कवि ज्ञवालीका कविताको मूल्याङ्कन गर्दै पारिजात र गोपालप्रसाद रिमालको कवित्वसँग ज्ञवालीको कवित्व नजिकै रहेको भनी ज्ञवालीको पहिलो कवितासङ्ग्रह पुतली र झुसिल्किराको उच्च मूल्याङ्कन गरिएको देखिन्छ । यसमा युगीन यथार्थलाई सशक्त बिम्बका माध्यमबाट व्यक्त गरिएको छ भन्ने धारणा समीक्षकको रहेको छ ।

मित्रलाल पंज्ञानी, 'कवि ज्ञवाली र कविता', भूमिका, पुतली र झुसिल्किरा (२०५९)

यस लघुआकारको टिप्पणीमा ज्ञवालीको कला र गलाबारे सारपूर्ण छोटो मूल्याङ्कन गरिएको छ । यसमा पंज्ञानीले ज्ञवालीका शास्त्रीय छन्दका कविताहरूमा नवीन युगका मर्महरू सम्पन्न भएर आउने एवं छन्दमा पनि नित्यनवीनता देखिने कुरा व्यक्त गरेका छन् ।

बलभद्र भारती, 'पुतली र झुसिल्किरा : कवि ज्ञवालीको वैचारिक प्रतिबिम्बन', जनएकता साप्ताहिक (सोमबार २३ मंसिर २०६०, वर्ष ९, अङ्क २१)

यस लेखमा भारतीले ज्ञवालीलाई प्रगतिवादी स्रष्टाका रूपमा स्थान दिँदै उनलाई लय र छन्दमा नाच्न सक्ने कवि तथा वैचारिक प्रतिबद्धतासहित काव्यसिर्जना गर्ने सफल साहित्यकारको रूपमा विश्लेषण गरेका छन् ।

यादव भट्टराई, 'क्रान्ति र बलिदानको अभिव्यक्ति एकादेशमा' छलफल (आइतबार २४ श्रावण २०६१ वर्ष २२ अङ्क ४२)

यस कृतिसमीक्षामा भट्टराईले जनताको अधिकार र भावनालाई कुल्चिँदै स्वार्थबाट प्रेरित रही अन्धो भएर अघि बढ्न खोज्ने जोसुकै महत्त्वाकाङ्क्षी शासनको अन्त्य खण्डकाव्यमा वर्णित बाँदरको राजाको जस्तै हुन्छ भन्ने आशय व्यक्त छ र राज्यमा जनताको हित सर्वहारा वर्गको उत्थान, अधिनायकवादी व्यवस्थाको अन्त्यका निम्ति क्रान्ति र बलिदानको आवश्यकता रहेको कुरा व्यक्त गरेका छन् ।

श्रीश भण्डारी, 'आन्दोलनमा अर्को इँटा', कान्तिपुर कोसेली (१२ आषाढ २०६१ शनिबासरीय परिशिष्ट घ)

प्रस्तुत लेखमा भण्डारीले मुलुकमा प्रजातन्त्र आएको वर्षौं बितिसक्दा पनि देशमा कुनै शान्ति नआएको, नेताहरूले विश्वासघात गरेको, घोषित-अघोषित आन्दोलन निरन्तर हुँदै आएको सन्दर्भमा ज्ञवालीले एकादेशमा खण्डकाव्यमार्फत त्यस्ता आन्दोलनलाई नयाँ रूप दिन सन्देश दिँदै विश्वासघाती नेता, हैकमवादी राजतन्त्रको विरुद्ध गणतन्त्रको धावा बोलिएको छ भन्दै मुलुकको समकालीन राजनीतिक सन्दर्भमा सार्वजनिक भएको खण्डकाव्य 'एकादेशमा'ले

प्रजातान्त्रिक आन्दोलन र मध्यवर्ती नेपाली कवितामा एकसाथ अर्को इँटा थपेको छ भन्ने कुराको उल्लेख गरेका छन् ।

भोगीराज चाम्लिङ, 'एकादेशमा गणतन्त्रात्मक चेत', जनएकता (१४ भाद्र २०६१)

प्रस्तुत लेखमा चाम्लिङले अबको राज्य पूर्णतः लोकतान्त्रिक हुनुपर्दछ, राज्य कसैका बिर्ता र विरासतमा प्राप्त उपभोग्य वस्तु होइन, राज्य लोकसम्मतिमा चल्नुपर्दछ, कसैको हुकुमी निरङ्कुशता कदापि स्वीकार्य छैन भन्ने कुरामा स्रष्टा निष्कर्षमा पुगेका छन् भन्ने कुरा देखाएका छन् ।

चन्द्रबहादुर उलक, 'एकादेशमा (खण्डकाव्य) अध्ययन गर्दा', श्रमिक साप्ताहिक (भाद्र १५ भाद्र २०६१)

प्रस्तुत पुस्तकसमीक्षामा उलकले एकादेशमा खण्डकाव्य नेपाली साहित्यको कविताविधामा नयाँ पुस्ताको प्रतिनिधिका रूपमा रहेको सरल सुबोध खण्डकाव्य हो भनेका छन् । यसले आन्दोलनको बेला कवि कोठामा बसेर होइन, बाहिर सडकमा ओर्लिनुपर्दछ, कवितालाई पनि हतियारको रूपमा प्रयोग गर्नुपर्छ, अन्याय र अत्याचार निर्मूल गर्नुपर्छ भन्ने कुरा व्यक्त भएको छ ।

हेमचन्द्र नेपाल, 'कलात्मक मूल्यमा एकादेशमा खण्डकाव्य', जनमत ( भाद्र २१ २०६२, वर्ष २२ अङ्क ७-८, साहित्यिक अङ्क १०४)

प्रस्तुत पुस्तकसमीक्षामा नेपालले ज्ञवालीको यो खण्डकाव्य कलात्मक प्रतीक्षा, दक्षशिक्षा र अभ्यस्त कलमको परिणाम हो भन्ने कुरा दर्साएका छन् ।

हेमनाथ पौडेल, 'एकादेशमा : विचार र कलाको संयोजन' शब्दसंयोजन (माघ २०६२ वर्ष २ अङ्क १ पूर्णाङ्क २२)

प्रस्तुत समीक्षामा हेमनाथ पौडेलले ज्ञवाली समकालीन कविताका भिडमा छुट्टै पहिचान राख्ने छन्दोबद्ध कविताफाँटका सशक्त कवि हुन् भनेका छन् । उनले वर्तमानको कुरूप यथार्थलाई टिप्दै तिनको समूल नष्ट गर्ने चेतनाको अभिव्यक्तिका साथ सुन्दर भविष्यको परिकल्पना गर्ने प्रवृत्ति रहेको एकादेशमा खण्डकाव्यमा बिम्बले काव्यिक विषयलाई आस्वादनयुक्त र कलात्मक बनाएको छ र युगको प्रतिनिधित्व गर्न सक्ने काव्य प्रस्तुत एकादेशमा हो भन्ने कुराको अभिव्यक्ति दिएका छन् । साथै कवि ज्ञवाली वर्तमान युगको

समाजवादी, यथार्थवादी वा प्रगतिवादी काव्यधाराका प्रखर व्यक्तित्व हुन् भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

देवी नेपाल, 'कला र विचारको उत्कृष्ट संयोजन', भूमिका, असुरग्याँस कवितासङ्ग्रह (८ फाल्गुन २०६२)

प्रस्तुत भूमिकामा नेपालले कवितालेखन र वाचन दुवै कलामा निपुण ज्ञवाली मनका कवि हुन् भनेका छन् । उनको कला र गला देखेर नलोभिने कोही पनि छैन भन्दै ज्ञवालीको व्यक्तित्व, स्वभाव एवं प्रतिभालाई उनले उजागर गरेका छन् । कवि ज्ञवालीको असुरग्याँस वर्तमानमा चल्दै रहेको गणतन्त्रोन्मुख लोकतान्त्रिक आन्दोलनको एउटा थप ऊर्जा हो, यसमा कलम र विचारको उत्कृष्ट संयोजन छ । यसले स्वाधीनता, स्वतन्त्रता र जनअधिकारका पक्षमा बोल्ने सम्पूर्ण नेपालीको भावनाको कलात्मक प्रतिनिधित्व गरेको छ । यस आधारमा लोकतान्त्रिक जनताले ज्ञवालीलाई एकमुष्ट बधाइ दिनैपर्छ किनभने यसले गणतन्त्रलाई मुखरित गरेको छ भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

देवी नेपाल, 'नेपाली खण्डकाव्यको विकासक्रममा एकादेशमा खण्डकाव्यको आगमन', यथार्थवादी नेपाली समालोचना (सम्पा. घनश्याम ढकाल) (माघ २०६२ पृ. २२६)

प्रस्तुत समीक्षामा छन्दमा कवित्व आउन सक्दैन, छन्दको अभिव्यक्ति कृत्रिम हुन्छ र छन्दमा युगीन आवाज भर्न सकिँदैन भन्नेहरूका लागि ज्ञवालीका कविताहरू घतलाग्दा जवाफ हुन् भनी देवी नेपालले आफ्नो मत प्रस्तुत गरेका छन् ।

डमरु पौडेल, 'समयको आगो कवि रामप्रसाद ज्ञवाली', मजदुर दैनिक (२५ श्रावण २०६३)

प्रस्तुत समालोचनामा कवि युगीन प्रतिनिधि व्यक्ति रहेको उल्लेख गर्दै मर्न लागेको छन्दलाई नयाँ प्राण भर्ने युवा पुस्ताका उन्नायक व्यक्तिका रूपमा ज्ञवालीलाई उल्लेख गरेका छन् । सशक्त विचारलाई छन्दगत लयमाधुर्यले सारै मिठो गरी कुँदेर प्रस्तुत गर्ने ज्ञवालीका हरेक कविता र कविताभित्रका प्रत्येक पङ्क्तिले पाठकको हृदय छुन्छन् र क्रान्तिकारी चेतको प्रवाह गर्दछन् भन्ने उनको मूल्याङ्कन छ । जीवनवादी कवि ज्ञवाली निश्चय पनि साहित्यफाँटमा अमूल्य सम्पत्ति हुन् जसको सम्मानजनक संरक्षण गर्नु हामी सबैको कर्तव्य हो भनी उल्लेख गरेका छन् ।

भोगीराज चाम्लिङ, 'गणतन्त्र र मुक्तिका लागि कवितागायन', जनएकता (सोमबार २९ श्रावण २०६३)

उक्त लेखमा चाम्लिङले ज्ञवालीको मूल्याङ्कननिम्ति कवि ज्ञवालीले गुरुकुलमा आयोजित कार्यक्रममा वाचित कवितालाई आधार मानेका छन्। निरङ्कुश शासनका बाबजुद गणतान्त्रिक आन्दोलनमा क्रान्तिकारी कविको ठूलो हात हुन्छ भन्दै यदि बीचमा धोका नहुने हो भने गणतन्त्र त्यति टाढाको विषय नरहेको कुरा प्रस्तुत गणतन्त्र र मुक्तिका लागि कवितागायनबाट स्पष्ट हुन्छ भन्ने विचार प्रस्तुत भएको छ।

ताराकान्त पाण्डेय (डा.), 'सैद्धान्तिक समालोचनाको मीमांसामा थप पाइला', भूमिका, पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या (२५ भाद्र २०६३)

प्रस्तुत पुस्तकको भूमिकामा डा. पाण्डेले कवि रामप्रसाद ज्ञवाली प्रगतिवादी कवि भएकाले उनले काव्यको मूल्य र मर्मलाई राम्ररी बुझेका छन् भन्ने विचार व्यक्त गरेका छन्।

रमेश शुभेच्छुक, 'कवि रामप्रसाद ज्ञवालीको असुरग्याँसको सुगन्ध', दिगो ललित आवाज ( श्रावण २०६४, पृ. ८ -९)

रमेश शुभेच्छुकद्वारा २०६४ आषाढ २९ मा कवि रामप्रसाद ज्ञवालीलाई पत्रात्मक शैलीमा लेखिएको यस लेखमा असुरग्याँस कवितासङ्ग्रहमा रहेका हरेक कविताहरू सुन्दर शब्दसज्जा, विशिष्ट भावोद्गार, सुमधुर छन्दको प्रयोगले उत्कृष्ट बनेको छ र यी कविताले मुटुलाई छोएका छन्, क्रान्तिकारी भाव र विचारले सुगन्धै सुगन्ध छरेको छ भनी यस कृतिलाई उच्च मूल्याङ्कन गरिएको छ।

## १.६ शोधकार्यको औचित्य

कवि रामप्रसाद ज्ञवालीका कृतिहरूमा धेरै समालोचकहरू-लेखकहरूले विभिन्न कोणबाट समालोचना गर्ने, लेख्ने काम गरिसकेका छन् तर उनका कविता-काव्यमा रहेको क्रान्तिचेतका बारेमा कसैद्वारा गहिरो अध्ययन, लेखन र समालोचना भएको छैन। त्यही क्रान्तिचेतका बारेमा अध्ययन गर्नुबाट यस शोधकार्यको औचित्य पुष्टि हुन्छ। क्रान्तिचेतको अध्ययन शोधकार्यको सन्दर्भमा नवीन भएकाले नवीन कार्यको सुरुवात हुनु र पछिका शोधकर्ताहरूलाई मार्गनिर्देशन गर्नु नै यस शोधकार्यको महत्त्व रहेको छ।

## १.७ शोधकार्यको सीमाङ्कन

कवि रामप्रसाद ज्ञवाली कविताबाहेक समालोचना, उपन्यास, निबन्ध र नाटकका क्षेत्रमा पनि सक्रिय देखिन्छन् तर यस शोधकार्यमा उनका समालोचना, उपन्यास, निबन्ध, नाटक र

फुटकर कविताको अध्ययन गरिएको छैन। यो पहिलो सीमा हो। ज्ञवालीका कविता-काव्यअन्तर्गत प्रकाशित चार कृतिहरू औँसीका फूलहरू (महाकाव्य, २०५३), पुतली र भ्रुसिल्किरा (कवितासङ्ग्रह, २०५९), एकादेशमा (खण्डकाव्य, २०६१) असुरग्याँस (कवितासङ्ग्रह, २०६२) माथि विभिन्न कोणबाट अध्ययन हुन सक्ने हुँदाहुँदै पनि उल्लिखित चार कृतिहरूको क्रान्ति-चेतनाको कोणबाट मात्र अध्ययन गरिएको छ। यो दोस्रो सीमा रहेको छ।

## १.८ शोधविधि

(क) सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्य मूलतः पुस्तकालयीय अध्ययनविधिमा बढी निर्भर रहेको छ। आवश्यकताअनुसार शोधनायक र उनलाई जानेबुझ्केका अन्य व्यक्तिहरूसँग सम्पर्क गरी मौखिक प्रश्नावलीका आधारमा उपलब्ध जानकारीलाई सामग्रीका रूपमा लिइएको छ। यसका साथै गणतान्त्रिक आन्दोलनका विभिन्न विद्वान्, अन्य कवि, विज्ञहरूसँगको कुराकानीबाट प्राप्त जानकारी पनि सामग्रीका रूपमा समावेश गरिएका छन्।

(ख) शोधको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्र मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिकोणका आधारमा ऐतिहासिक, वर्णनात्मक एवं विश्लेषणात्मक विधिको प्रयोग गरी तयार गरिएको छ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र वैज्ञानिक बनाउन निम्नलिखित परिच्छेदहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ :

परिच्छेद एक : शोधपरिचय
परिच्छद दुई : रामप्रसाद ज्ञवालीको परिचय तथा रचनाधर्मिता
परिच्छेद तीन : क्रान्तिको सैद्धान्तिक पक्ष र कवितामा क्रान्तिको प्रतिबिम्बन
परिच्छेद चार : रामप्रसाद ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेत
परिच्छेद पाँच : मूल्याङ्कन र निष्कर्ष

अन्त्यमा सन्दर्भसामग्री सूचीलाई राखिएको छ।

*परिच्छेद - दुई*

# रामप्रसाद ज्ञवालीको परिचय तथा रचनाधर्मिता

## २.१ जीवनीपरिचय

### २.१.१ जन्म र जन्मस्थल

रामप्रसाद ज्ञवालीको जन्म वि.सं. २०२४ साल वैशाख ११ गते पिता दुर्गाप्रसाद ज्ञवाली र माता कुन्तीदेवी ज्ञवालीको कोखबाट लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, थानपति गाविस वडा नं. ३ फेक्लदी भन्ने टोलमा भएको हो ।

### २.१.२ बाल्यकाल

कवि ज्ञवालीको जन्म निम्नमध्यमवर्गीय परिवारमा भएको हो । यिनका पिता कृषक हुन् । यिनले सानै उमेरदेखि गाईवस्तु, घाँसपात र मेलापातका काममा खटिनुपऱ्यो । त्यसैले यिनले श्रमपूर्वक बाल्यजीवन बिताउनुपरेको थियो । ज्ञवालीका ३ दाजु, १ भाइ, १ बहिनी रहेका छन् भने कवि काइँला सन्तान हुन् (शोधनायकसँगको अन्तर्वार्ता) । आर्थिक अभाव र ऋणको बोझका कारण यिनका पिताले भारतको नागाल्यान्ड र आसामलगायतका स्थानहरूमा कामको खोजीमा जानुपरेको थियो । यिनकी आमा बढी सन्तान जन्माउनुपरेको र सुत्केरी हुँदा राम्रो स्याहार नपुगेकाले अनेक रोगबाट ग्रस्त बन्न पुगिन् । त्यसैले यिनले ६,७ वर्षको उमेरदेखि नै घाँस, दाउरा, गोबर-सोत्तर, गोठालो, ढिकीजाँतो गर्ने जस्ता कठिन कार्यमा लाग्नुपरेको थियो । छिमेकीको हेपाइ, टालेका-च्यातिएका लुगा र नाङ्गो खुट्टाले वनपाखामा सङ्घर्ष गर्दै यिनको बाल्यकाल बितेको पाइन्छ (शोधनायकसँगको अन्तर्वार्ता) । ६ वर्षको उमेरदेखि सरकारी विद्यालय सागरपोखरी प्रा.वि. मा प्रारम्भिक शिक्षा सुरु गरेका कवि ज्ञवालीको बाल्यकाल त्यति सुखद रहेको पाइँदैन ।

### २.१.३ शिक्षादीक्षा

निम्नमध्यमवर्गीय परिवारमा जन्मिएका ज्ञवालीको अक्षरारम्भ ६ वर्षको उमेरमा वि.सं. २०२९ सालतिर स्थानीय सागरपोखरी प्रा.वि. थोर्गामा भएको थियो । त्यसपछि कक्षा ४ मा कोट भन्ने ठाउँमा रहेको राष्ट्रिय नि.मा.वि. मा भर्ना भएका ज्ञवालीले सोही वर्ष रिडीमा रहेको रुरु संस्कृत मा.वि. मा अध्ययन सुरु गरे । यसै क्रममा पढ्दापढ्दै २०३४ सालतिर स्थानीय

व्यक्ति (नातामा काका पर्ने) भुवनेश्वर गौतमसँग भारतको हरिद्वारमा पुगे। हरिद्वारमा ७ वर्ष बसेर अध्ययन गरेपछि वि.सं. २०४२ सालमा भारतकै वाराणसीको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रथम श्रेणीमा शास्त्री उत्तीर्ण गरी नेपाल फर्के र पछि नेपालमा आई २०४२ देखि २०४६ सम्म विभिन्न विद्यालयहरूमा पढाए। पुनः आफ्नो औपचारिक अध्ययनलाई अगाडि बढाएका ज्ञवालीले २०४९ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट प्रथम श्रेणीमा सर्वप्रथम भई एम्. ए. (नेपाली) उत्तीर्ण गरेका छन्। "उनी अहिले 'आधुनिक नेपाली महाकाव्यमा वर्गद्वन्द्व' शीर्षकमा विद्यावारिधिको उपाधिका लागि शोधकार्यमा संलग्न छन्" (पौडेल, २०६३ : ६)।

### २.१.४ पारिवारिक स्थिति

निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मेका कवि ज्ञवालीको पारिवारिक स्थिति सङ्घर्षमय रहेको पाइन्छ। गुल्मीजस्तो पहाडी भेगमा रहेका ज्ञवालीको परिवारको मुख्य आयस्रोत र पेसा खेती र पशुपालन थियो। साथै यिनको परिवार ब्राह्मण भएकाले बाबु पुरोहित कर्ममा पनि संलग्न थिए। त्यसैले ज्ञवालीपरिवारको आयस्रोतमा केही भरथेग यजमानी पेसाले पनि गरेको थियो। बाबुको बिँडो थाम्दै कवि ज्ञवालीले पनि सुरुमा पुरोहित कर्म गरे (अन्तर्वार्ता)। ५ दाजुभाइ र १ बहिनी, आमाबुबा, हजुरआमा र हजुरबुबा गरी १० जनाको परिवार रहेको ज्ञवालीको पारिवारिक स्थिति ऋण धनका साथ गुज्रिएको पाइन्छ।

बाल्यकालको पारिवारिक स्थिति आर्थिक दृष्टिले कमजोर भए पनि पछिल्लो स्थिति सुध्रँदै आएको देखिन्छ। दाजुसहित कवि पनि सरकारी तथा निजी शैक्षिक संस्था र कार्यालयहरूमा जागिरे भएपछि गाँस, बास र कपासको समस्या समाधान हुँदै आएको देखिन्छ।

हाल कवि ज्ञवाली काठमाडौँ जिल्ला, कपन गा.वि.स., फैका वडा नं. १ अन्तर्गत आदर्शनगर टोलमा श्रीमती, एक छोरा र एक छोरी र आफूसहित चारजनाको परिवारका साथ २०५८ देखि बस्दै आएका छन्।

## २.२ व्यक्तित्वपरिचय

रामप्रसाद ज्ञवाली बहुआयमिक व्यक्तित्व हुन्। उनले शिक्षा, साहित्य, खेलकुद, सामाजिक सेवालगायतका अनेक क्षेत्रमा योगदान दिएका छन्। शिक्षामा शिक्षक, प्राध्यापक, प्रशिक्षक, पाठ्यपुस्तकका लेखक, स्कुल-क्याम्पसका संस्थापकका रूपमा उनले आफ्नो व्यक्तित्व प्रस्तुत गरेको देखिन्छ। साहित्यमा कवि, उपन्यासकार, नाटककार,

निबन्धकार, समालोचक, कथाकार, गीतकार आदिका रूपमा उनको व्यक्तित्व परिचित छ । यसबाहेक ज्ञवालीको नितान्त व्यक्तिगत, सामाजिक, राजनीतिक व्यक्तित्व पनि रहेको छ ।

रामप्रसाद ज्ञवालीका व्यक्तित्वका बारेमा धेरै समालोचक, लेखक, ज्ञवालीका मित्रहरू र विद्यार्थीहरूले आ-आफ्नो विचार राखेको पाइन्छ । यसैअन्तर्गत व्यङ्ग्यकार लक्ष्मण गाम्नागेले ज्ञवालीको व्यक्तित्व, स्वभाव र विशेषताका सम्बन्धमा आफ्नो विचार व्यङ्ग्यात्मक पारामा यसरी प्रस्तुत गरेका छन्, "घाँटीमा एउटा टाइ नभ्रुन्ड्याईकन हिँड्छ, जहिलेतहिले हाँसिरहन्छ र जोसँग पनि हात मिलाउँछ, भलाकुसारी गर्दछ, न जाँडपान गर्दछ, न भाङ खानै पाइएन भनेर रुन्छ । झुस्स दाह्री पालेर थोत्रो झोला भिरेर आफ्ना कृतिहरू बाँड्दै हिँड्ने परम्परावादी साहित्यकारजस्तो पनि देखिँदैन" (२०५९ : ५) । त्यस्तै ज्ञवालीको कविव्यक्तित्व बारेमा युवाकवि देवी नेपाल असुरग्याँस कवितासङ्ग्रहको भूमिकामा लेख्छन्, "ज्ञवालीको चेतना र ज्ञानको उचाइ उनको उमेर (२०२४) भन्दा धेरै माथि छ । मैले ज्ञवालीलाई दुई रूपमा चिनेको छु, व्यक्ति ज्ञवाली र कवि ज्ञवाली । व्यक्ति ज्ञवालीको मिलनसारिता, आत्मीयता, प्रफुल्लता, प्रेरणादायी व्यक्तित्वलाई हेर्दा लाग्दछ उनीभित्र रिस भन्ने शब्दले समेत बास गर्न सक्ला र ? तर ज्ञवाली जब एउटा कविता बोकेर मञ्चमा पुग्दछन् अनि त्यहाँ कविताका शब्दमा आगो ओकल्न थाल्दछन्, हरफहरफबाट बारुद पड्काउन थाल्दछन् अनि प्रत्येक श्लोकबाट सिस्नु र पानी झिकेर फटाहाहरूका ढाडमा बर्साउन थाल्छन् तब उनीसँग डर लाग्न थाल्दछ । यति मृदुभाषी र आँखामा राख्दा पनि नबिझाउने व्यक्तिले यस्ता कविता कसरी लेख्यो होला ? 'विचार, व्यवहार र अभिव्यक्ति तीनै कुरामा स्पष्ट, खोट लगाउन नमिल्ने कवि वा स्रष्टाको नाम लिनुपर्दा मैले लिने गरेको नाम हो रामप्रसाद ज्ञवाली । उनीभित्र पद र पुरस्कारको लोभ छैन, प्राप्तिप्रति दम्भ छैन, स्तुति छैन, लेखेर रातारात कवि बन्ने महात्त्वाकाङ्क्षा छैन, सत्य बोल्दा जिब्रो चपाउने बानी छैन, धन र मानले हवेली चढेर सडकमा हिँड्नेहरूलाई गिज्याउने भूत छैन । ज्ञवालीलाई यस किसिमले कवि ज्ञवाली बनाउने यिनै कुरा हुन् जसका अगाडि शासकले पनि झुक्नुपर्दछ" (२०६२ : ज) । कवि ज्ञवाली विद्यार्थी वर्गका असल, सहयोगी, दक्ष र निपूर्ण गुरुका रूपमा पनि चिनिन्छन् । "उनीमा विद्यार्थी वर्गप्रति कुनै झर्कोफर्को गर्ने बानी छैन, आफू विद्यार्थीका लागि मरिमेट्छन्, विद्यार्थीको चासो रहेको कुरालाई स्पष्ट रूपमा सयौँपटक दोहोऱ्याएर भए पनि चासोलाई पूर्ण गरिदिन्छन् । ज्ञवालीमा आफू दक्ष कुशल प्राध्यापक भएकोमा कुनै पनि घमन्ड गर्ने बानी छैन" भन्ने कुरा विद्यार्थीबाट जानकारी पाइन्छ ।

साहित्यिक क्षेत्र, सामाजिक क्षेत्र र राजनीतिक क्षेत्र तथा अन्य क्षेत्रमा संलग्न यिनको बहुआयामिक व्यक्तित्वलाई समेट्दै साहित्यिक व्यक्तित्व र विविध व्यक्तित्व गरी दुई उपशीर्षकमा चिनाउने उद्देश्य यस शोधमा राखिएको छ ।

### २.२.१ साहित्यकार व्यक्तित्व

रामप्रसाद ज्ञवालीको प्रमुख व्यक्तित्व साहित्यकार व्यक्तित्व हो । साहित्यमा उनी बहुमुखी प्रतिभाका रूपमा चर्चित छन् । यिनले साहित्यका धेरै विधाहरू 'कविता, आख्यान, समालोचना, नाटक, निबन्ध र गीत आदिमा कलम चलाएका छन् । यिनले कविताका लघुतम, लघु, मध्यम र बृहत् गरी सबै उपविधामा, आख्यानका उपन्यास र कथा दुवै उपविधामा, नाटकतर्फ पूर्णाङ्की र एकाङ्की दुवै उपविधामा तथा निबन्धतर्फ वस्तुपरक र आत्मपरक दुवै प्रकृतिका साहित्यरचनामा हात हाली रचना गरेका छन् । साहित्यमा पनि कविता र समालोचनामा यिनको व्यक्तित्व बढी शक्तिशाली रहेको छ । ज्ञवालीको साहित्यिक व्यक्तित्वको पनि छुट्टाछुट्टै परिचय निम्नलिखित रूपमा दिन सकिन्छ :

#### २.२.१.१ कविव्यक्तित्व

रामप्रसाद ज्ञवालीको साहित्यिक व्यक्तित्वअन्तर्गत पनि बढी सशक्त प्रमुख व्यक्तित्व कविव्यक्तित्व हो । उनलाई कविकै नामबाट बढी चिनिने गरिन्छ । समसामयिक युगमा मर्न लागेको भनिने छन्द कवितालाई नवप्राण दिने काम ज्ञवालीबाटै भएको हो । जस्तोसुकै विषयवस्तुलाई लिएर पनि शास्त्रीय, मात्रिक र वर्णमात्रिक छन्दमा कविता लेख्ने ज्ञवालीको लघुतम, लघु मध्यम र बृहत् गरी कविताका सबै उपविधामा उल्लेखनीय योगदान रहेको छ ।

(क) फुटकर कवि व्यक्तित्व

समसामयिक विषयवस्तुलाई टपक्क टिपेर युगौंयुगसम्मका लागि पनि उत्तिकै युगबोध प्राप्त गर्ने गरी कवितामा पोखिन सिपालु रहेका कवि रामप्रसाद ज्ञवालीले धेरै फुटकर कविता लेखेका छन् । हालसम्म यिनका फुटकर कविताहरूका दुईवटा सङ्ग्रह प्रकाशित छन् भने दर्जनौं फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका पाइन्छन् । "२०४० सालमा हरिद्वारमा रहँदा सगरमाथा पत्रिकामा 'हाम्रो कर्तव्य' शीर्षकको कविता प्रकाशन गरेर साहित्ययात्रा सुरु गरेका ज्ञवालीले त्यसपछि लगातार रूपमा फुटकर कविताहरूको रचना गरेका छन्" (सापकोटा, २०५७ : ७१) । उनका प्रकाशित कवितासङ्ग्रह पुतली र भुसिल्किरा (२०५९) र असुरग्याँस (२०६२) हुन् । ज्ञवालीका कविताहरूमा समसामयिक समाज, राजनीति,

संस्कृति, संस्कारहरूमा व्याप्त रहेका विविध समस्या, कुरीति र विसङ्गतिविरुद्ध विद्रोही, क्रान्तिकारी अभिव्यक्ति पाइन्छ । मूलतः छन्दमा कविता लेख्न रुचाउने कवि ज्ञवालीले गद्य कविताहरू पनि प्रशस्त लेखेको पाइन्छ तर गद्यकविताहरूको सङ्ग्रह भने अझै प्रकाशित भएको पाइन्न । पाठकका लागि मात्र नभएर श्रोताका लागि पनि उत्तिकै लोकप्रिय यिनी छन्दमा कविता रचना गरी आधुनिक भाव व्यक्त गर्न सकिँदैन भन्नेहरूका लागि गतिलो जवाफ मानिन्छन् । यसै कुरालाई पुष्टि गर्दै समालोचक देवी नेपाल लेख्दछन्, "छन्दमा कविता आउन सक्दैन, छन्दको अभिव्यक्ति कृत्रिम हुन्छ र छन्दमा युगीन आवाजलाई भर्न सकिँदैन भन्नेहरूका लागि कवि ज्ञवाली घतलाग्दा जवाफ हुन् । उनी सरल, कलात्मक छन्दकवि हुन्" (२०६२ : २३७) । ज्ञवालीका कवितामा स्वच्छन्दतावादी रचनाशैली र प्रगतिवादी विचारधाराको सन्तुलित स्वरूप पाइन्छ । यिनको स्वच्छन्दतावादी रचनाशैली र प्रगतिवादी विचारधाराको सन्तुलित स्वरूप प्रस्तुत गर्ने पहिलो कवितासङ्ग्रह पुतली र झुसिल्किरा (२०५९) हो । २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनःस्थापना भएपछिको अवस्थालाई विषयवस्तु बनाई लेखिएको यस कवितासङ्ग्रहका कविताहरूमा जनतामा रहेका इच्छा, आकाङ्क्षा र अभिलाषालाई कुठाराघात गर्दै ठूलाले सानालाई गरेको थिचोमिचो, दमन र शोषणजस्ता कुराको यथार्थ प्रतिबिम्बन भएको छ । साथै यिनमा राज्यसत्ताको तानातान, कुर्सीमोह र सांसदहरूको किनबेचजस्ता नकारात्मक कुरालाई विषय बनाई तिनको यथार्थपरक उद्घाटन गरिएको छ र तिनका ह्रासोन्मुख मानवीय व्यवहारप्रति सर्वसाधारण वर्गलाई सचेत गराउनु र विद्रोहका निम्ति उत्प्रेरित गर्नु यी कविताहरूको प्रयोजन रहेको देखिन्छ ।

पछिल्ला दिनमा ज्ञवालीका कविताहरूमा गणतान्त्रिक नेपालको आकाङ्क्षा बढेको छ । गणतन्त्रलाई जीवन दिनका निम्ति अभिव्यक्ति दिने क्रममा उनको असुरग्याँस कवितासङ्ग्रह (२०६२) आएको छ । यस कवितासङ्ग्रहमार्फत उनले आफ्नो गणतान्त्रिक रुचिलाई उच्च कलामूल्यका साथ व्यक्त गरेका छन् । यस कवितासङ्ग्रहमा उनले गणतन्त्रात्मक सुन्दर नेपालको परिकल्पना गर्दै सुन्दर नेपाल बनाउने हो भने गणतन्त्रको स्थापनको विकल्प छैन भन्ने कुरा व्यक्त गरेका छन् । 'बौलाहा कुकुर मार्नैपर्छ', 'गधा गाई बन्नै सक्दैन', 'अचम्मको वीर', 'कवि होस् कविताभित्र...' तथा 'बाँकी त्यै गणतन्त्र छ' लगायतका अनेक कविताहरू समावेश गरिएको यस कवितासङ्ग्रहले गणतन्त्रप्रेमी पाठकलाई ऊर्जा दिने काम गरेको छ । असुरग्याँस कवितासङ्ग्रहका केही कविताहरूलाई रामकृष्ण दुवालको सङ्गीतमा सङ्गीतबद्ध गरी गुरुकुलद्वारा एकल कविका छन्दकविताहरूको वाचन कार्यक्रम पनि गरिएको थियो । रु. १००

र रु. २०० दरको 'टिकट सो' गरी प्रस्तुत गरिएको त्यो कार्यक्रम छन्दकविता वाचनको इतिहासमा नेपालकै पहिलो ऐतिहासिक कार्यक्रम भएको पाइन्छ। "समसामयिक युगका छन्दकविहरूबाट प्रतिनिधि कविका रूपमा उनलाई छनोट गरी प्रस्तुत गरिएको यस कार्यक्रममा सयौँ व्यक्तिहरूले टिकट नपाएर फर्कनुपरेको स्थिति देखिएबाट पनि कवि ज्ञवालीको उच्च कविता र लोकप्रियता स्पष्ट हुन्छ" (चाम्लिङ, २०६३ : ५)। यसप्रकार ज्ञवालीको फुटकर कविव्यक्तित्व उच्च रहेको स्पष्ट हुन्छ।

(ख) खण्डकाव्यकार व्यक्तित्व

साहित्यकार रामप्रसाद ज्ञवालीको कविव्यक्तित्व खण्डकाव्यकारका रूपमा पनि रहेको छ। एकादेशमा नामको खण्डकाव्यबाट उनी खण्डकाव्यकारका रूपमा चर्चित बनेका छन्। एकादेशमा (२०६१) ज्ञवालीको एकमात्र प्रकाशित खण्डकाव्य हो। यहाँ समसामयिक राजनीतिक अवस्थाको यथार्थाङ्कन गर्दै राजनीतिक परिवर्तनको अपरिहार्यतालाई बिम्ब र प्रतीकका माध्यमबाट व्यक्त गरिएको छ। मूलतः २०४६ सालको जनआन्दोलनबाट प्राप्त भएको प्रजातन्त्रमाथि विविध सङ्कट आइपरेकै बेला वि.सं. २०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले शक्तिको दुरूपयोग गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर निरङ्कुशता लादेपछि त्यसका विरुद्धमा आएको यो कृति पूर्ण गणतान्त्रिक चेतनाले सम्पन्न खण्डकाव्य हो। नवीन बिम्ब र प्रतीकको प्रयोग गरिएको यस खण्डकाव्यमा दिग्भ्रम, बाँदरराज्यको स्थापना, अचम्मको रहर, बाँदरराज्यको अवसान, दिग्भ्रमबाट मुक्ति गरी पाँच शीर्षकहरू रहेका छन्। यस खण्डकाव्यमा वर्णित बाँदरको राज्यलाई ज्ञानेन्द्रको राज्यको प्रतीकका रूपमा लिइएको छ। बाँदरको महत्त्वाकाङ्क्षालाई ज्ञानेन्द्रको महात्त्वाकाङ्क्षासँग आरोपित गर्दै बाँदरको विनाश देखाउनु राजा ज्ञानेन्द्रको विनाश देखाउनु हो भने भविष्यप्रति सचेत देखिनु यस खण्डकाव्यमा अभिव्यक्त भविष्यदृष्टि हो। जनतालाई जहिले पनि नोकर सम्झने राजसंस्थाप्रति सङ्केत गर्दै जनताले विद्रोह गर्न थालेपछि उनीहरूले सामन्ती राजसंस्थालाई समूल नष्ट पारेरै छाड्नेछन् भन्ने भविष्यवाणी यस खण्डकाव्यमा गरिएको छ। यस खण्डकाव्यमा विचार र कलाको सन्तुलित प्रयोग भएको पाइन्छ। यस खण्डकाव्यको प्रकाशनपूर्व सम्पादन र परिमार्जनका निम्ति कविले गरेको नयाँ प्रयत्न पनि त्यत्तिकै उल्लेखनीय छ। सम्बन्धित क्षेत्रका ज्ञाता तथा क्रान्तिकारी समालोचक समेतलाई पाण्डुलिपि दिएर पहिले नै समालोचनात्मक अन्तर्क्रिया र बहसको कार्य गराएपछि परिमार्जित रूपमा यसलाई प्रकाशन गरिएको देखिन्छ। यो प्रक्रिया नेपाली साहित्यकै निम्ति उत्प्रेरक र अनुकरणीय देखिन्छ। लेखनकार्यको समाप्तिपछि

परिष्कारका लागि विभिन्न विद्वान्हरूलाई अध्ययन गर्न दिँदा केही विद्वान्हरूबाट वर्तमानको सङ्कटपूर्ण आन्दोलन तथा दमनपूर्ण परिवेशमा यस खण्डकाव्यको प्रकाशन गर्दा जीवन खतरामा पर्न सक्छ भन्ने सुझाव पाएको र ज्यान जोखिममा राखेरै पनि यस खण्डकाव्यको प्रकाशन गरिछाडेको बताउँछन् । त्यसैले साहित्यिक यात्रामा जस्तासुकै बिघ्नबाधालाई सहजरूपमा लिँदै जनताको इच्छालाई प्रतिनिधित्व गरी लेख्ने खण्डकाव्यकारका रूपमा समेत ज्ञवालीको व्यक्तित्व उल्लेखनीय रहेको छ ।

(ग) महाकाव्यकार व्यक्तित्व

कविताको विकसित बृहत् रूप (महाकाव्य) मा समेत कलम चलाउने बहुमुखी प्रतिभाका धनी रामप्रसाद ज्ञवाली महाकाव्यकारका रूपमा पनि चिनिन्छन् । उनले २०४९ सालमा त्रि.वि. नेपाली केन्द्रीय शिक्षण विभाग कीर्तिपुरमा सिर्जनात्मक पत्रअन्तर्गत चुनौतीको रूपमा औँसीका फूलहरू (महाकाव्य) लेखेका हुन् । करिब डेढ महिनाको अवधिमा यो महाकाव्य रचना गरिएको थियो । पछि २०५३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले यो कृति प्रकाशन गरेको पाइन्छ । ज्ञवालीका प्रकाशित कृतिहरूमध्ये तेस्रो प्रकाशित कृतिका रूपमा औँसीका फूलहरू महाकाव्य रहेको छ । यस महाकाव्यमा मूल रूपमा २०१७ सालदेखि २०४६ पछिसम्मको राजनीतिक अवस्थाको चित्रण भएको छ भने सामाजिक र सांस्कृतिक पक्षका कुराहरू पनि अन्तर्वस्तुका रूपमा आएका छन् । यो महाकाव्य नेपाली महाकाव्यलेखनको परम्परामा नवीन प्रवृत्ति भित्र्याउने कृति हो । पूर्वीय महाकाव्य परम्पराअनुरूप मङ्गलाचरण र उच्चवर्गीय पात्रको प्रस्तुति दिने परम्पराविपरीत यहाँ सर्वहारा र क्रान्तिकारी पात्रको कथावस्तु प्रस्तुत गरिएको छ । मङ्गलाचरण गर्ने क्रममा भव्य मन्दिरमा रहने देवताको प्रार्थना गरिएको छैन । यसले गरिब, दुःखी र परिश्रमी नेपाली जनतालाई देवता मान्दै यो नेपाल आमाको छातीलाई मन्दिरको रूपमा स्वीकार गरेको छ । यसको नायक कमल सर्वहारा वर्गको छ जो आफ्नो हक र अधिकारका लागि क्रान्तिमा होमिएको छ र अन्त्यमा आफ्नो ज्यान नै गुमाउन पुगेको छ । यस महाकाव्यमा प्रयोग गरिएकी नायिका पनि विविध विसङ्गति भोग्दै र पुरुषसत्ताको कुकर्मबाट पीडित बनेकी र पछिल्लो चरणमा क्रान्तिकारी बनेकी पात्र हो । यहाँ ग्रामीण जीवनमा व्याप्त गरिबी, शोषण, अन्याय, अत्याचार र आर्थिक अवस्थाका कारण उब्जिएका विविध समस्याहरूका साथै २०४६ सालको जनआन्दोलनमा लागेका आम जनताका पीडाकष्ट प्रस्तुत गरिएका छन् । यस्तै यहाँ क्रान्ति दबाउनका लागि पुलिसहरूले गरेको ज्यादतीका घटनाहरू प्रस्तुत भएका छन् । प्रस्तुत महाकाव्य प्रस्थान-खण्डसहित जम्मा १७

फूलहरूमा संरचित छ। शास्त्रीय विविध छन्दहरूमा श्लोकबद्ध यस महाकाव्यमा आख्यानीकरणलाई सबल र सन्तुलित रूपमा उद्देश्यअनुरूप हिँडाइएको छ। यसरी सबै कुराहरू परिपाठ मिलाएर २५९ पृष्ठको बृहत् रूपाकृतिको महाकाव्य दिन सक्नुले कविमा महाकाव्यात्मक प्रतिभा रहेको पुष्टि हुन्छ। उनको एकमात्र प्रकाशित महाकाव्य औँसीका फूलहरू (२०५३) ले उनलाई महाकाव्यकार व्यक्तित्वका रूपमा चिनाउँछ।

२.२.१.२ आख्यानकार व्यक्तित्व

साहित्यका धेरैजसो विधामा कलम चलाएका रामप्रसाद ज्ञवालीले आख्यानविधामा पनि कलम चलाई साहित्यको भण्डार भर्ने काममा उल्लेखनीय योगदान पुऱ्याएका छन्। त्यसैले ज्ञवालीको व्यक्तित्व आख्यानकारका रूपमा पनि चर्चित छ। आख्यानका उपन्यास र कथा दुवै उपविधामा उनले कलम चलाएका छन्। त्यसैले आख्यानविधामा पनि उपन्यासकार व्यक्तित्व र कथाकार व्यक्तित्व गरी उनका दुई व्यक्तित्व देखिन्छन्।

(क) उपन्यासकार व्यक्तित्व

रामप्रसाद ज्ञवाली उपन्यासकार पनि हुन्। उनका हालसम्म दुईवटा उपन्यासहरू परिवर्तनको मोडमा (२०५०) र जीवनका घुम्तीहरू (२०५३) प्रकाशित छन्। उपन्यासमा पनि कविता, नाटक र महाकाव्यमा जस्तै यथार्थवादी-प्रगतिवादी धारामा रहेर तत्कालीन सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक अवस्थाको यथार्थ वर्णन गर्नु उनको मौलिकता हो।

परिवर्तनका मोडमा (उपन्यास) मा राजनीतिक विषय प्रस्तुत छ भने जीवनका घुम्तीहरू (उपन्यास) मा जीवनका विविध उतारचढावका घटनामा आधारित कथावस्तु रहेको छ। राजनीतिक विषयवस्तु रहेको परिवर्तनको मोडमा २०४६ सालको जनआन्दोलनको परिवेशलाई अगाडि सार्दै लेखिएको उपन्यास हो। पोखराकी विद्यार्थीनेतृ लक्ष्मी कार्कीले देखाएको वीरता र प्रहरी प्रशासनले उनीमाथि गरेको बर्बर अत्याचारलाई केन्द्रमा राखी यो उपन्यास तयार पारिएको छ। समय परविर्तनशील छ तथा समयको परिवर्तनसँगै समाज र समाजमा रहने मानवमा पनि परिवर्तन आउन सक्छ भन्ने कुरा पनि यसको खलपात्रको परिवर्तनद्वारा प्रस्तुत गरिएको छ। यस उपन्यासमा परिवर्तन किन आवश्यक छ, मध्यम र निम्नवर्गका जनताले प्रचलित व्यवस्थामा किन परिवर्तन चाहन्छन्, क्रान्तिका लागि जनसहभागिता र तिनीहरूको भूमिका र मनोबल कति उच्च हुनुपर्दछ, क्रान्तिमा महिलाले पनि कसरी प्रभावकारी भूमिका खेल्न सक्छन् भन्ने कुरालाई देखाउन राधा र विनोदजस्ता पात्रको प्रयोग गरिएको छ।

जीवनका घुम्तीहरू (२०५३) उपन्यासमा विविध अन्धविश्वास, कुरीति, पञ्चायती व्यवस्था, सामन्ती राजतन्त्र र विकासको नाममा बजेटको दुरुपयोग जङ्गलको विनाश, वनतस्करी र घुस्याहा व्यक्तिप्रति व्यङ्ग्य गर्दै विरोधको भाव प्रस्तुत गरिएको छ ।

आफूले देखेका, भोगेका र सुनेका विषयलाई टपक्क टिप्दै काल्पनिकताको समावेशका साथ यथार्थको वर्णन गर्न रुचाउने ज्ञवालीको यस उपन्यासमा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा देखिएका/घटेका घटनाको वर्णन गरिएको छ । यसमा विविध पक्षमा देखिएका अन्याय, अत्याचार, शोषण र उत्पीडनका विरुद्ध क्रान्तिको आह्वान गरिएको छ र परिवर्तनको चाहना व्यक्त गरिएको छ। उद्देश्यमूलक कथावस्तु, नियोजित पात्रचयन, शृङ्खलाबद्ध घटनावली र सरल-सहज भाषाले गर्दा दुवै उपन्यास सम्प्रेषणीय बनेका छन् । यिनै दुई सबल उपन्यासले ज्ञवालीलाई उपन्यासकार व्यक्तित्वका रूपमा चिनाएका छन् ।

(ख) कथाकार व्यक्तित्व

आख्यानकारका रूपमा ज्ञवालीलाई स्थापना गर्ने अर्को व्यक्तित्व कथाकार व्यक्तित्व पनि हो । उनले आफ्ना कथामा सामाजिक विषयवस्तुको छनोट गरेका छन् । सानी परेबी र बाज, आहा ¤ कति मिठो खीर ¤ र काला जादुको कथा उनका सचित्र बालकथा हुन् । सङ्ग्रहका रूपमा प्रकाशित नभए पनि उनका अनेक कथाहरू विभिन्न पत्रपत्रिकाहरू प्रकाशित छन् । प्रगतिवादी ज्ञवालीका फुटकर कथामा पनि क्रान्तिचेतनालाई बढी प्रखर रूपमा प्रस्तुत गरिएको छ। गरिबी हत्या, हिंसा, अन्याय, अत्याचारको यथार्थलाई विभिन्न पात्रहरूको चरित्रबाट प्रस्तुत गर्दै त्यस्ता खलपात्र कुरीतिका विरुद्ध लाग्नका लागि आह्वान गरिएका ज्ञवालीका कथा पनि क्रान्तिचेतले भरिभराउ रहेका छन् । यिनले बालकथाहरूका माध्यमबाट असल नागरिकको निर्माणनिम्ति बालकहरूमा आख्यानात्मक सम्प्रेषण गरेको देखिन्छ भने बच्चाको रुचि र मनोविज्ञानलाई ध्यानमा राखेर बालकथाहरू लेखेको पाइन्छ। यसप्रकार ज्ञवाली कथाकारका रूपमा समेत चिनिँदै आएका छन् ।

२.२.१.३ नाटककार व्यक्तित्व

'हाम्रो कर्तव्य' शीर्षकको कविता प्रकाशन गरी साहित्य यात्रा सुरु गरेका साहित्यकार ज्ञवालीले सर्वप्रथम नाटक विधामा कृति प्रकाशित गरेका छन् । नाट्यविधातर्फ उनको एउटा पूर्णाङ्की नाटक र एउटा एकाङ्कीहरूको सङ्ग्रह प्रकाशित छन् । ज्ञवालीको एकमात्र प्रकाशित पूर्णाङ्की नाटक विवश आँसु (२०४४) हो । यो नाटक २०४३ सालमा नेपालका विभिन्न ठाउँमा

प्रदर्शन गरिएको थियो । पञ्चायतकालमा हावी भएको सामन्तवादी, अधिनायकीय राजतन्त्र र पञ्चहरूको बिगबिगीजस्ता कुरामा आधारित यस नाटकमा ती नकारात्मक पक्षहरूका विरुद्ध लड्न आह्वान गरिएको छ । धनीवर्गले गरिबमाथि गर्ने शोषण, दमन र बलात्कारका विरुद्धमा उभिने व्यक्तिमाथि राज्यले उल्टै चरम दमन गरी निम्न वर्गका नेपालीहरूको जीवन तहस-नहस पारेको कथावस्तुलाई आधार बनाएर लेखिएको यस नाटकले दमनलाई नसही आफ्नो अधिकार लिन प्रयत्नशील रहनुपर्ने सन्देश दिएको छ ।

त्यस्तै २०६३ सालमा प्रकाशित एकाङ्कीसङ्ग्रह सम्पत्तिमा पाँचवटा बालएकाङ्कीहरू सङ्कलित छन् । यिनमा पनि प्रगतिशील वैचारिकताले ठाउँ पाएका छन् । बालबालिकालाई स्वस्थ मनोरञ्जनका साथै तिनमा प्रगतिशील नैतिकता, श्रमप्रति श्रद्धा जगाउने मूलसन्देश र प्रगतिशील प्रयोजनका साथ यी एकाङ्कीहरू प्रस्तुत गरिएका छन् ।

यी नाटक र एकाङ्की पढ्दा सामाजिक यथार्थको प्रगतिशील प्रतिबिम्बन गर्ने नाट्यव्यक्तित्वका रूपमा ज्ञवालीलाई पाउन सकिन्छ । साथै अन्याय, अत्याचार, सामन्तवर्गको शोषण र दमनका विरोधमा लड्नुपर्ने सन्देश दिन सक्षम नाटककारका रूपमा ज्ञवालीलाई लिन सकिन्छ । यसरी एकाङ्की र पूर्णाङ्की दुवै नाट्यलेखनले उनको नाटककार व्यक्तित्व पनि चर्चित हुन पुगेको छ ।

२.२.१.४ निबन्धकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी रामप्रसाद ज्ञवालीको लेखनी निबन्ध-विधामा पनि चलेको पाइन्छ । विशेषतः संस्मरणात्मक निबन्धमा उनको प्राप्ति देखिन्छ । उनको निबन्धलेखन पचासको दशकदेखि हुँदै आएको छ । उनका हालसम्म दुई दर्जनजति निबन्धहरू प्रकाशित छन् जसमा ६ वटा निबन्धशृङ्खला जनमत प्रकाशनद्वारा प्रकाशित भएका छन् भने अन्य निबन्धहरू अन्य विविध पत्रिकाहरूमा छापिएका छन् । त्रि.वि. बाट एम्.ए. (नेपाली) मा प्रथम श्रेणीमा प्रथम भई स्वर्णपदक प्राप्त गरेपछि जापानको भ्रमणमा जाँदा त्यहाँको शैक्षिक, सामाजिक र अन्य विकास आदिका बारेमा केही बुझेका ज्ञवालीले त्यही भ्रमणको सिलसिलामा आधारित संस्मरणात्मक निबन्धहरू लेखेको पाइन्छ । तिनमा जापानमा देखे र सुनेका विविध कुरालाई नेपालसँग गाँस्दै वर्णन गरेको पाइन्छ । त्यस सम्बन्धमा निबन्धमा नेपाल र जापानको शिक्षानीतिबीच तुलना गर्दै जापानको उन्नति, प्रगति र नेपालको पछौटेपनबीचको अन्तरलाई हास्यव्यङ्ग्य शैलीमा प्रस्तुत गरिएको छ ।

२.२.१.५ गीतकार व्यक्तित्व

रामप्रसाद ज्ञवालीको परिचय गीतकार व्यक्तित्वका रूपमा पनि रहँदै आएको छ। ज्ञवालीको गीतकार व्यक्तित्व झल्काउनका लागि उनीद्वारा रचित गीतहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । हालसम्म ज्ञवालीले करिब चार दर्जनको हाराहारीमा गीत रचना गरिसकेका छन् (शोधनायकसँगको अन्तर्वार्ता) । त्यसमा १५ वटा गीत विविध पत्रपत्रिकामा छापिएका छन् । ३ वटा गीतहरू क्यासेट तथा सीडीमा सङ्कलित भएका छन् । उनका गीतहरूमध्ये राष्ट्रगान प्रस्तुत गर्ने गीत अत्यन्त महत्त्वपूर्ण रहेको छ । यो गीत २०६४ सालमा गणतान्त्रिक नेपालका निम्ति राष्ट्रगानको क्रममा सहभागी करिब १३०० गीतहरूमध्ये छनोटको क्रममा तेस्रो स्थानमा आउन सफल भएको थियो । उनका गीतहरूमा विशेष गरेर देशभक्ति, राष्ट्रियता, मानव र प्रकृतिको सम्बन्ध, शालीन र शिष्ट प्रणय तथा बालमनोविज्ञान पाइन्छन् ।

२.२.१.६ समालोचक व्यक्तित्व

रामप्रसाद ज्ञवालीको कविव्यक्तित्वपछि दोस्रो उच्च साहित्यकार व्यक्तित्व समालोचक व्यक्तित्व हो । ज्ञवाली समसामयिक युगमा समालोचनाक्षेत्रमा देखापरेका प्रगतिवादी धाराका सशक्त समालोचक पनि हुन् । उनको आख्यानकार पारिजात (सहलेखन, २०५८), पाश्चात्य साहित्यसिद्धान्तको सरल व्याख्या (२०६२) र फुटकर कविताका केही बान्कीहरू (२०६४) गरी हालसम्म तीनवटा समालोचनाग्रन्थ प्रकाशित छन् भने दर्जनौँ फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । “स्पष्ट, खर्रा, निर्भीक, निर्लोभी र देखेको कुरा गुण वा दोष जे भए पनि छलछाम ढाकछोप नगरी लेख्ने ज्ञवालीमा एउटा कुशल समालोचकमा हुनुपर्ने गुण रहेको छ” (सिलवाल, २०६१ : ३) । ज्ञवालीको समालोचनात्मक प्रवृत्ति आफ्नै किसिमको रहेको छ । उनले समालोचना गर्ने क्रममा न कसैको दोषलाई बढी उजागर गर्दछन्, न त कसैको गुणलाई लुकाइदिने नै गर्दछन् । भएको र देखेको यथार्थलाई उनी लोभलालचा, डर र त्रासमा नपरी प्रस्तुत गर्दछन् । उनी परिश्रमी छन्, कार्यमा तल्लीन विश्राम गर्न मन नपराउने सधैँ कुद्न पाए रमाउने कर्मशील समालोचक हुन् । ज्ञवालीको समालोचकीय व्यक्तित्वका बारेमा उपर्युक्त कुराको पुष्टि गर्दै जनमत प्रकाशन बनेपा काभ्रेले आफ्नो विचार यसरी प्रस्तुत गरेको छ; “रामप्रसाद ज्ञवाली नयाँ पुस्ताका सक्रिय परिश्रमी, लगनशील सार्थक हुनुका साथै आफ्नो कलम र शिल्प कुँदेर मर्मशील सिर्जना रोप्न सिपालु समीक्षक पनि हुन्” (२०६४ : भूमिका) । यसरी ज्ञवालीको समालोचकीय व्यक्तित्व पनि चर्चित हुन पुगेको छ ।

### २.२.१.७ भूमिकालेखक व्यक्तित्व

साहित्यकार रामप्रसाद ज्ञवालीको विशिष्ट व्यक्तित्व भूमिकालेखनमा पनि मुखरित भएको छ । उनले पाँच दर्जनभन्दा बढी कृतिहरूमाथि भूमिकाहरू लेखिसकेका छन् । उनी कविता र समालोचनामा जति प्रशंसनीय छन्, भूमिकालेखनमा पनि उत्तिकै प्रशंसनीय नै रहेका छन् । भूमिका लेख्ने क्रममा उनले कृतिमा देखेका र आफूलाई लागेका कुरालाई यथार्थ रूपमा प्रस्तुत गर्दछन् । त्यसो गर्दा उनमा कुनै ईर्ष्या महत्त्वाकाङ्क्षाको अभिव्यक्ति पाइन्न । न अरूले जित्लान् भन्ने उनमा डाहा पाइन्छ, न त प्रशंसा गर्लान् भन्ने लोभ नै छ । निर्भीकताका साथ यथार्थ धरातलमा रहेर कृतिको मूल मर्मलाई ठम्याएर सबैलाई बोध हुने शैलीमा भूमिका लेख्नु उनको विशेषता हो । उनको भूमिकालेखनलाई लिएर युवासमालोचक ज्ञाननिष्ठ ज्ञवालीले सिङ्गो पुस्तकाकार कृति नै प्रकाशित गरेका छन् । त्यसमा ज्ञाननिष्ठले रामप्रसाद ज्ञवालीलाई आजसम्मको भूमिकालेखनकै विशिष्ट हस्ती मानेका छन् । उनका विचारमा आजसम्म नेपाली साहित्यमा कुनै पनि भूमिकालेखक यस्तो थिएन जसले यथार्थलाई पहिल्याई कृतिको मूल मर्मलाई उत्प्रेरक शैलीमा निर्भीकतापूर्वक प्रस्तुत गर्ने अनवरत प्रयास गरेको होस् । रामप्रसाद ज्ञवाली नै त्यस्ता व्यक्ति हुन् जसले सत्यतथ्यलाई उजागर गर्दै मूल मर्मलाई छर्लङ्ग पार्दै र निर्भीकताका साथ भूमिमा लेख्न सकेका छन् (ज्ञवाली, २०६३) । यसबाट रामप्रसाद ज्ञवालीको भूमिकालेखक व्यक्तित्व निर्भीक, संशयहीन, सत्यतथ्य र यथार्थ मर्म पहिल्याई लेख्ने व्यक्तिका रूपमा स्थापित भएको छ ।

### २.२.१.८ सम्पादक व्यक्तित्व

रामप्रसाद ज्ञवाली छात्र अवस्थादेखि नै साहित्यिक पत्रपत्रिकाको सम्पादकका रूपमा परिचित हुँदै आएका व्यक्ति हुन् । उनको भारतका हरिद्वारमा बसेर पढ्दापढ्दै २०४० सालमा सगरमाथा पत्रिकाको सम्पादन गरेका थिए । त्यसपछि नेपालमा जनमत साहित्यिक मासिक पत्रिकाको २ वर्ष (२०५० - २०५२) सम्म भाषासम्पादक भएर काम गरे भने शुभतारियन त्रैमासिकमा २ वर्ष (२०५३ - २०५४) साहित्यिक अभियानमा ३ वर्ष (२०५६ - २०५८) सम्म प्रधानसम्पादक भएर काम गरे । हाल उनी भानु मासिकका सम्पादक रहेको पाइन्छ । यसबाहेक उनले अनेक विशेषाङ्कहरूमा अतिरिक्त सम्पादक भएर काम गरेका छन् । मासिक, त्रैमासिक र वार्षिक पत्रिकाहरूमा सम्पादकको रूपमा काम गरेका ज्ञवालीको सम्पादक व्यक्तित्व पनि उल्लेखनीय देखिन्छ ।

सम्पादनका अतिरिक्त ज्ञवालीले विविध साहित्यिक संस्थासँग सम्बन्धित रहेर पनि काम गरेका छन् । उनको त्यसप्रकारको सम्बद्धता निम्नलिखित रहेको छ :

- ❖ अभियान साहित्य प्रतिष्ठानको संस्थापक अध्यक्ष
- ❖ सल्लाहकार सदस्य : जम्को साहित्यिक मासिक (२०५४ देखि हालसम्म)
- ❖ सल्लाहकार सदस्य : नागार्जुन साहित्य प्रतिष्ठान (२०५७ देखि हालसम्म)
- ❖ आजीवन सदस्य : जनमत साहित्यिक मासिक (२०५६ देखि)
- ❖ आजीवन सदस्य : सुनकोसी साहित्य प्रतिष्ठान (स्थापनाकालदेखि)
- ❖ आजीवन सदस्य : रमेश विकल साहित्य प्रतिष्ठान (स्थापनाकालदेखि)
- ❖ सदस्य : प्रगतिशील लेखक संघ (२०५६ देखि)
- ❖ सल्लाहकार सदस्य : रश्मि त्रैमासिक (२०६५ देखि)
- ❖ संस्थापक उपाध्यक्ष : हृदयचन्द्र स्मृति प्रतिष्ठान (स्थापनाकालदेखि)

### २.२.२ विविध व्यक्तित्व

रामप्रसाद ज्ञवाली साहित्यलगायत अन्य विविध क्षेत्रसँग पनि सम्बन्धित रहेका छन् जसमध्ये समाज, राजनीति र शिक्षाक्षेत्रमा उनको उल्लेखनीय योगदान रहेको छ । उनका यी विविध व्यक्तित्वको छुट्टाछुट्टै अध्ययन निम्नानुसार गर्न सकिन्छ :

#### २.२.२.१ समाजसेवी व्यक्तित्व

रामप्रसाद ज्ञवालीको साहित्यिक छवि जति उच्च छ, साहित्येतर विविध छवि पनि उत्तिकै उच्च र अनुकरणीय रहेको छ । "जननीजन्मभूमिश्चः स्वर्गादपि गरीयसी भन्ने मन्त्रको मूलमर्म बुझेका ज्ञवाली आफ्नो देश, जन्मभूमि र आफू बसेको समाजका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तयार रहेका पाइन्छ । मन, वचन र कर्मले दत्तचित्त रही समाजसेवा गर्ने ज्ञवाली समाजसेवी व्यक्तिका रूपमा पनि चर्चित रहेका छन्" (मित्रलाल पंज्ञानीसँगको अन्तर्वार्ता) । उनले आफ्नो जन्मस्थल गुल्मीमा बाटोनिर्माणका लागि रु. १०,००० आर्थिक सहयोग गरेका छन् भने हाल बसोबास गरेको स्थान कपन, फैकामा बिजुली, पानी, फोन तथा सडकनिर्माण र पीचव्यवस्थापन जस्ता कार्यका निम्ति टोलसुधार समितिमा कार्यकारी सदस्यका रूपमा काम गरेका छन् (शोधनायकसँगको अन्तर्वार्ता) । उनले विद्यालय तथा कलेज स्थापनाद्वारा पनि समाजसेवा गरेका छन् । त्यस्तै आर्थिक सङ्कटमा परेकाहरूको सहयोगका लागि चन्दा सङ्कलनलगायतका कार्य पनि ज्ञवालीबाट भएको छ (मित्रलाल पंज्ञानीसँगको अन्तर्वार्ता) ।

यसरी ज्ञवालीले समाजसेवाका निम्ति आर्थिक, पारिश्रमिक, वैचारिक रूपमा आफूले भ्याएसम्मको सहयोग गरेको पाइन्छ ।

२.२.२.२ राजनीतिक व्यक्तित्व

रामप्रसाद ज्ञवाली छात्रअवस्थादेखि नै राजनीतिमा लागेका व्यक्ति हुन् । उनले २०३९-४० तिर हरिद्वारमा अध्ययन गर्दा नेपाली छात्र संघ हरिद्वारको कार्यकारी सदस्य भएर काम गरेका थिए । उनलाई २०४१ सालमा टङ्क कार्की (तत्कालीन केन्द्रीय अध्यक्ष, अनेरास्ववियु) ले अखिल नेपाल भारतीय विद्यार्थी संघको सदस्यता प्रदान गरेका थिए । त्यसपछि ज्ञवालीले सक्रिय रूपमा वामपन्थी कार्यकर्ताको रूपमा विद्यार्थीसङ्गठन र तत्कालीन नेकपा (माले) पार्टीलाई सहयोग गर्न थालेका हुन् । ज्ञवालीले काभ्रेपलान्चोक जिल्लामा शिक्षक रहँदा शिक्षकहरूको प्रतिनिधिमूलक संस्था नेपाल शिक्षक सङ्गठनमा आबद्ध भएर काम गरेका छन् । यसै क्रममा आफूले पढाएका विद्यालयहरूमा (भूमिगत रूपमा) विद्यार्थी सङ्गठनको स्थापना गर्ने र प्रशिक्षण दिने कार्यसमेत उनले गरेका छन् । २०४६ सालको जनआन्दोलनमा उनी विद्यार्थीका तर्फबाट भाग लिँदै पञ्चायती व्यवस्थाविरुद्ध सक्रिय रूपमा क्रान्तिमा लागेका थिए । उनले २०४३ सालमा नेकपा (माले) प्रवेश गरी २०४६ सालसम्म चर्को राजनीति गरे । ज्ञवाली २०४६ सालमा फेरि नेकपा (एमाले) का पार्टी सदस्य भए । २०५४ सालपछि उनी कुनै पार्टीमा सक्रिय नभई स्वतन्त्र रूपमा वामपन्थी बौद्धिक-साहित्यिक व्यक्तित्वका रूपमा सक्रिय रहेका छन् (शोधनायकसँगको अन्तर्वार्ता) ।

ज्ञवाली २०५७ देखि साहित्यका (लेखन र सडक आन्दोलन दुवै) माध्यमबाट गणतन्त्रका पक्षमा सक्रिय भएर लागेका छन् । उनले गणतन्त्र नेपालको स्थापनाका लागि साहित्यलाई कलात्मक हतियारको रूपमा अगाडि सारेका छन् । अब नेपालको निम्ति गणतन्त्रको विकल्प छैन । नेपालका जनताको चाहना केवल गणतन्त्र रहेको छ भन्ने कुरालाई आफ्ना कवितामार्फत् व्यक्त गर्दै आएका छन् । बाँकी त्यै गणतन्त्र छ शीर्षकको कविताका उनले सबै व्यवस्था भोगिसकियो, अब एउटा गणतन्त्रात्मक व्यवस्था भोग्न बाँकी छ भन्ने कुरा व्यक्त गर्दै आन्दोलनकारी जनताहरूका सभा, समारोह, क्रान्ति र विद्रोहका मञ्चमा पुगेर गणतन्त्रात्मक चेतना जगाइदिएका हुन् । आज उनको राजनीतिक चेतना र आह्वान सिद्धान्ततः यथार्थमै सफल भएको छ किनभने आज नेपाल गणतन्त्रात्मक भइसकेको छ । यसरी ज्ञवालीको राजीतिक व्यक्तित्व सामान्य विद्यार्थी राजनीतिदेखि विभिन्न मोडहरू पार गर्दै गणतन्त्र नेपालसम्म आइपुगेको देखिन्छ ।

२.२.२.३ शैक्षिक व्यक्तित्व

(क) अध्यापनसेवा

अनौपचारिक रूपमा रामप्रसादका ज्ञवाली हरिद्वारमा अध्ययनको क्रममा रहँदा नै आफूभन्दा तल्लो कक्षाका विद्यार्थीहरूलाई पढाउने पाइन्छ भने उनले औपचारिक रूपमा सर्वप्रथम जनविकास मा.वि. काभ्रेबाट २०४२ सालदेखि शैक्षिक सेवा दिन सुरु गरेको पाइन्छ। यसपछि ज्ञवालीले "पार्वती मा.वि. ढुङ्खर्क काभ्रे, सर्वमङ्गला मा.वि. पाँचखाल काभ्रे, काभ्रे बहुमुखी क्याम्पस बनेपा काभ्रे, शिक्षा सदन मा.वि. बनेपा काभ्रे, शुभतारा स्कुल (२०५२-५५) सानेपा काठमाडौँ, रातो बङ्गला स्कुलमा माध्यमिक शिक्षक भई काम गरेका छन्" (सापकोटा, २०५७ : ७१)। यसबाहेक उनले काठमाडौँका उच्चमाध्यमिक विद्यालयहरू (नोबेल एकेडेमी, सी.सी. आर.सी., काठमाडौँ मोडल कलेज, कोलम्बस कलेज, पाठशाला नेपाल आदि) मा पनि शिक्षण गरेको पाइन्छ।

(ख) प्राध्यापनसेवा

रामप्रसाद ज्ञवालीले २०५० सालदेखि काभ्रे बहुमुखी क्याम्पसबाट प्राध्यापन कार्य सुरु गरेको पाइन्छ। २०५४ सालमा त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापकमा स्थायी नियुक्ति पाएका ज्ञवालीले पद्मकन्या क्याम्पस बागबजार हुँदै हाल रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्गमा प्राध्यापन गरिरहेका छन्।

ज्ञवाली प्राध्यापनकार्यमा प्रशंसनीय व्यक्तिका रूपमा परिचित छन्। उनी विद्यार्थीबाट बढी नै मनपराइएका प्राध्यापक देखिन्छन्। संस्कृत शिक्षा आधार भएका ज्ञवालीबाट स्नातकोत्तर तहको पाश्चात्य साहित्यसिद्धान्तको प्राध्यापन र त्यस कार्यबाट एम्.ए. का विद्यार्थीले चित्त बुझाउन सक्नु उनको विशिष्ट प्राध्यापकीय खुबी हो। शिक्षण पेसामा इमानदार, योग्य र लोकप्रिय व्यक्तित्वका रूपमा उनको स्थान उल्लेखनीय रहेको छ।

(ग) विविध शैक्षिक कार्यमा योगदान

रामप्रसाद ज्ञवालीले अध्यापनकार्यमा मात्र सीमित नभएर विविध अन्य शैक्षिक कार्यअन्तर्गत पनि संलग्न भई योगदान दिएको पाइन्छ। ज्ञवालीले आफू विद्यार्थी रहँदा भोग्नुपरेको सन्दर्भ पुस्तकको अभाव र त्यसका कारणले पारेको कठिनाइ र समस्यालाई ध्यानमा राखी कक्षा १ देखि एम्. ए. सम्मका पाठ्यपुस्तक र सहयोगी पुस्तकहरू लेखेका छन्। हाल नेपालमा स्कुल र क्याम्पस धेरै छन् तर गुणस्तर कम भएका एवं शिक्षालाई

सेवामूलक व्यवसायका रूपमा नभई व्यापारका रूपमा विकसित गराउन थालेका संस्थाहरू बढ्दै गएकाले शैक्षिक स्तर खस्कँदै गएको कुरालाई ध्यानमा राखी गुणस्तरीय, सभ्य र व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यले पाठशाला नेपाल फाउन्डेसन (स्कुल) र कोलम्बस कलेजको स्थापना ज्ञवालीले योगदान गरेका छन् । उनले नेपाली विषयको शिक्षालाई गुणस्तीय पार्नका लागि मा.वि., नि.मा.वि. का नेपाली शिक्षकहरूलाई तालिम दिने, सेमिनार गर्ने र अन्तर्क्रिया गराउने कार्य पनि गरेका छन् । साथै पाठ्यपुस्तकको परिमार्जन गर्ने काम गर्नुका साथै नेपाली विषय समिति, उच्चमाध्यमिक शिक्षा परिषद्, सानो ठिमी भक्तपुर (२०६० देखि २०६४ सम्म) मा रही काम पनि गरेका छन् । त्यसैले शैक्षिक क्षेत्रमा उनको अतिरिक्त योगदान पनि रहेको पाइन्छ ।

## २.३ कृतित्वपरिचय

कविताविधाबाट साहित्यिक यात्रा सुरु गरेर नाटक, निबन्ध, उपन्यास, कथा, महाकाव्य, खण्डकाव्यजस्ता विभिन्न विधाहरूमा कुशलता साथ कलम चलाउने बहुमुखी प्रतिभाका धनी रामप्रसाद ज्ञवालीका प्रकाशित र अप्रकाशित सिर्जनाहरूको सङ्ख्या ठूलो रहेको छ । २०४२ सालमा भारतको हरिद्वारमा रहँदा सगरमाथा पत्रिकामा प्रकाशित हाम्रो कर्तव्य शीर्षकको कवितादेखि प्रारम्भ गरी जीवनका विविध मोडहरूसँगै ज्ञवालीको साहित्यिक यात्रा विकसित भएको छ । प्रगतिवादी साहित्यमा अभिप्रेरणा प्राप्त गरी मार्क्सवादी विश्वदर्शन तथा मार्क्सवादी साहित्यशास्त्रबाट प्रभावित हुँदै प्रगतिवादी साहित्यिक मान्यतालाई आफ्ना कलासिर्जनामा भित्र्याउने ज्ञशवालीले साहित्यलाई शोषित, पीडित, श्रमजीवी र सर्वहारावर्गका पक्षमा लगाएका छन् । अभिजात्यवर्गले गरेको शोषण, दमन र स्वार्थका विरुद्ध क्रान्तिको स्वर उराल्नु नै उनको साहित्यिक मूल प्रवृत्ति रहेको छ । ज्ञवालीका प्रकाशित र अप्रकाशित जे-जति कृतिहरू रहेका छन् तिनमा समाज, राज्य र संस्कृतिको यथार्थ अङ्कनका साथै भविष्यप्रतिको आदर्शकल्पना पनि पाइन्छ । सरल, सहज र संवेद्य भाषाशैली, उद्देश्यमूलक कथ्य, प्रगतिशील भाव र विचारको समन्वय, प्रतिनिधिमूलक पात्रविधान, विश्वसनीय प्रक्कल्पना, सङ्क्षिप्तता र कथ्यको पूर्णता ज्ञवालीका कृतिहरूको विशिष्टता देखिन्छ ।

रामप्रसाद ज्ञवालीका साहित्यिक र साहित्येतर गरी धेरै कृतिहरू रहेका छन् । ती कृतिहरू यसप्रकार रहेका छन् :

(क) साहित्यसिर्जना तथा समालोचनात्मक कृतिहरू

१. विवश आँसु (नाटक, २०४४)

२. परिवर्तनको मोडमा (उपन्यास, २०५०)

३. जीवनका घुम्तीहरू (उपन्यास, २०५३)

४. औँसीका फूलहरू (महाकाव्य, २०५३)

५. आख्यानकार पारिजात (समीक्षाग्रन्थ, सहलेखन २०५८)

६. पुतली र भुसिल्किरा (कवितासङ्ग्रह, २०४९)

७. एकादेशमा (खण्डकाव्य, २०६१)

८. सानी परेबी र बाज (सचित्र बालकथा, २०६१)

९. असुरग्याँस ! (कवितासङ्ग्रह, २०६२)

१०. सम्पत्ति (एकाङ्कीसङ्ग्रह, २०६३)

११. पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या (समालोचनाग्रन्थ, २०६३)

१२. भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू (भूमिकासङ्ग्रह, २०६३)

१३. फुटकर कविताका केही बान्कीहरू (समालोचनासङ्ग्रह, २०६४)

१४. छन्दकविताको मधुर तरङ्ग (सी.डी. र क्यासेट, २०६४)

१५. आहा ! कति मिठो खीर ! (सचित्र बालकथा, २०६५)

१६. काला जादुको कथा (सचित्र बालकथा, २०६५)

(ख) विद्यालयस्तरीय पाठ्यक्रम तथा व्याकरणात्मक कृतिहरू (सहलेखन)

१. प्रवेशिका व्याकरण (२०५७)

२. आधारभूत व्याकरण (भाग १, २, ३, २०५७)

३. प्रारम्भिक व्याकरण (भाग १, २, ३, २०५८)

४. रमाइलो व्याकरण (भाग १, २, ३, २०५९)

५. रमाइलो नेपाली 'क' (२०६१)

६. रमाइलो नेपाली 'ख' (२०६१)

७. रमाइलो नेपाली 'ग' (२०६२)

८. रमाइलो नेपाली (कक्षा १) (२०६२)

९. रमाइलो नेपाली (कक्षा २) (२०६२)

१०. रमाइलो नेपाली (कक्षा ३) (२०६१)

(ग) क्याम्पसस्तरीय शैक्षिक पाठ्यपुस्तकहरू (सहलेखन)

१. अनिवार्य नेपाली (१० + २) (२०५५)

२. अनिवार्य नेपाली (प्रमाणपत्र तह) (२०५५)

३. अनिवार्य नेपाली (बी.ए.) (२०५६)

४. साधारण नेपाली (बी.ए.) (२०५६)

५. ऐच्छिक नेपाली (बी.ए.) (२०५६)

६. ऐच्छिक नेपाली (१० + २ प्रथम वर्ष) २०५८)

७. ऐच्छिक नेपाली (प्रमाणपत्र तह, प्रथम वर्ष) (२०५९)

८. ऐच्छिक नेपाली (प्रमाणपत्र तह, द्वितीय वर्ष) (२०५९)

९. ऐच्छिक नेपाली (प्रमाणपत्र तह, द्वितीय वर्ष) (२०६०)

१०. नेपाली कविता-काव्य (बी.ए. द्वितीय वर्ष ) (२०६४)

यी पुस्तकाकार कृतिहरूबाहेक गरिमा, समकालीन, जनमत, उन्नयन, कलम, वेदना, नागार्जुन, जम्को, शब्दसंयोजन, मिर्मिरे, साहित्यिक आभियान जस्ता अन्य दर्जनौँ पत्रपत्रिकाहरूमा केही फुटकर कविताहरू, केही समालोचना, ५ वटा एकाङ्कीहरू, १ दर्जनजति निबन्धहरू र अनेक गीतहरू प्रकाशित रहेका पाइन्छन् भने अन्य साहित्यिक रचनाहरू प्रकाशित हुने क्रममा रहेका छन् । यसबाहेक उनका ६ वटा साहित्यिक अन्तर्वार्ताहरू पनि प्रकाशित रहेको पाइन्छ ।

२.४ पदक तथा पुरस्कारहरू

१. महेन्द्र विद्याभूषण (२०४९)

२. लारी स्वर्णपदक (२०४९)

३. प्रतिभा सम्मान (२०५५)

४. दीपा जनमत पुरस्कार (२०६०)

५. मोतीराम युवा वर्ष पुरस्कार (२०६३) (तर साहित्यकार ज्ञवालीद्वारा यो पुरस्कार लिन अस्वीकार गरियो । गणतान्त्रिक आन्दोलन सफल नभएसम्म कुनै पुरस्कार ग्रहण नगर्ने तथा निरङ्कुश सामन्तवादको पक्षधर व्यक्तिसँग जोडिएर कुनै पनि पुरस्कार नलिने घोषणा गरी यो पुरस्कार लिन अस्वीकार गरिएको पाइन्छ ।)

६. राष्ट्रगान छनोटमा तेस्रो स्थान हासिल गर्न सफल भएकाले नेपाल सरकारको तर्फबाट ताम्रपत्रद्वारा सम्मान (तर यो सम्मान पनि तत्काल लिन अस्वीकार गरिएको थियो किनकि गणतन्त्रको स्थापना नभएसम्म कुनै मान-सम्मान नलिने प्रण गरिसकेका ज्ञवालीले त्यतिखेरसम्म पनि राजतन्त्र औपचारिक रूपमा समाप्त

नभएकोले त्यसलाई स्वीकार गर्न चाहेनन् । राजतन्त्रको अन्त्य भएपछि यस सम्मानलाई उनले ग्रहण गरेको पाइन्छ (शोधनायकसँगको अन्तर्वार्ता) ।

७. प्रगतिशील लेखक सङ्घ (नेपालगन्ज शाखा) बाट सम्मानपत्र (२०६४)

८. गुल्मेली समाज (नेपालगन्ज) बाट सम्मानपत्र (२०६४)

## २.५ रामप्रसाद ज्ञवालीका साहित्यिक रचनाधर्मिता

रामप्रसाद ज्ञवालीको साहित्यिक यात्रा २०४० सालबाट प्रारम्भ भएको पाइन्छ । पढ्नको लागि भारतको हरिद्वारमा पुगेका ज्ञवालीले त्यहाँबाट प्रकाशित हुने सगरमाथा पत्रिकामा 'हाम्रो कर्तव्य' शीर्षकको कविता प्रकाशन गरेर औपचारिक सिर्जनायात्रा आरम्भ गरेका हुन् । त्यसपछि केही समय उनले खासै सिर्जना गरेको पाइन्न । २०४३ सालदेखि उनी नाटकलेखनमा लागे र फेरि २०४८ सालसम्म निष्क्रिय बने । २०४९ सालदेखि उनी विशेष सक्रियताका साथ साहित्ययात्रामा लागेको देखिन्छ । त्यसपछिको समयमा साहित्यसाधनामा निरन्तर लागेका ज्ञवालीले साहित्यका सबै प्रमुख विधाहरूमा कलम चलाएका छन् । विशेष रूपमा कविता र समालोचनाविधामा ख्याति प्राप्त गर्न सफल ज्ञवालीका हालसम्म प्रकाशित साहित्यिक कृतिहरूमा विवश आँसु (नाटक, २०४४), परिवर्तनको मोडमा (उपन्यास, २०५०), जीवनका घुम्तीहरू (उपन्यास, २०५३), आँसीका फूलहरू (महाकाव्य, २०५३), आख्यानकार पारिजात (समालोचनाग्रन्थ, २०५८), पुतली र झुसिल्किरा (कवितासङ्ग्रह, २०५९), एकादेशमा (खण्डकाव्य, २०६१), असुरग्याँस (कवितासङ्ग्रह, २०६२) लगायत हालसम्म सोह्रवटा कृतिहरू प्रकाशित छन् । यसबाहेकका उनका गीत, निबन्ध, कथा, एकाङ्की र भूमिकालेखनजस्ता धेरै साहित्यिक रचनाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित देखिन्छन् ।

भारतको हरिद्वारमा रहँदा त्यहाँका गुरु ललितमोहन व्यासबाट प्रभाव र प्रेरणा ग्रहण गरी साहित्यतर्फ अगाडि बढेका रामप्रसाद ज्ञवालीले भारतीयहरूले नेपाली भनेर हेप्दाको अपमानबोध गरी त्यसबाट मनमा उत्पन्न पीडा तथा आक्रोशले थप अभिप्रेरित हुँदै सिर्जन गर्न थालेका थिए । नाट्यक्षेत्रमा र नाट्य-अभिनयमा लाग्नमा भारतीय अभिनेता अमिताभ बच्चनको अभिनयले उत्साह थपेको थियो (शोधनायकसँगको अन्तर्वार्ता) । मूलतः पूर्वीय र सामान्य रूपमा पाश्चात्य साहित्यको अध्ययन गरेका ज्ञवाली लैजाने निजी तहमा अध्ययनलाई विस्तार गर्दै लैजाने क्रममा धेरै पुस्तकहरूको अध्ययन गरेका र तिनबाट पनि धेरै प्रेरणा लिई साहित्यसिर्जनातर्फ लागेका देखिन्छन् । नेपाली साहित्यलाई नवीन कुरा प्रदान गर्दै जानुमा उनले अध्ययनको क्रममा लिएको साहित्यिक अध्ययनको पनि भूमिका देखिन्छ ।

पाश्चात्य साहित्यको अध्ययन गर्ने सन्दर्भमा ज्ञवाली मार्क्सवादी सौन्दर्यशास्त्र र प्रगतिवादी साहित्यबाट बढी आकर्षित भएका देखिन्छन्। मार्क्सवादबाट राजनीतिक क्षेत्रमा अभिप्रेरित भएका ज्ञवाली साहित्यमा पनि मार्क्सवादी कलासौन्दर्यबाट प्रभावित छन्। ज्ञवालीले मार्क्सको सौन्दर्यशास्त्रीय अवधारणालाई स्वीकार गर्दै साहित्यकलाका माध्यमबाट द्वन्द्वात्मक समाजको वैज्ञानिक विश्लेषण गरेका छन्। "सामान्यतः एउटा सचेत मार्क्सवादी लेखकले सामान्य जनताले बुझ्न सक्ने आकर्षक तथा सरल भाषाशैली अपनाउनुपर्दछ। भाषा पनि सरल, सुबोध र सम्प्रेष्य हुनुपर्दछ। जबसम्म सामान्य जनताको राजनीतिक चेतना माथि उठ्न सक्दैन तबसम्म जनताले त्यस्तो साहित्यको मर्म बुझ्न सक्दैनन्। तसर्थ जनताको चेतनाको स्तरलाई माथि उठाउने साहित्यको सिर्जना गर्नु नितान्त आवश्यक छ" (लम्साल, २०६१ : ७६)। यही धारणाअनुरूप ज्ञवालीका साहित्यमा सहज, सरल, संवेद्य र सम्प्रेषणीय भाषाशैलीमा युगान्तकारी भावको सम्प्रेषण भएको छ। समाजमा रहेका विविध वर्ग र तिनीहरूले भोग्नुपरेका आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक दुरावस्थाको चित्रण गर्दै तिनका विरुद्ध वर्गसङ्घर्षमा उत्रन ज्ञवालीको साहित्य रचना मार्गनिर्देशक बनेको छ।

जीवनमा धेरै सङ्घर्ष गरेका र उतारचढाव भोगेका कला-साहित्यप्रेमी रामप्रसाद ज्ञवालीको साहित्यमा जीवनको तात्क्षणिक यथार्थ र शाश्वत मूल्यका जस्ता लाग्ने विचारको अभिव्यक्ति पाइन्छ। मानव र मानवीयता, राष्ट्र र राष्ट्रियता, स्वतन्त्रता र स्वाधीनता एवं कर्तव्य र कर्तव्यपरायणताका पुजारी ज्ञवालीको कलासाहित्यसम्बन्धी आफ्नै व्यक्तिगत धारणा रहेको पाइन्छ। उनी कला साहित्यलाई समाजपरिवर्तनको कलात्मक धारिलो हतियारका रूपमा स्विकार्छन्। ज्ञवालीले कलासाहित्यका बारेमा आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्, "दासतालाई स्विकार्ने र परतन्त्रताको विरोध नगर्ने रचना मेरो दृष्टिमा असल साहित्यकला होइन। मेरो विचारमा साहित्य वा कलासृजनाको आत्मा स्वतन्त्रता हो भने सामाजिक सम्बन्ध र सृजनाको सामाजिक दायित्वसँग एकाकार हुनु त्यसको धर्म हो। स्वतन्त्रता, वैयक्तिकता र सामाजिक दायित्व बोकेको रचनाले मात्र वास्तविक अर्थमा सार्थकता प्राप्त गर्दछ। आफ्नो चारैतिर तानाशाहीले जरा फैलाएको देखेर पनि, जताततै अत्याचार र दमन भएको थाहा पाएर पनि तथा आफ्नो घरलाई चारैतिरबाट आगलागीले घेरेको देखेर पनि तरुनीका तिघ्रामा र्‍याल चुहाउँदै त्यसैको मांसल वर्णनमा रत्तिने एवं तानाशाहको गुलामी गर्दै अन्धविश्वासी ईश्वरवादको भजनमा कविता लेख्नेहरू असल साहित्यकार नभई पाखण्डी र गैरजिम्मेवार स्रष्टा हुन्" (असुरग्याँस, २०६२ : ज)। यसरी कलासाहित्यमा अन्याय-अत्याचारको विरुद्ध

विद्रोह वा क्रान्ति गर्नुपर्ने भावसम्प्रेषण गर्नु उनको विशेषता हो । विशेषतः सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्थाको यथार्थ चित्रण नै उनका कलासाहित्यका कथ्यवस्तुको प्रस्तुति हो । ती विषयमा देखिएका अन्याय, अत्याचार, दमन, उत्पीडन, शोषण, हिंसा र थिचोमिचोका विरुद्ध विद्रोह गर्नु र आमूल परिवर्तनको पक्षमा आह्वान गर्नु तथा जनचेतनालाई जगाउनु उनको साहित्यको मुख्य सन्देश रहेको छ ।

रामप्रसाद ज्ञवाली समकालीन कविहरूका भीडमा छुट्टै पहिचान राख्ने छन्दोबद्ध कविताका फाँटका सशक्त कवि हुन् (पौडेल, २०६२ : ३६) । विभिन्न सामाजिक, राजनीतिक, पौराणिक तथा प्राकृतिक बिम्ब-प्रतीकहरू प्रयोग गर्दै छन्दहरूका माध्यमबाट सन्तुलित अभिव्यक्ति दिन सक्षम रहेका ज्ञवाली समकालीन छन्दकविका कित्तामा पछिल्लो चरणका प्रतिनिधि हुन् ।

उच्च, उदात्त, सरल र सम्प्रेष्य कलासाहित्यका पारखी ज्ञवाली वर्तमानमा जति जुझारु छन् भविष्यप्रति पनि त्यत्तिकै सचेत छन् । उनी भविष्यदृष्टि भएका साहित्यकारका रूपमा पनि चिनिन्छन् । त्यस्तै उनका कृतिहरू युगबोधका दृष्टिले सबल, कालजयी, भविष्यको मार्गनिर्देश छन् । उनको यो सक्षमता पनि एउटा कलात्मक विशेषताका रूपमा रहेको छ ।

यसरी २०४० सालदेखि नेपाली साहित्यको भण्डार भर्ने काममा निरन्तर लागेका रामप्रसाद ज्ञवालीका मूलभूत काव्यात्मक प्रवृत्तिहरूलाई निम्नलिखित बुँदामा समेट्न सकिन्छ :

१. यथार्थपरक विषयवस्तुको छनोट गर्नु ।
२. मार्क्सवादी सौन्दर्यशास्त्रलाई रचनाका निम्ति विश्वदृष्टिकोणको आधार मान्नु ।
३. युगयथार्थका नकारात्मक पक्षहरूको उद्घाटन गरी तिनमाथि प्रहार गर्नु ।
४. भाषा र शैलीको परिष्कारमा जोड दिनु ।
५. विश्वसनीय भविष्यदृष्टिसहित सम्भाव्यताको प्रस्तुति दिनु ।
६. प्रगतिशील समाजरूपान्तरणका लागि सोद्देश्य सिर्जना गर्नु ।
७. विषयानुरूप प्रकृतिबिम्ब, समाजबिम्ब र व्यक्तिबिम्वहरूको सशक्त निर्माणमा ध्यान दिनु ।
८. शोषित-पीडित तथा श्रमजीवी वर्गको पक्षधरतामा सिर्जनाकार्यलाई केन्द्रित गर्नु ।
९. राष्ट्रिय तथा जातीय मुक्तिआन्दोलनका पक्षमा क्रान्तिकारी भाव तथा विचारलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गर्नु ।
१०. लयविधानमा शास्त्रीय छन्दलाई प्राथमिकता दिनु ।
११. समाजवादी विश्वमानवताको वकालत गर्नु ।
१२. सामन्तवाद तथा पुँजीवादका विरुद्धमा साहित्यका माध्यमबाट क्रान्तिचेतना सञ्चार गर्दै गणतान्त्रिक चेतना सम्प्रेषण गर्नु ।
१३. वर्गमित्र र वर्गशत्रुको पहिचानसहित वर्गीय कला सिर्जना गर्नु ।
१४. धार्मिक अन्धविश्वास र रूढिवादी परम्पराका विरुद्ध निरन्तर सिर्जना गर्नु ।
१५. जातीय, लिङ्गीय र वर्गीय भेदभावका विरुद्ध काव्यसाधना गर्नु आदि ।

## २.६ निष्कर्ष

रामप्रसाद ज्ञवाली नेपाली साहित्यमा नाटक, उपन्यास, कविता, समालोचनाजस्ता विभिन्न साहित्यिक विधा लिएर देखापरेका ख्यातिप्राप्त बहुआयमिक व्यक्तित्व हुन् । वि.सं. २०४० सालमा हाम्रो कर्तव्य शीर्षकको कविता प्रकाशन गरी साहित्ययात्रा आरम्भ गरेका ज्ञवाली उपर्युल्लिखित धेरै विधाहरूमा कलम चलाउन सफल भए तापनि उनको मूल विधा कविता हो । साहित्यका विविध विधामा उत्तिकै रूपमा लागिपर्नु उनको साहित्यप्रतिको अगाध माया र व्यक्तिगत प्रतिभा पनि हो । पहिले संस्कृत विषयलाई अध्ययनको मूल बनाएर शास्त्री उत्तीर्ण गरेका ज्ञवालीले पछि पाश्चात्य साहित्यको स्वअध्ययन पनि राम्ररी गरेको पाइन्छ । विशेष गरेर भारतीय गुरु मोहन व्यासबाट प्रेरणा ग्रहण गरी साहित्ययात्रामा लागेका तर पछि मार्क्सवादी साहित्यबाट अभिप्रेरित भएका ज्ञवालीले सिर्जना गरेका सम्पूर्ण कलासाहित्यहरू

प्रगतिशील तथा प्रगतिवादी प्रवृत्तिका रहेका छन् । ज्ञवालीले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनका आधारमा आफ्ना साहित्यमा पनि वर्गसङ्घर्षलाई अभिव्यक्त गर्दै समतामूलक समाजनिर्माणका लागि वर्गसङ्घर्षको भूमिकालाई महत्त्वपूर्ण मानेका छन् । मानवीयता, राष्ट्रियता, वर्गीय उत्थान, स्वतन्त्रता, स्वाधीनता र गणतन्त्रात्मक राज्यप्रणालीका लागि निरङ्कुश सामन्तवादी, अधिनायकवादी, हैकमवादी समाज र राज्यसँग विद्रोह र क्रान्ति गर्नु नै उनको साहित्यको प्रमुख मान्यता हो । आफूले देखेका र भोगेका कुरालाई यथार्थरूपमा टपक्क टिप्दै कलात्मक रूपमा सरल र सहज सम्प्रेषणीय भाषामा व्यक्त गर्नु उनको विशेषता हो । उनको साहित्य इतिहास र वर्तमानप्रति जति सजग छ, भविष्यप्रति पनि उत्तिकै सजग र यथार्थसन्देश दिनका लागि सक्षम रहेको छ । कलात्मक ढङ्गमा जोखिम मोली भविष्यवाणी गरिएको एकादेशमा खण्डकाव्यमा जुनकुरा कविले गरेका थिए, त्यही कुरा आज राजनीतिक रूपमा पूर्णतः लागू भएको छ । त्यसैले ज्ञवालीलाई भविष्यद्रष्टा कविका रूपमा पनि लिन सकिन्छ ।

कला, गला र प्रतिभाका धनी रामप्रसाद ज्ञवाली आधुनिक नेपाली साहित्यमा समकालीन युगका प्रतिनिधि साहित्यकारहरूमध्ये एक हुन् भने छन्दकविताको कित्तामा केन्द्रीय कवि हुन् । मर्न लागेको शास्त्रीय छन्द परम्परालाई नवजीवन र पुनर्जागरण दिने काम मुख्य रूपमा ज्ञवालीबाटै भएको छ । साथै पहिलेदेखि नै कवितामा क्रान्तिचेतनालाई जागृत गराउँदै आएका ज्ञवालीका पछिल्ला चरणका कवितामा पूर्णक्रान्तिद्वारा गणतन्त्रको आह्वान गरिएको छ । पछिल्ला चरणका उनका कविताको मूल प्रवृत्ति नै गणतन्त्रात्मक क्रान्तिचेत रहेको देखिन्छ । 'मभन्दा पनि हाम्रो र कर्ममा राम्रो' भन्ने धारणा राख्ने ज्ञवालीको साहित्येतर व्यक्तित्व पनि प्रशंसनीय नै रहेको पाइन्छ जसमा उनी समाजसेवी व्यक्तित्व, राजनीतिक व्यक्तित्व र शिक्षासेवी व्यक्तित्व आदिका रूपमा चर्चित छन् । त्यसैले रामप्रसाद ज्ञवालीलाई बहुमुखी र बहुआयमिक व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

*परिच्छेद - तीन*

# क्रान्तिको सैद्धान्तिक पक्ष र कवितामा क्रान्तिको प्रतिबिम्बन

## ३.१ क्रान्तिको शाब्दिक अर्थ

'क्रान्ति' संस्कृत शब्द हो । यसको व्युत्पत्ति 'क्रम्' धातुमा 'क्तिन्' प्रत्यय लागेर भएको हो (आप्टे, २००७ सन् : ३११) । क्रान्तिको शाब्दिक अर्थ 'गति' हो । अङ्ग्रेजीमा क्रान्तिलाई च्भखयगितष्यल भनिन्छ । हिन्दी र नेपालीमा क्रान्तिलाई 'क्रान्ति' शब्दले नै बुझाउँछ । राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक आदि अवस्थाको यथास्थितिमा परिवर्तनका लागि जनताद्वारा गरिएको विद्रोह र क्रियाकलाप नै क्रान्तिको केन्द्रीय अर्थ हो । क्रान्तिले यथास्थितिबाट समाजको अग्रगामी रूपान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । यसरी अगति, पछौटेपन र यथास्थितिवादबाट आक्रान्त समाजलाई गति दिएर सकारात्मक परिवर्तन दिन गरिने काम नै क्रान्ति हो भन्ने देखिन्छ ।

## ३.२ क्रान्तिको परिभाषा

मानवसभ्यताको प्रारम्भ हुनुपूर्व मानवसमाज अविकसित थियो । त्यतिखेर क्रान्तिको कुनै सङ्केत पाइँदैन । तर जब मानवसभ्यताको प्रारम्भ भयो, त्यहाँदेखि कुनै न कुनै रूपमा क्रान्तिको प्रक्रिया सुरु भएको पाइन्छ । मानवसभ्यताको प्रारम्भदेखि सामान्य रूपमा सुरु भएर क्रमशः विकसित हुँदै क्रान्ति हालको अवस्थासम्म आइपुगेको छ । आजको विकसित समाजनिर्माण हुनुमा र समाजलाई गति दिनुमा क्रान्तिको महत्त्वपूर्ण योगदान रहेको छ । यस सम्बन्धमा मानवसभ्यतामा क्रान्तिको भूमिका बताउने पूर्ववर्तीहरूका धारणाहरूको अनुसरण गर्दै ताराकान्त पाण्डेयले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन्, "जब समाजको विकास ढुङ्गेयुगबाट आज समाजवादी युगमा भइरहेको छ, यसरी समाजको विकास हुनु क्रान्तिको देन हो" (२०५६ : ५) । यसरी युगको विकाससँगै आएको क्रान्तिका सम्बन्धमा हालसम्म विभिन्न शब्दकोश र विभिन्न विद्वान्हरूले चर्चा र परिभाषा गरेका छन् । तीमध्ये केही मुख्य परिभाषाहरू यसप्रकार रहेका छन् :

वामनशिवराम आप्टेका अनुसार

क्रान्ति 'क्रम्' धातुमा 'क्लिन्' प्रत्यय लागेर व्युत्पन्न भएको शब्द हो । गति दिने, अगाडि बढ्ने कुरा नै क्रान्ति हो (संस्कृत-हिन्दी शब्दकोश, २००७ : ३११) ।

क्याम्ब्रिज डिक्स्नरीका अनुसार

शासनसत्ताको परिवर्तनको लागि गरिएको आन्दोलन वा गतिविधि नै क्रान्ति हो (१९९८ : १४१३) ।

अक्स्फोर्ड डिक्स्नरीका अनुसार

सरकार परिवर्तनका लागि उत्पीडित र निम्नवर्गीय धेरै जनताहरूद्वारा गरिएको हिंसात्मक कार्य नै क्रान्ति हो (२००७ : १०९६) ।

नेपाली शब्दसागरका अनुसार

भइरहेको स्थिति वा शासनव्यवस्था वा कुनै प्रकारको अधिकारको परिवर्तनलाई उद्देश्य मानेर गरिने जनप्रयास, विप्लव, विद्रोह र विद्रोहबाट भएको परिवर्तन नै क्रान्ति हो (२०५१ : ३०७) ।

नेपाली बृहत् शब्दकोशका अनुसार

कुनै शासन, सत्ता, स्थिति आदिको परिवर्तनका निम्ति हुने जनशक्तिको प्रयास वा क्रियाकलाप वा विद्रोह,  त्यसरी भएको ठूलो परिवर्तन उल्टावली, हेरफेर नै क्रान्ति हो (२०४० : २७४) ।

प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार

प्रचलित शासनव्यवस्था वा स्थापित सत्तापरिवर्तनका लागि जनताका तर्फबाट भएको विद्रोह वा त्यसको गतिविधि क्रान्ति हो (२०६१ : २०१) ।

अरस्तुका अनुसार

शासनव्यवस्थामा परिवर्तन हुनु क्रान्ति वा विप्लव हो (शिवाकोटी, २०५८ : २०८) ।

मार्क्सका अनुसार

पदार्थमा परस्पर दुई विपरीत गुण वा तत्त्व हुन्छन् र तिनीहरूका बीचको सङ्घर्ष वा द्वन्द्वले नै वस्तुमा क्रमशः मात्रात्मक र गुणात्मक परिवर्तन आउँछ, त्यो नै क्रान्ति हो (वैद्य, २०४८ : १४) ।

उपर्युक्त परिभाषाहरूको सार खिच्दा क्रान्तिको चिनारी यसरी दिन सकिन्छ :

क्रान्ति समाजलाई अग्रगतितर्फ परिवर्तन गर्ने क्रियाकलाप हो । यसले यथास्थितिपरक राज्यव्यवस्थाका विरुद्धमा जनविद्रोह र जनसङ्घर्षद्वारा राज्यव्यवस्थामा रहेका र भएका पुराना मूल्यमान्यतालाई गति दिन्छ । नकारात्मकताबाट आक्रान्त परिपाटीलाई अन्त्य गरी राज्यलाई नवीनतातर्फ लैजानु, नवीन यथार्थको सिर्जना गर्नु र राज्यलाई अगाडि बढाउनुलाई नै क्रान्ति भनिन्छ ।

१. क्रान्ति यथास्थितिमा आमूल परिवर्तन हो ।

२. क्रान्ति आक्रान्त संरचनाको परिपाटीलाई अन्त्य गर्ने कडी हो ।

३. क्रान्ति शासनसत्ता आदिको परिवर्तनका निम्ति गरिने विद्रोहात्मक प्रक्रिया हो ।

४. क्रान्ति गतिशील वस्तु हो । समाज, राज्यव्यवस्था र आर्थिक प्रक्रियालाई गति दिनु क्रान्तिको उद्देश्य हो ।

५. सबै क्षेत्रलाई समेट्नु क्रान्तिको व्याप्ति हो । जस्तै सामाजिक परिवर्तनका लागि सामाजिक क्रान्ति हुन्छ, राजनीतिक परिवर्तनका लागि राज्यक्रान्ति हुन्छ, अर्थव्यवस्थाको परिवर्तनका लागि आर्थिक क्रान्ति हुन्छ आदि ।

६. क्रान्ति सकारात्मक दिशामा अगाडि बढ्ने र त्यस लक्ष्यअनुकूल विजय हासिल गर्ने माध्यम हो ।

## ३.३ कविताको सामान्य चिनारी वा परिभाषा

कविता साहित्यको भावप्रधान र लयप्रधान एउटा प्रमुख विधा हो । कविता शब्द ‘कव्’ धातुबाट बनेको हो । ‘कव्’ धातुको अर्थ सर्वज्ञ एवं वर्णनकलामा निपुण व्यक्ति भने हुन्छ । “पूर्वीय साहित्यमा काव्यको समानार्थी रूपमा लिइएको ‘कविता’ शब्दको व्युत्पत्ति ‘कवि’ शब्दमा ‘त’ (तल्) र ‘टाप्’ अर्थात् ‘कवि + ता’बाट भएको हो” (वरदराज पं. सं., १९८) । ‘कवि’ शब्दले रचनाकारलाई बुझाउँछ र यस व्युत्पत्तिअनुसार कविताको तात्पर्य कविद्वारा सिर्जित रचनाविशेष वा कविको कर्म भन्ने हुन्छ ।

पश्चिमी साहित्यशास्त्रमा कवितालाई एयभतचथ भनिन्छ । ल्याटिनमा एयतष्अगक, ग्रिक भाषामा एयष्अितष्पयक भनिने एयभतचथ शब्दको व्युत्पत्ति एयभत बाट भएको हो । ल्याटिनमा एयभतब, ग्रिकमा एयभतभक भनिने एयभत शब्दले कवि अर्थात् कविताको रचना गर्ने व्यक्ति भन्ने अर्थ दिन्छ । एयभत बाट निर्मित एयभतचथ शब्दको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा ‘कविकर्म’ भन्ने हुन्छ (लुइँटेल, २०६० : ३) ।

कविताको सम्बन्धमा अहिलेसम्म धेरै पूर्वीय तथा पाश्चात्य विद्वान्हरूबाट चर्चा एवं परिभाषा भएका छन् । तीमध्ये मुख्य केही परिभाषा यसप्रकार छन् :

अ. संस्कृत काव्यशास्त्र एवं संस्कृत विद्वान्हरूका परिभाषाहरू

(क) भामह (छैटौँ शताब्दी) का अनुसार

शब्द र अर्थको सहभाव नै काव्य हो (भामह, १।१६) ।

(ख) अग्निपुराण (एघारौँ शताब्दी) का अनुसार

सङ्क्षेपमा भावअभिव्यक्ति गरिने, अलङ्कार र गुणले युक्त दोषरहित पदावली नै काव्य हो (वेदव्यास, २९६६ : ४८४) ।

(ग) मम्मट (बाह्रौँ शताब्दी) का अनुसार

दोषरहित, गुणसहित अलङ्कार भए पनि नभए पनि शब्द र अर्थको समष्टि रूप काव्य हो (मम्मट, २०१६ : ७)।

(घ) विश्वनाथ (चौधौँ शताब्दी) का अनुसार

रसात्मक वाक्य नै काव्य हो (विश्वनाथ, १९८८ : १९) ।

(ङ) जगन्नाथ (सोह्रौँ शताब्दी) का अनुसार

रमणीय अर्थ दिन सक्ने वा प्रतिपादन गर्ने शब्द नै काव्य हो (जगन्नाथ, १९८३ : २५) ।

आ. पाश्चात्य परिभाषाहरू

(क) वर्डस्वर्थका अनुसार

कविता सशक्त अनुभूतिको निरवच्छिन्न बाढी हो । यो शान्त क्षणमा पुनःस्मृत संवेगबाट जन्मन्छ (उपाध्याय, २०५९ : १३) ।

(ख) एड्गर एलेन पोका अनुसार

सौन्दर्य लयपूर्ण सृष्टि नै कविता हो (उपाध्याय, २०५९ : १३) ।

(ग) अरिस्टोटलका अनुसार

मानवीय जीवनजगत्को आदर्श प्रतिनिधित्व गर्ने वाक्यको रूप नै कविता हो (लुईंटेल, २०६० : ९) ।

इ. नेपाली परिभाषाहरू

(क) नेपाली बृहत् शब्दकोशका अनुसार

कविद्वारा आफ्नो संवेद्य अनुभूति वा स्वभावलाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना, काव्य कविको भाव वा कविको काम नै कविता हो (२०४० : २२७) ।

(ख) लक्ष्मीप्रसाद देवकोटाका अनुसार

प्रतिभाप्रदत्त सहज भावहरूको सहज सङ्गीतात्मक अभिव्यक्ति नै कविता हो जसको प्रत्यक्ष सम्बन्ध पाठकसँग हुन्छ। कविता कोमल वनिता रसयति रसिकं रसेन सम्मिलिता (२००२ : भूमिका) ।

(ग) बालकृष्ण समका अनुसार

भावनाको बौद्धिक कोमलता नै कविता हो । कविता मानिसको अनुहार जस्तै हो, हिसी कुनै कलात्मक, शैल्पिक दक्षताको सिद्धान्तमा रहेको हुँदै, कविता गणित होइन, न त दर्शन नै हो (उपाध्याय, २०५९ : १५) ।

(घ) वासुदेव त्रिपाठीका अनुसार

कविता वाङ्मयको रागात्मक वा सौन्दर्यपरक शाखा हो। यसमा जीवनजगत्को लयात्मक साङ्गीतिक कलात्मक भाव अभिव्यक्त भएको हुन्छ (२०५४ : १५) ।

यी सबै परिभाषाहरूको मूल भावलाई समेट्दै वर्तमान समयमा देखिएका कविताहरूको स्वरूप, भावसंरचना र अर्थका आधारमा कवितालाई यसरी परिभाषित गर्न सकिन्छ :

कविता भावप्रधान तथा लयात्मक साहित्यिक विधा हो । कविले यसमा देखेका, भोगेका, सुनेका र कल्पना गरिएका कुरालाई भाव र विचारका साथ रागात्मक भाषामा व्यक्त गर्दछ । भाव, विचार र घटनाको लयात्मक भाषिक संरचना कविता हो । यसले पाठकलाई आनन्दित तुल्याउँदै सन्तुष्टि प्रदान गर्दछ। सङ्क्षिप्तता, सूचनात्मकता, स्वतस्पूर्णता, लयात्मकता, भावसघनता र प्रभावकारिता आदि कविताका विशेषता हुन् ।

## ३.४ क्रान्ति र कविताको सम्बन्ध

क्रान्ति र कविता दुवै मानवीय चेतनाका उपज हुन् । क्रान्ति मूलतः राजनीतिक विषय हो भने कविता सौन्दर्यशास्त्रीय विषय हो । क्रान्ति समाजपरिवर्तनको मूल आधार हो जहाँ जनताहरूले विद्रोहद्वारा समाजरूपान्तरणको उद्देश्य पूरा गर्दछन् । समाजमा वर्ग सुरु भएपछि

क्रान्तिको जन्म भएको हो । साहित्यको एउटा प्रमुख विधाविशेषको रूपमा कविता रहेको छ । “साहित्य भाषिक कला हो । यथार्थको प्रतिबिम्बन, रूपान्तरण वा पुनः सिर्जनाका रूपमा यो प्रकट हुन्छ र यसले आफ्नो युगका यथार्थ रूपहरूलाई कलात्मक रूपमा प्रतिबिम्बन गर्दछ । तसर्थ कलासाहित्यमा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक पक्षहरूमा भएका यथार्थता र तिनले निर्वाह गर्ने युगजीवनको वास्तविकताका साथै विषम यथार्थबाट मुक्तताको उन्नत र उच्च अभिलाषायुक्त जीवनको खोजी र अभिव्यक्ति हुन्छ । त्यसकारण साहित्यको एउटा महत्त्वपूर्ण रूप वा विधा रहेको कविताले पनि त्यस किसिमको कथ्य आफूभित्र अन्तर्निहित गर्नु स्वभाविकै मानिन्छ” (भण्डारी, २०६० : ३४) । यसरी कविताले समाजलाई, राजनीतिलाई, संस्कृतिलाई र आर्थिक अवस्थालाई आधार बनाएको हुन्छ । ती कुराहरूमाथिका असहमतिप्रति विद्रोह गर्दै क्रान्तिका लागि आह्वान गर्दछ र क्रान्तिको चेतनाद्वारा सर्वसाधारणलाई सचेत बनाउँछ । भइराखेको विकृत यथार्थको भन्डाफोर गर्दछ । तसर्थ क्रान्ति समाजको परिवर्तन गर्न अग्रतातर्फ लैजानका लागि हुन्छ भने कविताले तिनै समाजका यथार्थलाई देखाउँदै त्यहाँका विसङ्गत पक्षलाई आफ्नो विषय बनाउँछ । असन्तोष र विद्रोहको भावना प्रकट गर्दै क्रान्तिको सन्देश दिन्छ । त्यसैले कविता र क्रान्ति अलग-अलग वस्तु भए पनि यिनीहरूको सम्बन्ध निकटको रहेको छ। लेनिनले कलासाहित्यलाई क्रान्तिको पेचकिलाको रूपमा प्रस्तुत गरेका छन् । “कलासाहित्यले क्रान्तिको पेचकिला भई एउटा अस्त्रकै रूपमा काम गर्दछ” (पाण्डेय, २०५६ : १४) । क्रान्तिकारी, परिवर्तनशील, प्रगतिशील कवितामा क्रान्तिचेतनाको कुनै न कुनै रूपमा अभिव्यक्ति भएकै हुन्छ ।

क्रान्तिको सम्बन्ध प्रगतिवादसँग पनि गाँसिएको छ। यस शोधकार्यमा उल्लेख गरिएको क्रान्तिचेतको सम्बन्ध मूलतः प्रगतिवादसँग नजिक रहेकाले यहाँ सोही दृष्टिकोणबाट क्रान्तिको सम्बन्ध देखाउनु उचित ठानिएको छ। प्रगतिवादको मूल आधार भनेको मार्क्सवादी कला सौन्दर्यशास्त्र नै हो । मार्क्सवादबाट प्रगतिवाद अनुप्राणित रहेको छ । यस कुरालाई स्पष्ट पार्दै ताराकान्त पाण्डेय लेख्छन्, “क्रान्तिको कारक तत्त्व भनेको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । ऐतिहासिक भौतिकवादी र द्वन्द्वात्मक भौतिकवादी मान्यताले संसारमा रहेका हरेक कुरालाई विनाशशील र परिवर्तनशील ठान्छ । पुरानो वस्तुको वा सत्ताको समाप्ति हुन्छ र त्यस विस्थापित ठाउँमा नयाँ सत्ताको स्थापना गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने तत्त्वका बीचमा एकता, सङ्घर्ष र रूपान्तरण, मात्रा र गुणमा परिवर्तन नै क्रान्ति हो ।” (पाण्डेय, २०५६ : १४) । यस दृष्टिकोणबाट हेर्दा क्रान्तिको सम्बन्ध प्रकृति, समाज र जीवन

रहेक पक्षसँग रहेको छ। यस शोधका सन्दर्भका राजनीतिक, सामाजिक र आर्थिक पक्षमा ज्ञवालीका कविताले अभिव्यक्त गरेको क्रान्तिचेतनालाई ठम्याउने उद्देश्य रहेको छ। त्यसैले यस शोधकार्यमा राजनीतिक क्रान्ति र त्यसबाट प्रभावित सामाजिक तथा आर्थिक क्रान्तिको चेतसित सापेक्षित रही कवितामा क्रान्तिको सम्बन्ध देखाउने उद्देश्य राखिएको छ।

### ३.५ कवितामा क्रान्तिको प्रतिबिम्बन

कविता साहित्यको एउटा विधाविशेष हो। "साहित्यको विकासका सन्दर्भमा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अवस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ" (भण्डारी, २०५५ : २९)। अर्थात् साहित्यले सबै देशको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई बोकेर हिँडेको हुन्छ। "सामाजिक चेतना भएको साहित्यले सामाजिक विसङ्गति, कुरीति, अन्याय, अत्याचार, शोषण, दमन एवं राजनीतिक विसङ्गतिजस्ता कुराका विरुद्ध क्रान्तिकारी विचार प्रस्तुत गर्दछ। साहित्यभित्र जाति, धर्म, परम्परा, रीति, कलाकौशल, सामाजिक मान्यता, आदर्शजस्ता कुराको राम्रो छाप परेको हुन्छ" (भट्टराई, २०६४ : ८०)। तसर्थ क्रान्तिकारी साहित्यले समाज, देश, राजनीतिक भाषा, सांस्कृतिक परम्परालाई समेट्दै त्यहाँको वस्तुस्थितिको यथार्थ अङ्कन गर्दै अन्याय, अत्याचार, शोषण, उत्पीडन र बुर्जुवा सामन्ती शासनको विरुद्धमा क्रान्तिकारी भाव, विचार तथा असन्तुष्टि व्यक्त गर्दछ। यसले विसङ्गत र विकृत कुरालाई समूल नष्ट पार्न आह्वान गर्दछ। यसबाट क्रान्ति र प्रगतिशील साहित्यबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्ने कुराको पुष्टि हुन्छ। कविता पनि साहित्यअन्तर्गत पर्ने भएकाले कवितामा पनि क्रान्तिको गुञ्जन कुनै न कुनै रूपमा हुँदै आएको पाइन्छ। रमेशप्रसाद भट्टराईका अनुसार : "कवितामा जीवनजगत्को यथार्थ प्रस्तुत गरिएको हुन्छ, यथार्थकै प्रतिबिम्बनका क्रममा कविताले क्रान्तिलाई अबलम्वन गरेको हुन्छ। राजनीति, सामाजिक जीवन, मानवीय मूल्यबोध र क्रान्तिकारी रूपान्तरणलाई कथ्य बनाएर लेखिएका कविताको मूल्य असीमित र दीर्घकालीन हुन्छ" (वेदना, २०६३ : ९)। यसर्थ कविता एउटा निश्चित विचार र उद्देश्यसहित लेखिन्छ। यस क्रममा विश्वदृष्टिकोण प्रस्तुत गर्दा क्रान्तिकारी भावनाको कवितामा क्रान्तिको प्रतिबिम्बिन हुन पुग्दछ। कवि समाजकै उपज हो। उसको वरिपरिको वातावरणलगायतका अन्य थुप्रै पक्ष र कारक तत्त्वले उसको धारणा, विचार, विश्वदृष्टिकोण निर्धारण गर्न सघाउ पुऱ्याउँछन्। समाजको उत्पादनसम्बन्ध र उत्पादनका गतिविधिहरूसँगको कविको सम्बन्ध विश्वदृष्टिकोणको निर्माणका आधार हुन्। यसै क्रममा

निर्मित र विकसित धारणा कविले कवितामार्फत अभिव्यक्त गर्दछ । कविले समाज, राष्ट्र र संस्कृतिमा देखेकाभोगेको र उसलाई लागेको कुरा व्यक्त गरे पनि त्यहाँ वर्गचिन्तन र निश्चित विश्वदृष्टिकोणको अभिव्यक्ति भइरहेको हुन्छ । सहज र सचेत कुनै पनि कोणबाट अभिव्यक्त चिन्तनले सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धमा देखापरेको वर्गीय आस्थाबीचको क्रान्तिलाई प्रतिबिम्बित गरिरहेको हुन्छ ।

कविता विचारको पूर्ण अभिव्यक्ति हो । विचारले कवितालाई महान् तुल्याउँछ । शिल्पले मौलिक तुल्याउँछ । यहीअनुरूप कवितामा क्रान्तिको प्रतिबिम्बन विचार र भावका मध्यमबाट भएको हुन्छ । विचारका माध्यमबाट क्रान्तिको स्वरलाई कवितामा भर्न सफल कवि रामप्रसाद ज्ञवालीले कवितामा विचारको महत्त्व के हुन्छ भन्ने बारेमा आफ्नो भनाइ यसरी प्रस्तुत गरेका छन्: "म विचारलाई महत्त्वपूर्ण ठान्छु, जीवनका लागि पनि र कविताका लागि पनि । विचारबिनाको कविता मेरो विचारमा निसान बिनाको तीरजस्तै हो अथवा लक्ष्यबिनाको यात्राजस्तै हो" (भूमिकाखण्ड, २०६१) । मानवसमाजले आज आदिम साम्यवादी युग, दासयुग, सामन्तीयुग, पुँजीवादी युग र समाजवादी युगमध्ये पहिलेका तीन युगलाई समाप्त गरी पुँजीवादी युगमा दह्रो पाइला टेकेको छ । यसरी युग व्यतीत गर्ने क्रममा सामन्तीवर्ग र सर्वहारावर्ग, दास र मालिक, शोषक र शोषितबीच अनेक सङ्घर्ष एवं क्रान्ति भएका छन् । जस्तो फ्रान्सेली राज्यक्रान्ति (१९८९), चिनियाँ क्रान्ति (१८११), रुसी राज्यक्रान्ति (१९१७) । यस्ता क्रान्तिद्वारा समाजले एउटा चरण पार गर्दै अर्को चरणको सुरुवात गरेको छ । यी क्रान्ति सफल हुनुमा त्यहाँका बुद्धिजीवी, साहित्यकार, दार्शनिकहरूको पनि ठूलो हात रहेको छ । यसमा पनि कवि, गीतकार र संस्कृतिकर्मीले साहित्यजस्ता कलामार्फत् नागरिक चेतना जगाउन निकै ठूलो काम गरेका छन् । मानवसभ्यताको इतिहासमा क्रान्तिकारी गतिविधि सुरु भएदेखि नै कविहरूले आफ्ना कविताहरूमा क्रान्तिको प्रतिबिम्बन गर्दै आएको पाइन्छ । कविले अभिधा, लक्षणा र व्यञ्जनामध्ये कुनै पनि शक्तिद्वारा खराब र विसङ्गत समाजको प्रतिबिम्बन गर्दै असन्तुष्टि व्यक्त गर्छ र सन्देश वा विश्वदृष्टिकोणका रूपमा क्रान्तिको चाहना वा इच्छा व्यक्त गर्दछ । यही कुरा नेपाली कवितामा पनि पाइन्छ ।

मूलतः सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अगतिशीलताका विरुद्धमा क्रान्तिकारी भाव, विचार र शैलीको प्रतिबिम्बन कवितामा हुने गर्दछ । क्रान्तिचेतको प्रतिम्बिन फुटकर कवितामा विचार, अनुभूति, भाव, बिम्ब, प्रतीक र ध्वनिमार्फत हुन्छ भने प्रबन्धकाव्यमा आख्यान, पात्र, परिवेश, द्वन्द्व आदिका तहमा हुने गर्दछ ।

कविता भाषिक कला हो । भाषाबिना कविताले अस्तित्व प्राप्त गर्न सक्दैन । तसर्थ भाषा कविताको अनिवार्य तथा आधारभूत तत्त्व हो । "खासगरी भाषिक रूपमा प्रस्तुत हुनु कविताको सार्वभौम प्रकृति हुन जान्छ" (पाण्डेय, २०५६ : ४९) । तापनि कविताको प्रकृति हेरेर भाषा फरक-फरक हुने गर्दछ । भाषा भावको अभिव्यक्तिको माध्यम भएकाले कविता-काव्यमा अभिव्यक्तिका क्रममा कवि र कवि रहेको समाज र संस्कृति आदिका आधारअनुरूप भाषाको प्रयोग हुन्छ । मार्क्सले भनेअनुसार : "सामन्ती संस्कारको कवि भएमा भाषा पनि सामन्ती प्रवृत्तिको रहन्छ भने सर्वहारा, उत्पीडित, मजदुर संस्कारको कविता रहेमा भाषा त्यहीअनुरूपको प्रयोग हुन्छ । त्यसैले मार्क्सले साहित्यलाई दुई वर्गमा विभाजित गरेका छन् । सर्वहारा साहित्य र सामन्ती साहित्य" (लम्साल, २०६३ : १६) । अभिजात्य, सामन्ती संस्कारको साहित्यले समाजलाई अगतिशील देख्ने हुनाले यसले भाषामा पनि पुरानो, रूढिवादी मान्यताकै अगतिशील भाषाको प्रयोग गर्दछ । सामन्ती वर्गका साहित्यकारहरूले भाषाको प्रयोग गर्दा माथिल्लो खालका वा हुनेखाने वर्गका लागि हजुर, आइसियोस्, बक्सियोस् जस्ता भाषाको प्रयोग गर्दछन् तर तल्लो वर्गका व्यक्तिहरूका लागि तल्लो वा नीचभाषाको प्रयोग गर्दछन् भने सर्वहारा वा प्रगतिवादी वर्गका कविता, काव्यमा भने सबै वर्गलाई समान प्रकृतिको भाषा तिमी, तपाईंको प्रयोग गरिन्छ । सर्वहारा वर्गका कविता प्रगतिवादी भएकाले यसले समाज परिवर्तनको मूल आधार क्रान्तिलाई मान्दछ । त्यसैले सामन्तहरूका विरुद्धमा विविध बिम्बप्रतीकका माध्यमबाट कवितामा क्रान्तिको प्रतिबिम्बन हुन्छ । यस्ता रचनाहरूमा सामन्तीलाई कालो बादल, अँध्यारो रात आदिको रूपमा लिइन्छ भने क्रान्तिलाई हुरी, बतास, चट्याङ, आगो, उर्लंदो घाम आदिका रूपमा लिइन्छ । गोपालप्रसाद रिमालको 'आमाको सपना', केवलपुरे किसानको 'बाघ आयो', आनन्ददेव भट्टको 'अब हिमाल बोल्दछ', रामप्रसाद ज्ञवालीको 'औँसीका फूलहरू', पोषराज पौडेलको 'शहीदगाथा' जस्ता कृतिहरूमा पनि वर्गीय भाषा र कथ्यका माध्यमबाट क्रान्तिको प्रतिबिम्बन भएको छ । कविताविज्ञहरूका अनुसार क्रान्तिकारी साहित्यको भाषा सामन्ती साहित्यको भाषाभन्दा फरक विशेषता र प्रवृत्तिको हुन्छ । मोहनराज शर्माले क्रान्तिकारी कविताको भाषाका बारेमा आफ्नो भनाइ यसरी राखेका छन्, "क्रान्तिकारी कविताको भाषा ओजपूर्ण, ध्वन्यात्मक, लयात्मक, शब्दसौन्दर्यात्मक, अलङ्कृत, अनेकार्थक, सिर्जनात्मक, लक्ष्यात्मक, व्यङ्ग्यात्मक, विशिष्ट वर्गीय, कृत्रिम, बक्र, विकसित तथा कसिलो हुनुपर्छ" (२०५० : ९-१०) । साथै भाषा जनताको स्वरलाई अभिव्यक्त

गर्ने सरल, सहज सम्प्रेषणीय हुनुपर्दछ । यस्तो भाषाको प्रयोगले कवितामा क्रान्तिको स्वरलाई जीवन्तता दिन सक्छ ।

विचार वा भावका माध्यमबाट पनि कविता-काव्यमा क्रान्तिको प्रतिबिम्बन हुन सक्दछ । “विचार भनेको सामाजिक चेतनाका विभिन्न रूपहरूको व्यवस्थित प्रणाली हो । यसले समाजमा विद्यमान् निश्चित वर्ग, समुदाय वा समूहका राजनीति, कानुन, धर्म, दर्शन, नैतिकता र कलाका बारेमा धारणाको प्रतिनिधित्व गर्दछ । वर्गसमाजमा यो वर्गीय हुनाले वर्गसङ्घर्षको अभिव्यक्ति विचारधारात्मक सङ्घर्षबाट हुन्छ” (ढकाल, २०५४ : ७५) । तसर्थ वर्गीय समाजमा वर्गद्वन्द्व चलिरहने हुनाले क्रान्तिको भावलाई कविले कविता, काव्यका माध्यमबाट व्यक्त गर्दछ । पूर्णविराम, विमल निभा, मातृका पोखेल, रामप्रसाद ज्ञवाली आदि प्रगतिवादी कविहरूका कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति गर्ने क्रममा भाव र विचारमा क्रान्तिलाई अगाडि सारिएको पाइन्छ । समाजवादी तथा क्रान्तिकारी कविहरूले वर्गविहीन समाज-निर्माणका लागि क्रान्तिकारी भाव-विचारलाई कवितामा प्रतिबिम्बित गर्ने गरेको पाइन्छ ।

ध्वनिका माध्यमले पनि कविता-काव्यमा क्रान्तिको सङ्केत भएको पाइन्छ । वस्तुध्वनि, रसध्वनि, अलङ्कारध्वनि गरी ध्वनि तीन प्रकारका हुन्छन् । यिनीहरूमध्ये प्रगतिवादी साहित्यमा सबै ध्वनिलाई विषय र प्रतिभाअनुकूल लिइएको देखिन्छ । व्यञ्जनाले क्रान्तिलाई सबल रूपमा प्रस्तुत गर्न सक्दछ । समाजका, राज्यका विभिन्न कुरीतिलाई व्यङ्ग्यात्मक तरिकाबाट व्यक्त गर्ने गरिन्छ । त्यसमा व्यङ्ग्यका साथसाथै क्रान्तिको स्वर पनि ध्वनित भएर आएको हुन्छ । रसध्वनिले वीर, रौद्र, भयानक रसको माध्यमले क्रान्तिलाई प्रतिबिम्बन गर्दछ । विविध यथार्थवस्तु नाङ्गो चरित्र उद्घाटन गरेर वस्तुध्वनिले क्रान्तिलाई देखाउँछ । त्यसैगरी बिम्ब, प्रतीक, उपमा, दृष्टान्त, अलङ्कार आदिका माध्यमबाट क्रान्तिलाई ध्वनित गर्ने काम अलङ्कारध्वनिले गर्दछ । नेपाली साहित्यमा गोपालप्रसाद रिमालको ‘दन्त्यकथा’ (२००२), ‘म भन्न सक्दिनँ’ (२००४), ‘यो के हो ?’ (२००५), आनन्ददेव भट्टका ‘अब हिमाल बोल्छ’ (२०१५), ‘गुराँस (२०१५), भूपि शेरचनको ‘हामी’ जस्ता कवितामा वस्तुध्वनि र अलङ्कारध्वनिका माध्यमबाट क्रान्तिको प्रतिबिम्बन गरिएको छ भने गोकुल जोशीको ‘नेपालको भविष्य’ (२०११), रामप्रसाद ज्ञवालीको ‘एकादेशमा’ (२०६१) जस्ता कविता-काव्यमा रसध्वनि र वस्तुध्वनिको प्रयोगद्वारा क्रान्तिको स्वर अभिव्यक्त भएको छ ।

पात्र, कथानक र परिवेशका माध्यमबाट पनि प्रबन्धकाव्यमा क्रान्तिको प्रतिबिम्बन हुने गर्दछ । प्रगतिवादी प्रबन्धकारका पात्रहरू निम्नमध्यम वर्ग र सर्वहारावर्गबाट लिइएका

पाइन्छ। जुन पात्र भोक, रोग र शोकले पीडित हुन्छ उसले रसरङ्गमा नभएर क्रान्ति र वीरतामा जीवन बिताएको हुन्छ। ऊ समाजको परिवर्तनका लागि समाजमा चलेका शोषण, दमन र पीडनको विरुद्ध दिनरात खट्ने गर्छ भने कथानक र परिवेशअन्तर्गन, ग्रामीण, अशिक्षित, अज्ञानी समाजका दिनचर्या, समाजमा व्याप्त धर्म, जाति र छुवाछुतका पात्र रामे, च्यामे, भुन्टे, कैली आदिका कथाहरू हुन्छन्। उनीहरूकै जीवनसङ्घर्षको कथा रहेको हुन्छ। उनीहरूकै खहरे छङछङगाएका हुन्छन्। उनीहरूकै पाखा-पहरा बोलेका हुन्छन्। यस्ता पात्रहरूले आफ्नो जीवन उठाउने क्रममा समाजका सामन्तवर्ग, उत्पीडक वर्ग, शोषक वर्गसँग आफ्नो हक र स्वतन्त्र बाँच्न पाउने अधिकारका लागि विद्रोह गर्दछन्। मोदनाथ प्रश्रितको 'मानव' महाकाव्यको नायकले निम्न वर्गको स्वार्थको पक्षमा मानवसमाजको सामन्ती संस्कारको विरोध गर्दै समाजको शोषक, पीडकवर्गविरुद्ध विद्रोह गरेको देखिन्छ। बालकृष्ण समको 'चिसो चूल्हो' महाकाव्यमा हेपिएका तल्लो वर्गका पात्रहरूको प्रयोग गरी कथा र परिवेश पनि त्यसअनुरूप सुहाउँदो बनाएर अन्याय, थिचोमिचो, गरिबी, जातिगत भेदभावका विरुद्ध प्रगतिशील आवाजको प्रतिबिम्बन गरिएको छ र क्रान्तिलाई प्रतिध्वनित गरिएको छ। रामप्रसाद ज्ञवालीले 'औँसीका फूलहरू' महाकाव्यमा सामन्ती, अधिनायकवादी, निरङ्कुश राज्यसत्ताका विरुद्धमा कमल र पुतलीजस्ता सर्वहारा वर्गका नायक-नायिकाले दिएको योगदानलाई प्रस्तुत गरी क्रान्तिको प्रतिबिम्बन गरेका छन्। तर, बुर्जुवावर्गका परम्परावादी मान्यता भएका प्रबन्धात्मक काव्यमा भने नायक, कथा, परिवेश आदि प्रबन्धात्मक तत्त्वका माध्यमबाट क्रान्तिको प्रतिबिम्बिन हुन सक्दैन। यस्ता खालका काव्यका पात्र एवं नायकनायिका यथास्थितिवादी हुन्छन्। उनीहरू परिवर्तन चाहँदैनन्। त्यहाँका नायक-नायिका उच्च र कुलीन, सामन्तवर्गका हुन्छन्। तिनीहरूले आफ्नो जीवन रसरङ्ग, भोग, विलास, ऐश, आराममा बिताएका हुन्छन्। त्यहाँका नायक-नायिकालाई रोग, भोक, शोक, दुःख-कष्ट, पीडाको बोध कम हुन्छ। कथा पनि त्यहीअनुरूपको खानदानी र सामन्तवर्गको मोजमस्ती, ऐश-आराम, उनीहरूकै यात्रा, भ्रमण, सिकार र युद्धप्रसङ्ग रहेका हुन्छन् भने परिवेश नगरिया एवं सहरिया हुने गर्दछ। त्यसैले यस्ता सामन्तवर्गका महाकाव्यमा परिवर्तन तथा क्रान्तिको चेतना अभिव्यक्त हुँदैन।

यसप्रकार कविता-काव्यमा क्रान्तिको प्रतिबिम्बन परापूर्वकालदेखि विविध रूपमा हुँदै आएको पाइन्छ। चेतनाको बोध हुँदै जाँदा समाजमा पनि स्वतन्त्रता, समानता र थिचोमिचोको बोध हुन लाग्यो। साहित्यकारहरूले आफ्ना कलासाहित्यका माध्यमबाट यथार्थ प्रस्तुति र

त्यसप्रति असन्तोष एवं विद्रोहात्मक भाव देखाउँदै क्रान्तिको सन्देश अभिव्यक्त गर्न पुगेका छन्। यसरी अभिव्यक्त गर्ने क्रममा बिम्ब, प्रतीक, भाषा, विचार, पात्र, परिवेश, कथ्य आदि विधागत तत्त्वहरूका माध्यमबाट क्रान्तिचेतनाको प्रतिबिम्बन कविता-काव्यमा भएको पाइन्छ।

## ३.६ नेपाली कवितामा क्रान्तिचेत

### ३.६.१ नेपाली कवितामा क्रान्तिचेतको पृष्ठभूमि (पृष्ठभूमिकाल)

विश्वसाहित्यको इतिहास हेर्दा कविताकाव्यका माध्यमबाट सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक एवं विविध पक्षको नकारात्मक यथार्थका विरुद्ध विद्रोह तथा क्रान्तिको भाव अभिव्यक्त हुँदै आएको पाइन्छ। यो क्रम आफ्नो अस्तित्वको बोध गरेर सचेतताका साथ लेखनकार्य सुरु गरेदेखि नै निरन्तर चल्दै आएको छ।

नेपाली साहित्यमा लेख्य रूपमा नेपाली कविताको सुरुवात १८२६ को सुवानन्द दासद्वारा लिखित 'पृथ्वीनारायण शाह' शीर्षकको कविताबाट भएको मानिन्छ। तर क्रान्तिचेतनाको प्रतिबिम्बनसहितको लेखन भने २००२ सालमा गोपालप्रसाद रिमालको 'आमाको सपना' कविताबाट सुरु भएको मानिन्छ। यति हुँदाहुँदै पनि समाजमा ठूला व्यक्तिले सानालाई गर्ने दमन, शोषण र उत्पीडनप्रतिको असन्तोषलाई स्वर दिँदै र त्यसप्रति सर्वसाधारणलाई सचेत गराउँदै कविता लेख्ने परम्परा भने नेपाली कविताको प्राथमिककालदेखि नै सुरुवात भएको छ। प्राथमिककालको पहिलो चरण (१८२६-१८७२) वीरधाराको नामले चिनिन्छ तर पनि यसकालमा अधिकांश कविहरू स्तुतितर्फ झुकेका छन्। उनीहरू राजामहाराजाको गुणगान र बखानमा केन्द्रित देखिन्छन्। ठूला भनिने व्यक्तिले गरेको शोषण-दमनको विरोध गर्नु उनीहरू पाप सम्झन्थे, यस्तो अवस्थामा गुमानी पन्तले गोर्खाली राजशाहीले जनतालाई गर्ने गरेको शोषण र दमनलाई प्रस्तुत गर्दै एकश्लोके कविता लेखेको पाइन्छ। यसै एकश्लोके कविताबाट नेपाली कविताका विद्रोहात्मक चेतनासहितको लेखन सुरुवात भएको छ। "कविताको क्षेत्रमा गुमानी पन्तको एकश्लोके कविताले गोर्खाली-निरङ्कुश राजशाहीप्रति सङ्केत गरेको छ भने राजशाहीका निर्मम आदेशद्वारा खजना बोक्न बाध्य गराइएका र राजखजना बोक्दा-बोक्दा नाम्लोले रगडी टाउकाको रौं खुइलिएर एउटा रौंसम्म बाँकी नभएका निरीह र विवश नेपालीहरूको दयनीय चित्र छ" (भण्डारी, २०५५ : ३८)। भण्डारीको यस भनाइबाट पनि नेपाली कवितामा विद्रोहको चेतनाको सुरुवात गुमानी पन्तले गरेको मान्न सकिन्छ किनकि त्यस एकश्लोके कवितामा जनताको पक्षमा वकालत गर्दै तत्कालीन शासनव्यवस्थाप्रति रुष्ट

भाव प्रकट भएको छ । नेपाली कविताको यात्रामा यो नै पहिलो विद्रोही क्रान्तिचेतना हो तर क्रान्तिको पूर्ण चेतनाचाहिँ यस कवितामा व्यक्त भएको छैन ।

गुमानी पन्तपछि सामाजिक चालचलन र तत्कालीन प्रशासन-व्यवस्थाको ढिलासुस्तीप्रति व्यङ्ग्यात्मक पाराले अभिव्यक्ति दिने काम भानुभक्त आचार्य (१९७१- १९२५) बाट भएको छ । उनले प्रशासनव्यवस्थाले सर्वसाधारण व्यक्तिहरूलाई हेप्ने र उनीहरूको कामलाई बेवास्ता गर्ने परिपाटीमाथि व्यङ्ग्य गर्दै जनताको पक्षमा बोलेका छन् । आचार्यले प्रशासनले जनताप्रति गरेको ढिलासुस्ती र सर्वसाधारण बेकाममा दिएको दुःखलाई यसरी व्यङ्ग्य गरेको पाइन्छ-

बिन्ती डिट्ठा विचारीसित म कति गरूँ चुप रहन्छन् नबोली ।
भोली-भोली हुँदैमा सबघर बितिगो बक्सियोस् आज भोली ।

उक्त श्लोकमा क्रान्तिचेतको उद्गार नभएपनि व्यङ्ग्यका रूपमा प्रशासनिक विकृतिलाई देखाइएको छ । त्यसैले क्रान्तिचेतनाको लागि चाहिने यथास्थितिविरोधी चेतनाको प्रारम्भिक असन्तोष भानुभक्तमा रहेको छ । यसले क्रान्तिचेतनाको पृष्ठभूमिलाई आधार दिएको छ । यसै क्रममा तुलनात्मक रूपमा हेर्दा प्राथमिककालकै निर्गुण भक्तिधाराका सन्त कविहरूका कवितामा तत्कालीन समाजमा देखिएका भेदभाव, छुवाछुत, जातभाव जस्ता विकृतिको तीव्र विद्रोह रहेको छ । त्यसमा पनि सन्त ज्ञानदिलदासले समाजका विकृति, थिचो-मिचो, शोषण-दमन, हत्या-हिंसा, अन्याय-अत्याचारका विरुद्ध आवाज उठाएका छन् । उनले जङ्गबहादुरको समयमा पनि उदयलहरीमार्फत धार्मिक आडम्बर, सामाजिक विभेद, जातिवादी प्रवृत्ति र अन्धविश्वासजस्ता नकारात्मक यथास्थितिको विरोध गरेका छन् । उनले तत्कालीन समयमा सानाले र गरिबले कामचाहिँ धेरै गर्नुपर्ने तर खान नपाएर भोकभोकै मर्नुपर्ने स्थितिको चित्रण यसरी गरेका छन् :

काम र धन्दा किसानले धेरै गर्दछन् ।
लान षान नपाई अकालैमा मर्दछन् ।

यस कवितामार्फत् ज्ञानदिलदासले वर्गीय समाजको शोषण-दमन अन्यायलाई उठाएका छन्, त्यसका विरुद्ध विद्रोह गरेका छन् ।

यसरी मूलतः प्राथमिक कालका कतिवामा क्रान्तिचेतनाको पूर्णप्रतिबिम्बन हुन नसके पनि सामाजिक, राजनीतिक, आर्थिक विकृतिविरुद्ध विद्रोहात्मक चेतको अभिव्यक्ति भएको छ । यथास्थितिबाट अग्रगामी काव्यिक सन्देश दिने प्रयास भएको छ । त्यसैले यिनलाई क्रान्तिचेतनाको प्रारम्भिक पृष्ठभूमिका रूपमा राख्न सकिन्छ ।

नेपाली कविताको माध्यमिक काललाई शृङ्गारिक धाराका रूपमा लिइन्छ। यस समयमा रचिएका कविताहरू शृङ्गारिक प्रवृत्तिका पाइन्छन्। यसले गर्दा माध्यमिक कालका कविताद्वारा क्रान्तिचेतनालाई प्रस्तुत गर्ने काम त्यति हुन सकेको छैन। मोतीराम भट्ट (१९२३-१९५३) ले तत्कालीन समाजमा व्याप्त जूवातास र रण्डीबाजीजस्ता कुरीतिका विरुद्धमा व्यङ्ग्यात्मक कविता लेखे पनि त्यसमा कुनै क्रान्तिचेतलाई निश्चित रूपमा अभिव्यक्त गर्न सकेको पाइन्न। समाजसुधारका केही मान्यता र यथास्थितिप्रतिको असन्तुष्टिलाई लिइएकाले यसलाई पनि पृष्ठभूमिको रूपमा राख्न सकिन्छ। "यसै क्रममा विद्रोही भावलाई कवितामा प्रतिबिम्बन गर्ने कविका रूपमा लक्ष्मीदत्त पन्त देखिएका छन्। उनले शासकवर्गसामु चोर औँला ठड्याएर निरङ्कुश राजतन्त्रका विरुद्ध विद्रोह गरेका छन्" (पुष्पलाल : २०५१ : ११९)। माध्यमिक कालमा लक्ष्मीदत्त पन्तले कविताका माध्यमद्वारा शासकवर्गलाई हाँक दिँदै शासकहरूलाई तिमीहरू कुनै घमन्ड नगर भन्ने आशयका कविता लेखेको पाइन्छ जसमा विद्रोही स्वरलाई वाणी दिइएको छ :

राजा भै सेखि तिम्रो म पनि गुरुकृपा बुद्धि भै टिम्किएको
धन्ले नामी तिमी छौ चहुँदिशि म इलम्ले सुयस् गाइएको
यस निम्ति हे घमण्डी ! तिमी र म दुइमा के फरक् आज याहाँ
यस्तो मन्टो बटार्छौ तिमीसित म पनि राख्नु पर्वाह कहाँ ?

यस पृष्ठभूमिकालमा विद्रोही भावको अभिव्यक्तिद्वारा योगदान दिनेहरूमा सुब्बा कृष्णलाल अधिकारी र लेखनाथ पौड्याल पनि उल्लेखनीय रहेका छन्। कृष्णलालले मकैको खेती (१९७७) लेखी राणाहरूका विरुद्ध विद्रोहको भाव देखाएका छन् भने लेखनाथले पिँजराको सुगा, बुद्धिविनोद र सत्यकलिसंवादमार्फत राणाहरूलाई र समाजमा म ठूलो हुँ भन्नेहरूलाई ध्वन्यात्मक व्यङ्ग्य गर्दै प्रश्नचिन्ह खडा गरेका छन्।

१९७५ सालमा सूक्तिसिन्धुको प्रकाशनसँगै नेपाली कवितामा आधुनिक कालको सुरुवात भएको मानिएको छ। त्यसपछिका कविताहरू विविध नवीन भाव, विचार, शैली र भाषाका साथ देखापरेका छन्। यसै क्रममा विविध नवीन कविहरू पनि देखापर्दछन्। तिनैमध्ये एक प्रखर कवि धरणीधर कोइराला हुन्। उनले आफ्ना कवितामार्फत् सारा युवालाई जगाउँदै, नयाँ जोस र जाँगरका साथ नयाँ कुराको खोजीमा लाग्न प्रेरणा दिएका छन्। कोइरालाले नेपाली ठिटाहरूलाई यसरी जगाएका छन् :

जाग जाग अब जाग न जाग, लाग उन्नतिविषे अब लाग

घोर नीद अब ता परित्याग, भो भयो अति सुत्यौ अब जाग

यसैगरी उनले गणतन्त्र ल्याउनका लागि युवाहरूलाई यस्तो रूपमा जगाएका छन् :

गणतन्त्र गराउन गर्जि उठ्यो

छरितो र छिटो नयपालि ठिटो

यसपछि महानन्द सापकोटा र सिद्धिचरण श्रेष्ठ पनि यसै परम्परामा उदाउन पुगेका छन्। महानन्द सापकोटाले सामाजिक अन्धविश्वास र खराब आचरणको विरोध गर्दै, यथास्थितिविरोधी स्वरलाई कवितामा भित्र्याएका छन्। उनले समाजको वर्गीय स्थितिलाई देखाउँदै त्यसका विरुद्ध यसरी विरोध भाव व्यक्त गरेका छन् :

सयमा दश पाँच धनी गनिने

अरूले तिनको करिया बनिने

विधिको पनि यै छ विधान भने

अब त्यो विधिको पनि आयु पुग्यो

सिद्धिचरण श्रेष्ठले 'क्रान्तिविना थन शान्ति दै मखु' अर्थात् 'यहाँ क्रान्तिविना शान्ति असम्भव छ' भन्दै क्रान्तिमा होमिन कवितामार्फत प्रेरणा दिएका छन्। यसै सिलसिलामा लक्ष्मीप्रसाद देवकोटा, युद्धप्रसाद मिश्र र गोपालप्रसाद रिमालले कवितामा क्रान्तिचेतलाई विकसित पार्न सहयोग गरेका छन्। गोपालप्रसाद रिमालको 'आमाको सपना' (२००२) कवितामार्फत क्रान्तिकारी चेतनाका कविताको गतिलो र दह्रो पाइलो अगाडि सरेको छ। उनले आमाको सपनाबाट क्रान्तिलाई खुल्ला रूपमा प्रस्तुत गरे।

यसप्रकार गुमानी पन्तबाट सुरु भएको असन्तोष र विद्रोहको कविता लेखनदेखि २००२ पूर्वको समयलाई कवितामा क्रान्तिचेतनाको अभिव्यक्तिको दृष्टिकोणले पृष्ठभूमिकाल मान्न सकिन्छ। गोपालप्रसाद रिमालको आमाको सपनापूर्वका कवितामा सामाजिक विकृति-विसङ्गतिलाई हल्कारूपले प्रस्तुत गर्दै ती नकारात्मक यथास्थितिको विरुद्ध असन्तुष्टि र विद्रोहको भावको मात्र अभिव्यक्ति गरिएको छ। ती कविताले क्रान्तिलाई पूर्ण रूपमा उद्घोष गर्न सकेका छैनन्। यही लामो पृष्ठभूमिमा जब गोपालप्रसाद रिमालको आगमन भयो त्यसबाट क्रान्तिचेतनाले कवितामा राम्रै स्थान पाउन सफल भयो। यस दृष्टिले गोपालप्रसाद रिमालका 'आमाको सपना', 'एक जुगमा एकदिन' र 'परिवर्तन' विशेष उल्लेख्य कविता हुन्। यसै कारणले २००२ पूर्वका विद्रोहात्मक चेतना, व्यङ्ग्यात्मक प्रस्तुति एवं असन्तुष्टि प्रस्तुत गर्ने कवितालाई नेपाली कवितामा क्रान्तिचेतनाको पृष्ठभूमिका रूपमा लिइन्छ।

३.६.२ नेपाली कवितामा क्रान्तिचेतको विकास (विकासकाल)

लामो पृष्ठभूमिमा विकसित हुँदै आएको क्रान्तिचेतले गोपालप्रसाद रिमाल (१९७५-२०३०) को 'आमाको सपना' (२००२) का माध्यमले पहिलोपटक दह्रो रूपमा पाइला टेक्न सफल भयो। उनको 'आमाको सपना', 'एक जुगमा एक दिन' र 'परिवर्तन' कवितामा क्रान्तिकारी विषयवस्तुले प्रवेश र प्रश्रय पाएको छ। 'आमाको सपना' कवितामा आमूल परिवर्तनकारी क्रान्तिचेत प्रकट भएको छ। आमा र छोराको संवादको रूपमा वर्णित यस कविताले हरेक नेपालीलाई अन्यायी, राणाशासनका विरुद्धमा लाग्नका लागि प्रेरणा दिएको छ। 'एक दिन क्रान्ति हुनेछ, त्यसपछि नेपालमा अवश्य नै स्वतन्त्रता आउनेछ' भन्ने भावसहित गोपालप्रसाद रिमालको क्रान्तिकारी विचार यसरी अभिव्यक्तिएको छ :-

आमा त्यो आउँछ ?
हो बा त्यो आउँछ
त्यो बिहानीको सूर्यझैं उज्यालो छर्दै आउँछ।

"उक्त कवितामा कविको भावचेतनाले रोमान्सेली संसारबाट क्रान्तिको संसारमा प्रवेश गरेको देखाउँछ" (भण्डारी, २०५५ : ५३)। यसपछिका उनका अन्य कविताहरूमा यथास्थितिप्रतिको विरोध, सामन्तवादी तथा पुँजीवादी व्यवस्था र निरङ्कुश अत्याचारी राणातन्त्रविरुद्ध विद्रोह, घृणा र आक्रोश प्रकट हुनुका साथै समतामूलक समाजनिर्माणका लागि क्रान्तिको आह्वान भएको छ।

गोपालप्रसाद रिमालबाट आरम्भ भएको क्रान्तिकारी चेतको कवितायात्रामा श्यामप्रसाद शर्मा 'सन्देश' शीर्षकको कविता लिएर देखा परेका छन्। उनले क्रान्तिलाई आह्वान गरेका छन्। क्रान्तिचेतनाले युक्त वर्गीय दृष्टिकोण प्रस्तुत गर्ने उनका अन्य कविताहरूमा 'कृषि-उद्धार', 'यथार्थवाद नै लिऊँ', 'यहाँ समाजवाद छ', 'के फाइदा र !' मुख्य रहेका छन्।

२००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि त्यसको प्रभाव साहित्यकार एवं कविहरूमा पनि पर्‍यो र प्रगतिवादी साहित्यको सुरुवात भयो। यसले कवितामा वर्गीय समाजको वर्गद्वन्द्वलाई विषय बनाएर कविता लेखनकार्यको प्रारम्भ भयो। यसले क्रान्तिलाई विशेष सहयोग पुग्न गयो। यस सम्बन्धमा पुष्पलालको विचार यस्तो रहेको छ : "२००६ सालमा जन्मिएको श्रमजीवी गरिब किसान मजदुर पार्टी कम्युनिष्ट पार्टीले जनवादी कार्यक्रम पेस गरी सम्पूर्ण सामन्ती सत्ताबाट मुक्त भएर समाजवाद र साम्यवादतिर जाने गोरेटो देखाइदियो। अनि त निम्न पुँजीवादी जनतामा क्रान्तिको भावना उर्लन थाल्यो"

(२०५५ : १२४-१२५) । यसरी क्रमशः बढ्दै गएको क्रान्तिचेतनाल सामन्ती सत्तालाई जरैदेखि फाल्ने निश्चितताका साथ अगाडि बढ्यो र २००७ सालमा क्रान्ति भई राणाशासनको अन्त्य हुन पुग्यो । यसपछिको खुल्ला वातारणमा नेपाली कविताले पनि निम्नवर्गीय जनताका पक्षमा क्रान्तिलाई अझ नयाँ उचाइमा लैजान सहयोग मिल्यो । “२००७ सालको परिवर्तनले विचारको आयामलाई व्यापक र सङ्घर्षको क्षेत्रलाई विस्तारित गर्नु स्वभाविकै थियो” (बराल, २०६४ : २७) । यसले कविहरूमा नवीनधाराको सुरुवात भयो । अब कविहरू प्रगतितर्फ अगाडि बढे । यसै अनुरूप ‘भञ्ज्याङ्गनिरै’ (२००८) कवितासङ्ग्रह लिएर कृष्णचन्द्रसिंह प्रधान देखापरे । उनको यो कवितासङ्ग्रह क्रान्तिको स्वरलाई प्रगतितर्फ ढालिएको कृति हो । यसमा वर्गीय दृष्टिकोण, प्रतिबद्धता र परिवर्तनकामी कामनासाथ क्रान्तिको अपरिहार्यताको उद्घोष गरिएको छ ।

नेपाली कवितामा क्रान्तिचेतनालाई विकसित पार्नमा केवलपुरे किसानको पनि विशिष्ट योगदान रहेको छ । उनको ‘आह्वान’ (२००५), ‘शिक्षाप्रचार’ (२००५), ‘जागरणप्रति, यो के हो ?’ (२००८), ‘शुभकामना सन्देश’ (२०१३), ‘आगो बलेन’ (२०१३) जस्ता कवितामा समाजका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि पक्षमा देखिएका विकृतिविरुद्ध क्रान्तिको आवाज उठाइएको छ । यसरी विकसित हुँदै आएको क्रान्तिकारी कवितालेखनमा धेरै कविहरू दशको दशकमा देखा परेका छन् । जसमा गोकुल जोशी, केवलपुरे किसान, धर्मराज थापा, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, देवीप्रसाद किसान, भूपेन्द्रमान सर्वहारा, टी.आर विश्वकर्मा, युद्धप्रसाद मिश्र, आनन्ददेव भट्ट जस्ता कविहरूले आफ्ना कवितामार्फत सामाजिक, राजनीतिक र आर्थिक असमानता एवं जातीय भेदभावविरुद्ध प्रचण्ड विद्रोह गर्दै त्यसको विकल्प क्रान्ति नै हो भन्ने कुरालाई जोड दिई क्रान्तिलाई अगाडि बढाएका छन् । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रलाई मासी निरङ्कुश पञ्चायती व्यवस्था लादेपछि जनताले केही पाएका अधिकार र अभिव्यक्ति स्वतन्त्रतामाथि तालाबन्दी भयो । स्रष्टाहरूको चेतनामाथि नकारात्मक दबाब दिइयो । यसले गर्दा सचेत कविहरूको मानसिकतामा आघात पर्‍यो । तैपनि उनीहरू कविताका माध्यमबाट आफ्नो हक र अधिकारका लागि अगाडि डटेर लागिरहे । मोहन कोइरालाले २०१७ सालमा ‘घाइते युग’ कविता लेखेर युगको यथार्थतालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरे । यस्तो सामन्ती पुँजीवादी दलाल, राजनीतिक अवस्थाबाट मुक्त हुन सङ्गठित भएका कविहरूले प्रगतिशील क्रियाकलाप अगाडि बढाउने प्रयास गरिरहे । यसै क्रममा “मलिन र मधुरो स्वर भए पनि मार्क्सवादी चेतनाको प्रवृत्ति झोडाको गीत गाउँदै

चेतनाको डाकको दिशातिर अघि बढ्यो । युद्धप्रसाद मिश्र, चैतन्य, गोविन्द भट्ट, शक्ति लम्साल, खगेन्द्र संग्रौला र रामचन्द्र भट्टराईहरूले निरङ्कुश राजतन्त्रको विरोध गर्दै लोकतान्त्रिक गणतन्त्रको लागि आवाजलाई निरन्तरता दिए" (बराल, २०६४ : २८) । यस अवधिमा क्रान्तिकारी कविताका फाँटमा छुट्टै विशेष योगदान दिने कविहरूमा अमरसिंह गिरी, नारायणप्रसाद शर्मा, वेणु आचार्य, भूपि शेरचन शाह, दुर्गालाल श्रेष्ठ, रामचन्द्र भट्टराई आदि प्रमुख रहेका छन् ।

२०२० पछि नेपाली साहित्यमा विभिन्न साहित्यिक आन्दोलनहरू भएका छन् । यी आन्दोलनहरूले पनि क्रान्तिकारी कविताको विकासका लागि महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् । जसमा आयामेली आन्दोलन (२०२०), लेकाली समूह (२०२४), राल्फाली आन्दोलन (२०२४), अस्वीकृत जमात (२०२६), अमलेख (२०२६), योङ्ग राइटर्स फ्रन्ट (२०३१), बुटपालिस (२०३१), सडक कविता आन्दोलन (२०३६) मुख्य रहेका छन् । यी आन्दोलन समग्र साहित्यका क्षेत्रमा भएका आन्दोलन हुन् । तापनि कविताको विकासका लागि पनि यिनले ठूलो योगदान पुऱ्याएका छन् । यिनीहरूले कविताक्रान्तिको आवाजलाई थप गोडमेल गर्दै बढाउन सहयोग पुऱ्याएको देखिन्छ । बीसको दशकमा प्रगतिवादी लेखनका माध्यमबाट क्रान्तिलाई सहयोग पुऱ्याउनेहरूमा पारिजात, निनु चापागाईं, वैरागी काइँला, ईश्वर बराल, नारायण ढकाल, मदन रेग्मी, भूपि शेरचन, कुमार नेपाल, जगदीश घिमिरे, द्वारिका श्रेष्ठ आदि रहेका छन् ।

२०३६ सालको सडक कविता क्रान्तिले नेपाली कविताका क्षेत्रमा विशेष क्रान्तिचेतना छऱ्यो र तत्कालीन साहित्यिक क्षेत्रमा हलचल नै मच्चायो । २०३६ जेठ २७ गते भवानी घिमिरे, मोहन कोइराला, अशेष मल्ल आदिद्वारा काठमाडौँको पीपलबोटबाट सुरु भएको खुल्ला कविता आन्दोलनले नेपाल अधिराज्यका धेरै ठाउँमा प्रभाव पुऱ्यायो । यसले कविताका क्षेत्रमा नयाँ मार्गनिर्देशन गऱ्यो । "भवानी घिमिरेले कविता जुटाउने र त्यसलाई सङ्गठनात्मक रूप दिने काम गर्नुका साथै उत्कृष्ट क्रान्तिकारी सडक कवितालाई इतिहासबद्ध पार्न तिनलाई भानु विशेषाङ्कमा प्रकाशित गरे" (भट्टराई, २०५९ : १९८) । यसले कवितामा क्रान्तिचेतनाका हिसाबले नवप्राण भर्ने काम गऱ्यो ।

यसपछि "कवितामा वर्गीय सङ्घर्षको अभिव्यक्ति दिने उद्देश्यले स्थापना भएको कविता आन्दोलन (२०४०) झापाबाट सुरु भयो" (भट्टराई, २०६२ : २०३) । यस आन्दोलनमा भवानी घिमिरे, हीरा आकाश, देवेन्द्र किशोर आदि प्रतिभाहरू सक्रिय रहेका थिए । यस आन्दोलनको मूलस्वर हली, मजदुर, किसान र रोगीहरूको अवस्थाको चित्रण गर्नु र हुनेखाने वर्गले सानो वर्गमाथि गरेको थिचोमिचोका विरुद्ध विद्रोहको भावना सिर्जना गर्नु रहेको थियो ।

२०३६ सालमा नवप्राण पाई उर्लंदै आएको क्रान्तिचेत २०४६ सालको जनआन्दोलनको कारकतत्त्व हुन पुग्यो । २०४६ को जनआन्दोलन सफल हुनुमा कलासाहित्यको ठूलो योगदान रहेको छ । त्यसमा पनि क्रान्तिको स्वरलाई कवितामा भर्दै सर्वहारा वर्गका नसा-नसामा क्रान्तिको रगत बगाएर ज्यानको बाजी थाप्दै निरङ्कुश राजतन्त्रको विरुद्ध कविहरूले कविता लेखेर सडक-सडकमा सुनाए । २०४६ सालको आन्दोलन सफल पार्न स्थापना भएको आन्दोलन- कविताले आफ्नो मूल प्रवृत्ति नै क्रान्तिलाई बनाएको छ । वर्गद्वन्द्व, राजनीतिक द्वन्द्व, सामाजिक द्वन्द्व र सांस्कृतिक द्वन्द्वको उद्घाटन गर्दै निरङ्कुशताविरुद्ध जनतालाई जागृत पार्ने काम यी कविताले गरेका छन् । जनआन्दोलन २०४६ ले बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गरेपछि जनतालाई फेरि सार्वभौमिकता र स्वतन्त्रताको अधिकारको प्रत्याभूति दिलायो । तर खुल्ला वातावरणका साथसाथै देशमा झन् दुर्दशा आइलाग्यो । राजनीतिक खिचातानी, सरकारको अस्थिरता, बेरोजगारीको समस्या, महँगी, दिनहुँको बन्द, ठगी, चोरी, हत्या, हिंसा र लुटपाट आदिले गर्दा देशको स्थिति नाजुक हुँदै गयो । यस्तो विकृत-विसङ्गत नकारात्मक अवस्थालाई प्रत्यक्ष देखेर भोगेका कवि-साहित्यकारहरूले आफ्ना कवितालाई हतियारको रूपमा तेर्स्याए र गरिब किसान, मजदुर र निम्नवर्गमा क्रान्तिको लागि उत्प्रेरणा जगाए । यस समयका क्रान्तिकारी कविहरूका क्रान्तिकारी कविताको मूलस्वर नै निसासिँदो समाजव्यवस्था, राज्यव्यवस्था, धार्मिक विकृतिविरुद्ध क्रान्तिको आह्वान थियो । यो क्रान्तिको स्वर केवल राजनीतिक परिवर्तन मात्रै नभएर सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक आदि क्षेत्रमा परिवर्तनका लागि जागृत स्वर थियो । यसरी दिनानुदिन बढ्दै गएको क्रान्तिचेत तत्कालीन साहित्यको मूल प्रवृत्ति नै बन्न पुगेको देखिन्छ । बसन्तको खोजी साहित्यिक आन्दोलनले पनि क्रान्तिचेतको अभियानलाई अझ बलियो बनायो । चालीसको दशकमा क्रान्तिचेतनालाई स्थान दिँदै क्रान्तिकारी कविता लेख्ने कविहरूमा अशेष मल्ल, ओममणि शर्मा, जनक हुमागाईं, किशोर पहाडी, केदार न्यौपाने, ध्रुव मधिकर्मी, नयनराज पाण्डे, फणिन्द्र नेपाल, रमेश तुफान, रमेश ढुङ्गाना, विनय रावल, अनिल पौडेल, विमल निभा, पूर्ण विराम, विष्णुविभु घिमिरे, ज्ञानुवाकर पौडेल आदि मुख्य रहेका छन् । यिनै कविहरूका माध्यमबाट यस दशकमा क्रान्तिचेत विकसित भएको छ । यसप्रकार २०४० को दशकका विविध राजनीतिक, साहित्यिक आन्दोलनले कवितामा विकसित हुँदै आएको क्रान्तिचेतनालाई अझ फैलाउन मद्दत गरेको देखिन्छ ।

कवितामा क्रान्तिचेतनाको विकासका दृष्टिले २०५० पछिको समय विशेष र सशक्त देखिन्छ । यो दशक राजनीतिमा उथलपुथलकारी समय रह्यो । "लोकतन्त्रका लागि समर्पित

जनताले आन्दोलन गरी ल्याएको बहुदलीय प्रजातन्त्रमा अस्थिरता बढ्यो, भ्रष्टता बढ्यो, पदलोलुपता र सांसद किनबेचलगायतका घटनाहरू भए भने दरबारले अनेकौँ षड्यन्त्र गरी राजनेता र पार्टीहरूलाई फुटाउने र जुटाउने लगायतका कार्य गऱ्यो" (भट्टराई, २०६३ : २४)। २०५२ सालमा माओवादी जनयुद्धको सुरुवात भयो। त्यसपछि उनीहरूले गणतन्त्रको माग गर्दै भूमिगत रूपमा क्रान्ति गर्न थाले। यसले प्रगतिवादी कविहरूमा ठूलो प्रभाव पाऱ्यो। उनीहरू राजनीतिक परिवर्तनसहितको क्रान्तिकारी कविता लेख्नेतिर उत्प्रेरित हुन थाले। कवितामा पहिलेदेखि चल्दै आएको क्रान्तिको चेतना यस दशकमा झन् सल्बलाएर परिष्कृत रूपमा विकसित हुन पुग्यो। यसलाई पनि अझ यथेष्ट मात्रामा सहयोग पुऱ्याउने काम २०५९ असोज १८ को राजा ज्ञानेन्द्रको प्रतिगामी कदमले गऱ्यो। यस कदमले क्रान्तिलाई मूल मुद्दा बनाउँदै आएका कविहरूमा आगोमा घिउ थपेझैँ क्रान्तिको ज्वाला थपिदियो। यसपछि कविहरू आक्रोशित हुँदै सडक-सडकमा क्रान्तिकारी कविता वाचन गर्दै जनचेतना जगाउने काम गर्न पुगे। अधिकतम कविहरू क्रान्तिचेतनालाई जगाउँदै कवितालेखनमा सक्रिय बने। राजनीतिक क्रान्तिसँगसँगै कविता क्रान्तिले पनि गणतान्त्रिक चेतना उच्चतम चुलीमा पुगेर व्यक्तिएको छ। गणतन्त्रको पक्षमा नदेखिएका कविहरू पनि क्रान्तिचेतनाले भरिएका कवितालेखनमा सक्रिय भएर लागे। यसले गर्दा क्रान्तिचेतनाले नयाँ मोड लिन पुग्यो। सामाजिक, आर्थिक र राजनीतिक यथास्थितिमा परिवर्तन गरी नवीन संरचनाको निर्माणका लागि क्रान्ति अपरिहार्य रहेको कुरा कविहरूले कविताका माध्यमबाट व्यक्त गर्दै जनमानसमा क्रान्तिको चेतना जगाउने कार्यमा अघि बढे। यसको साथै यस दशकमा भएका कविता संरक्षण आन्दोलन (२०५४), अभियान साहित्य प्रतिष्ठान (२०५४), नारीसाहित्य प्रतिष्ठान (२०५६) र सिर्जना अराजक समूह (२०५८) आदि संस्थागत साहित्यिक आन्दोलनले पनि क्रान्तिचेतनालाई सहयोग गरेका छन्। यस दशकका क्रान्तिकारी कविहरूमा विमल निभा, कृष्णसेन इच्छुक, मातृका पोखेल, वेञ्जु शर्मा, मञ्जु काँचुली, पूर्णविराम, अर्जुन पराजुली, विष्णुविभु घिमिरे, ईश्वरचन्द्र ज्ञवाली, रामप्रसाद ज्ञवाली, मित्रलाल पंज्ञानी, विजय सुब्बा, राम विनय, हरिगोविन्द लुइँटेल, कुसुम ज्ञवाली, श्यामल, गोविन्द वर्तमान, अनिल पौडेल, अशोक सुवेदी, आहुति आदि मुख्य रहेका छन्। यस दशकका कविहरूको मूल प्रवृत्ति क्रान्तिका माध्यमबाट राजतन्त्रको अन्त्य गर्दै वर्गविहीन समाजको स्थापना र गणतन्त्रको अभिमुखीकरणमा योगदान दिनु रहेको छ। यसरी यस अवधिका कवितामा व्यक्त क्रान्तिचेतना लोकतन्त्र र गणतन्त्रका पक्षमा र राजतन्त्रका विरुद्धमा लक्षित हुँदै नेपाली समाज र जनताको चाहनाअनुरूप नयाँ नेपालको सुन्दर सपनामा केन्द्रित रहेको छ। राजतन्त्रले दिएको धोका र

तत्कालीन अवस्थाको अस्थिर राजनीतिक गतिविधिका कारण उब्जिएका विसङ्गतिलाई परास्त गर्दै अगाडि बढ्ने क्रममा जागृत भएको क्रान्तिचेतलाई क्रान्तिकारी कवितामा प्रस्तुत गर्न यस दशकमा धेरै कविहरू लागेको पाइन्छ ।

२०६० पछि पनि नेपाली समाजमा गणतान्त्रिक प्रवृत्तिका कविताहरू बढी सङ्ख्यामा रचिएका छन् । यस दशकको मुख्य गतिविधि राजनीतिक जनआन्दोलनमा रह्यो जसद्वारा संविधानसभाको निर्वाचन गराई यहाँसम्म ल्याइपुऱ्याउन क्रान्तिकारी कविताको भूमिका अग्रणी रहेको छ । पहिलेदेखि विकसित हुँदै आएको कवितामा क्रान्तिचेत यहाँ उत्कर्षमा पुगेको देखिन्छ । यस समयमा व्यक्तिगत तथा संस्थागत रूपमा क्रान्तिचेतनालाई अगाडि बढाउने काम भएका छन् । व्यक्तिगत रूपमा एकातिर कविहरू क्रान्तिलाई जपिरहेका छन् भने तिनै कवि संस्था वा साङ्गठनिक रूपमा सामूहिक आवाज प्रतिध्वनित पनि गराइरहेका छन् । "२०६० को दशकमा धेरै संस्थाहरू स्थापना भएका पाइन्छन् । सडक कविता आन्दोलन (२०६२), गणतन्त्रवादी कविता आन्दोलन (२०६१), लोकतान्त्रिक स्रष्टाको संयुक्त मञ्च (२०६२), कवितामा लोकतन्त्र (२०६२) आदि संस्थाहरूको स्थापना र तिनका कार्यक्रमले पनि कवितामा क्रान्तिको चेतनालाई विकसित गराउन सहयोगी भूमिका खेलेका छन्" (गौतम, २०६४ : १९६) । यिनीहरूको मूल उद्देश्य गणतन्त्रको स्थापना गरी संस्थागत विकास, वर्गविहीन समाजको निर्माण, शान्त, स्वच्छ जीवनपद्धति, नवीन मूल्यमान्यताले युक्त सांस्कृतिक भेदभाव, जातपात, छुवाछुतविहीन समाजको संरचना निर्माण, धार्मिक भीरुहताबाट मुक्ति रहेका छन् । "यस समयमा क्रान्तिकारी चेतनाका कविता लेखी कवितामा क्रान्तिचेतको विकास गर्न सहयोग पुऱ्याउने प्रमुख कविहरूमा अर्जुन पराजुली, दुर्गालाल श्रेष्ठ, रामप्रसाद ज्ञवाली, आहुति, विमल निभा, विक्रम सुब्बा, श्यामल, हरिगोविन्द लुइँटेल, मातृका पोखेल, वैरागी काइँला, आनन्ददेव भट्ट, रमेशप्रसाद भट्टराई, वेन्जु शर्मा, दाहाल यज्ञनिधि, बुँद राना, देवी नेपाल, कुसुम ज्ञवाली, रामचन्द्र भट्टराई, जगदीशचन्द्र भण्डारी, प्रकाश सिलवाल, अशोक सुवेदी आदि मुख्य रहेका छन्" (भट्टराई, २०६३ : २६) । ६० पछिका कवितामा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक आदि विविध पक्षका नकारात्मक यथास्थितिप्रतिको असन्तुष्टि र विद्रोहलाई क्रान्तिद्वारा परिवर्तन गर्ने प्रतिबद्धताका साथ क्रान्तिको चरमोत्कर्ष रूपमा चेतना आएको छ । यी कविताका मूल प्रवृत्तिका रूपमा नै क्रान्तिचेतनाको पूर्ण विकास भएको छ । यस बखतका प्रायशः कवितामा कुनै न कुनै रूपमा क्रान्तिचेतको अभिव्यक्ति भएको पाइन्छ ।

यसरी प्राथमिक कालदेखि नै सुरु भएको असन्तुष्टि विद्रोहात्मक चेतसहितको कवितालेखन २००२ सम्म आइपुग्दा क्रान्तिकारी विचारमा विकसित भएको छ। २००२ पछि क्रान्तिचेतनाको आवाजसहित विकसित हुँदै आज चरमोत्कर्ष प्राप्त गर्न सफल रहेको क्रान्तिचेत कविताविधाको मात्र नभएर नेपाली साहित्यकै मूल प्रवृत्तिका रूपमा विकसित भएको पाइन्छ। सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक अवस्थामा देखिएका असमानता, शोषण-दमन र उत्पीडन आदिका विरुद्ध क्रान्तिचेतना कवितामा मुखरित भएको पाइन्छ। समाजमा आएका विविध गतिविधि र राजनीतिक उतारचढावका कारणले विविध मोडका साथ विकसित हुँदै आएको नेपाली कविता आज पूर्ण रूपमा क्रान्तिचेतसहित अभिव्यक्त भएको छ। विद्रोहात्मक चेतबाट सुरु भएको कवितामा क्रान्तिचेत दुई शताब्दीपश्चात् विकसित हुँदै हाल पूर्ण क्रान्तिचेत सहितको रूपमा विकसित भएको छ र दिनानुदिन जनमानसमा पूर्ण क्रान्तिकारी चेतना जगाउँदै जनमानसको मन जित्न सफल भइरहेको छ।

## ३.७ निष्कर्ष

क्रान्ति मानवसमाजको ऐतिहासिक विकासको प्रक्रियामा पुरानो मूल्यको विघटन र नयाँ मूल्यको स्थापना गर्ने गतिप्रक्रिया दिलाउने तत्त्व हो। जब पुरानो उत्पादनसम्बन्धले नयाँ उत्पादन शक्तिलाई छेक्दछ तब क्रान्ति हुन्छ। क्रान्ति परिवर्तनमूलक वस्तु हो। यसको सम्बन्ध साहित्यसँग पनि हुने गर्दछ। तर कलासाहित्य सौन्दर्यमूलक वस्तु हो। यति भए तापनि साहित्यको र क्रान्तिबीचको सम्बन्ध निकै घनिष्ट र मूल्यदायी रहेको छ। त्यसैअनुरूप कवितामा पनि क्रान्तिको प्रतिबिम्बन हुनु कुनै जटिल र नौलो कुरा होइन। हरेक देशको कलासाहित्य त्यस देशको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक तथा भौतिक आधारको पृष्ठभूमिमा जन्मिएको हुन्छ र त्यसैमा खुट्टा टेकेर बाँचेको हुन्छ। कविता पनि साहित्यको विधाविशेष भएकाले यसका माध्यमबाट क्रान्तिको अभिव्यक्ति हुने गरेको पाइन्छ। समाजविकासका क्रममा राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक आदि पक्षमा देखिएका असन्तुष्टि र खराब तत्त्वका विरुद्ध विद्रोह गरी त्यसको बदलामा नयाँ संरचनाको उत्पादनका लागि क्रान्तिको चेत जगाइएको हुन्छ। क्रान्ति प्रगतिवादी तत्त्व हो। यसैले यसलाई प्रगतिवादको मान्यताका आधारमा पनि व्याख्या गर्न सकिन्छ। साथै प्रगतिवाद, मार्क्सवादबाट अनुप्राणित भएकाले क्रान्तिलाई मार्क्सवादी चिन्तनको घेरामा अध्ययन गर्न सकिन्छ। विश्वकै इतिहासमा हेर्दा विश्वका अधिकांश देशका कविताहरूमा कुनै न कुनै रूपमा क्रान्तिको

प्रतिबिम्बन भइरहेको पाइन्छ । कहीँ अधिनायकवादी निरङ्कुश राजनीतिक गतिविधिका विरुद्ध कवितामा क्रान्तिको आवाज उठेको पाइन्छ, कहीँ विकृतिग्रस्त सामाजिक स्थितिका विरुद्ध र आर्थिक असमानताका विरुद्ध कविताले क्रान्तिलाई प्रतिध्वनित गरिरहेको फेला पार्न सकिन्छ । तर प्रस्तुत गर्ने शैली भने फरकफरक रहेका छन् । कसैले खुल्लारूपमा नै क्रान्तिको आवाज उठाएका छन् कसैले बन्दरूपमा, कहीँ बिम्बप्रतीकको प्रयोगद्वारा त कहीँ व्यङ्ग्यात्मक रूपमा क्रान्तिलाई जगाइएको पाइन्छ । कविताका माध्यमबाट अन्याय, अत्याचार, शोषण, हत्या, हिंसा, सामन्तवाद, अधिनायकवादी निरङ्कुश राजतन्त्रका विरुद्ध सर्वहारा, मजदुर, शोषित-पीडित तथा निम्न वर्गलाई जगाउनु, क्रान्तिनिम्ति सचेत गराउनु र परिवर्तन गर्नु नै कवितामा प्रतिबिम्बित क्रान्तिको लक्ष्य हो । कविता-काव्यमा क्रान्तिको प्रतिबिम्बन, भाषा, भाव, विचार, बिम्ब-प्रतीक, पात्र, कथ्य, परिवेश आदि तत्त्वका माध्यमबाट हुने गर्दछ । नेपाली कविताका सन्दर्भमा कवितामा क्रान्तिचेतको प्रतिबिम्बन गुमानी पन्तबाट सुरु भई कविताको प्राथमिक, माध्यमिक र आधुनिक कालका कविहरूमा कवितासँग विकसित हुँदै समकालीन अवस्थामा कवितामा चरमोत्कर्षमा पुगेको छ । यसको प्रयोग समाजपरिवर्तन, सत्तापरिवर्तन, संस्कृति, संस्कार र आर्थिक स्थितिमा परिवर्तनका लागि धारिलो हतियारका रूपमा भएको पाइन्छ । यसरी कवितामा क्रान्तिको चेत अभिन्न रूपमा रहँदै विकासको चरमोत्कर्षमा पुगेको देखिन्छ ।

यिनै ऐतिहासिक साक्ष्यहरूका आधारमा हेर्दा कविता र क्रान्तिको सम्बन्ध घनिष्ट रहेको पाइन्छ । मानवजीवनका सकारात्मक मूल्यको रक्षा र नकारात्मक कुराका परिवर्तन एवं समाजको विकासनिम्ति क्रान्तिचेतना प्रस्तुत गर्ने कविताहरूको भूमिका अग्रणी रहेको हुन्छ । यसबाट कवितामा क्रान्तिचेतको विकास मानवचेत र मानवसमाजको विकाससँगै विकसित हुँदै जान्छ भन्ने कुरा सिद्ध हुन्छ ।

*परिच्छेद - चार*

# रामप्रसाद ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेत

## ४.१ रामप्रसाद ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेतको विकास

### ४.१.१ विषयप्रवेश

रामप्रसाद ज्ञवाली समकालीन नेपाली कवितापरम्पराका जल्दाबल्दा प्रगतिवादी कवि हुन् । आमूल परिवर्तनकारी परिपुष्ट कविता लेख्ने ज्ञवाली जनताका कवि हुन् । उनी गरिब र असहाय जनताका पक्षमा वकालत गर्नुलाई आफ्नो मूल धर्म ठान्छन् । मार्क्सवादी-प्रगतिवादी वैचारिक चिन्तनलाई मूलआधार मान्दै अगाडि बढेका उनका कविताले शोषित, पीडित जनताहरूको मुक्ति र मानवीय न्यायपूर्ण समाजको स्थापनाका निम्ति आह्वान गरेका छन् । सङ्घर्षमय जीवनलाई उनले कविताको विषय स्विकारेका छन् । राष्ट्र र राष्ट्रियता, मानव र मानवीयता, परिवर्तन र प्रगति, शान्ति र सौहार्द्रताका पक्षमा उनका कविता प्रकट भएका छन् । उनका कविता-काव्यमा नेपाली समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, उत्पीडन र दमनजस्ता अनेक नकारात्मक पक्षविरुद्ध उत्पन्न विद्रोहका भावहरू व्यक्त छन् । साथै वर्गीय विभेद र वर्गीय शोषणको अन्त्य हुनुपर्ने मूल सन्देश उनका कविता-काव्यले दिएका छन् । यसका लागि कवि ज्ञवालीले सतर्कताका साथ कुरीतिविरुद्ध प्रहार गर्दै विद्रोह र क्रान्तिकारी विचारलाई अगाडि सारेका छन् । जनताप्रतिको चासो र चिन्ता, राष्ट्रप्रतिको संवेदनशीलता र अनुराग अनि साम्यवादी दर्शनप्रतिको विश्वास र आग्रह बोकेर प्रस्तुत भएका कवि ज्ञवालीले साङ्गठनिक जनशक्ति, सामूहिक भावना र आमूल परिवर्तनका पक्षमा काव्यिक अभिव्यक्ति दिएका छन् । कविताको अन्तर्वस्तुका रूपमा यिनले नेपाली समाजको यथार्थतालाई नै स्विकारेका छन् । “अन्तर्वस्तु कलामा जीवनको प्रतिबिम्बित यथार्थ हो । रूप यसलाई प्रतिबिम्बन गर्ने उपकरण वा संरचना हो” (पाण्डेय, २०५६ : २९) । त्यही अनुरूप ज्ञवालीले पनि सामन्तवादी, पुँजीवादी शासनव्यवस्थाद्वारा सिर्जित उत्पीडित समाजका विविध व्यवहारहरूलाई प्रतिबिम्बन गर्दै आफ्नो रचनाधर्म पूरा गरेका छन् ।

२०४० सालमा भारतको हरिद्वारबाट प्रकाशित हुने सगरमाथा पत्रिकामा ‘हाम्रो कर्तव्य’ शीर्षकको कविता प्रकाशन गरी साहित्यक्षेत्रमा प्रवेश गरेका रामप्रसाद ज्ञवाली (पौडेल, २०६३

: ५) अनवरत रूपमा प्रगतिशील जनवादी सिर्जनाका फाँटमा क्रियाशील रहेका छन् । सानैदेखि निर्भीक, स्वाभिमानी, कसैको अन्याय, अत्याचार र थिचोमिचो नखप्ने ज्ञवालीका कविताहरू सुरुदेखि नै प्रगतिशील क्रान्तिकारी चेतनाले उत्प्रेरित देखिन्छन् । भारतमा पढ्न बस्दा भारतीयहरूले गरिब नेपाली भनी हेप्दा, दुःख दिँदा, अपमान गर्दा र कटु छुद्रवचन प्रयोग गर्दा ज्ञवालीको मनमा ती वचन काँडा भएर बिभ्दा उनका मनमा ती अपमानविरुद्ध विद्रोहको राँको दन्कने गर्दथ्यो । त्यसलाई उनी कविताका माध्यमबाट व्यक्त गर्ने गर्दथे तथा साथीहरूलाई एकजुट गराएर त्यसका विरुद्ध आन्दोलन गर्न पनि अगाडि बढ्ने गर्दथे । यसरी विद्यार्थीकालदेखि नै अन्याय, अत्याचार, शोषण र दमन नसहने प्रवृत्ति ज्ञवालीमा देखिन्छ । जीवनका विविध मोडका साथ उनको क्रान्तिकारी भावना बढ्दै गएको पाइन्छ र जीवनको परिपक्वतासँगै क्रान्तिकारी कवितालेखन पनि परिपक्वताका साथ विकास भएको पाइन्छ ।

रामप्रसाद ज्ञवालीले पाश्चात्य साहित्यका विद्वान् मार्क्स, लेनिन, माओ र गोर्की, भारतीय गुरु मोहन व्यास, नेपाली साहित्यका गोपालप्रसाद रिमाल, देवीप्रसाद किसान, लक्ष्मीप्रसाद देवकोटा, मोदनाथ प्रश्रित, पारिजात र माधवप्रसाद घिमिरे आदिका साहित्यकृतिबाट साहित्यिक प्रभाव ग्रहण गरेका छन् । ज्ञवालीले उनीहरूका साहित्यिक मूल्यमान्यतामध्ये प्रगतिशील मूल्यमान्यताप्रति नतमस्तक हुँदै कवितासिर्जना गर्ने गरेको पाइन्छ । खासगरी उनका कवितामा द्वन्द्वात्मक भौतिकवादी मान्यताअनुरूप वर्गद्वन्द्व र वर्गसङ्घर्षको प्रस्तुति पाइन्छ भने सर्वहारा, मजदुर र किसानवर्गको उत्थानका निम्ति ओजपूर्ण उच्चउदात्त भाषामा यथार्थ र आदर्शको अभिव्यक्ति पाइन्छ । कलात्मक र सौन्दर्यमूलक भाव, सामाजिक अन्तर्वस्तु, गुणात्मक मानवीय मूल्य र निरन्तर शान्तिको लागि निरन्तर परिवर्तनगामी क्रान्ति उनका कविताकाव्यका प्रवृत्ति हुन् ।

नेपाली साहित्यमा गोपालप्रसाद रिमाल (१९७५ - २०३०) बाट आरम्भ भएको प्रगतिशील क्रान्तिकारी विचारधारामा संलग्न भई क्रान्तिकारी साहित्यलेखनमा दुई दशक पूरा गरिसकेका ज्ञवालीका उपन्यास, कविता, महाकाव्य, नाटक र निबन्धका साथ सबै विधामा क्रान्तिकारी भावको सशक्त प्रयोग भएको पाइन्छ । तर यस शोधकार्यका सन्दर्भमा ज्ञवालीका कविता-काव्यमा मात्र सीमित रही तिनमा रहेको क्रान्तिचेतको खोज-अध्ययन गरिने भएकाले उनका प्रकाशित कविता-काव्यमा मात्र सीमित रही उनको क्रान्तिकारी कविताको विकासलाई अध्ययन गर्ने उद्देश्य राखिएको छ । चालीसको दशकबाट प्रारम्भ भएको ज्ञवालीको क्रान्तिकारी चेतना हालसम्म आइपुग्दा समाजमा भएका विविध परिवर्तन, उथलपुथल, विविध घटनासँगै

भिन्न भाव, भिन्न प्रवृत्ति, भिन्न सन्देशका साथ विकसित भएको छ। त्यसैले ज्ञवालीको क्रान्तिकारी कवितायात्रालाई चरण विभाजन गरी अध्ययन गरिनु उचित देखिन्छ। तसर्थ उनको कवितायात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ अर्थात् ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेतना दुईचरणमा विकसित भएको छ ।

४.१.२ रामप्रसाद ज्ञवालीका क्रान्तिकारी कविता-काव्यको चरण विभाजन

दुई दशक लामो कवितायात्रा पार गरिसकेका रामप्रसाद ज्ञवालीको कवितायात्रा वि.सं. २०४० सालबाट सुरु भएको हो । उनका सुरुदेखिकै कवितामा यथार्थको कुरूपता, असुन्दरता, वीभत्स, निरङ्कुश, अधिनायक, बुर्जुवा र सामन्ती शोषक, उत्पीडन र घमन्डी समाजव्यवस्थाका विरुद्ध विद्रोहात्मक क्रान्तिकारी सौन्दर्यको अभिव्यक्ति छ। प्रारम्भिक कविताहरू मानवता र देशभक्तिमा केन्द्रित छन्। समयको परिवर्तनसँगै उनमा रहेको क्रान्तिचेत पनि परिवर्तन हुँदै जाँदा विकसित भएको छ । सुरुमा विद्रोहात्मक आक्रोशबाट सुरु भएको क्रान्तिचेतना विकसित हुँदै आमूल परिवर्तनकारी तथा राज्यको पुनःसंरचना, जनवादी गणतान्त्रिक चेतनासम्म पुगेको छ । दुई दशकको समयमा उनीद्वारा रचित फुटकर कवितादेखि महाकाव्यसम्मका कृतिहरू प्रकाशित छन्। उनका प्रकाशित कविताकृतिहरूमा आँसीका फूलहरू (महाकाव्य, २०५३), पुतली र भ्रुसिल्किरा (कवितासङ्ग्रह, २०५९), एकादेशमा (खण्डकाव्य, २०६१) र असुरग्याँस (कवितासङ्ग्रह, २०५२) रहेका छन्। यसबाहेक जनमत, वेदना, भिसमिसे, मिरमिरे, नागार्जुन, कलम, गरिमा आदि विविध पत्रिकाहरूमा फुटकर कविताहरू प्रकाशित छन् । सुरुदेखि हालसम्म प्रकाशित तिनै कविताकृतिका आधारमा उनको क्रान्तिकारी कवितायात्रालाई निम्न दुई चरणमा विभाजन गर्न सकिन्छ :

(क) प्रथम चरण (२०४० - २०५९)

(ख) द्वितीय चरण (२०६० पछाडि) ।

(क) प्रथमचरण (२०४० - २०५९)

“रामप्रसाद ज्ञवालीको कवितायात्राको सुरुवात ‘हाम्रो कर्तव्य’ शीर्षकको कविता (२०४०) बाट भएको हो” (पौडेल, २०६३ : ५) । प्रथम चरणलाई ज्ञवालीको साहित्ययात्राको अभ्यासिक कालमा पनि लिन सकिन्छ। प्रारम्भमा उनी आदर्शवादी विश्वदृष्टिकोणमा विश्वास गर्दथे । त्यस समयमा उनी आदर्शवादी कोणबाट देशभक्ति, प्रकृतिचित्रण, राष्ट्रियता र भावुक मानवीय भावको अभिव्यक्ति दिने गर्दथे । तर २०४२-०४३ देखि तत्कालीन भूमिगत कम्युनिस्ट पार्टी

मालेको सम्पर्कमा आए । त्यसले उनमा प्रगतिशील क्रान्तिचेतनाको विकास हुन थाल्यो र त्यसपछिका उनका रचनामा विद्रोही, प्रगतिशील र क्रमशः क्रान्तिकारी हुँदै आएका छन् । (शोधनायकसँगको अन्तर्वार्ता) । ज्ञवालीको कवितायात्राको प्रथम चरणको सुरुवातको समयमा नेपाली जनताहरू पञ्चायती व्यवस्थाको पन्जाबाट किचिएर बस्नुपर्ने अवस्था थियो । नेपाली जनताहरूमा बोल्ने, लेख्ने, पढ्ने र भेला हुने अधिकार थिएन । निरङ्कुशतावादी सत्ताले सारा जनताहरूलाई दबाएर राखेको थियो । साथै समाजमा धनी र ठूला व्यक्तिले गरिब सर्वसाधारण तथा निम्नवर्गका व्यक्तिहरूलाई शोषण गर्ने, ठग्ने, विनाकाम दुःख दिने प्रवृत्ति हावी थियो । यस्तो क्रूर, सामन्ती शोषक समाज देखे-भोगेका ज्ञवालीले यसका विरुद्धमा जनतालाई सचेत गराउँदै विद्रोह गरेका छन् । उनले साहित्यका माध्यमबाट समाजपरिवर्तनको विगुल फुक्दै जनतालाई आफ्नो हकअधिकार र स्वतन्त्रताका लागि क्रान्ति गर्न प्रेरणा दिएका छन् । २०४० देखि २०४६ सम्मको उनको कलम पञ्चायती व्यवस्थाका विरोधमा क्रान्तिकारी अभियान चलाउनका लागि समर्पण भएको छ । उनले क्रान्तिकारी कवितालेखन गर्ने सन्दर्भमा केही समय 'अनु, नयन र विचित्र' उपनामबाट पनि कविता लेखेका थिए । यस क्रममा उनको 'विवश आँसु' नाटक पनि लेखिएको थियो र २०४४ सालमा यो नाटक मञ्चन पनि भयो । यसमा पञ्चायती शासनको हत्या, हिंसा, शोषण, दमन अधिनायकीय प्रवृत्तिको विरोध गर्दै कुकृत्यको भन्डाफोर पनि भएको छ । जनताहरूले पञ्चायती व्यवस्थासँग आफ्नो अधिकारको माग गर्दा केही नदिई झन् दबाएको अवस्थामा ज्ञवालीले 'जनमत' पत्रिकामा विभिन्न फुटकर कविता लेखी आफ्नो क्रान्तिकारी भावनालाई यसरी व्यक्त गरेका छन् :

अन्तमा मैले विद्रोह गरेँ
ठीक छ त्यसो भए
तिमीले मलाई केही पनि नदेऊ
मसँग जनताको अभेद्य आधार छ
म मेरो मगजलाई तिनीहरूमा गुन्जाउन सक्छु ...
तर तिनीहरू मलाई बन्दुकको तातो गोलीमात्र दिए

(जनमत, ८।४ : ४७)

यसरी निरङ्कुश र सामन्ती व्यवस्थाका विरुद्ध ज्ञवालीका कविता क्रान्तिकारी हतियार भई उभिएका छन् । उनका कवितामा पञ्चायती शासनका विरुद्धमा दिनानुदिन क्रान्तिचेत विकसित हुँदै गएको छ ।

क्रमशः अग्रपङ्क्तिमा विकसित हुँदै गएको कवि रामप्रसाद ज्ञवालीको क्रान्तिचेतना क्रान्ति र चुनौतीका रूपमा आएको महाकाव्य आँसीका फूलहरू (२०४९ - ५३) बाट सशक्त रूपमा अगाडि बढेको छ। यो महाकाव्य वि.सं. २०४९ मा त्रि.वि.को पत्रअन्तर्गत चुनौतीको रूपमा करिब डेढ महिनामा तयार पारिएको क्रान्तिकारी कृति हो। कवि ज्ञवालीको क्रान्तिचेतना विकासअवस्थामा जन्मन पुगेको महाकाव्य कवितामा हुर्कँदै आएको क्रान्तिको फक्रँदो रूप हो। विभिन्न फुटकर कविता र नाटकका रूपमा देखिएको उनीभित्रको क्रान्तिकारी स्वर यस महाकाव्यमा आइपुग्दा उल्लेख्य रूपमा विकसित भएको छ। यस महाकाव्यको प्रथम श्लोकमा नै उनले साम्राज्यवादी निरङ्कुशवर्गीय समाज बुर्जवा प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै सबै जनताहरूलाई देवता र देशलाई नै जनता रहने मन्दिरका रूपमा प्रस्तुत गर्दै वर्गीय शोषणविरुद्ध जनपक्षीय भावना प्रस्तुत गरेका छन्। जनपक्षीय स्वर कविताका रूपमा यसरी प्रस्तुत हुन आएको छ :

वन्दना गर्नका निम्ति यौटै मात्र छ मन्दिर
देश मन्दिर हो मेरो जनता देव सुन्दर

(प्रस्थान : १)

कवि ज्ञवाली स्वयंका विचारमा यो महाकाव्य क्रान्तिचेतको अभिव्यक्ति मात्र नभएर आफूले लडेको एउटा विशिष्ट युद्ध नै थियो। "यो शिक्षाका क्षेत्रमा पहिलादेखिबाट चल्दै आएको अहं, ठूलाले सानालाई हियाउने प्रवृत्तिविरुद्धको युद्ध थियो। सामन्ती शिक्षाप्रणालीको खोइरो खन्ने नवजागृत चेतनाको युद्ध थियो" (भूमिका, आँसीका फूलहरू)

यस महाकाव्यमा आइपुग्दा कविमा रहेको क्रान्तिचेतना भावमा मात्र नभएर भाषाशैली, आख्यान, प्रबन्धन, पात्रद्वन्द्व र विचारमा पनि विकसित भएको छ। यहाँ सामाजिक, राजनीतिक, आर्थिक, वैचारिक र सांस्कृतिक क्रान्तिचेत प्रस्ट रूपमा व्यक्तिसकेको अवस्था पाइन्छ। ज्ञाननिष्ठ ज्ञवालीका अनुसार "कवि ज्ञवालीको आँसीका फूलहरू महाकाव्यमा नेपालको कथा छ, नेपालीहरूको कथा छ। नेपाली केटाकेटी, बूढाबूढी तथा युवायुवतीको कथा छ अनि क्रान्तिकारी कार्यकर्ताको जीवनसङ्घर्षको कथा छ" (उन्नयन, २०६२ : ७)। कविले कथानकमा समेत क्रान्तिको अभिव्यक्ति गरेको कुरा यस टिप्पणीमा व्यक्त छ। समाजमा अपहेलित जनता र क्रान्तिकारीहरूलाई पात्रका रूपमा चयन गरिएको यस महाकाव्यमा पात्रचयनमा पनि क्रान्तिचेतनाको सम्प्रेषण गरिएको छ। यसरी १७ वटा फूलहरूमा सर्गबन्ध गरिएको यस महाकाव्यमा सबै फूलहरूमा कुनै न कुनै रूपमा क्रान्तिको भाव सल्बलाएको

छ। कवि ज्ञवालीको यहाँसम्मको कवितात्मक क्रान्तियात्रालाई हेर्दा प्रस्तुत महाकाव्यमा सोद्देश्य क्रान्तिचेतना विकास भइसकेको पाइन्छ ।

ज्ञवालीको सोद्देश्यमूलक रूपमा विकसित भएको क्रान्तिचेतलाई अझ विकसित गराउन पुतली र झुसिल्किरा (कवितासङ्ग्रह, २०५९) बाट महत्त्वपूर्ण योगदान भएको छ। यस कवितासङ्ग्रहमा २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र पुनःस्थापना भएपछि नेपाली समाजमा देखिएका विविध नकारात्मक यथार्थ एवं विसङ्गतिलाई प्रतिबिम्बन गर्दै त्यस्ता नकारात्मक कुराहरूविरुद्ध आक्रोश र विद्रोहका भावका कविताहरू रहेका छन्। यहाँका कविताहरूले देशमा बढ्दै गएको हत्या, हिंसा, शोषण, दमन, भ्रष्टाचार, थिचोमिचो, निरङ्कुशता र अधिनायकीय प्रवृत्तिका विरुद्ध क्रान्तिको उद्घोष गरेका छन्। यस सङ्ग्रहका घर, छाप्रा र डोजर, परेबी, अन्डा, गोमन र योद्धा, जङ्गलको चुनाव, पर्खाल, प्रजातन्त्र र नायक शीर्षकका कवितामा विभिन्न प्रवृत्तिका बिम्बप्रतीकहरूको प्रयोग गर्दै अन्याय, अत्याचार, शोषण, दमन, हत्या, हिंसा, भ्रष्टाचार, विश्वासघात, साम्राज्यवाद, अराजक पुँजीवादी अर्थतन्त्र, कमिसनखोरी, विलासी निरङ्कुश कुकार्यका विरुद्ध तीव्र आक्रोश, व्यङ्ग्यविद्रोहका साथ क्रान्तिचेतनाको अभिव्यक्ति गरिएको छ। सामन्तवादी निरङ्कुशतन्त्रको अन्तःरूप यथावत् रहेको र सारतः परिवर्तित राज्यसत्ता र पुरानो व्यवस्थामा भिन्नता नभएको बोध जनताले गर्नुपरेको यथार्थलाई यस सङ्ग्रहका कविताहरूमा प्रस्तुत गरिएको छ र, त्यसको प्रगति र परिवर्तनका लागि आमजनतामा क्रान्तिकारी स्वर भर्ने लक्ष्यअनुरूप क्रान्तिचेतको अभिव्यक्ति दिइएको छ ।

यसरी पञ्चायती शासनव्यवस्थाको असन्तुष्टिबाट सुरु भएको ज्ञवालीको क्रान्तिकारी कवितायात्रा क्रमशः विकसित हुँदै अन्ततः पहिलो चरण प्रजातन्त्रको मुडभेडसम्म आइपुगेको छ। पहिलो चरणमा उनका प्रकाशित रूपमा दुई कृतिका माध्यमबाट क्रान्तिचेतको विकास भएको छ। पहिलो कृतिमा उनको क्रान्तिचेत पञ्चायती राज्यव्यवस्था, समाजव्यवस्था, अर्थव्यवस्था र शासनव्यवस्थाविरुद्ध जागृत थियो भने दोस्रो कृतिमा २०४६ पछि नेपाली समाजमा, नेपाली राजनीतिमा र आर्थिक नीतिमा व्याप्त रहेका हरेक विसङ्गत पक्षका विरुद्धमा विकसित रूपका साथ जागृत रहेको छ। पहिलो चरणका अन्त्यतिर आइपुग्दा उनका कवितामा क्रान्तिचेत, सामाजिक, आर्थिक र राजनीतिक लगायतका यावत् नकारात्मक स्थितिको रूपान्तरणका लागि जागृत भएको छ ।

कवि ज्ञवालीका पहिलो चरणका कविता-काव्यका मुख्य प्रवृत्तिहरू निम्नलिखित रहेका छन् :

१. सामाजिक, आर्थिक, राजनीतिक यथास्थितिको प्रतिबिम्बन गर्नु ।

२. फुटकरदेखि महाकाव्यसम्मको कवितालेखन गर्नु ।

३. राष्ट्र र राष्ट्रियता, मानव र मानवताका पक्षमा वकालत गर्नु ।

४. यथास्थितिवादी पुरातन सामाजिक, राजनीतिक र आर्थिक व्यवस्थाविरुद्ध व्यङ्ग्य, विद्रोह र आक्रोशका साथ क्रान्तिको आह्वान गर्नु ।

५. मुक्तलयदेखि शास्त्रीय लयसम्मको प्रयोग गर्नु ।

६. समाज बिम्ब, पौराणिक बिम्ब र काल्पनिक बिम्बहरूको प्रयोग गर्नु ।

७. वीर तथा रौद्र रसात्मक भावराशिको प्रस्तुति गर्नु ।

८. स्वच्छन्द शैलीमा प्रगतिशील विचारको अभिव्यक्ति दिनु ।

९. सरल भाषाशैलीमा गम्भीर भावको अभिव्यक्ति दिनु ।

(ख) द्वितीय चरण (२०६० पछाडि)

रामप्रसाद ज्ञवालीको कवितायात्राको दोस्रो चरणमा दुई कृतिहरू प्रकाशित छन् । तिनमा एकादेशमा (खण्डकाव्य, २०६१) र असुरग्याँस (कवितासङ्ग्रह, २०६२) रहेका छन् । यस चरणमा ज्ञवालीका कविताहरू क्रान्तिकारी चेतनाका दृष्टिकोणले निकै विकसित र समृद्ध रहेका छन् । देशमा बढ्दै गएको अन्योल, खिचातानी र भ्रष्टाचारका विरुद्ध क्रान्ति चलिरहेकै बेलामा २०५९ असोज १८ मा राजा ज्ञानेन्द्रले देशमा रहेको सीमित प्रजातान्त्रिक अधिकारमाथि प्रतिबन्ध लगाएर जननिर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरी शासन आफ्नो हातमा लिएर उनले नेपाली जनतामाथि पुनः निरङ्कुशता लादेपछि नेपाली भूमिमा अर्को अन्धकारको युग सुरु भयो । जनताका सारा अधिकार र स्वतन्त्रताहरू गुमे तर बुद्धिजीवी र कलासाहित्यकारहरू आफ्नो गुमेको अधिकार फिर्ता लिनका लागि अगाडि बढे । त्यसै क्रममा रामप्रसाद ज्ञवाली पनि प्रत्यक्ष रूपमा तथा कवितामार्फत अगाडि बढेका छन् । उनी यस समयमा आएर नेतृत्वशील व्यक्तित्वका रूपमा स्थापित भएका छन् । प्रथम चरणमा विकसित भएको क्रान्तिचेतनाले यस चरणको सुरुवातसँगै नयाँ प्रवृत्तिका साथ फस्टाउने मौका पाएको छ । असोज १८ को प्रतिक्रान्तिको घटनाबाट आक्रोशित भएका ज्ञवालीले यस चरणमा गणतन्त्रात्मक क्रान्तिचेतनाको अभिव्यक्ति दिएका छन् । उनले नेपालमा चलेको निरङ्कुश अधिनायकवादी राजतन्त्रलाई फाल्दै नयाँ जनवादी गणतन्त्रको स्थापना गर्नका लागि सबै जनतासँग कविताका माध्यमले आह्वान गरेका छन् । उनले यस चरणका आफ्ना कवितामा गणतन्त्रका लागि नै क्रान्ति गर्न जनतासमक्ष आह्वान गरेको पाइन्छ ।

रामप्रसाद ज्ञवालीको क्रान्तिचेतनालाई विकसित गराउने उल्लेखनीय यस चरणको एउटा कृति एकादेशमा (खण्डकाव्य, २०६१) रहेको छ। यस खण्डकाव्यमा कविले बिम्बप्रतीक र लोककथाको उच्च कलात्मक सम्मिश्रण गरी क्रान्तिचेतनाको अभिव्यक्ति दिएका छन्। मूलतः असोज १८ र त्यसपछिको घटना र मानवसभ्यताको विकासलाई अन्तर्वस्तुको रूपमा प्रयोग गर्दै तयार पारिएको यो काव्य क्रान्तिकै मूर्त आकार हो। त्यहाँ वर्णित बाँदरराज्यलाई नेपाली तानाशाही राजतन्त्रको संज्ञा दिइएको छ र बाँदरको राज्य पतन भएको देखाउनु नै नेपाली राजतन्त्रको पतनको सङ्केत गरिएको हो। अन्त्यमा बाँदरसेनाले जसरी एकजुट भएर सदाका लागि राजतन्त्रको अन्त्य गरेर आफ्नो शासन सुरु गरे त्यसैगरी कवि ज्ञवालीले पनि नेपाली जनतालाई राजतन्त्रका विरुद्ध सबैलाई एकजुट भएर आन्दोलन गर्न उत्प्रेरणा जगाइदिएका छन्। ज्ञवालीको यो खण्डकाव्य राजनीतिक क्रान्तिचेत घनीभूत भएको प्रगतिवादी कृति हो। यस कृतिमा कविले नेपाली निरङ्कुश राज्यप्रणालीको रूपान्तरण अतिआवश्यक ठान्दै त्यस रूपान्तरणको मूल कारण राजनीतिक क्रान्ति नै हो भन्दै यसको विकल्प नरहेको कुरा खुल्ला रूपले व्यक्त गरेका छन्। साथै त्यस क्रान्तिको प्रतिफल रूपमा गणतन्त्रको स्थापनालाई मुखरित गरेका छन्। हजुरबा र नातिबीचको संवादलाई प्रस्तुत गरी आफ्नो क्रान्तिचेतनाको अभिव्यक्ति यसरी प्रस्टरूपमा अभिव्यक्ति दिएका छन् :

सच्चा क्रान्ति रुँदैन सुँक्सुँक गरी धोका भयो हा ! भनी
मान्छे हो अगुवा नि, फेर्न सकिने नेता र पार्टी पनि
अर्काको मुखनिम्ति मात्र यसरी मर्दैन कोही कहीँ
आफ्नै निम्ति प्रणालिनिम्ति जनताका निम्ति हो क्रान्ति नि

(दिग्भ्रमबाट मुक्त : २१)

कवि ज्ञवालीको एकादेशमा खण्डकाव्य क्रान्तिचेतनाको विकासको नमुनाकृति हो। यस कृतिले क्रान्तिकारी भावनाको उच्चतर रूप प्रस्तुत गरेको छ। अर्थात् क्रान्तिचेतनाको पूर्ण विकासको अभिव्यक्तिका रूपमा एकादेशमा खण्डकाव्य देखिएको छ। यस कुरालाई रमेश भट्टले यसरी व्यक्त गरेका छन् : "परिवर्तन नै क्रान्ति हो तर कस्तो परिवर्तन ? कसका लागि परिवर्तन ? भन्ने कुरामा पनि यस खण्डकाव्यले यथेष्ट प्रकाश पारेको छ" (छलफल, २०६४ : ४)।

ज्ञवालीको यस चरणको क्रान्तिचेतनालाई यथेष्ट गुञ्जन गराउने दोस्रो कृति असुरग्याँस ¤

(कवितासङ्ग्रह, २०६२) हो। यसमा सङ्कलित २९ वटा कविताहरूमा देशमा व्याप्त हत्या,

हिंसा, ठगी, चोरी, बेरोजगारी, विलासिता, भ्रष्टाचार, निरङ्कुशता, अधिनायकीयता आदि प्रवृत्तिका विरुद्धको क्रान्तिकारी आवाजलाई विषयका रूपमा लिइएको छ। यहाँ 'आजको नेपाल', 'स्वतन्त्र देश बाँच्न द्यौ !', 'प्रतिगमन', 'अचम्मको वीर', 'बाँकी त्यै गणतन्त्र छ', 'क्रान्तिजीवन', 'गधा गाई बन्न सक्दैन', 'मान्छे त्यसै शान्त हुँदैन', 'बौलाएको कुकुरु मार्नैपर्छ', 'प्रश्नोत्तर', 'माथि उडेको छ बाज' लगायतका कविताहरूमा कविको क्रान्तिचेतना प्रखर रूपमा सल्बलाएको छ। यहाँका कविताको मूल अभिव्यक्ति भनेकै रूपान्तरित राज्यसंरचना हो। त्यसको माध्यम भनेकै आमूल परिवर्तनकारी क्रान्ति हो। यहाँ पुरानो उत्पादन र नयाँ उत्पादकशक्तिका बीचको असमायोजित अवस्थामा क्रान्तिको अपरिहार्यतालाई स्विकारिएको छ। तसर्थ यस सङ्ग्रहलाई कवि ज्ञवालीको क्रान्तिचेतनाले सिद्धि प्राप्त गरेको कविताकृतिका रूपमा लिन सकिन्छ। उनको क्रान्तिकारी कवितालेखनलाई उत्कर्षमा पुऱ्याउने काम यहाँका कविहरूले गरेका छन्। यस दोस्रो चरणमा उनको क्रान्तिचेतनाले निकै विस्तारित रूपमा आफ्नो प्रभाव जमाउन सफल भएको छ। यस चरणमा यी दुई प्रकाशित सङ्ग्रहमा बाहेक विविध पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि धेरै कविताहरू प्रकाशित भएका छन्। ज्ञवालीको सिर्जनायात्रा जतिजति विकसित हुँदै गएको छ, क्रान्तिको स्वर पनि त्यत्तिकै प्रौढ हुँदै विकसित भएको छ। समयसमयमा भएका विभिन्न कार्यक्रम र गोष्ठीहरूमा कवि स्वयंले वाचन गरेका कविताहरूमा पनि क्रान्तिको स्वर नै सल्बलाएको पाइन्छ भने अरू कविहरूका कविताहरूमा यिनले लेखेका भूमिकाहरूमा पनि यिनको क्रान्तिचेत सशक्त र सोद्देश्यरूपमा प्रस्तुत भएको पाइन्छ। यसरी कवि ज्ञवालीमा कवितालेखनमा जति मोह र राग रहेको छ। तिनमा क्रान्तिको स्वर भर्नमा पनि त्यत्तिकै चाख रहेको पाइन्छ। उनको दोस्रो चरणमा जति कविता आए, तिनमा क्रान्तिचेतनाको अभिव्यक्ति प्रमुख रह्यो। यस चरणका कवितामा कविले क्रान्ति र आफ्नो जीवनलाई अन्योन्याश्रित रूपमा प्रस्तुत गरेका छन्। यसरी रामप्रसाद ज्ञवालीको कवितामा निरन्तर क्रान्तिचेतनाको विकास भएको पाइन्छ।

यस चरणका ज्ञवालीका कविताहरूका मूल प्रवृत्तिलाई निम्नअनुसार सूत्रबद्ध गर्न सकिन्छ :

१. अन्तर्वस्तुका रूपमा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक अवस्थालाई लिनु।
२. कला र विचारको सन्तुलनमा कविता रच्नु।
३. भाषामा परिष्कार र बिम्बप्रतीकको प्रयोगमा रुचि दिनु।
४. मार्क्सवादी कलासौन्दर्यप्रति स्पष्ट हुँदै कवितलाई जीवन्त तुल्याउनु।

५. कलात्मक अभिव्यक्तिमा जोड दिनु ।

६. सामाजिक चेतना र क्रान्तिलाई विशेष महत्त्व दिनु ।

७. गणतन्त्रको स्थापनाका लागि क्रान्तिलाई अभिमुखीकरण गर्नु ।

८. सामाजिक, राजनीतिक, प्राकृतिक बिम्बप्रतीकको प्रयोग गर्नु ।

९. वर्तमान युगका कुरूप यथार्थहरूलाई टिप्दै तिनको समूल नष्ट गर्ने चेतनाको अभिव्यक्ति दिनु ।

१०. सर्वहारावर्ग तथा निम्नवर्गप्रतिको प्रतिबद्ध लेखन ।

११. विषयवस्तु छनौटमा मौलिकता, भावना गम्भीरता, विचारमा स्पष्टता, भाषाशैलीमा प्रयोगधर्मिता र शास्त्रीय लयविधानमा परिष्करण कवि रामप्रसाद ज्ञवालीका दोस्रो चरणका प्रवृत्तिहरू हुन् ।

## ४.२ रामप्रसाद ज्ञवालीका प्रकाशित कविता-काव्यको परिचयात्मक अध्ययन

### ४.२.१ 'आँसीका फूलहरू' (महाकाव्य, २०५३) को परिचयात्मक अध्ययन

रामप्रसाद ज्ञवालीको एकमात्र महाकाव्य आँसीका फूलहरू (२०५३) हो । ज्ञाननिष्ठ ज्ञवालीका विचारमा "नेपाली महाकाव्यसिर्जनाको स्वर्ण जयन्तीको अवसर पारेर विमोचित महाकाव्य आँसीका फूलहरू मार्क्सवादी कलासौन्दर्यका अनुयायी प्रगतिवादी सौन्दर्यका व्याख्याता ज्ञवालीको प्रगतिवादी काव्य हो" (२०६२ : ६) । आँसीका फूलहरू महाकाव्य वि.सं. २०४९ सालमा त्रि.वि. को नेपाली केन्द्रीय शिक्षण विभाग कीर्तिपुरमा सिर्जनात्मक पत्रअन्तर्गत डेढ महिनामा तयार पारिएको थियो. । यो महाकाव्य स्नातकोत्तर तहमा १०० पूर्णाङ्कका लागि सिर्जनाअन्तर्गत तयार पारिएको हुनाले यसको ऐतिहासिक महत्त्व छ। आँसीका फूलहरू महाकाव्य आफ्नो हकका लागि परम्परागत हैकमवादी र पुरातन मान्यताका विरुद्ध लडेको युद्धको प्रतिफल हो । यसबारेमा आँसीका फूलहरू महाकाव्यको भूमिकामा ज्ञवालीले आफ्नो भनाइलाई यसरी प्रस्तुत गरेका छन्, "२०४९ सालमा त्रि.वि. को नेपाली केन्द्रीय शिक्षण विभाग कीर्तिपुरमा मैले एउटा युद्ध लडेको थिएँ। त्यो युद्ध भावनाको थियो, त्यो युद्ध कल्पनाको थियो, त्यो युद्ध चेतनाको थियो र त्यो युद्ध सपनाको पनि थियो। त्यसै युद्धको एउटा परिणति हो आँसीका फूलहरू" (भूमिका खण्ड) ।

आधुनिक नेपाली महाकाव्यको इतिहासमा २०४६ सालपछि प्रकाशित महाकाव्यको रूपमा नवीनतम विषय र नयाँ धारणा लिई प्रस्तुत भएको आँसीका फूलहरू महाकाव्यमा

नेपालीहरूको कथा छ, नेपालीहरूको व्यथा छ, नेपालीहरूको हाँसो छ र नेपालीहरूको रोदन छ। समाजमा व्याप्त, गरिबी, दुःख-पीडा, दरिद्रता, अन्याय, अत्याचार, थिचोमिचो, भ्रष्टाचार, रूढि, अन्धता आदिका विरुद्ध क्रान्तिको आवाज भरिएको छ, आफ्नै छाती, आँखा, फोक्सो, बोली अनि आत्माबाट नै कविले कविताको स्रोत जुटाएका छन्। "यस महाकाव्यमा २०१७ सालयता लगातार सक्रिय हुँदै आएको जनक्रान्तिको अभियानले २०४६ सालमा आएर एउटा उचाइ प्राप्त गरेको देखाउँदै क्रान्तिका लागि जनतालाई अभिप्रेरित गरिएको छ। यो महाकाव्य क्रान्तिको समयमा, क्रान्तिकारी विषय रोज्दै, क्रान्तिकै वर्णन गर्दै र क्रान्ति गर्नलाई नै आह्वान गरिएको पूर्णरूपेण क्रान्तिकारी विषयक महाकाव्य हो। राष्ट्रिय अस्मितालाई सर्वोपरि महत्त्व दिँदै स्वतन्त्रताको आह्वानलाई उच्चस्थान दिने काममा औँसीका फूलहरू अगुवा भएको छ।

औँसीका फूलहरू २५९ पृष्ठको आयाममा संरचित महाकाव्य हो। यसमा प्रस्थान खण्डसहित १७ सर्ग (फूलहरू) मा वस्तु, पात्र, भाव र विचारको आख्यानीकरण हुन पुगेको छ। यसमा भाव, विचार र कलाको संयोजनद्वारा आख्यानलाई दुर्घटित हुनबाट जोगाई कथ्यलाई निश्चित ठाउँमा विश्राम दिँदै तयार पारिएको छ। यस महाकाव्यमा गद्य र पद्य दुवै लयको मिश्रण भएको छ। आठौँ र एघारौँ फूलहरू गद्यमा रचिएका छन्। गद्यबाहेक १२६० श्लोकमा रचित यो महाकाव्य कविको प्रगतिशील आशुकवित्वको परिणाम हो। यहाँ दुई हरफ वा पङ्क्ति (प्रस्थानखण्ड) देखि छत्तीस हरफ (सोह्रौँ फूल : २५३) सम्मका श्लोक वा पद्यको छन्दविधान पाइन्छ। अनुष्टुप्, शिखरिणी, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, मालिनी, उपजाति, द्रुतविलम्बित आदि गरी १९ वटा शास्त्रीय छन्दहरूद्वारा कवितालाई लयबद्ध वा छन्दोबद्ध पारिएको छ। यहाँ रूपक, उपमा, श्लेष, विरोध, उत्प्रेक्षा आदि अलङ्कारहरूबाट शब्द र अर्थको सौन्दर्यलाई प्रस्फुटित गराइएको छ। साथै सामाजिक, प्राकृतिक र राजनीतिक बिम्बप्रतीकहरूको प्रयोग पनि आवश्यकताअनुसार भएको छ। यहाँ परिवेशका रूपमा हुँगा भन्ने गाउँबाट कथाको आरम्भ गरी काठमाडौँ र भारतका विभिन्न नगरहरू, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक आदि स्थानका खोँच, बँसी, पाखा र वनजङ्गल आदिको विस्तृत भूभाग समेटिएको छ। यहाँ उद्देश्यमूलक कथावस्तु रहेकाले त्यसलाई पूरा गर्न विविध वर्गीय तथा लिङ्गीय पात्रहरूको छनोट गरी चरित्रगत संरचनालाई पूरा गरिएको छ।

औँसीका फूलहरू महाकाव्यमा विषयवस्तुका रूपमा सामाजिक तथा राजनीतिक अवस्थालाई लिइएको छ। समाजमा रहेका निम्नवर्ग र मध्यमवर्गका रोग, भोक, शोक नै यहाँ

सामाजिक अन्तर्वस्तुका रूपमा आएका छन् । निरङ्कुश राजतन्त्र र अधिनायकवादी सत्ता र त्यसका विरुद्ध भएको क्रान्ति राजनीतिक अन्तर्वस्तुका रूपमा आएका छन् । नेपालको ग्रामीण जिल्ला गुल्मीको हुँगा भन्ने ठाउँबाट कथावस्तुको आरम्भ भएको यस महाकाव्यमा "फाटेको फरियाले जिनतिन घुँडा ढाक्ने श्रमिक महिलाको आत्मकथा छ । पसिना बगाएर पनि खाने कुरा नपाएका मान्छेको कथालाई यसले समेटेको छ । औषधीको अभावमा अकालमा ज्यान गुमाउन विवश मान्छेको व्यथा समेटेको छ । समाजशास्त्रीले हेर्न नभ्याएको र अर्थशास्त्रीले देख्न नचाहेको जीवनको रुवाइ र चहऱ्याइलाई यस महाकाव्यले आफ्नो विषय बनाएको छ" (सापकोटा, २०५७ : ७१)

औँसीका फूलहरू महाकाव्यको आरम्भ मङ्गलाचरणबाट भएको छ । प्रस्थानखण्डको प्रथम श्लोकमा जनतालाई नै देवताको रूपमा र उनीहरू रहने देशलाई मन्दिरको रूपमा लिँदै जनशक्तिलाई महत्त्व दिइएको छ । यस खण्डमा कविले महाकाव्य आउनुको कारण र यसमा प्रयोग गरिएका विषय आदिका बारेमा सङ्केत गरेका छन् र महाकाव्य पूरा गर्न आफूभन्दा अग्रज कविसँग विनम्रतापूर्वक गुणहरूको आह्वान गरेका छन् ।

प्रथम फूलबाट यसको कथावस्तु आरम्भ भएको छ । यहाँ हुँगा गाउँको प्राकृतिक सौन्दर्यका साथै त्यहाँ रहेका निम्नवर्गको जीवनचरित्रलाई चित्रण गरिएको छ । स्थानीय चाडपर्व र परम्पराको वर्णन गर्दै सुशीलाको परिवारको दयनीय स्थिति, उसको र शिक्षकको प्रेम र शारीरिक सम्पर्क आदिको वर्णन यस सर्गमा भएको छ ।

त्यसपछि घरबाट चिठी आएको निहुँमा शिक्षक सुशीलालाई छोडी आफ्नै घर फर्कन्छ । सुशीला र शिक्षकको अनैतिक यौनसम्पर्कबाट सुशीला गर्भवती भएकी हुन्छे । समाजमा उसका बारेमा धेरै हल्ला चल्छ, समाजले उसलाई नानाथरी गाली गर्दछ । यसले गर्दा सुशीला समाजमा रहेर बस्न नसक्ने अवस्था आउँछ । केही समयपछि बच्चा जन्मन्छ । त्यस बच्चालाई बाटोमा अलपत्र छाडेर सुशीला नदीमा हाम फालेर मर्छे । यता बच्चा बाटोमा अलपत्र पर्दै जाँदा एकजना सन्तान नहुने व्यक्तिले भेट्छ र घर लैजान्छ र आफ्नी पत्नीलाई दिन्छ । बच्चालाई पाएपछि उसकी पत्नीले पनि निकै खुसी हुँदै त्यस बच्चालाई पाल्छे । त्यस बच्चाको नाम कमल राखिन्छ । तर केही समयपछि उनीहरूको आफ्नो सन्तान हुने स्थिति आउँछ । त्यसपछि उनीहरूले कमललाई अनाथालय लगी राखिदिन्छन् । कमल पनि अनाथालयमा हुर्कंदै जान्छ र त्यहीँबाट पढ्न सुरु गरी उच्चशिक्षा प्राप्त गर्दछ । क्याम्पसमा शिक्षा लिने क्रममा ऊ राजनीतितर्फ लाग्छ । तत्कालीन निरङ्कुश राजतन्त्रको विरुद्ध क्रान्ति गर्दछ । विभिन्न ठाउँमा

भाषण गर्दै हिँड्छ । यसैले गर्दा उसमाथि पुलिसको आँखा पर्दछ । पुलिसले उसको पिछा गर्ने गर्दछन् । त्यसै क्रममा एकदिन पुलिसले लखेट्दै जाँदा ऊ बच्चनलाई पुतलीको घरभित्र छिर्दछ । पुतलीसँगको भेटघाट र उसँगको एकरातको बसाइपछि कमल त्यहाँबाट हिँड्दछ र फेरि कुनै समयमा पुतलीसँग उसको भेट हुन्छ । त्यसै क्रममा पुतली र कमलबीच मायाप्रेम हुन थाल्छ र मायाप्रेम बढ्दै जाँदा उनीहरू विवाहसमेत गर्न पुग्दछन् । अब दुवैजना सशक्त भएर क्रान्तिमा लाग्दछन् । एकदिन पुतली पोस्टर टाँस्दै गर्दा पुलिसको फन्दामा पर्छे । पुलिसले उसलाई थुनिदिन्छन् । कमल यो कुरा थाहा पाएपछि पुतलीलाई छुटाउन नक्कली पुलिस बन्दै पुलिसमा भर्ना हुन्छ । तर पुतलीले यो वास्तविकतालाई थाहा नपाई कमललाई प्रतिगमनकारीसँग मिलेको ठान्छे र आफू आत्महत्या गर्छे । यसबाट कमल आक्रोशमा आई पुलिसलाई मारेर त्यहाँबाट जङ्गलतिर भाग्दछ । ऊ फेरि पुलिसबाट समातिन्छ, त्यहाँ उसलाई कठोर यातना र पीडा दिइन्छ । यता देशमा कमलजस्तै महान् सपूतहरूको त्याग र योगदानले २०४६ सालमा प्रजातन्त्र आउँछ । प्रजातन्त्रपछि केही आशा पलाएको बेलामा वीर सपूत कमल सबैतिरबाट अपमानित भएर षड्यन्त्रपूर्वक मारिन्छ । यसरी सोह्रौँ फूलमा आएर महाकाव्यको कथावस्तु दु:खान्त अवस्थामा अन्त्य भएको छ ।

यस महाकाव्यमा मुख्य पात्रका रूपमा कमल, पुतली, सुशीला र शिक्षक रहेका छन् भने सहायक पात्रका रूपमा सुशीलाकी आमा, बहिनीहरू, सन्तानविहीन दम्पत्ति, अनाथालयका बच्चाहरू, रामबहादुर, प्याकुली, बिर्खे र खलपात्रका रूपमा प्रहरी तथा निरङ्कुश राजतन्त्रका हिमायतीहरू रहेका छन् ।

आँसीका फूलहरू महाकाव्य निश्चित उद्देश्यको सिद्धिका निम्ति लेखिएको महाकाव्य हो । तसर्थ यसले उद्देश्यलाई पूर्ण गर्दै पाठकवर्गमा न्यायपूर्ण समाजको स्थापनाका लागि त्याग, बलिदान, समर्पण र प्रतिबद्धतासहित क्रान्ति सम्पन्न गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

४.२.२ 'पुतली र भ्रुसिल्किरा' (कवितासङ्ग्रह, २०५९) को परिचयात्मक अध्ययन

कवि रामप्रसाद ज्ञवालीको कवितायात्राको प्रथम चरणको अन्तिम समयमा प्रकाशित पुतली र भ्रुसिल्किरा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक विषयलाई अन्तर्वस्तु बनाएर लेखिएका कविताहरूको सङ्ग्रह हो । यस कवितासङ्ग्रहमा सङ्कलन हुन आएका कविताहरू २०४६ पछि देखिएका विकृति, विसङ्गति, हत्या, हिंसा, घुसखोरी, चोरी, शोषण, दमनजस्ता विषयलाई मूल आधार बनाई तयार पारिएका छन् । यो सङ्ग्रह आधुनिक नेपाली काव्ययात्राको समसामयिक धाराअन्तर्गतको प्रगतिवादी धाराको कवितासङ्ग्रह हो । वर्तमान

समयमा गद्य कविताले स्थान पाइरहेको अवस्थामा कवि ज्ञवालीले शास्त्रीय छन्दका विविध (मात्रिक, वर्णमात्रिक) लयहरूलाई सरल, सहज र परिष्कृत शैली प्रयोग गर्दै भावात्मक रागहरूमा अभिव्यक्त गरेका छन् । तीमध्ये अनुष्टुप् छन्दको विशिष्ट प्रयोग भएको कृतिको नमुना पुतली र झुसिल्किरा कवितासङ्ग्रह हो ।

पुतली र झुसिल्किरा लघुआकारको कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा दुई खण्ड रहेका छन् । पहिलो खण्डमा सातवटा कविता सङ्कलित छन् भने दोस्रो खण्डमा चौधवटा कविताहरू सङ्कलित छन् । पहिलो खण्डलाई लघुकाव्यहरूको सङ्ग्रहका रूपमा तयार पारिएको छ भने दोस्रो खण्डलाई कविताको सङ्ग्रहका रूपमा तयार पारिएको छ । प्रथम खण्डमा 'घर', 'छाप्रा र डोजर', 'परेबी, अण्डा, गोमन र योद्धा', 'जङ्गलको चुनाव', 'पर्खाल', 'प्रजातन्त्र र नायक', 'आक्रोश', 'चौतारी भत्काउनेहरू', 'इतिहास साक्षी छ' गरी सात लघुकाव्य रहेका छन् । त्यसैगरी दोस्रो खण्डमा 'सच्चा कवि', 'युगपुरुष', 'फेरि जन्मूँ कि', 'सार्थक र सुन्दर जुनी', 'कृतघ्नता', 'अब रुन्नँ म', 'जय वा पराजय ?', 'रुँदैनन् क्रान्तिका स्वर', 'साक्षी छ पुस्तकालय', 'प्रेम ? धेरै फरक पो छ त !', 'सापेक्षित गौरव', 'जीवन पीडा र गन्तव्य', 'विश्वासको प्रश्न' र 'म त्यस्तो बन्न सक्तिनँ' जस्ता चौधवटा फुटकर कविताहरू रहेका छन् । यस सङ्ग्रहमा रहेका सम्पूर्ण कविता-काव्यहरू शास्त्रीय अनुष्टुप् छन्दमा लयबद्ध भएका छन् । यहाँ तत्सम शब्दको आधिक्यताका साथै तद्भव र मौलिक नेपाली शब्दहरूको प्रयोग, अनुकरणात्मक शब्दहरूद्वारा भाषिक रमणीयता, सुबोध र सुकोमल झर्रो नेपाली शब्दहरूको प्रयोग, निपातहरूको प्रयोग गरिएको छ । सामाजिक, प्राकृतिक र राजनीतिक बिम्बप्रतीकहरूको प्रयोग, रूपक, उत्प्रेक्षा, विरोधजस्ता अलङ्कारहरूको प्रयोग यथायोग्य भएको पाइन्छ । ओजस्वी, यशस्वी सरल, सहज र उद्देश्यमूलक भाषाशैली एवं सूक्तिमयता, लालित्यजस्ता कलात्मक सौन्दर्यहरूले यो कविता-काव्य आस्वाद्य बन्न पुगेको छ । अभिधा, लक्षणा र व्यञ्जना तीनै रूपका कविलाई राखी अर्थ्याउन सकिने कविकौशलजन्य अभिव्यक्ति यस सङ्ग्रहमा रहेको छ । यस सङ्ग्रहमा 'घर, छाप्रा र डोजर' शीर्षकको कविताबाट कविता सुरु भई 'म त्यस्तो बन्न सक्दिनँ' शीर्षकको कवितामा पुगी अन्त्य भएको छ ।

भाव, लय, बिम्ब, अलङ्कार जस्ता विधातत्त्वहरूमा सबल र मूर्त बनेको पुतली र झुसिल्किरा कवितासङ्ग्रहमा पचासको दशकभित्र रहेका तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक विकृति, विसङ्गतिजस्ता कुरालाई यथार्थ रूपमा चित्रण गर्दै राष्ट्रियता, स्वाभिमान, स्वतन्त्रताका पक्षमा क्रान्ति गर्न आह्वान गरिएको छ । ज्ञवालीको यस सङ्ग्रहका कवितामा मानवीय संवेदना र राष्ट्रिय ममताले ठाउँ पाएका छन् । साथै अन्याय, अत्याचार, शोषण,

दमन, हत्या-हिंसाप्रति आक्रोश व्यक्त गर्दै क्रान्ति अभिप्रेरित गरिएको छ। शान्ति, विकास र प्रजातन्त्रका पक्षधर कविको चिन्तन मानवहित र राष्ट्रिय हितमा समर्पित रहेको छ। राजनेताहरूले सीमित स्वार्थपूर्तिका निम्ति आफ्नो कर्तव्य नै भुली आफ्नो देशलाई नै घात गरेकाले यहाँ झुसिल्किरासँग नेतृत्व वर्गलाई दाँजिएको छ। झुसिल्किराले जसरी आफू बस्ने घर नै नष्ट गर्दछ त्यसैगरी देशलाई नै नष्ट पार्ने नेतृत्वको प्रतीकका रूपमा यहाँ झुसिल्किरालाई लिइएको छ। पुतलीलाई प्रकृतिको सुन्दर सृष्टिका रूपमा लिँदै झुसिल्किराबाट पुतलीको रक्षा गरिनुपर्ने कुरा व्यञ्जित छ। ठूलो त्याग, तपस्या र बलिदानबाट प्राप्त भएको प्रजातन्त्रको संरक्षण-संवर्द्धन गर्ने अभिप्रेरणा कवितामा सम्प्रेषण गरिएको छ। निम्नस्तरका नेताहरूले चुनाव जितेर सत्तामा पुगेपछि देश र जनतालाई धोका दिँदै जनताका आशा र भरोसामा कुठाराघात गरेकोमा कवितामार्फत कविले तिनीहरूका विरुद्ध क्रान्तिकारी कदम चाल्नका लागि आह्वान गरेका छन्।

पुतली र झुसिल्किरा कवितासङ्ग्रहका कविताहरूले युगीन आवाजलाई वाणी दिएका छन्। यी रचनाहरू वर्तमानप्रति सचेत छन् भने भविष्यप्रति पनि त्यतिकै सचेत रहेका छन्। सातवटा लघुकाव्यका माध्यमबाट कविताविधामा छुट्टै प्रयोग गर्ने प्रयास पनि कविले गरेका छन्। उपन्यासको लघुउपन्यास हुन्छ, नाटकको लघुनाटक हुन्छ, निबन्धको लघु लघुनिबन्ध हुन्छ भने प्रबन्धकविताको लघुकाव्य किन हुँदैन ? भन्ने आशयसहित यस सङ्ग्रहमा केही लघुकाव्य प्रस्तुत गरिएका छन्। आकारका दृष्टिले यी रचनाहरू फुटकर कवितासरहकै देखिन्छन् तर आयाम, आख्यान र पात्रनिर्माणको प्रबन्धनले यिनलाई लघुकाव्य भन्न सकिन्छ। विशिष्ट र चमत्कार उत्पन्न गर्ने आख्यान उपयोग गरी प्रतीकात्मक तथा बिम्बात्मक अभिव्यक्ति दिनु लघुकाव्यको विशेषता देखिन्छ।

### ४.२.३ 'एकादेशमा' (खण्डकाव्य, २०६१) को परिचयात्मक अध्ययन

रामप्रसाद ज्ञवालीको दोस्रो चरणको पहिलो कृति एकादेशमा खण्डकाव्य हो। यो खण्डकाव्य भाव, विचार र कल्पनाको त्रिवेणी बनेर आएको छ। सौन्दर्यात्मक अभिव्यक्ति दिने कवि ज्ञवालीले राजनीतिक विषयवस्तुमा कलात्मक रङ्ग भर्दै यो खण्डकाव्य प्रस्तुत गरेका छन्। यो खण्डकाव्य वर्तमान नेपालको राजनीतिक स्वरूप यथार्थ इतिहास र व्यञ्जनामा केन्द्रित भएर गणतान्त्रिक विचार अभिव्यञ्जित गर्ने तथा समकालीन युगको प्रतिनिधित्व गर्ने काव्यकृति हो। यस खण्डकाव्यको विषयवस्तु मानवसभ्यताको विकासक्रममा देखापरेका सामन्तवादको मूलप्रवृत्ति एवं पचासको दशकपछि नेपाली राजनीति र समाजमा देखिएका

विविध विकृति-विसङ्गति र अधिनायकवादी बुर्जुवा शासनपद्धति नै रहेका छन् । विशेषतः २०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी सम्पूर्ण शक्ति आफ्नो हातमा लिएर नेपालमा निरङ्कुश अधिनायकवादी शासनपद्धति लादेपछि जनतामा रहेका सम्पूर्ण अधिकार बन्देज भए । लेख्ने, बोल्ने र भेला हुने स्वतन्त्रतासमेत हनन भयो । निरङ्कुशताको राज्यसत्ता पुनःस्थापना भयो । यस किसिमको शासनपद्धतिदेखि आक्रोशित भएका कवि ज्ञवालीले सामन्ती निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने अठोटका साथ यस खण्डकाव्यको रचना गरेका छन् । यसमा पूर्णजनवादी गणतन्त्रको पक्षमा क्रान्तिको आह्वान भएको छ । यस कृतिका बारेमा समालोचक हेमनाथ पौडेलले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् - "एकादेशमा (खण्डकाव्य २०६१) कवि ज्ञवालीद्वारा लिखित गणतान्त्रिक विचारले अभिशिप्त समकालीन युगको प्रतिनिधित्व गर्ने काव्यकृति हो" (शब्दसंयोजन, २०६२ : ३६) । एकादेशमा खण्डकाव्य प्रगतिवादी कविको परिवर्तनगामी कृति हो । यसमा निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण गणतन्त्रको स्थापनाका लागि आह्वान गरिएको छ ।

आकारका दृष्टिले सानो देखिने एकादेशमा प्रबन्धविधानका दृष्टिले एक महत्त्वपूर्ण खण्डकाव्यका रूपमा देखिन्छ । आन्तरिक र बाह्य दुवै संरचना पुष्ट देखिने यस खण्डकाव्यलाई सङ्क्षिप्त, सूत्रात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । यहाँ बिम्ब-प्रतीकहरूको विशिष्ट प्रयोगले मितव्ययी र सार्थक अभिव्यक्ति पाइन्छ । जम्मा ५३ पृष्ठमा पूर्ण बनेको यस खण्डकाव्यमा कथावस्तुलाई पाँच शीर्षकमा उनिएको छ । यसमा 'दिग्भ्रम', 'बाँदर राज्यको स्थापना', 'अचम्मको रहर', 'बाँदरको अवसान', 'दिग्भ्रमबाट मुक्ति' गरी पाँच खण्ड रहेका छन् । शार्दूलविक्रीडित, अनुष्टुप्, इन्द्रवंशा, उपजातिजस्ता वर्णमात्रिक शास्त्रीय छन्दहरूका सुललित पदावलीहरूले भरिएका पङ्क्तिपुञ्ज र सूक्तिमयताले काव्यलाई आस्वाद्य बनाएका छन् । प्राकृतिक, राजनीतिक, सामाजिक र काल्पनिक बिम्बप्रतीकहरूको मौलिक चयन यस खण्डकाव्यमा भएको छ । उपमा, दृष्टान्त, विरोध, उत्प्रेक्षा जस्ता अलङ्कारको संयोजनले खण्डकाव्य सौन्दर्यात्मक बनेको छ । यस खण्डकाव्यमा पाञ्चाली रीति र माधुर्य गुणको आधिक्य पाइन्छ । विचारमा स्पष्टता, कलामा उच्चता, भावमा गम्भीरता, सम्प्रेषणमा प्रभावकारिता र भाषामा परिष्कृतताले गर्दा यो खण्डकाव्य विशिष्ट बनेको छ । कविकल्पनाप्रसूत तर लोककथात्मक शैलीमा प्रस्तुत यस खण्डकाव्यको कथावस्तु हजुरबा र नातिको संवादबाट अगाडि बढेको छ । क्रान्तिका लागि अगाडि बढेको 'म' पात्र नेताहरूले क्रान्तिकै बीचमा धोका दिएपछि एकान्त कोठामा अत्यन्त दिग्भ्रमित हुँदै भविष्यका बारेमा

सोच्दै बसेको बेला कोठामा हजुरबाको प्रवेश हुन्छ। नातिको यस्तो दयनीय, विक्षिप्त अवस्था देखी हजुरबाले उसको चिन्ताका बारेमा नातिलाई सोध्दछन्। नातिले नेतृत्व गर्ने नेताहरूले निरङ्कुश राज्यसत्तासँग मिली वार्ता गरेर क्रान्तिलाई धोका दिएको कुरा भन्छ। त्यसपछि हजुरबाले नातिलाई बाँदरको कविकल्पनाप्रसूत ऐतिहासिक कथा सुनाउँछन्। कथाअनुसार कुनै ठाउँमा एउटा अत्यन्त रमणीय सुन्दर बाँदरको राज्य हुन्छ। त्यहाँ प्रकृति हराभरा छ, जताततै फूल फुलेका छन्। बाँदरहरू पनि खुसीका साथ रहेका छन्। तर समय बित्दै जाँदा बाँदरको सङ्ख्या पनि वृद्धि हुँदै जान्छ। ती बाँदरहरूका बीच आपसमा झै-झगडा हुने, एउटाले अर्कालाई पिट्ने, हेप्ने गर्न थाल्छन्। यस्तो अवस्थामा बाँदरहरूलाई आपसको झै-झगडा मिलाउन सक्ने एउटा नेतृत्वदायी अगुवाको आवश्यकता पर्छ। त्यसैले सबै बाँदरहरू मिली एउटा जान्ने र ठूलो बाँदरलाई छानी राजा बनाउँछन्। राजा बनेको केही समयसम्म बाँदरराजाले बाँदरहरूमा केही शान्ति, सुशासन मिलाउँछ तर केही समयपछि बाँदर राजामा घमन्ड बढ्छ। अहङ्कार बढ्दै जाँदा ऊभित्र अरू बाँदरहरूको टाउकोमा टेकी सर्वोच्च शिखरभन्दा पनि अग्लो ठाउँमा बसी संसार हेर्ने इच्छा जाग्दछ। यो इच्छापूर्ति गर्न उसले सारा बाँदरलाई एकमाथि अर्को गर्दै खात लागेर पर्खाल बन्न आदेश दिन्छ। त्यसपछि बाँदरसेनाहरूले पनि खातका खात लाग्दै पर्खाल बनाउँछन्। बाँदरराजाले पर्खाललाई अझ अग्लो पार्न आदेश दिन्छ। यसले गर्दा पिँधमा परेका बाँदरहरूलाई गाह्रो पर्दछ, उनीहरू थाक्दछन् र त्यस्तो अन्याय नगर्न आफ्नो मालिकसँग अनुरोध गर्दछन्। तर अहम्ले उन्मत्त भएको बाँदरराजाले सेनाहरूलाई उल्टै नानाथरी गाली गर्दछ। आफ्नो स्वामीको घमन्ड देखी बाँदरसेनाहरूले पटक-पटक सम्झाउँछन् तर ऊ सम्झँदैन। पिँधमा रहेका बुद्धिमान् आठजना बाँदर मिली बाँदरवृक्षलाई भत्काउने सल्लाह गर्दछन् र पिँधका बाँदरहरू एक्कासि जगबाट हट्दछन्। बाँदरवृक्ष गर्ल्यामगुर्लुम भत्किन्छ। माथि शिरमा रहेको बाँदरराज एकैपटक तल गुट्मुटिन्छ। ऊ ठूलो पत्थरमा ठोकिन्छ। उसको शरीर टुक्राटुक्रा हुन्छ। त्यसलाई स्याल र गिद्धले लुछ्छन्। बाँदरराजको अन्त्यसँगै बाँदरराज्यमा अन्यायी, अत्याचारी, निरङ्कुश राजतन्त्रको अन्त्य हुन्छ र अन्त्यमा बाँदरराज्यमा गणतन्त्रको स्थापना हुन्छ। यसरी हजुरबाले नातिलाई कथा सुनाएर तिमी पनि अब आफू नै क्रान्तिको नेतृत्व गर र बाँदरसेनाले झैँ निरङ्कुश राजतन्त्रलाई अन्त्य गर्न अगाडि बढ भन्दै क्रान्तिका लागि प्रेरणा दिएका छन्। अन्त्यमा नातिले पनि हजुरबाको कुरा सुनी दिग्भ्रमबाट मुक्त भई गणतन्त्रका लागि आफै नेतृत्व गरी क्रान्तिमा लाग्न कम्मर कसेको छ।

यसरी हजुरबाका माध्यमबाट एउटा प्रतीकात्मक आख्यान पूरा हुन्छ। एकादेशमा खण्डकाव्य सन्देशमूलक, उद्देश्यमूलक र अभिव्यक्तिका दृष्टिले सशक्त रहेको छ। वर्तमानको कुरूप यथार्थलाई टिप्दै तिनलाई समूल नष्ट गर्ने चेष्टा र अभिव्यक्तिका साथ यसमा भविष्यदृष्टिसमेत अङ्कन भएको पाइन्छ। यस खण्डकाव्यले वर्तमानबोध जति टड्कारो रूपमा गरेको छ, भविष्यप्रति दृष्टिकोण पनि त्यत्तिकै सशक्त रूपमा प्रस्तुत गरेको छ। "समानता, स्वतन्त्रता र स्वाधीनताको सन्देश दिँदै क्रान्तिको माध्यमबाट गणतन्त्रको स्थापना गर्नुपर्ने उद्देश्यलाई यसले बल पुऱ्याएको छ। त्यसैले कविकल्पनाप्रसूत तर लोककथात्मक शैलीमा प्रस्तुत यस काव्यको मूलसन्देश भनेको गणतन्त्रात्मक लोकतन्त्रको स्थापनातर्फ नेपाली जनतालाई उत्प्रेरित गर्नु हो" (पौडेल, २०६२ : ३७)।

### ४.२.४ 'असुरग्याँस !' (कवितासङ्ग्रह, २०६२) को परिचयात्मक अध्ययन

वि.सं. २०६२ मा प्रकाशित असुरग्याँस ¤ (कवितासङ्ग्रह) गणतान्त्रिक स्वरले घनीभूत तथा कलामूल्यका दृष्टिले उच्च कवितासङ्ग्रह हो। २०५९ सालपछिको सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक अवस्थालाई विषयवस्तु बनाएर लेखिएका कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन्। यस सङ्ग्रहका कविताहरू लयका दृष्टिकोणले पद्यात्मक, भावका दृष्टिले यथार्थवादी, सारका दृष्टिले प्रगतिवादी र कलाका दृष्टिले उच्चकलात्मक रहेका छन्। देवी नेपालको विचारमा "यो कृति कला र विचारको उत्कृष्ट संयोजन हो भने विचार, व्यवहार, अभिव्यक्ति, कला, भाव, बिम्ब-प्रतीक, लय, छन्द, अलङ्कार आदि तत्त्वहरूले विशिष्ट बनेका कविताहरूको सँगालो पनि हो" (असुरग्याँस !, भूमिका : २०६२)। त्यस्तै रमेश शुभेच्छुकका दृष्टिमा "यो कृति समाजशास्त्र, राजनीतिशास्त्र, साहित्यशास्त्र सबैसबैको विशिष्ट संयोजन हो" (२०६४ : ८)। यस कवितासङ्ग्रहमा तत्कालीन समाज र राजनीतिमा घटेका यथार्थ घटनाको चित्रण पाइन्छ। यहाँ अन्याय, अत्याचार, हत्या, हिंसा, दमन, शोषण, उत्पीडन, निराशा, शून्यता र पलायनजस्ता कुराको विरुद्धमा क्रान्तिचेतनाको स्वर पाइन्छ। पूर्णजनवादी गणतन्त्रको पक्षधरता नै यस सङ्ग्रहका कविताहरूको मूल अभीष्ट रहेको छ।

जम्मा २९ वटा कविताहरू सङ्कलित असुरग्याँस ! कवितासङ्ग्रहमा चारवटा खण्डहरू रहेका छन्। जसमा खण्ड 'क' लाई विस्मात्-वेदना, खण्ड 'ख' लाई वितृष्णा-विद्रोह, खण्ड 'ग' लाई विचार-विश्वास, खण्ड 'घ' लाई विमला-विभव नाम दिइएको छ। यीमध्ये पहिलो खण्डमा 'आजको नेपाल सुनी नसक्नुभयो', 'म खुम्ची बस्न सक्दिनँ', 'स्वतन्त्र देश बाँच्न द्यौ',

'हे देवकोटा भन', 'मन हिच्किचाउँछ', 'आमाले विश्वास गरिनन्' गरी सातवटा कविता रहेका छन् भने खण्ड 'ख' मा 'प्रतिगमन', 'अचम्मको वीर', 'आत्महत्या गरे भयो', 'माथि उड्दै छ बाज', 'जनताको अभिमत', 'मगन्ते क्रान्ति गर्दिनँ', 'मऱ्यौ कि क्या हो ?', 'मर्नलाई तयार बन् !', 'प्रश्नोत्तर' गरी नौवटा, खण्ड 'ग' मा 'कवि होस् कविता भित्रै ...', 'मान्छे शान्त त्यसै हुँदैन', 'बौलाएको कुकुर मार्नै पर्छ', 'गधा गाई बन्नै सक्दैन', 'हामी तयार छौँ', 'बाँकी त्यै गणतन्त्र छ', 'क्रान्ति जीवन' र खण्ड 'घ' मा 'आमा हुन् परमेश्वर', 'बसन्त प्रिया', 'कोइली र फागुन', 'यै देशलाई मर', 'बालबालिका शान्तिक्षेत्र हुन्', 'पश्चाताप' गरी छ वटा कविताहरू रहेका छन् ।

यस सङ्ग्रहमा सङ्कलित सबै कविताहरू शास्त्रीय छन्दमा लयबद्ध छन् । शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप्, उपजाति छन्दहरूमा प्रस्तुत गरिएका यी कविताहरूमा अनुष्टुप् छन्दको आधिक्य छ । सुगठित शैली, पद्यात्मकता, जीवनवादी सौन्दर्यचेतना र सूक्तिमयताले यी कविताहरू उच्चकलात्मक बनेका छन् । यहाँका कविताहरू सरल, सहज र सम्प्रेषणीय रहेका छन् । भावमा गम्भीर, विचारमा प्रगतिशील, अभिव्यक्तिमा निर्भीक प्रवृत्ति यहाँ पाइन्छ । यस सङ्ग्रहका कवितामा प्रसाद गुण, पाञ्चाली रीति, वस्तुध्वनि र रसध्वनिको कलात्मक प्रस्तुतिका साथै अभिधा, सुबोध वक्रताजस्ता अभिव्यक्ति शैलीको प्रयोग भएको छ । सामाजिक, प्राकृतिक र राजनीतिक बिम्बप्रतीकको प्रयोगले कलात्मक बनेका कविताहरूमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, विरोध, अतिशयोक्ति, स्वाभावोक्ति आदि अनेक अलङ्कारको प्रयोगले शब्द र अर्थको सौन्दर्य उच्च बनेको छ ।

देशमा चल्दै आएको निरङ्कुशता, पराधीनता, अन्याय, अत्याचार र सामन्तवादका विरुद्ध आक्रोश व्यक्त गर्दै लेखिएको असुरग्याँस कवितासङ्ग्रहका कविताहरूको मूलभाव जनविरोधी राज्यव्यवस्थाका विरुद्धमा क्रान्तिकारी चेतना फैलाउनु हो । स्वतन्त्र र उन्मुक्त समाजको निर्माणका लागि क्रान्तिको भाव सम्प्रेषण गर्दै युगीन आवाजको अभिव्यक्ति दिनु यस सङ्ग्रहको उद्देश्य रहेको छ । यहाँ अन्याय-अत्याचार बढ्दै गएकाले क्रान्तिको विकल्प छैन भन्ने धारणा कविले व्यक्त गरेका छन् । विश्वबोध, युगबोध र इतिहासबोधका दृष्टिले असुरग्याँस कवितासङ्ग्रहका अधिकतम कविताहरू उदाहरणीय रहेका छन् । यहाँका कविताहरूले समकालीन यथार्थलाई टिप्दै भूतलाई विश्लेषण गर्दै भविष्यलाई मार्गनिर्देशन गरेका छन् । यहाँका धेरै कविताहरू युगौँयुग चिरस्थायी हुने प्रकृतिका छन् । मानवीय मूल्यबोध र सूक्तिमयताले गर्दा यिनमा शाश्वतताका गुण बढेका देखिन्छन् ।

मूलतः प्रगतिवादी धाराको मान्यताअनुरूप लेखिएको क्रान्तिचेतनाको सशक्त अभिव्यक्ति भएका कविताहरूको सङ्ग्रह असुरग्याँस ! वर्गद्वन्द्व वा वर्गसङ्घर्षको अभिव्यक्ति दिने नमुनासङ्ग्रह हो। समाजका विकृत यथार्थलाई उद्घाटन गर्दै त्यसको परिवर्तन वा रूपान्तरणको स्वर यहाँ गुन्जिएको छ। भाषा, शैली, छन्द, बिम्ब, प्रतीक, रस, अलङ्कार, गुण, रीति, ध्वनि आदि काव्यतत्त्वहरूको समुचित प्रयोग गरिएको यस कवितासङ्ग्रहका सबै कविताको मूल भाव राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र समानताका निम्ति निर्विकल्परूपमा गणतन्त्रस्थापना गर्नुपर्ने, मानवीय मूल्यबोध र शिष्ट सौन्दर्य रहेको छ। यसमा कवितासम्बन्धी निजी धारणा प्रस्तुत गर्ने कविताका साथै त्यस धारणाको पुष्टि गर्ने कविताहरूको संयोजन रहेको पाइन्छ।

## ४.३ कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा सामाजिक क्रान्तिचेत

### ४.३.१ विषयप्रवेश

क्रान्ति परिवर्तनको मूल आधार वा कडी हो। सामाजिक क्रान्ति समाजमा रहेका र चलेका परम्परागत यथार्थबाट सकारात्मक नयाँ यथार्थको सिर्जना गरी समाजको नवीन संरचना निर्माण गर्ने कार्य हो। समाजमा व्याप्त कुरीति, कुसंस्कार, शोषण, उत्पीडन र थिचोमिचोजस्ता कुराका विरुद्धमा विद्रोह र त्यसमार्फत समाज रूपान्तरणको कार्य नै सामाजिक क्रान्ति हो। सामाजिक क्रान्तिद्वारा समाजमा रहेका पुराना मूल्यमान्यता र परम्परामा परिवर्तन गरिन्छ। समाजमा हुने गरेका अन्याय, अत्याचार, हत्या, हिंसा, शोषण, दमन, थिचोमिचो, अन्धविश्वास, रोग, भोक, शोकबाट मुक्ति दिलाउन सामाजिक क्रान्ति हुने गर्दछ। मार्क्सका अनुसार सामाजिक क्रान्ति हुनु भनेको समाजका दुई वर्ग शोषक र शोषितबीचको सङ्घर्ष हो। "शोषक र शोषित वर्गबीच निरन्तर रूपमा वर्गद्वन्द्व वा वर्गसङ्घर्ष हुने गर्दछ। यो वर्गद्वन्द्व तबसम्म चलिरहन्छ जबसम्म समाज वर्गविहीन अवस्थामा आइपुगेको हुँदैन। यस्ता वर्गीय समाजमा कलासाहित्य वर्गसङ्घर्ष र वर्गविद्रोहका संवाहक हुन्छन्" (मार्क्स एङ्गेल्स, १९८२ : १२०)। सामाजिक चेतनाका अन्य रूपबाट पनि समाजमा विद्रोह वा क्रान्ति हुने गर्दछ तर सौन्दर्यात्मक क्रान्तिचेतनाचाहिँ कलासाहित्यको निजी विशेषता हो। यही सौन्दर्यात्मक क्रान्तिद्वारा समाजपरिवर्तनको चाहना गर्ने व्यक्ति हुन् कवि रामप्रसाद ज्ञवाली। उनका कविता-काव्यलगायत सबै विधाका रचनाहरूमा सौन्दर्यात्मक क्रान्तिचेतनाको अभिव्यक्ति पाइन्छ।

कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा प्रस्तुत भएका विविध क्रान्तिचेतमध्ये सामाजिक क्रान्तिचेत एउटा प्रमुख क्रान्तिचेतका रूपमा रहेको छ। विश्वसमाजमा देखिएका शोषण, दमन, हत्या, हिंसा, धार्मिक अन्धविश्वास, रूढिवादी परम्परा, सामन्ती संस्कार, कुसंस्कृति, पुँजीवादी साम्राज्यवादी समाजव्यवस्था र मानवीय स्वार्थी स्वभाव आदि नकारात्मक तत्त्वप्रति उनीभित्र उत्पन्न असन्तोष, विद्रोह र आक्रोश क्रमशः विकसित हुँदै सामाजिक क्रान्तिचेतनाका रूपमा प्रकट भएको पाइन्छ। उनका सुरुका कृतिहरूमा समाजका नकारात्मक यथास्थितिका विरुद्ध असन्तोष र विद्रोहको भावना उत्पन्न भई समाजभित्र व्याप्त नकारात्मक यथास्थितिमा सकारात्मक परिवर्तनको चाहनाका रूपमा यथार्थ र आदर्श व्यक्त भएको छ। पछिल्लो चरणमा तिनै असन्तोष, विद्रोह र आक्रोशका भावनाको विकास हुँदै पूर्ण क्रान्तिचेतका रूपमा सामाजिक क्रान्तिचेत व्यक्त भएको छ। साथै सारसन्देशका रूपमा कविता-काव्यमा क्रान्तिचेतको अभिमुखीकरण भएको छ।

४.३.२ औँसीका फूलहरू (महाकाव्य २०५३) मा सामाजिक क्रान्तिचेत

औँसीका फूलहरू सामाजिक-राजनीतिक विषयलाई प्रस्तुत गरिएको महाकाव्य हो। यसमा बाह्य संरचनामा राजनीतिक विषयवस्तुको प्रस्तुति मुख्य देखिए पनि अन्तर्तहमा सामाजिक नकारात्मक यथास्थिति सबल रूपमा प्रकट भएको छ। “आधुनिक नेपाली साहित्यको इतिहासमा वि.सं. २०४९ मा नवीन विषय, नवीनधारणा र मान्यता लिई लेखिएको औँसीका फूलहरू महाकाव्य क्रान्ति विषयक एक उत्कृष्ट प्रबन्धकाव्य हो” (ज्ञवाली, २०६२ : ६)। समाजका नकारात्मक घटनाहरूलाई अन्तर्वस्तुको रूपमा प्रतिबिम्बन गर्ने यो महाकाव्य ज्ञवालीको कविता-काव्यमा सामाजिक क्रान्तिचेतको प्रारम्भिक प्रतिनिधि हो। यहाँ क्रान्तिचेतभन्दा पनि सामाजिक नकारात्मक यथास्थितिको यथार्थ प्रतिबिम्बन बढी भएको छ। यहाँ नेपाली ग्रामीण समाजमा व्याप्त रहेको शोषण, दमन, हत्या, हिंसा, बलात्कार, गरिबी, अन्धविश्वास र रूढिवादी परम्पराको प्रतिबिम्बन विभिन्न पात्र, कथ्य, परिवेश, घटना, बिम्बप्रतीक र भाषाका माध्यमले भएको छ। यसरी प्रतिबिम्बित हुने क्रममा नकारात्मक यथास्थितिप्रति असन्तुष्टि, विद्रोह र आक्रोशको भाव बढी सशक्तताका साथ अभिव्यञ्जित भएको पाइन्छ।

ज्ञवालीले औँसीका फूलहरू महाकाव्यमा विश्वसमाजमा नै व्याप्त रहेका हत्या, हिंसा, गरिबी जस्ता समस्यालाई यथार्थरूपमा प्रस्तुत गरेका छन्। त्यस किसिमका नकारात्मक स्थितिबाट नेपाली ग्रामीण समाज कसरी ग्रसित भएको छ र त्यसबाट निम्नवर्गका नेपाली

जनताले कस्तो दुर्दशा भोग्नुपरेको छ भन्ने कुरा हुँगागाउँको एउटा निम्नवर्गीय परिवारको जीवनस्थितिको चित्रणका माध्यमबाट प्रस्तुत गरेका छन् । यो परिवार गरिबीका कारणले गाँस, बास र कपासको समस्यामा परी आफै पीडित छ । यस्तै गरिबहरू गाउँका ठूलाठालु भनिने शोषक र सामन्तीहरूबाट पनि दिनानुदिन शोषित, पीडित हुँदै छन् भन्ने यथार्थलाई ज्ञवालीले औंसीका फूलहरू महाकाव्यमा यसरी प्रतिबिम्बन गरेका छन् :

लगाएका झुत्रे मलिन कपडा मात्र तनमा
डढेलो खप्थे ती मनभरि बलेका अनलमा
गरिबीको छाया उदर कसरी भर्नु ? जपना
गरी ज्यालादारी कठिनसित बस्थे दिनदिन

(पहिलो फूल : ८)

यहाँ क्रान्तिचेतको प्रतिबिम्बन नभए पनि नकारात्मक यथार्थको प्रतिबिम्बन भएको छ । यसले कविमा असन्तोषको भावना जागृत भएको पनि देखाएको छ । यहाँ एउटा परिवारको मात्र नभएर सम्पूर्ण निम्नवर्गीय ग्रामीण समाजको समस्याको प्रतिबिम्बन भएको छ ।

त्यसैगरी हाम्रो समाजमा ठूला व्यक्तिले साना व्यक्तिमाथि गर्ने दमनको यथार्थ चित्रणसमेत यसमा भएको छ । हाम्रो समाजमा ठूलाले गरेको दमन, शोषण, पीडन र थिचोमिचो सहेर बस्नुपर्ने स्थिति छ । दमन नसहेर विरोधमा उत्रे शत्रुहरूले बाटो ढुकी-ढुकी उसको हत्यासमेत गर्ने गरेको यथार्थको प्रतिबिम्बन यसरी भएको छ-

सधैं गल्ली ढुक्थे दुःख दिन भनी शत्रुहरूले
सहेनन् ठूलाको अलिक पनि अन्याय पतिले
बितेका ती चौथो शरद पनि आयो नजिकिँदै
दुःखी रुन्छिन् एक्लै मलिन विधवा ती स्मृति छुँदै

(पहिलो फूल : ७)

यहाँ एउटी विधवाले आफ्नो पति बितेको चार वर्षपछि पतिका बारेमा सोच्दै विह्वल बनेको अवस्था प्रस्तुत छ । उनका पतिले अन्यायका विरुद्ध विरोध गर्दा शत्रुले उनकै हत्या गरेको कारुणिक अवस्थालाई व्यक्त गर्दै सामन्ती समाजले गर्ने शोषण, हत्या, दमनको नाङ्गो यथार्थलाई कविले प्रस्तुत गरेका छन् । कविले यहाँ विधवाका पतिका माध्यमबाट शोषकहरूका विरुद्ध आफ्नो विद्रोह आक्रोश भाव प्रस्तुत गरेको देखिन्छ ।

समाजमा अन्धविश्वास, रूढिवाद, पूर्वजन्म, परजन्म, पुनर्जन्म, भाग्यवाद, जातभात र छुवाछुत आदि नकारात्मक कुराले ठूलो स्थान पाउँदै आएका छन् । यसले गर्दा शोषितवर्ग, अशिक्षित, महिला र तल्लो वर्गका व्यक्तिहरूले ठूलो मार खेप्दै आएका छन् । आफूले दुःख पाउनु वा सुख पाउनु पूर्वजन्मको कमाइ वा आफ्नो भाग्य हो भनी विश्वास गर्दै टाउको समाएर बस्ने चलन व्यापक रूपमा रहेकाले निराशामा जीवन बिताउन उनीहरू बाध्य छन् । जातभातले समाजलाई ठूलो जात र सानो जातमा विभाजन गर्ने गरेको छ । ठूलो जातले सानो जातलाई हेप्ने, आफ्नो घरभित्र पस्न नदिने, उनीहरूले छोएको नखाने जस्ता कुरा पनि समाजमा अग्रस्थानमा नै रहेका छन् । ज्ञवालीले समाजका यस्ता नकारात्मक अवस्थालाई आफ्नो महाकाव्यमा यथार्थ रूपमा प्रस्तुत गरेका छन् । उनले महाकाव्यमा पूर्वजन्म, परजन्म, जातभात र छुवाछुतजस्ता कुराले निम्त्याएको समस्यालाई देखाउँदै त्यसप्रति आमजनतालाई सचेत गराएका छन् । यस महाकाव्यमा सुशीला र उसकी आमाका माध्यमबाट पूर्वजन्म, परजन्म र भाग्यवादजस्ता कुराको यथार्थ स्वरूपको प्रतिबिम्बन गरिएको छ । यस्ता विसङ्गत कुरालाई समूल परिवर्तन गरी छुवाछुत र जातपातरहित समाजको निर्माणका लागि सामाजिक क्रान्तिको अपरिहार्यतालाई अभिव्यक्त गरिएको छ ।

आज विश्वसमाज दिनानुदिन स्वार्थमा भासिँदै गएको छ । आफ्ना स्वार्थपूर्ति गर्न मान्छे जस्तोसुकै कार्य गर्नका लागि उद्यत रहेका छन् । मान्छे आफ्नो काम बनेपछि र स्वार्थ पूरा भएपछि कति निर्घृणी बन्दछ भन्ने कुराको कुनै सीमा हुँदैन । यस्तो स्वार्थी प्रवृत्तिले समाजमा परेको प्रभाव र मान्छेको स्वार्थको नजानिँदो अवस्थाको चित्रण गर्दै मान्छेको एउटा स्वभावलाई महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ -

पाए मीठा लहर सुखका हेर्दछन् फर्किएर
भेटे तीता जगत दुःखका फिर्दछन् तर्किएर
हेर्दा मान्छे जगतभरिको ज्ञानभण्डारजस्तो
भोग्दा मान्छे नरकभरिको दुःखको सारजस्तो ।

(तेस्रो फूल : ५६)

यहाँ मान्छेको अवसरवादी स्वभाव, प्रवृत्ति र नचिनिँदो रूपका बारेमा कविले आफ्नो धारणा व्यक्त गरेका छन् । यहाँ मान्छेको स्वार्थी प्रवृत्तिको चित्रण एउटा सन्तानविहीन व्यक्तिका पतिपत्नीका माध्यमबाट व्यक्त भएको छ, उनीहरूले आफ्नो सन्तान नहुँदा बेवारिसे अवस्थामा रहेको बच्चालाई घरमा ल्याई सन्तानको अभावपूर्ति गरेका छन् । आफ्नै कोखबाट

जन्मेको बच्चालाई भन्दा बढी उसलाई माया गरेका छन् । आफ्नो सन्तान नभएको हुँदा बेवारिसे बच्चाका माध्यमबाट चहऱ्याएको आफ्नो छातीमा मलम लगाएका छन् । तर जब आफ्नो सन्तान गर्भमा आउँछ त्यसपछि पतिपत्नीले सल्लाह गरी बाटोमा भेट्टाएको बच्चालाई अनाथालय लगी छोडिदिन्छन् । हिजोसम्म अत्यन्त माया गरी पालेको बच्चाप्रति स्वार्थका कारण अत्यन्त निर्मोही बन्दछन् । यस उदाहरणबाट काव्यमा हाम्रो समाजमा हुने गरेका जुनसुकै क्षेत्रका स्वार्थी, अवसरवादी र धोकेबाज व्यक्तिहरूको स्वभावको प्रतिबिम्बन भएको छ । यस्ता घृणित, कुत्सित प्रवृत्तिहरू पनि समाजका गम्भीर समस्या हुन् । यस्तो नकारात्मक स्थितिप्रति कविभित्र विद्रोही भाव जागेको छ ।

समाजमा दुःखमा परेका व्यक्तिलाई सहयोग गरी दुःखबाट मुक्त गर्नुभन्दा झन् दमन गरी दुःख दिने प्रचलन व्यापक रूपमा पाइन्छ । 'ओरालो लागेको बाछोलाई मृगले पनि खेद्छ' भनेझैं दुःखी, पीडित व्यक्तिलाई समाजले पनि खेद्ने गरेको यथार्थलाई सुशीलाको माध्यमबाट कवि ज्ञवालीले यस महाकाव्यमा प्रस्तुत गरेका छन् । यहाँ प्रेमको नाममा शिक्षकबाट यौनशोषण भएपछि सुशीला गर्भवती भएकी छ । शिक्षक त्यहाँबाट हिँडेपछि उसलाई चिन्ताहरू बढ्दै जान्छन् । आमाले पनि उसलाई नराम्रोसँग गाली गर्छिन् भने समाजमा उसले अवैध गर्भ बोकेका हल्ला चल्न थाल्छ । समाजमा उसलाई विभिन्न आरोप लगाउँदै सामाजिक प्रहार गरिन्छ । यसबाट ऊ समाजमा बस्न नसक्ने स्थितिमा पुगेकी छ । यसरी कविले सुशीलाका माध्यमबाट हाम्रो समाजमा हुने गरेका यस्ता नकारात्मक यथास्थितिको चित्रण गर्दै त्यस्ता नकारात्मक सोच र व्यवहारमा परिवर्तन गर्नुपर्ने चेतनाको सम्प्रेषण कवितामार्फत गरेका छन् । नारी शोषणको समस्या आज विश्वमा सबैभन्दा ठूलो र जल्दोबल्दो समस्याको रूपमा देखिएको छ । नेपालमा पनि यो समस्या अत्यन्त गम्भीर र चर्को रहेको छ । आज नेपाली समाजमा नारीहरू यौनशोषण, शारीरिक शोषण, घरेलु समस्या, अभाव, अन्धविश्वास र बेचबिखन आदिबाट पीडित छन् । यस्ता समस्यालाई कविले महाकाव्यमा विभिन्न पात्रमार्फत यथार्थ रूपमा प्रस्तुत गरेका छन् । नारीप्रति हुने यस्ता शोषण, दमन, अन्याय र अत्याचारविरुद्ध नारीले नै सचेत भई आफ्नो हक र अधिकारका लागि विसङ्गत समाजका विरुद्ध क्रान्तिमा उत्रनु पर्ने कुरा गर्दै कविले सम्पूर्ण नारीलाई त्यसबाटोमा लाग्न आह्वान गरेका छन् ।

यस महाकाव्यमा सोझासिधा, अशिक्षित नारीहरू सामन्ती संस्कारका ठूला भनाउँदा व्यक्तिहरूको यौनशोषणको सिकार कसरी बन्न पुगेका छन् एवं ठूला सामन्ती शोषकहरूबाट

नारीअस्मिता कसरी लुटिएको छ भन्ने कुरा कविले शिक्षक र सुशीलाको चरित्रचित्रणका माध्यमबाट प्रतिबिम्बन गरेका छन् । यहाँ शिक्षकले सुशीलालाई मायाप्रेमको नाममा फँसाएर उसको यौवन लुटेको छ र अन्त्यमा सुशीला गर्भवती भएको थाहा पाएपछि पछि फर्कने बहानामा त्यहाँबाट भागेको छ । शिक्षक हिँडेपछि सुशीलामा अनेक चिन्ता बढ्दै जान्छ । ऊ समाजबाट अपहेलित हुन पुग्छे । कतैबाट सहारा र सहानुभूति नपाएर यो चोट खप्न नसकी ऊ नदीमा हामफालेर मर्दछे । यसरी शिक्षक र सुशीलाको चरित्र प्रस्तुत गर्दै त्यस्ता यौनपिपासु-धोकेबाजका विरुद्ध कविले विद्रोहको भाव व्यक्त गरेका छन् र सारसन्देशका रूपमा यसबाट सामाजिक क्रान्तिचेत प्रकट भएको छ ।

समाजमा पुरुषले नारीमाथि गर्ने दमन, शोषण र उत्पीडनलाई कवि ज्ञवालीले महाकाव्यमा एउटा पण्डितका माध्यमबाट पनि प्रकट गरेका छन् । यहाँ एउटा पण्डित छ, जो धर्मकर्ममा लागेको छ र सधैँ रामनाम जप्छ तर आफ्नी स्वास्नी र बुहारीलाई सधैँ पिट्ने गर्दछ । यसको चित्रणद्वारा हाम्रो समाजमा पुरुषले महिलामाथि गरेको घरेलु शोषणको प्रतिबिम्बन भएको छ । यसलाई कविले कवितामार्फत यसरी प्रस्तुत गरेका छन् :

राँणी ! बेस्से ! फुँडी ! मेरो मुख लाग्न तँ खोज्दछेस्
जा जहाँ जानु हो आजै राख्दै राख्दिनँ यो बुझेस्
(छैटौँ फूल : ७४)

घरका-परका केही रोक्छन् सम्झाउँछन् तर
कुर्लँदै, झम्टदै लौरो-झटारो हान्छ निष्ठुर
(छटौँ फूल : ७६)

नेपाली समाज चेलीबेटी-बेचबिखन र यौनव्यापारबाट निकै जर्जर बनेको छ । यसका विरुद्ध धेरै विद्रोह र विरोध भइराखेका छन् । यही क्रममा कवि ज्ञवालीले पनि आफ्नो महाकाव्यमा चेलीबेटी-बेचबिखन र यौनव्यापारको मारमा परेका नेपाली चेलीहरूको जीवनयथार्थलाई यथार्थरूपमा प्रस्तुत गरेका छन् । यहाँ नेपाली चेलीहरू कसरी बेचिन्छन् र कसरी यौनव्यापारमा संलग्न हुन पुग्छन् भन्ने कुराको प्रतिबिम्बन पुतलीको चरित्रका माध्यमबाट भएको छ । पुतली सिन्धुपाल्चोक जिल्लामा जन्मिएकी ग्रामीण सुन्दर युवती हो । उसको रूपडाल र यौवन देखेर एउटा युवकले उसलाई फकाई फुल्याई खुसी पार्दछ र विवाह गर्ने बहानामा काठमाडौँ ल्याउँछ । पुतलीलाई मायाप्रेम देखाउँदै युवकले आफ्नो यौनइच्छा पूरा गरी केही समयपछि बम्बईमा लगेर बेचिदिन्छ । बम्बईको वेश्यालयमा पुतली बाध्य हुँदै

यौनव्यापारमा संलग्न हुन्छे। केही समयपछि साहस र बुद्धिपूर्वक त्यहाँबाट उम्कन सफल हुन्छे। यहाँ पुतलीका माध्यमबाट नेपाली चेलीको बेचबिखन र यौनव्यापारको यथार्थ प्रस्तुति भएको छ। पुतलीले वेश्यालयबाट उम्कनका लागि गरेका प्रयासहरूमा सामाजिक क्रान्तिचेतना पाइन्छ। महाकाव्यको बीचभागमा पुतलीको भेट कमलसँग भएपछि उसले कमललाई आफ्नो विगत बताउँछे। त्यतिखेर उसमा पुरुषप्रति चर्को आक्रोश र घृणा देखिन्छ। त्यस आक्रोश र घृणामा क्रान्तिचेतना प्रशस्त सल्बलाएको छ। नारीमाथि गरिएको यस्तो शोषणका विरुद्ध पुतलीमा उत्पन्न भएको पुरुषप्रतिको घृणा र आक्रोशलाई कविले यसरी प्रस्तुत गरेका छन् :

लोग्ने हुन् पशु ! कात्तिके कुकुर हुन् ! दाह्रा चपाई भनिन्
गोली लाग्न गएछ क्यार बघिनीलाई कि ? त्यस्तै बनिन्
वेला तात्दछ यो बुझे कमलले, सोची तुरुन्तै अनि
बोले- संयम गर्नुपर्छ पुतली ! संघर्ष हो जीवनी।

(सातौं फूल : ५५)

अहिले बालबालिकाको शोषण विश्वमै प्रमुख मुद्दा बनेको छ। यो विश्वजनीन सामाजिक समस्या हो। समाजमा कसरी बालबालिकाको शोषण गरिन्छ भन्ने कुराको पनि यस महाकाव्यमा एउटा भरियाबालकका माध्यमबाट चित्रण गरिएको छ र त्यस बालशोषणका विरुद्ध समाजका सचेत वर्गले आवाज उठाउनुपर्ने कुरा यहाँ व्यक्त भएको छ।

यसबाहेक समाजमा देखिएका ठगी, चोरी र धोकाको चित्रण पनि यस महाकाव्यमा गरिएको छ। जाँड-रक्सीले ग्रस्त बनाएको समाजको चित्रणका साथै त्यसको विरोध पनि महाकाव्यमा भएको छ। गरिबीका कारणले पढ्न नसकेको समस्या, आधुनिक फेसनका नाममा युवायुवतीद्वारा भएको अङ्गप्रदर्शन र त्यसले भित्त्याएको विकृतिलाई विविध पात्रका माध्यमबाट प्रतिबिम्बन गरिएको छ। नेपाली समाजका विविध चाडपर्व, जात्रा र मेला आदि संस्कारहरूको प्रतिबिम्बन र त्यसका क्रममा उब्जिएका समस्याको विरोध यस महाकाव्यमा चर्को रूपमा भएको छ। साथै धर्मका नाममा भएका विविध विकृति, मूर्तिचोरी र दिनभरि काम गर्दा पनि सधैं पेट रित्तो भएको समाजको नकारात्मक यथास्थितिको उद्घाटन यस महाकाव्यमा गरिएको छ। यसैगरी महाकाव्यमा पुतली र कमलका माध्यमबाट समाजका यावत् नकारात्मक कुराको परिवर्तनको लागि क्रान्तिचेतको स्पष्ट अभिव्यक्ति प्रस्तुत भएको छ। यहाँ कमलले पुतलीलाई पठाएको चिठीमा कविले आफूभित्र रहेको सामाजिक क्रान्तिको चाहनालाई कविताद्वारा यसरी प्रकट गरेका छन् :

आस्था उठाएर निकै
क्रान्ति चलाएर छिटै
प्रिय सखी पुतली
देशभक्त लाग्दैछन्
गल्लीमा-पहराभित्र-कन्दराभित्र ...

(आठौँ फूल : पृ. १२०)

कवि ज्ञवाली महिलालाई समाजनिर्माणका धरोहर ठान्छन्। उनले महिलाको शक्ति, सामर्थ्य र बौद्धिकता पुरुषको भन्दा कम नरहेको कुरा यस महाकाव्यमा पुतलीका माध्यमबाट प्रस्तुत गरेका छन्। कमलले पुतलीलाई पठाएको चिठीमा क्रान्तिमा महिलाको ठूलो भूमिका रहेको उल्लेख गर्दै उसलाई क्रान्तिमा लाग्न कमलले गरेको आग्रहलाई महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

हो थोरैले मुलुकभरिको क्रान्ति सम्हाल्नुपर्छ
हो थोरैले मुलुकभरिमा चेतना छर्नुपर्छ
थोरै नै होस् दृढतर भए एक हज्जार हुन्छ
सानो झिल्का पनि अनलको अग्निज्वाला बनिन्छ

(नवौँ फूल : ९७)

यस श्लोकमा कविले आफूभित्रको पूर्ण सामाजिक क्रान्तिचेतलाई कमल र पुतलीका माध्यमबाट प्रस्तुत गरेका छन्। सामाजिक क्रान्तिचेतलाई पुतली र कमलका माध्यमबाट प्रस्तुत गर्ने क्रममा कविले अनेकौँ साना-ठूला सन्दर्भ र प्रसङ्गहरू ल्याएका छन्। कमलको आग्रहअनुसार सामाजिक क्रान्तिमा लागेपछि क्रान्तिकारी पोस्टर टाँस्दै गर्दा पुतलीलाई पुलिसले पक्रिएर जेलमा हालिदिन्छन्। पुतली जेलमा परेपछि कमलले बोलेका निम्न श्लोकबाट कविभित्रको क्रान्तिचेत प्रस्तुत भएको छ :

पुतलीलाई छुटाउनुपर्दछ
सफल क्रान्ति गराउनुपर्दछ
तर गरौँ कसरी कुन ढङ्ग पो !
समर चल्दछ उद्धुम ताल यो ?

(बाह्रौँ फूल : ७३)

यसरी प्रारम्भ र विकास प्राप्त गर्दै यस महाकाव्यमा रहेको सामाजिक क्रान्तिचेत समाजको परिवर्तनका लागि पूर्णक्रान्तिको सारसन्देश दिँदै पूरा भएको छ।

औँसीका फूलहरू रामप्रसाद ज्ञवालीमा रहेको सामाजिक क्रान्तिचेतको भावनाले सम्पन्न महाकाव्य हो । यसमा समाजका नकारात्मक यथास्थितिको यथार्थ प्रतिबिम्बन गर्नुका साथै त्यसप्रति तीव्र आक्रोश, असन्तोष र विद्रोह व्यक्त भएको छ । तिनै असन्तुष्टिका भावनाहरू बढ्दै जाँदा कविको मनभित्र क्रान्तिको ज्वाला दन्कँदै सामाजिक क्रान्तिचेतको रूपमा कवितामा प्रस्तुत हुन पुगेका छन् । यस महाकाव्यमा सामाजिक क्रान्तिचेतअन्तर्गत हत्या, हिंसा, शोषण, दमन, सामन्ती-पुँजीवादी संस्कृति, कुसंस्कार, बालशोषण, यौनशोषण, चेलीबेटी-बेचबिखन र स्वार्थी प्रवृत्तिविरुद्धको क्रान्तिचेत प्रस्तुत भएको छ । यहाँ विभिन्न श्लोकहरूमा भाषाका माध्यमबाट, कथ्यका माध्यमबाट, बिम्बप्रतीकका माध्यमबाट र पात्रका माध्यमबाट सामाजिक क्रान्तिचेतनाको प्रतिबिम्बन गरिएको छ । यस्ता नकारात्मक यथास्थितिबाट समाजका परिवर्तन प्रगतिशील सन्देश दिने प्रयत्नमा औँसीका फूलहरू महाकाव्यमा व्यक्त सामाजिक क्रान्तिचेत स्पष्ट भएको छ ।

### ४.३.३ पुतली र झुसिल्किरा (कवितासङ्ग्रह २०५९) मा सामाजिक क्रान्तिचेत

कवि रामप्रसाद ज्ञवालीको पहिलो चरणको अन्तिम काव्य-कृति पुतली र झुसिल्किरा (कवितासङ्ग्रह २०५९) हो । यस सङ्ग्रहमा सातवटा लघुकाव्य र चौधवटा कविताहरू सङ्कलित रहेका छन् । २०४६ सालको जनआन्दोलनपश्चात् नेपाली भूमिमा देखिन आएको थिचोमिचो, दमन, शोषण, हत्या, हिंसा र राजनीतिक अपराधीकरणजस्ता सामाजिक नकारात्मक कुराको प्रतिबिम्बन गर्दै त्यस्ता कुरीति र विसङ्गति हटाई परिवर्तनका लागि चर्को क्रान्तिकारी आवाज यस सङ्ग्रहका कविताहरूमा व्यक्त भएको छ । यहाँ समाजका क्रन्दन, यही समाजका मूर्च्छना र यही समाजका विसङ्गत बिडम्बनाका विरुद्ध क्रान्तिचेत अभिव्यञ्जित छ ।

समाजमा रहेका हत्या-हिंसा, शोषण, दमन, उत्पीडन र अविश्वासजस्ता नकारात्मक यथास्थितिको प्रतिबिम्बिन यथार्थरूपमा गर्दै त्यस्ता नकारात्मक कुराबाट सकारात्मक दिशामा समाजको रूपान्तरण गरी नयाँ यथार्थको स्थापनार्थ सामाजिक क्रान्तिचेत प्रकट गर्ने कविताहरूमा 'घर, छाप्रा र डोजर', 'परेबी, अन्डा, गोमन र योद्धा', 'आक्रोश', 'चौतारी भत्काउनेहरू', 'सच्चा कवि', 'युगपुरुष', 'फेरि जन्मूँ कि', 'कृतघ्नता', 'अब रुन्नँ म', 'जय वा पराजय', 'रुँदैनन् क्रान्तिका स्वर', 'प्रेम ? धेरै फरक पो छ त !', 'जीवन, पीडा र गन्तव्य' मुख्य रहेका छन् । यी कविताहरूमा सामाजिक क्रान्तिचेत विभिन्न भाव, विचार, बिम्बप्रतीक, उपमा र रूपक आदिका माध्यमबाट प्रस्तुत भएको छः-

२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि नेपाली ग्रामीण समाजमा नयाँ उत्साह, जोस भरिएर आए। बाटो, बिजुली, खानेपानी आदिका अभावमा समस्याले छट्पटाइरहेका ग्रामीण जनताहरूमा नयाँ आशा पलायो। ग्रामीण भेगमा विकासका केही कार्यहरू आरम्भ भए। ठाउँ-ठाउँमा बाटो खन्ने कार्य सुरु भयो। ठाउँठाउँमा अन्य विकासका योजना तर्जुमा भए। यसले गर्दा पनि गरिब र निम्नवर्गीय समाजमा खुसी छायो। तर कालान्तरमा बाटो खन्ने निहुँ गरी डोजरले गरिबका छाप्राहरू फ्याँक्दा धनी र ठालुवर्गका मान्छेहरू हर्षित भए र गरिब र निम्नवर्गका व्यक्तिहरूको जीवन सङ्कटमा पर्दै गयो। समाज वर्गभेदबाट पीडित हुँदै गयो। गरिब गाउँलेलाई कमारोको रूपमा व्यवहार गर्ने प्रचलन बढ्दै गयो। आखिर जनतालाई प्रजातन्त्र आए पनि केही फरक परेन। यही यथार्थको प्रतिबिम्बन कवि ज्ञवालीले 'घर, छाप्रा र डोजर' शीर्षकको कवितामा गरेका छन्। यसरी गरिबमाथि ठूलो शोषण, दमन, थिचोमिचो भएको र महलले झुपडीमाथि गरेको दमन देखेर कविले आक्रोशित हुँदै समाजमा ठूला माछाले साना माछा खाने प्रवृत्ति नहटेकोमा चिन्ता व्यक्त गरेका छन्। यस कवितामा भएको क्रान्तिको अभिव्यक्ति निम्नलिखित श्लोकका माध्यमबाट यसरी भएको छ :

आगोले जिन्दगी दिन्छ
जिन्दगी लिन सक्दछ
खाना पकाउने आगो
डढेलो हुन सक्दछ ।

(घर, छाप्रा र डोजर : १४)

यहाँ आगोलाई क्रान्तिको प्रतीकका रूपमा व्यक्त गरिएको छ।

'परेबी, अन्डा, गोमन र योद्धा' शीर्षकको कवितामा एउटा परेबीको अन्डा गोमन सर्पले खाएर दुःख दिइरहेको अवस्थामा योद्धा आएर अन्डाको रक्षा गर्ने निहुँमा बाँचेका परेबीका बच्चासमेत मारी परेबीको जीवनमा तुषारापात गरेको दृश्य उल्लेख गरिएको छ। यहाँ परेबी, अन्डा, गोमन र योद्धा प्रतीकात्मक रूपमा आएका छन्। तीस वर्षे लामो पञ्चायती व्यवस्थाले दिएको दुःख, कष्ट सम्झी जनताले सुःख, सुविधा र विकासको आशामा राजनीतिक दलमाथि पूर्णविश्वास गरी नेताहरूलाई सत्तामा पुर्‍याए तर तिनले जनतामाथि नै विश्वासघात गरी विविध दुःख, कष्ट दिने र शोषण-दमन गर्ने गरेकाले यस्ता विश्वासघाती र अवसरवादीका विरुद्ध लड्नुपर्छ भन्दै र आक्रोशित हुँदै कविले क्रान्तिको सन्देश यसरी दिएका छन् :

लडिन्नन् आँसुले युद्ध

ठडिन्नन् मासुले गिरि
सुरक्षा हुन सक्दैन
अर्काको भरमा परी

(परेबी, अन्डा, गोमन र योद्धा : २२)

ग्रामीण समाजमा जाली, फटाहा, स्वार्थी अवसरवादी र उपयोगवादीहरूले गर्ने गरेको संसदीय शोषणका विरुद्ध कवि ज्ञवालीले 'जङ्गलको चुनाव' कवितामा प्रतीकात्मक रूपमा विरोध गरेका छन् । हाम्रो गाउँ, छरछिमेकका शोषकहरू आफ्नो स्वार्थपूर्ति गर्न अत्यन्त नरम भएर अगाडि आउँछन् तर आफ्नो निश्चित स्वार्थ पूरा भएपछि उनीहरू चरम स्वार्थी भएर निस्कने गर्दछन् भन्ने मूलभाव यस कवितामा रहेको छ । यस्तो स्वार्थी, अवसरवादी र उपयोगवादी प्रवृत्तिले गाउँ र छरछिमेक तहसनहस भएको र संसदीय चुनावको मूल स्वभावका कुरा सिंहले मृगका बच्चा नखाएको उदाहरण दिएर प्रस्तुत गरिएको छ । यहाँ ज्ञवालीले सांसारिक प्राणीहरूमध्ये सबैभन्दा विवेकशील मानिने मान्छे आफ्नो स्वार्थ पूरा भएपछि जङ्गली पशुहरूसँग समेत तुलना गर्न अयोग्य हुने व्यङ्ग्यभाव प्रस्तुत गर्दै त्यसका विरुद्ध आफ्नो विद्रोही स्वरलाई यसरी प्रकट गरेका छन् :

नसोचेस् दास हुँ तेरो
जे भने पनि मान्दछु
तँलाई भासमा गाडी
म फेरि लड्न जान्दछु

(जङ्गलको चुनाव : २६)

'चौतारी भत्काउनेहरू' शीर्षकको कवितामा कवि ज्ञवालीले समाजको उन्नति, प्रगति र विकासलाई देख्न नचाहने पुरातन संस्कृति तथा संस्कारका सामन्त व्यक्तिहरूले समाजको विकासमा रोक लगाएको तथ्यलाई प्रतीकात्मक रूपमा व्यक्त गरेका छन् । यहाँ समाजको परिवर्तन र रूपान्तरण गर्न नदिई रोकटोक गर्ने व्यक्तिलाई चौतारी भत्काउनेको आरोप लगाइएको छ । चौतारी भत्काउनेलाई दुष्टको संज्ञा दिँदै शान्तिको बर्को ओढी अशान्ति फैलाउनेहरू देशमा सल्बलाइरहेकामा चिन्ता प्रकट गरिएको छ । तिनको पन्जाबाट देशलाई मुक्त गर्न सकेमात्र देशमा शान्तिको शीतल हावा र समृद्धिको तातो घाम फैलन सक्ने विचार कविले यस कवितामा व्यक्त गरेका छन् र त्यस्ता सामन्त, शोषक र समाजभँडुवाहरूका

विरुद्धमा कविले विद्रोह पनि गरेका छन्। उनीहरूको नियतमाथि प्रश्न उठाएका छन् र उनीहरूलाई झुसिल्किराको रूपमा कविले यसरी मूल्याङ्कन गरेका छन् :

पुतलीबाट जन्मेर
फेरि निस्के झुसिल्किरा।
वृक्षका पात टोकेर
फेरि पारे छियाछिया

(चौतारी भत्काउनेहरू : ३६)

कवि एउटा सामाजिक प्राणी हो। ऊ समाजालाई सधैँ अग्रतातर्फ लैजान दत्तचित्त रहनुपर्दछ। उसले जस्तासुकै सामाजिक नकारात्मक तत्त्वसँग लड्न पनि तयार रहनुपर्दछ। ऊ समाजको रूपान्तरणका लागि आगोमा पस्न र पानीमा रुझ्न पनि हिच्किचाउनुहुँदैन भन्ने अभिव्यक्ति कवि ज्ञवालीले 'सच्चा कवि' शीर्षकको कवितामा दिएका छन्। ज्ञवालीले पैसामा बिक्ने कविहरूका विरुद्ध आक्रोश व्यक्त गर्दै त्यस्ता कविहरू समाजका कलङ्क हुन भनेका छन्। साथै सम्पूर्ण कविहरूलाई सच्चा कवि बन्न कविले यसरी आह्वान गरेका छन् :

घाम बन्छ र आँखाको पानीलाई सुकाउँछ
पानी बन्छ र तिर्खाको घाँटीलाई भिजाउँछ
बल्छ मैन बनी स्रष्टा आफू गल्दै गए पनि
मान्छे उठाउँदै लेख्छ आफू ढल्दै गए पनि

(सच्चा कवि : ४४)

कवि ज्ञवालीले 'युगपुरुष' शीर्षकको कवितामा समाजमा देखिएका, अन्याय, अत्याचार र भ्रष्टाचारसँग लड्ने प्रतिज्ञाका साथ समाजका नकारात्मक यथास्थितिका विरुद्ध क्रान्तिचेतना जगाएका छन्। कविले समाजका क्रान्तिकारी व्यक्तिलाई युगपुरुषका रूपमा लिएका छन्। यस कवितामा क्रान्तिपुरुषहरू समाजका उदाहरणीय र कालजयी व्यक्ति हुने कुरा पनि पनि व्यक्त गरेका छन्। कविको क्रान्तिचेत नकारात्मक सामाजिक यथास्थितिविरुद्ध सकारात्मक परिवर्तनका लागि प्रेरित भएको छ। 'फेरि जन्मूँ कि !' शीर्षकको कवितामा कवि ज्ञवालीले समाजमा फैलिएको हत्या, हिंसा र आतङ्कलाई मत्थर पार्न क्रान्तिरूपी बुद्ध बनेर फेरि बुद्धलाई धर्तीमा जन्म लिई आउन आग्रह गरेका छन्। यहाँ समाजको परिवर्तन गर्न बुद्धलाई पनि शान्त बुद्ध नभएर क्रान्तिकारी बुद्ध भएर जन्मन आग्रह गरिएको छ। राम्रो गर्दागर्दै पनि नराम्रो गरिने समाजस्थितिप्रतिको चर्को आक्रोश यसरी व्यक्त गरेको पाइन्छ :

शान्तिको बुद्धता मेरो

यसरी कुल्चिएपछि

क्रान्तिबुद्ध बनी फेरि

अर्को जीवन जन्मुँ कि !

(फेरि जन्मूँ कि ! : ४७)

'कृतघ्नता' कवितामा कविले यसै देशमा जन्मिएर, हुर्किएर र यही समाजको अन्नपानी खाएर उल्टै समाजमा भाँडभैलो मच्चाउने र समाजमा विविध खालका उद्दण्ड र उपद्रो मच्चाउनेहरूका विरुद्ध आक्रोश पोखेका छन् । कविले यस्ता कृतघ्नताप्रति व्यङ्ग्यप्रहार गर्दै विद्रोहको स्वरलाई यसरी प्रस्तुत गरेका छन् :

पिलाए जसले पानी पानी बाछौं तिनैसित !

तिम्रो कृतघ्नता देखी कृतघ्नता छ लज्जित !

(कृतघ्नता : ५२)

२०४६ सालपछिको चुनावमा नेताहरू जनताका घरघर पसी झुटा आश्वासन बाँड्दै हिँडे । जनताहरू पनि नेताको भाषणबाट मख्ख हुँदै, उनीहरूलाई जिताउन साँझ, बिहान, रात-दिन नभनी खटेर लागे । चुनाव जितेपछि नेताहरू जनता र समाजलाई बेवास्ता गर्दै भत्ता खानमै मस्त भए । यस कुरालाई कविले 'अब रुन्नँ म' शीर्षकको कवितामा प्रतिबिम्बन गर्दै त्यस्ता समाजद्रोही नेताका विरुद्ध आक्रोश व्यक्त गरेका छन् । यसमा उनले अब आफू त्यस्ता विश्वासघाती नेताका पछि नलाग्ने तथा आत्मनिर्भरता र आत्मविश्वासका साथ आफ्नो समाज, टोल र गाउँको विकास आफैले गर्ने अभिव्यक्ति दिएका छन् । राष्ट्रघाती र जनद्रोही नेताका पछि नलागी तिनीहरूका विरुद्ध क्रान्ति गर्ने कविको भावना यस कवितामा यसरी प्रकट भएको छ :

नजानुपर्दथ्यो यस्तो देख्ता देख्तै गयौ किन ?

इतिहास थियौ रच्दै इतिहास भयौ किन ?

राष्ट्रगौरव यो झन्डा रोएर अब छुन्नँ म

तिमी थियौ र पो रुन्थें, गैसक्यो अब रुन्नँ म

(अब रुन्नँ म :५४)

कवि रामप्रसाद ज्ञवालीले समाजका विविध विसङ्गत र विकृत पक्षहरूका विरुद्ध क्रान्तिको अपरिहार्यतालाई व्यक्त गर्दै आएका छन् । त्यहीअनुरूप समाजका वेदना, वितृष्णा, गरिबीजस्ता कुरालाई यथार्थ रूपमा चित्रण गर्दै तिनको रूपान्तरणका लागि क्रान्तिको स्वरसहित प्रस्तुत

भएको कविता 'रुँदैनन् क्रान्तिको स्वर' हो । यहाँ कविले शोषक, उत्पीडक र धोकेबाजबाट धोका पाए पनि क्रान्तिकारी व्यक्तिहरू विचलित बन्दैनन् । बरु उत्साहका साथ अगाडि बढ्छन् भन्ने भाव अभिव्यक्त छ र जसरी दुर्गन्धमा उम्रिएको फूलले पनि सुगन्ध छर्न सक्दछ त्यसैगरी सामाजिक विसङ्गत परिवेशमा रहेर पनि क्रान्ति फुल्न सक्छ । क्रान्ति कहिल्यै शत्रुका सामु हार्दैन । क्रान्तिका स्वरहरू शत्रुका सामु रुँदैनन्, बरु हाँसीहाँसी मर्छन्, क्रान्तिले परिवर्तन ल्याई छाड्छ भन्ने कविको दह्रो विश्वास प्रस्तुत भएको छ । यस्ता विचारमार्फत कविले प्रत्येक व्यक्तिलाई विचलित नभई सबल क्रान्ति गर्न क्रान्तिचेतको सम्प्रेषण गरेका छन् । प्रस्तुत कवितामा कविको क्रान्तिचेत यसरी प्रकट भएको छ :

मरेको छैन हो मान्छे ! भ्रम यो कसरी पऱ्यो ?
तिमी ज्युँदै म ज्युँदै छौँ खै मान्छे कसरी मऱ्यो ?
मुर्दा चिहानमा बस्छन् ज्युँदा बनाउँछन् घर
आँसुमा बरु पौडन्छन् रुँदैनन् क्रान्तिका स्वर

(पृ. ५७)

स्वार्थी माया र विलासमुखी प्रेम आजको समाजको प्रमुख समस्याको रूपमा रहेको छ । माया र प्रेमको नाममा समाज दिनदिन दुर्घटित बन्दै गएकोमा कवि ज्ञवाली असन्तुष्ट छन् । यस कुराको प्रस्तुति उनले 'प्रेम ? धेरै फरक पो छ त !' कवितामा गरेका छन् । यसमा उनले प्रेमका सम्बन्धमा नितान्त फरक भाव प्रकट गरेका छन् । कविले अहिले हाम्रो समाजमा चलेको स्वार्थी प्रेम र आफ्नो भावनात्मक प्रेममा आकाश र जमिनको फरक छ भन्दै प्रेमप्रतिको वर्गगत र प्रवृत्तिगत भिन्नता देखाएका छन् । समाजमा चलेको प्रेम र माया प्रायः धोका र नारीशोषणमा केन्द्रित छ । यो केवल तरुनीका छाती ताक्नेसम्म मात्र सीमित छ भन्दै यस्तो विकृत प्रेमले समाजमा विकृतिमात्र फैलाउँछ भन्ने विचार व्यक्त भएको छ । यस्तो विकृत मायाप्रेमका विरुद्ध कविको विद्रोही भाव यसरी प्रकट भएको छ :

पिएर बैँसको प्याला तिर्खाउँछौ तिमी सधैँ
दिएर प्रेमका धारा तिर्खा मेटाउँछु म चैँ
बाह्रैटा महिनाभित्र तिमी सदैव कात्तिके !
ह्युँदवर्ष सबै मेरा प्रेमका रसमा भिजे

(प्रेम ? धेरै फरक पो छ त ! : ६२)

यस कवितामा कविले सच्चा प्रेम र कामातुर प्रेम धेरै फरक भएको बताउँदै सुन्दरता कर्म र व्यवहारमा हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

'जीवन, पीडा र गन्तव्य' तथा 'विश्वासको प्रश्न' कवितामा कवि रामप्रसाद ज्ञवालीले जनताले बनाएका नेताहरू स्वार्थी, घृणित, विश्वासघाती र राक्षससदृश बन्दै गएकामा दुःख व्यक्त गरेका छन्। यस्ता प्रवृत्तिका विरुद्ध जनताले एकजुट भई क्रान्ति गर्नु आवश्यक रहेको छ भन्दै उनले जनतालाई क्रान्तिमा लाग्न आह्वान पनि गरेका छन्। जबसम्म जनता स्वतन्त्र हुँदैनन् तबसम्म समाज र देश स्वतन्त्र हुन सक्दैन। देश स्वतन्त्र भएमा मात्र जनताका इच्छा र आकाङ्क्षा गन्तव्यमा पुग्न सक्दछन् भन्ने विचार यी कवितामा पाइन्छ। आफू स्वतन्त्र बन्नका लागि पनि क्रान्ति नै गर्नुपर्दछ भन्ने भाव जीवनपीडा र गन्तव्य कवितामा रहेको छ। विश्वासको प्रश्न कवितामा पनि समाज र देशमा उच्चवर्गद्वारा गरिएको विश्वासघातलाई प्रस्तुत गरिएको छ। यस कवितामा कविले नेता वा नेतृत्वपक्षले विश्वासघात गरेको भाव व्यक्त गर्दै क्रान्तिकारीले हिम्मत हार्नु हुँदैन, अझ दह्रो आँट र विश्वासका साथ क्रान्तिमा अगाडि बढ्नुपर्छ, क्रान्ति नै समाजरूपान्तरणको शाश्वत आधार हो भन्ने धारणा अगाडि सारेका छन्। आँटी र वीर जनताहरूले नेताले धोका दिँदैमा विचलित बन्न नहुने कुरा प्रस्तुत कवितामा यसरी व्यक्त भएको छ :

बाघले घाँस खाँदैन जत्ति भोको भए पनि
वीरको आँट जाँदैन वीर आफैँ गए पनि
मान्छेलाई निराशाले बचाएको कहाँ छ र ?
विश्वासमै अडेको छ राम्रो संसार, हैन र ?

(विश्वासको प्रश्न : ६८)

हाम्रो समाजमा अर्काको खुट्टा तान्ने र अर्काले गरेको राम्रो कामलाई चोरेर आफू अगाडि बढ्ने चलन व्यापक रहेको छ। यस्तो परम्परासँग कवि रामप्रसाद ज्ञवाली असन्तुष्ट छन्। त्यसैले उनले 'म त्यस्तो बन्न सक्दिनँ' शीर्षकको कवितामा खुट्टा तान्ने र अर्काको राम्रो काम चोरेर आफू राम्रो बन्ने परम्पराका विरुद्ध आक्रोश र विद्रोह व्यक्त गरेका छन्। उनी भन्छन्, "रातमा हिँड्नका लागि म साथी बन्न सक्दछु, रात निम्त्याउनेहरूको साथी बन्न म सक्दिनँ। अशान्तिका विरुद्ध क्रान्ति गर्न सक्छु तर राष्ट्रियता गुमाएर म क्रान्तिकारी बन्न सक्दिनँ।" त्यसैले कवि ज्ञवाली स्वतन्त्रता र राष्ट्रियताका पक्षमा रहेर नकारात्मक पक्षका विरुद्ध सधैँ क्रान्तिको आह्वान गर्दछन्। आफू-आफैँमा रम्ने र आफ्नो जे छ त्यसैमा सन्तुष्ट हुनेमा जोड दिन्छन्। विदेशीका बिम्बप्रतीक चोरेर आफू ठूलो कवित हुँ भन्नेलाई व्यङ्ग्य गर्दै आफ्नो मौलिक रचनाधर्मको धारणा कविताका माध्यमबाट उनले यसरी प्रस्तुत गरेका छन् :-

मेरा आफ्नो मझेरीमा म मेरा बिम्ब खोज्दछु
बिम्बहीन बनी आफू म बिम्ब बन्न सक्दिनँ
म मेरै कविता लेख्छु स्तरहीन भए पनि
चोरेर अरूका बिम्ब स्तरीय बन्न सक्दिनँ ।

(म त्यस्तो बन्न सक्दिनँ : ७०)

यहाँ कविले साहित्यमा अर्काको भाषाशैली, बिम्ब-प्रतीक चोरेर आफ्नो बनाउँदै वा मौलिक भन्दै कथा, कविता, उपन्यास आदि लेख्ने कला-साहित्यकारहरूमाथि चर्को व्यङ्ग्य गरेका छन् ।

कवि रामप्रसाद ज्ञवालीको पहिलो चरणको अन्तिम कृति पुतली र झुसिल्किरा कवितासङ्ग्रह हो । यो कवि ज्ञवालीको औँसीका फूलहरू महाकाव्यमा सुरुवात भएको सामाजिक क्रान्तिचेतको विकसित रूप हो । यस सङ्ग्रहका कविताहरू समाजमा रहेका अन्याय, अत्याचार, शोषण, दमन, हत्या, हिंसा, जालझेल, विश्वासघात, कृतघ्नता, कलुषितता, धार्मिक अन्धविश्वास र रूढिवादी परम्पराजस्ता नकारात्मक एवं विसङ्गत तत्त्वका विरुद्धको क्रान्तिचेतले सम्पन्न रहेका छन् । यी कवितामार्फत कविले सामाजिक नकारात्मक यथास्थितिविरुद्ध क्रान्ति गरी सकारात्मक सामाजिक परिवर्तन गर्नका लागि निम्नवर्गका जनताहरूमा उत्साह र प्रेरणा भरेको पाइन्छ ।

### ४.३.४ 'एकादेशमा' (खण्डकाव्य, २०६१) मा सामाजिक क्रान्तिचेत

एकादेशमा खण्डकाव्य कवि रामप्रसाद ज्ञवालीको दोस्रो चरणको उत्कृष्ट काव्यकृति हो । यो खण्डकाव्य २०५९ को असोजतन्त्रपछि नेपाली समाजमा देखापरेको यथार्थ पृष्ठभूमिमा रचिएको छ । २०५९ साल असोज १८ गते नेपाली राजनीतिमा ठूलो हलचल भयो । यसले गर्दा जनताका मुखमा ताल्चा लाग्न पुग्यो, आँखामा पट्टी लाग्यो, हातमा निरङ्कुशताको हत्कडी लाग्यो । लेखक, कलाकार र साहित्यकारका कलम र कुची खोसिए । जनताका इच्छा-आकाङ्क्षा र स्वतन्त्रताको बदलामा बर्बरता र निरङ्कुशताको महावाणी लादियो । यही निरङ्कुशताको यथार्थ चित्रणसहित त्यसका विरुद्धमा क्रान्तिलाई उद्घोष गर्दै कवि रामप्रसाद ज्ञवालीको एकादेशमा खण्डकाव्य जनसमक्ष प्रस्तुत भएको हो । यो खण्डकाव्य पूर्णतः क्रान्ति विषयक छ । यस खण्डकाव्यमा सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रका नकारात्मक यथास्थितिलाई परिवर्तन गरी नवीन यथार्थको संरचना निर्माण गर्नका लागि राजनीतिक क्रान्तिचेतलाई महामन्त्रको रूपमा लिइएको छ । यहाँ क्रान्तिलाई कलात्मक रङले

रङ्ग्याई सौन्दर्यात्मक रूपमा प्रस्तुत गरिएको छ। यस खण्डकाव्यका बारेमा महादेव अधिकारीले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् :- "यो खण्डकाव्य गणतान्त्रिक चेतना बोकेको पछिल्लो विशिष्ट आधुनिक खण्डकाव्य हो। यसले क्रान्तिकारी अभिव्यक्ति, क्रान्तिचेतना, विद्रोहात्मकता, बिम्बात्मक, प्रतीकात्मक, ध्वन्यात्मक रूपमा देशभक्ति र जनपक्षीय सोच, समाजसचेतना, प्रगतिशीलता र युगबोधको कलात्मक आकाङ्क्षा बोकेको छ" (२०६५ : ११४।२६)।

"एकादेशमा खण्डकाव्यमा कविले सामन्ती संस्था, राजसंस्था सार्वभौम हो र त्यसका गद्दीआसीनहरू सार्वभौम दैवी शासकहरू हुन् भन्ने पुरानो र रूढिग्रस्त सांस्कृतिक भ्रममाथि चोटिलो प्रहार गरेका छन्। त्यसको विकल्पमा स्पष्टतः गणतान्त्रिक राज्यव्यवस्थालाई प्रस्तुत गरेका छन्" (चाम्लिङ, २०६१ : ५)। राजनीतिक परिवर्तनबाट नै सामाजिक अवस्थाको परिवर्तन गर्ने उद्देश्य रहेको यस खण्डकाव्यमा सामाजिक क्रान्तिचेतभन्दा राजनीतिक क्रान्तिचेतलाई नै बढी जागृत गराइएको छ। यहाँ सामाजिक यथार्थको उद्घाटन गर्दै समाजभित्रका नकारात्मक अवस्थाविरुद्ध क्रान्तिको भावना पनि प्रकट गरिएको पाइन्छ।

२०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले आफूमा रहेको असीमित शक्तिको दुरूपयोग गरी प्रजातन्त्रको अपहरण गरे। त्यसपछि नेपालमा फेरि निरङ्कुश र अधिनायकीय बर्बरताको चकचकी बढ्यो। जताततै हत्या, हिंसा, शोषण, दमन, थिचोमिचो, अन्याय, अत्याचार बढ्यो। जनताका लेख्ने, पढ्ने, हिँड्ने, बोल्ने र भेला हुने सम्पूर्ण अधिकारहरू खोसिए। यसबाट जनताहरूले अत्यन्त रुष्ट हुँदै आफ्ना गुमेका अधिकार फिर्ता गर्नका लागि देशभरि घोषित अघोषित रूपमा क्रान्ति सुरु गरे। ज्यानको बाजी थाप्दै सामन्ती, निरङ्कुश र अधिनायक शासनसत्ताका विरुद्ध क्रान्ति हुन पुग्यो। क्रान्तिमा धेरै सर्वसाधारण व्यक्ति मारिए, धेरै अङ्गभङ्ग भए। यस्तो नकारात्मक यथार्थको प्रतिबिम्बन कवि ज्ञवालीले एकादेशमा खण्डकाव्यको पहिलो श्लोकमा नै यसरी प्रस्तुत गरेका छन् :

उस्तै फेरि उठे नि लाख जनता, उस्तै छ आन्दोलन
उस्तै छन् अगुवा नि दिग्भ्रमित झैँ, उस्तै छ त्यो चिन्तन
उस्तै फेरि लडाइँ भो नि, जनता उस्तै गरी मारिए
धोका फेरि भयो नि, फेरि जनता अन्यायमा पारिए

(दिग्भ्रम : १)

यहाँ निरङ्कुश शासनको समयमा नेपाली समाजमा घटेका यथार्थ घटनाको प्रतिबिम्बन भएको छ। जनताहरूले अन्याय, अत्याचार, शोषण र दमनका विरुद्धमा क्रान्ति गर्दै गए।

शासनसत्ताबाट उनीहरूमाथि दमन र हत्या हुँदै गयो। यसका विरुद्ध कवि ज्ञवालीले आक्रोशमा आएर क्रान्तिको आह्वान गर्दै वीभत्स समाजको चित्रण यसरी गरेका छन्:

हाम्रा भाइ मरे परे दमनमा साथी मरे साहसी
त्यै मार्नेसित भै नजीक अगुवा गर्छन् उसैको स्तुति !
जेका निम्ति लडे, परे समरमा जे निम्ति ती मारिए
पाएनन् तर क्यै दुखे अझ सुके, अन्यायमा पारिए

(दिग्भ्रम : ९)

समाजमा 'जो होचो उसको मुखमा घोचो' भनेझैँ जो गरिब र कमजोर छ त्यसलाई सबैले मिली पिट्ने, दमन गर्ने चलन परापूर्वदेखि चल्दै आएको छ। सभ्यताको सुरुमा नै वर्गद्वन्द्वले ठाउँ पाउँदै आएको छ। कवि ज्ञवालीले एकादेशमा खण्डकाव्यमा बाँदरराज्यमा ठूला र शक्तिशाली बाँदरले साना र कमजोर बाँदरलाई गरेको दमन, शोषण र दिएको पिटाइका माध्यमबाट वर्गयुक्त समाजमा ठूलो वर्गले साना वर्गलाई गर्ने गरेको शोषण, पीडन र दमनको प्रतिबिम्बन गरेका छन्। यस कुरालाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

कम्जोरले धेरै कुटाइ खानु छ
कोही त्यसैबाट मरेर जानु छ
सक्दैनथ्यो जो पछि पर्नुपर्दथ्यो
सानो कुराले पनि मर्नुपर्दथ्यो

(बाँदरराज्यको स्थापना : १०)

यस्तो भेदभावयुक्त समाजको अन्त्य गर्न र स्वतन्त्रता, समानता र भेदभावरहित समाजको निर्माणका लागि कवि ज्ञवालीले सामाजिक क्रान्तिचेतको अभिव्यक्ति यसरी दिएका छन् :

नाताहरूमा परिवार फैलियोस्
माया रहोस्, भेद नहोस्, नमैलियोस्
छिमेक होस्, गाउँ बनोस्, समाज होस्
स्वतन्त्र होस् जाति, प्रथा स्वतन्त्र होस्

(बाँदरराज्यको स्थापना : १८)

समाजमा व्याप्त पूजाआजाको प्रचलन र रूढिवादी प्रचलन जस्ता कुरालाई पनि कवि ज्ञवालीले एकादेशमा खण्डकाव्यमा बाँदरहरूले गरेको वनदेवीको पूजाका माध्यमबाट

प्रतिबिम्बन गरेका छन् । हाम्रो समाजमा परापूर्वकालदेखि राजालाई विष्णुको अवतारका रूपमा पूजा गर्ने अन्धपरम्परा चली आएकोमा ज्ञवालीले यसका विरुद्धमा जनचेतना जगाउने काम गरेका छन् ।

समाजमा एउटा व्यक्तिको सुखसयलका लागि लाखौँ गरिब र निम्न वर्गले मर्नुपर्ने यथार्थको उद्‌घाटन गर्दै यस्ता परम्पराविरुद्ध ज्ञवालीले विद्रोहको भाव एकादेशमा खण्डकाव्यमा यसरी प्रस्तुत गरेका छन् :

अन्यायले हुन्छ कहाँ समानता ?
पाखण्डले हुन्छ कहाँ महानता ?
लाखौँ सुखी जीवनमा भरी दुःख
तँ एकलाई कसरी दिने सुख ?

(बाँदरराजको अवसान : ६९)

यसरी यस खण्डकाव्यमा राजनीतिक क्रान्तिचेतनाको आधिक्य हुँदाहुँदै पनि समाजका यथार्थको उद्‌घाटन हुने क्रममा समाजका नकारात्मक यथास्थितिविरुद्ध सामाजिक क्रान्तिचेतको प्रस्तुति पनि हुन पुगेको छ ।

### ४.३.५ 'असुरग्याँस !' (कवितासङ्ग्रह, २०६२) मा सामाजिक क्रान्तिचेत

प्रगतिवादी कवि रामप्रसाद ज्ञवालीको कवितायात्राको दोस्रो चरणको दोस्रो कृति असुरग्याँस (कवितासङ्ग्रह) हो । विस्मात्, वेदना, वितृष्णा-विद्रोह, विचार-विश्वास र विमला-विभावना गरी चार खण्डमा विभाजित यस कवितासङ्ग्रहमा २९ वटा कविताहरू रहेका छन् । २०५९ पछि निरङ्कुशतन्त्रको समयमा लेखिएका यी कविताहरूमा राजतन्त्रले जनताहरूमाथि गरेको दमन, थिचोमिचो, हत्या, हिंसा, शोषण र विश्वासघातको यथार्थ उद्‌घाटन गर्नुका साथै त्यस्ता नकारात्मक तत्त्वहरूका विरुद्ध क्रान्तिको आह्वान गरिएको छ । तत्कालीन समयमा जनताहरू दुईतिरको मारमा परेका थिए । एकातिर माओवादी जनयुद्धले जनता त्रस्त थिए भने अर्कातिर राजशाही र निरङ्कुशतन्त्रको ज्यादतीको चपेटामा परेका थिए । यस्तो 'साँढेको जुधाई बाच्छाको मिचाइ' बाट पीडित जनताहरूप्रति संवेदनशील बन्दै ज्ञवालीले जनताका मर्मलाई यस सङ्ग्रहमा उनेका छन् । "यस कृतिभित्र ज्ञवाली कतै संवेदनशील देशभक्तका रूपमा देखापरेका छन्, कतै समाजका तार्किक विश्लेषकजस्ता बनेका छन्, कतै अत्यन्त भावुक तथा गम्भीर मानवतावादी चिन्तकका रूपमा अभिव्यक्त भएका छन् भने कतै आक्रोशको ज्वालाभित्र विषम सामाजिक संरचनालाई क्रान्तियज्ञमा होमेर ध्वस्त पार्न अग्रसर बनेको

गणतान्त्रिक योद्धाका रूपमा जागरुक देखिन्छन्" (नेपाल, २०६२ : ख)। ज्ञवालीको क्रान्तिचेतनाको विकसित रूप असुरग्याँस कवितासङ्ग्रह हो। यसमा सामाजिक र राजनीतिक क्रान्तिचेतको भावना सचेतनाका साथ जागृत भएको छ। यहाँ ग्रामीण तथा सहरी समाजका निम्नवर्गका जनताले भोग्नुपरेको रोग, भोक, शोक, दमन, हत्या, हिंसा, अपमान र अन्यायजस्ता नकारात्मक यथार्थको उद्घाटन गर्दै त्यसको चपेटाबाट समाजलाई जोगाउन सामाजिक क्रान्तिको आवश्यकतालाई महत्त्वपूर्ण ढङ्गले उठाइएको छ। यस सङ्ग्रहका 'अभीष्ट', 'माथि उड्दै छ बाज', 'जनताको अभिमत', 'मऱ्यौ कि क्या हो ?', 'प्रश्नोत्तर', 'कवि होस् कविताभित्रै ...', 'बौलाएको कुकुर मार्नै पर्छ', 'मान्छे त्यसै शान्त हुँदैन', 'गधा गाई बन्नै सक्दैन', 'हामी तयार छौँ', 'क्रान्तिजीवन', 'आमा हुन् परमेश्वर', 'कोइली र फागुन', 'बालबालिका शान्तिक्षेत्र हुन्' आदि कविताहरूमा सामाजिक क्रान्तिचेत प्रस्तुत गरिएको छ :

जनआन्दोलन २०४६ बाट प्राप्त प्रजातन्त्रपछि देश झन् अन्योल र अन्धकारको दलदलमा फस्न पुग्यो। समाजमा शोषण, दमन, पीडन, थिचोमिचो, परतन्त्रता र बन्देज बढ्दै गए। समाजका आर्थिक र भौतिक संरचनाहरू जाली, फटाहा, लुच्चा, छुच्चा, लोभी र पापीहरूले ध्वस्त पारे। यस्तो अवस्थाको यथार्थ प्रतिबिम्बन कवि रामप्रसाद ज्ञवालीले 'आजको नेपाल' शीर्षकको कवितामा गरेका छन्। यहाँ सामन्ती शोषणबाट गाँजिँदा गाँजिँदा निरीह हुन पुगेको नेपाली जनताको आत्माको चीत्कार प्रस्तुत छ। आज समाज अनेक विकृति, विसङ्गतिबाट बलात्कृत भएको छ। लुच्चा, छुच्चा र फटाहाहरूले समाजको चौटाचौटा लुछ्दै कुपुकुपु खाइरहेको अवस्था छ। भन्नका लागि समाज स्वतन्त्र छ, जनता स्वतन्त्र छन् तर पिँजरामा थुनेको पक्षीझैँ जनता सताइएका छन् भन्ने भाव 'आजको नेपाल' कवितामा व्यक्त छ। समाजका यस्ता नकारात्मक प्रवृत्तिलाई तह लगाउन यस कवितामा सामाजिक क्रान्तिचेत प्रकट भएको छ। त्यो क्रान्तिको भावनालाई कवितामार्फत यसरी व्यक्त गरिएको छ :

भन्दा छैन अधीनमा गहिरिँदा सोझै पराधीन छ
अर्काकै भरमा छ तैपनि सधैँ हल्ला छ स्वाधीन छ
यस्तो लाग्छ कि क्यै दलालहरूले बेची-फँसेकी चरी
आफ्नैबाट भई बलात्कृत सधैँ मर्दै- बसेकी परी !

(आजको नेपाल : १)

'सुनी नसक्नु भयो' शीर्षकको कवितामा कवि ज्ञवालीले वर्तमान समाजका नकारात्मक अवस्थालाई प्रस्तुत गरेका छन्। आज समाजमा हत्या, हिंसा धेरै बढेको छ। यसले बालक, बुढा, विधवा, अपाङ्ग कसैलाई छाडेको छैन। जताततै रगत र लासले भरिएको अवस्था सिर्जना

भएको छ। सबैका आँखामा आँसुसिवाय केही छैन। यी सारा कुराले वातावरण नै रापिलो, तापिलो भएको छ भन्ने मूलभाव यस कवितामा रहेको छ। कविले यस्ता तप्त समाजलाई शीतलता दिलाउन समाजको रूपान्तरण गर्नुपर्ने विचार अगाडि सारेका छन्। हत्या-हिंसाले सङ्कटग्रस्त तथा विकृत सामाजिक यथास्थितिप्रतिको दुःख, चिन्ता र आक्रोश व्यक्त गरेका छन्। यस कुरालाई यसरी व्यक्त गरिएको छ :

रगताम्य छ आज प्रकाश पनि
रगतै छ हिमाल पहाड पनि
यति रक्त बग्यो कि सकिन्न भनी
रगतै छ हवा रगतै छ नदी

(सुनी नसक्नु भयो : ४)

आज नेपाली समाजमा बम, बारुद, गोलीको वर्षा र परतन्त्रताले थिलथिलिएको छ। यहाँ मान्छेले आफू स्वतन्त्र भएर बाँच्न पाएका छैनन्। सधैँ हत्या, हिंसा, शोषण, दमन र थिचोमिचोले त्राहि-त्राहि भएर बस्नुपर्ने अवस्था छ। यस्तो अवस्थाको चित्रण कवि ज्ञवालीले 'स्वतन्त्र देश बाँच्न द्यौ' शीर्षकको कवितामार्फत गरेका छन्। यो कविता हत्या-हिंसाले सङ्कटग्रस्त बनेको जीवनप्रतिको संवेदनाकै अभिव्यक्ति हो। यहाँ कविले मान्छेको स्वतन्त्र बाँच्न पाउने अधिकारको हनन भएकोमा औँला ठड्याउँदै त्यसको विरोध गरेका छन्। गरिब वर्गका जनताको रगत र मासुले प्यास र भोक मेट्न पल्केका सामन्ती तथा युद्धलिप्सामा लागेकाप्रति चर्को असन्तुष्टि व्यक्त गरेका छन् र आफू स्वतन्त्र भई बाँच्न पाउनुपर्ने कुरामा कविले जोड दिएका छन्। रक्तपिपासुप्रतिको विद्रोही भाव यस कवितामा यसरी प्रस्तुत भएको छ :

नमेट प्यास रक्तले नमेट भोक मासुले
मभित्र वेदना बढ्यो भिज्यो शरीर आँसुले
चरी उडोस् स्वतन्त्र भै नरोक उड्न नाच्न द्यौ !
नमार निर्दयीहरू ! स्वतन्त्र देश बाँच्न द्यौ !

(स्वतन्त्र देश बाँच्न द्यौ : ८)

'प्रतिगमन' कविता प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा आएको छ। यहाँ समाजका मूर्तिचोर, जाँड्याहा र वेश्यालय धाउने व्यक्तिप्रति व्यङ्ग्य गर्दै त्यस्ता कुव्यक्तिको विरोध गरिएको छ। मूलतः यो कविता राजा र राजपरिवारका सदस्यहरूका कुकर्मप्रति लक्षित

देखिन्छ । पोखरामा घटेका नमिता-सुमिताकाण्डको उल्लेख गर्दै सो काण्डमा राजपरिवारका सदस्यहरूको संलग्नता थियो भन्ने आशङ्का कविले यस कवितामा गरेका छन् । राजा ज्ञानेन्द्रले प्रतिगमन गरेपछि भाडाका मान्छे जम्मा पारेर गरेको अभिनन्दनका क्रियाकलापहरूप्रति चर्को व्यङ्ग्य गरिएको छ । यसरी प्रतिगमनले समाजलाई ध्वस्त पारेकाले प्रतिगमनकारी शक्तिविरुद्ध क्रान्ति गर्न कविले यसरी सन्देश दिएका छन् :

भुस्या' कुकुरले गर्छन् मलाई अभिनन्दन !
मेरै स्वागतमा नाच्छन् ब्वाँसा र स्याल छम्छम !
बन्धुबान्धवको हत्या मलाई मन पर्छ झन् !
प्रतिगामी म हुँ मेरो उद्देश्य नै प्रतिगमन !

(प्रतिगमन : १६)

यहाँ कविले आफ्नो कवितामार्फत प्रतिगामीको चरित्र र व्यक्तित्व उभ्याउँदै प्रतिगामी तत्त्वले गरेका हत्या, हिंसा, चोरी, वेश्यावृत्तिलाई यथार्थ रूपमा चित्रण गरेका छन् र प्रतिगमनकारीविरुद्ध सूक्ष्मरूपमा आक्रोश र विरोध व्यक्त गरेका छन् ।

'अचम्मको वीर' शीर्षकको कवितामा कविले कविको शक्ति वा सामर्थ्य कति धेरै हुन्छ भन्ने कुरा देखाउने काम गरेका छन् । यसमा उनले कविलाई क्रान्तिको संवाहक मानेका छन् । उनका विचारमा चेतनाको परिवर्तनका आधार कवि हुन्छन् भने साहित्य वा कविता तिनका माध्यम बन्दछन् । समाजमा क्रान्तिको ऊर्जा भर्ने काम कविता र कविले गर्दछन् । कविको क्रान्तिचेतनाबाट दमनकारी राज्य र त्यसका संयन्त्रहरू भयभीत हुन्छन् भन्ने कुरा यस कवितामा प्रस्तुत हुन आएको छ ।

'आत्महत्या गरे भयो' शीर्षकको कवितामा कवि ज्ञवालीको क्रान्तिचेत व्यङ्ग्यात्मक चेतनाका साथ प्रकट भएको छ । क्रान्ति गर्छु भनी दम्भ गर्दै अगाडि आएका व्यक्तिहरू दमनदेखि डराएर पछि हटेपछि कविले ती व्यक्तिहरूमाथि व्यङ्ग्य गर्दै यो कविता लेखेका छन् । यस क्रममा कविले डरले भाग्ने व्यक्तिहरूलाई क्रान्तिकारी हुने ढोँग गर्न छाडेर आत्महत्या गरे हुन्छ भनी व्यङ्ग्य गरेका छन् । यस भावलाई कवितामार्फत यसरी प्रस्तुत गरिएको छ :

क्रान्ति गर्छु पनि भन्छस् मृत्युदेखि डराउँछस् !
बाटो खन्छु पनि भन्छस् गैँती बोक्न डराउँछस् !
आँट गर्न नसक्नेले दम्भ यो नगरे भयो !

किन पो बाँच्नु लाछीले, आत्महत्या गरे भयो !

(आत्महत्या गरे भयो : १९)

'माथि उड्दै छ बाज' शीर्षकको कवितामा प्रतीकात्मक रूपमा ग्रामीण समाजमा व्याप्त सामन्ती शोषणको विरोध गरिएको छ । यहाँ बाजलाई सामन्त र शोषकको प्रतीकका रूपमा लिइएको छ । जसरी माथि आकाशमा बाज उड्दा तल रहेका परेवा, चराचुरुङ्गी डरले त्रस्त हुन्छन्, त्यसैगरी सामन्तीहरू र शोषकहरूको शोषणबाट निम्नवर्ग र सर्वहारावर्ग त्रस्त रहेका छन् भन्ने कुरा स्पष्ट रूपमा देखाउँदै त्यस्ता बाजलाई आकाशमा मनपरी ढङ्गले घुम्न दिन नहुने भाव यहाँ प्रकट भएको छ । यहाँ कविमा सामन्तवर्गद्वारा गरिने शोषण, दमन, पीडनविरुद्ध क्रान्तिको भावना उद्घाटित भएको छ । शोषक र सामन्तवर्गले अलिअलि भए पनि जनतामा आएको स्वतन्त्रतालाई हत्याएको कुरा कवितामार्फत कविले यसरी प्रकट गरिएको छ :

अलि मलजल पाई हुर्कंदै थ्यो मुना यो
तहस-नहस गर्दै ध्वस्त पार्छौ नि के हो !
भन कि खुन गर्छौ त्रस्त पार्दै समाज ?
किनकि अझ खुनीकै हुन्छ सम्मान आज !

(माथि उड्दै छ बाज : २१)

कवि रामप्रसाद ज्ञवालीले समाजको रूपान्तरणका लागि काम गर्छु भनी अगाडि सरेका तर गरिब जनतालाई धोका दिँदै स्वार्थपूर्ति गर्न र सत्ता प्राप्त गर्नमा लागिपरेका विश्वासघाती नेतासँग, सिद्धान्त छोड्नेहरूसँग र कृतघ्नहरूसँग मिलेर जनताले अब क्रान्ति नगर्ने कुरा 'जनताको अभिमत' शीर्षकको कविताबाट प्रस्तुत गरेका छन् । यस कवितामा राजनीतिक नेतृत्वलाई निसाना बनाइएको छ । कृतघ्नहरूले गरेको घातप्रति व्यङ्ग्य गरिएको छ र अविश्वासका विरुद्ध विद्रोह गरिएको छ । यस्ता नकारात्मक विचारधाराको पृष्ठपोषकका विरुद्ध जनताले आफै मिली क्रान्ति गर्नुपर्ने विचार यस कवितामा प्रकट गरिएको छ । त्यसैगरी 'मगन्ते क्रान्ति गर्दिनँ !' शीर्षकको कवितामार्फत पनि कवि ज्ञवालीले गरिब जनताको शोषण गर्ने भ्रष्ट, पतीत र आचरणहीन नेताका विरुद्ध व्यङ्ग्य गरेका छन् । चाकडी, चाप्लुसी गर्ने समाजका दासमनोवृत्तिका बुज्रुक व्यक्तिहरूलाई घृणाले थुकेका छन् । उनीहरूको आचरण पशुवत् रहेको कुरा यस कवितामा व्यक्त भएको छ । यस पशुव्यवहारका विरुद्ध क्रान्तिको ज्वाला कवितामा यसरी प्रकट भएको छ :

के गरूँ के गरूँ हुन्छ हिउँले पोल्छ बेसरी !
पौडन्छु पिउँदै पानी तिर्खा मेटिन्न क्यै गरी !
म सुन्न पनि चाहन्नँ तेरो त्यो लोभको कथा !
भीख माग्दै हिँडेको छस् यो कस्तो क्रान्ति हो बता ?

(मगन्ते क्रान्ति गर्दिनँ : २६)

समाजका अन्याय, अत्याचार, शोषण र दमन सहेर बसेका जनताहरूमा विद्रोह र क्रान्तिको चेतना जगाउने काम कवि ज्ञवालीले 'मऱ्यौ कि क्या हो ?' शीर्षकको कवितामा गरेका छन्। जनताका हरेक इच्छा, आकाङ्क्षा र स्वतन्त्रतामाथि निरङ्कुश राज्यसत्ताबाट बन्देज लगाएपछि दमनलाई चुपचाप सहेर बसेका विद्यार्थी, पेसाकर्मी र समाजका विविध वर्गका मानिसहरूलाई घच्घच्याउने क्रममा यो कविता प्रस्तुत भएको छ। आफ्नो गुमेको अधिकारका लागि कुनै प्रयत्न नगरी निष्क्रिय भई बसेका व्यक्तिहरूप्रति कवि असन्तुष्ट छन्। त्यही असन्तुष्टिबाट व्यक्त क्रान्तिचेत मऱ्यौ कि क्या हो भन्ने कवितामा पाइन्छ। त्यसको एउटा उदाहरण निम्नलिखित श्लोक देखिन्छ :

तिम्रो ओठ सिएर बोल्न नदिने कल्ले बनायो भन ?
हेर्ने दृष्टिसमेत खोल्न नदिने कल्ले बनायो भन ?
तिम्रा कान थुनेर सुन्न नदिने कल्ले बनायो भन ?
के भो ? लास भयौ ? मऱ्यौ कि किन हो उम्लिन्न तिम्रो मन !

(मऱ्यौ कि क्या हो ? : २७)

देशमा बढ्दै गएको हत्या, हिंसा, दमन, शोषण र समाजमा सामन्तहरूले दिएको दुःख, पीडा र शोषणका विरुद्ध क्रान्ति गर्न कवि ज्ञवाली आफू पनि लागेका छन् र कवितामार्फत अरूलाई पनि लाग्न अनुरोध गरेका छन्। त्यहीअनुरूप प्रस्तुत भएको कविता 'मर्नलाई तयार बन !' पनि हो। यस कवितामा कविले अन्याय, जालझेल, छल, शोषण र घातले ग्रस्त समाजलाई प्रतिबिम्बित गर्दै त्यस्ता कुप्रवृत्ति सहँदा-सहँदा जनताको धैर्यको बाँध टुटिसकेकाले अब सहन नसक्ने कुरा व्यक्त गरेका छन्। त्यस्ता नकारात्मक कुराविरुद्ध क्रान्तिचेतको भाव यस कवितामा यसरी व्यक्त भएको छ :

सहने कति हो मैले सधैँ बनेर घायल ?
सधैँ षड्यन्त्र, यो धोका, जालझेल सधैँ छल !
त्रास-आतङ्कमा बाँच्ने कसरी पलका पल ?

तँलाई भासमा गाड्न आएँ म क्रान्ति गौरव !

(मर्नलाई तयार बन् : २९)

कवि ज्ञवाली नेपालीमाथिको अन्तर्राष्ट्रिय हस्तक्षेप र साम्राज्यवादी राज्यनीतिका विरुद्ध सधैँ असन्तुष्ट र आक्रोशित छन् । अमेरिकाले गरेको हस्तक्षेप र साम्राज्यवादी अधिनायकवादी रणनीतिका विरुद्ध आक्रोशित हुँदै उनले 'प्रश्नोत्तर' शीर्षकको कविता लेखेको पाइन्छ । यस कवितामा उनले अमेरिकाको तथाकथित सक्कली मानवतावाद र हस्तक्षेपकारी प्रजातन्त्रको पर्दाफास यसरी गरेका छन् :

एउटा फलका निम्ति सिङ्गै वृक्ष ढलाउँछ !
निहुँ सद्दामको गर्छ, सिङ्गै राष्ट्र चपाउँछ !
सधैँ जप्छ प्रजातन्त्र मार्छ लाखौँ प्रजा सदा
'प्रजातान्त्रिक' त्यो को हो ? त्यो हो मात्र अमेरिका

(प्रश्नोत्तर : ३१)

ज्ञवाली 'लड्ने काम बन्दुकबाट मात्र हुँदैन, दिमाग, साहित्य र कलाबाट पनि हुन्छ' भन्ने मार्क्सको अवधारणाको राम्रो मूल्याङ्कन गर्छन् । उनको 'कवि होस् कविताभित्रै ...' भन्ने शीर्षकको कविता कलामूल्य र सौन्दर्यबारे कविको धारणा प्रस्तुत गर्ने प्रतिनिधि रचना हो । कला र विचारको उत्कृष्ट संयोजनप्राप्त यस कवितामा भाषिक सौन्दर्यको उच्चता पाइन्छ । उनले यस कवितामा कवितालाई सामाजिक रूपान्तरणको धारिलो हतियारका रूपमा प्रस्तुत गरेका छन् । क्रान्तिलाई कविताभरि उद्घोष गर्दै उनी आफ्ना क्रान्तिकारी विचारलाई यसरी प्रस्तुत गर्दछन् :

आफैँ खोजेर देखेको दृश्यजस्तै मनोहर
आफैँ भोगेर लेखेको कविता हुन्छ सुन्दर !
हिमाली शिरमा चढ्ने आरोही वीरकै सरि
कवि होस् कविताभित्रै क्रान्ति होस् कविताभरि

(कवि होस् कविताभित्रै... : ३४)

कवि ज्ञवालीले 'मान्छे शान्त त्यसै हुँदैन' शीर्षकको कवितामा सयौँ व्यक्ति भोकभोकै मर्ने र एउटा व्यक्ति धेरै खाएर अजीर्ण पल्टी मर्ने सामाजिक-विसङ्गतिलाई देखाउँदै भोको पेट भएर नै मान्छेले चोर्नुपर्ने बाध्यता आएको एवं समाजमा ठूलाले सानालाई हेप्ने, होच्याउने र भेदभाव गर्ने परम्पराले नै सामाजिक क्रान्ति गर्नुपरेको कुरालाई व्यक्त गरेका छन् । यहाँ मान्छेको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार लुटिएको, उनीहरूमाथि भेदभाव गरिएको,

उनीहरूको बोल्ने अधिकार खोसिएको कुरा उच्च कलासाथ प्रस्तुत गरिएको छ। एउटा व्यक्तिको सुखका निम्ति सयौँका सुख खोसिएकोमा आक्रोशित हुँदै यस कवितामा त्यस्ता अमानवीय व्यवहारका विरुद्ध क्रान्तिको स्वर यसरी अभिव्यक्त गरिएको छ :

भोको पेट रहन्न क्वै यदि भने चोर्थ्यो कसैले किन ?
चर्को भेद हुँदैनथ्यो यदि भने लड्थ्यो र को दिन्दिन ?
मान्छे शान्त हुँदैन यै तरहले अन्याय पाली रहे !
यौटाको मुखनिम्ति लाख मुखमा ताल्चा झुँड्याई रहे !

(मान्छे शान्त त्यसै हुँदैन : ३५)

'बौलाएको कुकुर मार्नै पर्छ' शीर्षकको कवितामा कवि ज्ञवालीले समाजका सामन्त, घुसखोर, शोषक, उत्पीडक, राष्ट्रघाती, चोर, ठग र बलात्कारीलाई बौलाएको कुकुरको प्रतीकका रूपमा लिँदै चर्को व्यङ्ग्य, विद्रोह गर्दै क्रान्तिचेत प्रस्तुत गरेका छन्। यहाँ कविले बौलाएको कुकुरमा समाजका कुकर्मीलाई आरोपित गरेका छन्। त्यसैले बौलाएको कुकुर मार्नुपर्ने शब्दमा समाजका भ्रष्ट, पतीत, कृतघ्न, कुकर्मीलाई क्रान्तिद्वारा मार्नुपर्छ भन्ने कविको भाव व्यञ्जित भएको छ। समाजका नकारात्मक मनोवृत्तिका व्यक्तिलाई सबैले मिलेर क्रान्ति गरी समूल नष्ट गर्नुपर्छ भन्ने उनको धारणा कवितामा यसरी व्यक्त भएको छ :

सिन्की पार्ने मन यदि भए गाड्नु नै पर्छ खाँदी
वैरी मार्ने मन यदि भए मिल्नु नै पर्छ साथी !
ब्वाँसो पल्केपछि रगतमा गाउँ बाँकी हुँदैन
बौलाएको कुकुर छ भने त्यो नमारी हुँदैन।

(बौलाएको कुकुर मार्नै पर्छ : ३८)

'गधा गाई बन्नै सक्दैन' शीर्षकको कवितामा कवि ज्ञवालीले समाजका शोषक, लुच्चा, छुच्चा र गरिबमारा व्यक्तिहरूविरुद्ध प्रतीकात्मक अभिव्यक्ति दिएका छन्। यहाँ कविले दास मनोवृत्तिका व्यक्तिहरूमाथि कवितात्मक आक्रमण गरेको पाइन्छ। गधा जति नुहाए पनि गाई बन्न नसकेजस्तै समाजमा सामन्त, शोषक, ठगाहा र चोरहरू जति सुध्रे पनि समाजसुधारक र राम्रो मान्छे बन्न नसक्ने कुरा कविले यस कवितामा प्रस्तुत गरेका छन्। तसर्थ सामन्ती समाजलाई धुकधुकी पनि बाँकी नराखी नष्ट गर्नुपर्ने तथा समाजलाई आमूल रूपमा परिवर्तन गर्नुपर्ने भाव प्रस्तुत गर्दै त्यस्ता व्यक्तिका विरुद्धमा कविको क्रान्तिचेत यसरी व्यक्त भएको छ :

चुँड्ने मात्र गरे त झार सुन हे ! मर्दैन फर्कन्छ त्यो
फेदैबाट उखेल्नुपर्छ नभए टेर्दैन हुर्कन्छ त्यो

जस्तै सुन्दर होस् न सर्प त्यसले टोक्नेछ पायो भने
रास्रो हुन्छ नि दुष्ट सर्प चिडियाखाना पुऱ्यायो भने

(गधा गाई बन्नै सक्दैन : ४०)

'क्रान्तिजीवन' शीर्षकको कवितामा कवि ज्ञवालीले समाजमा विद्यमान्, अन्याय, अत्याचार, शोषण, दमन, हत्या, हिंसा हटाएर समानता, स्वतन्त्रता, शोषणरहित समाजको स्थापना गरी मानवीय निराशालाई हटाउन र मानवीय अस्तित्त्व कायम राख्न क्रान्ति अपरिहार्य रहेको कुरा व्यक्त गरेका छन् । यस कवितामा कविको क्रान्तिचेत यसरी प्रस्तुत भएको छ :

चाहन्छ जो विश्व सुखी रहोस् भनी
समानता, न्याय दुःखी नहोस् भनी
चर्को प्रतिक्रान्ति भए मिटाउन
लड्ने सधैं गर्दछ क्रान्तिजीवन ।

(क्रान्तिजीवन : ४६)

कवि रामप्रसाद ज्ञवालीले 'आमा हुन् परमेश्वर' शीर्षकको कवितामा आमाको महत्त्व अव्याख्येय रहेको उल्लेख गरेका छन् । आमाको महत्त्वलाई भुल्दै आमामाथि मन, वचन र कर्मले दुःख दिने व्यक्तिलाई मूर्खको संज्ञा दिएका छन् । त्यसैले कसैले पनि आमालाई कुनै पनि कुराबाट दुःख नदिन आग्रह गर्दै आमालाई चोट पुऱ्याउने व्यक्तिमाथि कविले तीव्र आक्रोश व्यक्त गरेका छन् । आमालाई चोट पुऱ्याउने व्यक्तिप्रति आफ्नो असन्तुष्टिको भाव व्यक्त गर्दै समाजमा आमाको महत्त्वलाई कविले यसरी प्रकट गरेका छन् :

नरोप मूर्खता बोकी आमाको मुटुमा छुरी
दूध फाट्यो भने फेरि दूध बन्दैन क्यै गरी
आमा हुन् सिर्जनामूल, प्राणदाता र आश्रय
गर सम्मान आमाको आमा हुन् परमेश्वर !

(आमा हुन् परमेश्वर : ४८)

'यै देशलाई मर' शीर्षकको कवितामा कवि ज्ञवालीले नेपालीहरू दिनानुदिन विदेसिँदै गएको यथार्थस्थितिको वर्णन गर्दै नेपालीभूमिले युवाशक्तिलाई यही भूमिमा परिश्रम गर, पसिना खन्याऊ, सीप छर, म पनि अरूमा विकसित देश जस्तै समुन्नत हुन सक्छु भनेर पुकारा गरेको रूपमा प्रस्तुत गरेका छन् । यहाँ जसरी कुकुरलाई केही देखाएर चेचे भनी बोलाइन्छ र ऊ लोभले जान्छ, त्यसैगरी नेपालीलाई विदेशीहरूले केही लोभ देखाएर बोलाउँदा नेपालीहरू

मख्ख पर्दै उसैका पछि लागेको कुरालाई विषय बनाई कविले देशभक्तिको भावना प्रस्तुत गरेका छन् । विदेशीको दासता मन पराउने, दलाल, फाँसीवादी, साम्राज्यवादीका पछि लाग्ने हुतिहारा नेपालीलाई कविले देशभक्ति, राष्ट्रियता र सामाजिक दायित्वका पक्षमा लाग्न आह्वान गरेका छन् । नेपाली भूमिलाई उर्वर बनाउन र हराभरा पार्न तथा सम्पन्नताले स्वर्ग तुल्याउन कविले प्रेरणा दिएका छन् र अन्त्यमा अन्तै गएर परिश्रम गरे पनि र अन्तै बसे पनि माया, आस्था र गर्व यही देशको गर्नुपर्छ भन्ने विचार प्रस्तुत कवितामा यसरी व्यक्त भएको छ :

अन्तै कर्म गरे नि पुत्र ! ढुकुटी यै देशको नै भर
जान्छौ अन्त भने नि गर्व प्रिय हे ! यै देशको नै गर
सक्छौ गर्न त काम क्यै यदि भने यै देशलाई गर
मान्छे भैकन मर्नमा मन भए यै देशलाई मर

(यै देशलाई मर : ५३)

आज विश्वमै बालबालिकाको जीवन अशान्त छ । बालबालिकालाई विविध रूपमा दमन र शोषण गरिँदै छ । यसप्रति कवि ज्ञवाली असन्तुष्ट छन् । बालबालिकाहरूमाथि हुने गरेको शोषण, दमन र हिंसाको विरोध ज्ञवालीले आफ्नो कविता 'बालबालिका शान्ति क्षेत्र हुन्' मार्फत गरेका छन् । यहाँ बालकको अधिकार हनन नगरी उनीहरूको स्वतन्त्र रूपमा जिउन पाउने अधिकारको प्रत्याभूतिका लागि सबैले सचेत भएर लाग्नुपर्नेमा कविले जोड दिएका छन् । साथै बालबालिकालाई शान्तिक्षेत्र बनाउन बालबालिकाविरोधी तत्त्वहरूसँग क्रान्ति गर्नु अति आवश्यक रहेको कुरा कविले यस कवितामा प्रस्तुत गरेका छन् :

बल भनी कठै ! बम समाउँछन्,
दोष छैन क्यै मृत्यु पाउँछन्
यी अबोधमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्

(बालबालिका शान्तिक्षेत्र हुन् : ५६)

यसरी असुरग्याँस ! कवितासङ्ग्रहका अधिकांश कविताहरूमा कुनै न कुनै रूपमा कवि ज्ञवालीको सामाजिक क्रान्तिचेत व्यक्त भएको पाइन्छ । यस कवितासङ्ग्रहका कवितामा कविले अभिधा, लक्षण र व्यञ्जना गरी तीनै शब्दशक्तिद्वारा क्रान्तिचेतलाई व्यक्त गरेका छन् । साथमा बिम्बप्रतीक, व्यङ्ग्य, विद्रोह र आक्रोशका रूपमा पनि उनको क्रान्तिचेत व्यञ्जित रहेको छ । आँसीका फूलहरू महाकाव्यमा नकारात्मक यथास्थितिको प्रतिबिम्बनसाथ जन्मेको

विद्रोह र आक्रोशको भाव क्रमशः विकसित हुँदै पुतली र झुसिल्किरा कवितासङ्ग्रहमा क्रान्तिचेतको रूपमा परिणत भएको छ र एकादेशमा खण्डकाव्यमा अझ विकसित हुँदै आएको सामाजिक क्रान्तिचेतले असुरग्याँस ! कवितासङ्ग्रहमा उत्कर्ष प्राप्त गरेको छ ।

## ४.४ रामप्रसाद ज्ञवालीका कविता-काव्यमा राजनीतिक क्रान्तिचेत

### ४.४.१ विषयप्रवेश

क्रान्ति, राजनीति र साहित्यको सम्बन्ध अत्यन्त निकट एवं घनिष्ट रहेको हुन्छ । क्रान्ति समाजका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक र धार्मिक अवस्थामा देखिएका नकारात्मक यथास्थितिलाई परिवर्तन गरी नवीन यथार्थको स्थापना गर्ने आधार हो । मानवजीवनसँग सम्बद्ध हरेक विसङ्गत पक्षविरुद्ध क्रान्ति हुने गर्दछ । राजनीति भनेको राज्य र मानवसमुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने नीति वा नियम हो । साहित्यचाहिँ सारा सृष्टिको कलात्मक प्रतिबिम्बन हो । साहित्यकै विधाविशेष कविता भएकाले कविता-काव्यले पनि अन्तर्वस्तुका रूपमा सामाज, राजनीति, धर्म र संस्कृति आदिलाई लिने गर्दछ । मार्क्सले कलासाहित्य र राजनीतिका बारेमा आफ्नो विचार यसरी अगाडि सारेका छन् : "कलासाहित्यमा राजनीतिक तत्त्व छुट्टै अस्तित्व बोकेर होइन, कलात्मक तत्त्वसँग घोलिएर आउँछ । कला, साहित्य एवं कविता-काव्य र राजनीति अन्तर्सम्बन्धित हुन्छन् । राजनीतिक विचारबाट कलासाहित्य कहिल्यै स्वतन्त्र रहेको छैन र रहन सक्दैन । यथार्थ जीवनको सक्रिय प्रतिबिम्बनमा जीवन र जगत्को रूपान्तरण गर्ने वा त्यसको प्रतिकार गर्ने विचार वा सङ्घर्षको प्रतिच्छाया कलामा नरहिरहन सक्दैन" (लम्साल; २०६१ : ८७) । यसप्रकार कविता काव्य, राजनीति र क्रान्तिबीचको सम्बन्ध अन्योन्याश्रित रहेको स्पष्ट हुन्छ ।

राजनीतिक क्रान्ति भनेको राज्यव्यवस्थामा देखिएका नकारात्मक एवं शोषणमुखी राज्यसञ्चालन गर्ने संयन्त्रका विरुद्ध शोषित, पीडित र दमित विपन्न वर्गका जनताहरूद्वारा गरिएको परिवर्तनगामी कार्य हो जसद्वारा राज्यव्यवस्थामा रहेका दमन, शोषण, पीडन, अधिनायक, निरङ्कुश तथा बर्बरतापूर्ण राज्यसञ्चालनको नीतिमा परिवर्तन भई समानता, स्वतन्त्रता, जनइच्छा र जनआकाङ्क्षाअनुरूपको राज्यको स्थापना हुन्छ । सामाजिक क्रान्तिले समाजमा रहेका नकारात्मक विसङ्गति र विकृतिका अवस्थामा परिवर्तन हुन्छ भने राजनीतिक क्रान्तिचेतले राज्यसञ्चालनमा देखिएका नकारात्मक एवं विसङ्गत रूपमा रहेका हत्या, हिंसा, शोषण, दमन, निरङ्कुशता आदि अराजक राजनीतिक अवस्थामा परिवर्तन गर्न सघाउँछ ।

क्रान्ति धेरै प्रकारबाट हुने गर्दछ । सडकमा उत्रेर जनदबाबद्वारा पनि क्रान्ति हुने गर्दछ भने कलासाहित्यका माध्यमद्वारा पनि क्रान्ति हुने गर्दछ । नेपाली साहित्यमा कलासाहित्यका

माध्यमबाट राजनीतिक क्रान्तिको सुरुवात धरणीधर कोइरालाबाट हुँदै आजसम्म आएको छ । २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापनापश्चात् सुरु भएको प्रगतिवादी साहित्यले साहित्यलाई राजनीतिक, सामाजिक र आर्थिक रूपान्तरणको हतियारकै रूपमा प्रयोग गर्दै आएको छ । यसै परम्पराको विकास हुँदै जाने क्रममा क्रान्तिलाई अँगाल्ने हालसम्म धेरै कवि, साहित्यकार देखापरेका छन् । तिनै साहित्यकारहरूका बीचमा २०४६ सालपछि उदाएर स्थापित हुन पुगेका व्यक्ति हुन् कवि रामप्रसाद ज्ञवाली (२०२४) । उनका कविता-काव्यमा सामाजिक क्रान्तिचेत जति सशक्त एवं टड्कारो भएर आएको छ, राजनीतिक क्रान्तिचेत पनि त्यतिकै सशक्त एवं प्रखर रूपमा आएको छ ।

कवि रामप्रसाद ज्ञवालीमा समाजका नकारात्मक यथास्थितिबाट सकारात्मक परिवर्तनको चाहना जति रहेको छ, राजनीतिक रूपमा देखिएका नकारात्मक यथास्थितिबाट परिवर्तनको चाहना पनि त्यत्तिकै रहेको छ । त्यसैले उनका साहित्यिक कृतिहरू राजनीतिक क्रान्तिचेतले पनि रङ्गिएका छन् । ज्ञवालीको राजनीतिक क्रान्तिचेत उनी स्वयंले देखेभोगेको विविध राज्यनीति र शासनप्रणालीबाट प्राप्त असन्तुष्टिले जागृत भएको छ। कविताकाव्यमा ज्ञवालीको राजनीतिक क्रान्तिचेत औँसीका फूलहरू (महाकाव्य, २०५३) महाकाव्यबाट सुरु भएको छ। यस महाकाव्यमा समाजमा रहेको शोषकवर्गको राजनीतिदेखि पञ्चायती व्यवस्थाको निरङ्कुश राज्यसत्ताका विरुद्धको क्रान्तिचेतसमेत प्रस्तुत भएको छ भने पुतली र झुसिल्किरा (कवितासङ्ग्रह, २०५९) मा प्रजातन्त्रको स्थापना (२०४६) पछिको राजनीतिक खिचातानी र वर्गभेदजस्ता कुराका विरुद्धको क्रान्तिचेत सल्बलाएको छ। एकादेशमा (खण्डकाव्य, २०६१) मा देशमा बढ्दै गएको निरङ्कुश अधिनायकवादी बर्बरतापूर्ण राजतन्त्रका विरुद्धको क्रान्तिचेत जागृत हुँदै गणतन्त्रको संस्थागत विकासमा केन्द्रित रहेको छ भने असुरग्याँस ¤ (कवितासङ्ग्रह, २०६२) मा विविध बिम्बप्रतीक, व्यङ्ग्य, विद्रोहद्वारा अधिनायकवादी निरङ्कुश राजतन्त्रका विरुद्धको क्रान्तिचेत मुखरित छ। यहाँ कवि ज्ञवालीका कविता-काव्यको छुट्टाछुट्टै अध्ययन गरी राजनीतिक क्रान्तिचेतको निरूपण गर्ने उद्देश्य रहेको छ ।

### ४.४.२ ‘औँसीका फूलहरू’ (२०५३) महाकाव्यमा राजनीतिक क्रान्तिचेत

रामप्रसाद ज्ञवालीद्वारा प्रस्तुत गरिएको औँसीका फूलहरू (२०५३) महाकाव्यमा २०१७ सालदेखि २०४६ पछिसम्मको नेपाली राजनीतिलाई मुख्य अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको छ । यहाँ २००७ सालमा जनताको त्याग र बलिदानपश्चात् प्रजातन्त्रको स्थापना भएकोमा २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरी पञ्चायती व्यवस्था लादिएपछिको राजनीतिक अवस्थाको प्रतिबिम्बन गर्दै अन्याय, अत्याचार, शोषण-दमनविरुद्ध क्रान्तिको

आवाज मुखरित गरिएको छ । यस महाकाव्यमा व्यक्त राजनीतिक क्रान्तिका सम्बन्धमा प्रभात सापकोटाले आफ्नो विचार यसरी राखेका छन् : "तत्कालीन सरकार वा शासनसत्तालाई जनताका अगाडि निहुरिन बाध्य पारिएको अवस्थाको चित्रण यस महाकाव्यमा भएको छ" (२०५७ : ७३) । यस महाकाव्यमा पञ्चायती राजनीति र पञ्चायती व्यवस्थाले जनतामा लादेका निरङ्कुशताका साथै विविध कुरामा लगाइएको प्रतिबन्धका विरुद्ध क्रान्तिको अपरिहार्यतालाई कवि ज्ञवालीले विभिन्न भाव, विचार, बिम्बप्रतीक आदिका माध्यमबाट प्रस्तुत गरेका छन् । औंसीका फूलहरू महाकाव्यमा कवि रामप्रसाद ज्ञवालीको राजनीतिक क्रान्तिचेत चौथो फूलमा पुगेर कमल (नायक) पात्रका माध्यमबाट सुरु भएको छ । यहाँ कमलले पञ्चायती शासनको शोषण, दमन, अन्याय, हत्या र हिंसाको यथार्थ बुझ्दै ऊ क्रान्तितिर आकर्षित भएको र क्रान्तिकारी कार्यमा लागेको कुरा यसरी प्रकट भएको छ :

पढ्दै गयो न्याय छ के भनेर
लड्दै गयो न्याय लिने भनेर
ती छात्रका मागहरू लिएर
बढ्दै गयो जागृत क्रान्तिनेर

(चौथो फूल : २६)

यसैगरी यस महाकाव्यको नायक कमल विद्यार्थीहरूको चुनावमा विद्यार्थी नेता भएर उठेपछि उसले विभिन्न ठाउँमा गरेका भाषणहरूमा निरङ्कुश राज्यका विरुद्ध राजनीतिक क्रान्तिको आवाजलाई यसरी अभिव्यक्त गरिएको छ :

कैले भाषण गर्दथ्यो डबलिमा अन्याय मासौँ भनी
पक्रिन्थ्यो जब कुट्दथे प्रहरिले विद्रोह हो यो भनी
दौडन्थ्यो तर गर्न क्रान्ति उसले संघर्षका ती दिन
हुन्छन् क्रान्तिसपूत कायर त्यसै कै'ले डराई भन ?

(पाँचौं फूल : १९)

यहाँ कमलले आफ्नो स्वतन्त्रता र समानताका लागि अन्यायी, अत्याचारी र दमनकारी शक्तिविरुद्ध क्रान्ति गरी अगाडि बढ्न आह्वान गरेको भाषणमा अन्यायी, निरङ्कुश राज्यसत्ताका विरुद्धमा क्रान्तिचेत प्रकट भएको छ । कविले अन्यायका विरुद्ध लड्नका लागि यसमा आह्वान गरेका छन् ।

यसरी भाषणा दिँदै हिँडेको कमललाई निरङ्कुश राजतन्त्रका संरक्षक पुलिसहरूले समातेर जेलमा लगी थुनेपछि जेलमा बस्दा उसले धेरै क्रान्तिकारी व्यक्तिहरूलाई भेट्छ । यसबाट उसमा राज्यपरिवर्तनका लागि क्रान्तिको चाहना अझै बढ्दै जान्छ । यसका निम्ति ऊ क्रान्ति

गर्नुपर्ने ठान्दछ, उसमा क्रमिक रूपमा क्रान्तिको धारणा बढ्दै जान्छ। यस तथ्यलाई कविले कवितामार्फत् यसरी प्रस्तुत गरेका छन् :

फालौँ यो असमानता मनमनै सङ्कल्प बन्थ्यो तर
बुझ्थ्यो- योविधि दुर्दशा ! सहजमा बन्दैन यो सुन्दर
उम्लन्थ्यो झननन्न झन्न शठको षड्यन्त्र चिर्ने बल
सम्झन्थ्यो तर यो हुँदैन सजिलो जन्ता हुँदा निर्बल

(पाँचौँ फूल : ३३)

यथास्थितिवादी, नरसंहारकारी तथा अहंकारी शासनसत्तालाई ढालेर समाजलाई प्रगतिशील दिशामा परिवर्तन गर्ने भित्री अठोट यहाँ आएको छ। उसमा यो भाव नदीका तरङ्गझैँ उठ्दै शान्त हुँदै बढ्दै गएको छ। कमल क्रान्तिका बारेमा धेरै ज्ञानार्जन गर्दै क्रान्तिप्रति खारिँदै गएको छ। निरङ्कुश पञ्चायती शासनको परितर्वनका लागि उसमा क्रान्तिचेत बढेको छ। यसलाई कविले यसरी व्यक्त गरेका छन् :

गाढा ज्ञान गरेर अध्ययनको लामो गरी मन्थन
आफ्नो राष्ट्र उठाउने सुर लिई तालिमको जीवन
कैले गर्दछ क्रान्ति भूमिगत भै कैले फुका दिन्दिन
के गर्दा सजिलो हुनेछ रण यो ? सोच्दै गए चिन्तन

(पाँचौँ फूल : ४१)

कमल पञ्चायती शासनसत्ताका विरुद्ध अनेकतरहले क्रान्तिलाई अगाडि बढाउँदै जान्छ। देशमा बढ्दै गएको असमान व्यवस्था र भेदभावपूर्ण व्यवहारले उसको छाती चिमोटिरहेको छ। कोही शासकको निहुँमा हुकुम चलाएर रवाफ फैलाउँदै छन् भने कोही दिनरात पसिना काढ्दा पनि आँसु पिएर जीवन बिताउन बाध्य छन्। यस्तो असमान स्थिति, दमन र शोषणकारी राज्यनीतिको यथार्थको प्रतिबिम्बन यहाँ यसरी भएको छ :

यौटा शासक कुर्सिमा हुकुमको डोरी लिएको लियै
छाप्रोमा असली छ शासक बरा ! आँसू पिएको पियै
गर्दैनन् तर हुक्दछन् जुन तिनै, तक्मा भिरेका-भिर्‍यै
तक्माका हकदार हर्दम यहाँ पीडा लिएका लियै

(पाँचौँ फूल : ४७)

यस्तो राज्यको शोषण, दमन, उत्पीडनविरुद्ध क्रान्तिचेत यसरी प्रकट भएको छ :

यस्को गर्नु छ अन्त्य मानिसहरू बाँचून् सुखी जीवन

आफ्नै जीवनलाई क्वै पनि नहून् हेर्ने घृणा लीकन
यस्तै लक्ष्य लिएर क्रान्तिपथको बाटो समातीकन
पार्टी गर्दछ काम क्रान्ति भनिने-सम्झाउँथ्यो सज्जन

(पाँचौँ फूल : ४८)

"महाकाव्यको नायक कमल विश्वराजनीतिको अध्ययनमा बलियो छ, चिन्तनमा खारिएको छ अनि क्रान्तिको पथमा खरो उत्रिएको छ। त्यसो भएर नै जागिर खाएर जिन्दगी हर्हर बनाउनु र व्यक्तिजीवनको सुखद घरबार बसाउनुभन्दा उसका लागि राष्ट्रिय स्वार्थमा आफूलाई प्रवेश गराउनु उपयुक्त भइदिन्छ। व्यक्तिस्वार्थमा लाग्नुभन्दा अधिकांश मान्छेको हितमा अग्रसर हुन उचित ठहरिन्छ" (सापकोटा, २०५७ : ७७)। यस कुरालाई कमलले आत्मसात् गरेको छ, राम्ररी चिन्तनमनन गरिसकेको छ। त्यसैले नै उसले सुखसयल छोडी क्रान्तिकै लागि जीवन समर्पण गरेको छ। यस बुझाइलाई कवितामार्फत यसरी प्रस्तुत गरिएको छ :

खाए जागिर जिन्दगी त उनको बन्ने थियो हर्हर
लाग्दा जीवन क्रान्तिका पथ भने सङ्कष्ट छन् पल्पल
छोडी क्रान्ति कमाउने सुर गरे पैसा निकै फल्दथ्यो
लागे क्रान्ति उठाउनेतिर भने पीडा झनै बढ्दथ्यो

(पाँचौँ फूल : ५२)

कमल यसरी राष्ट्रिय हितका लागि समर्पित भएर पार्टीको सदस्य बनी विविध ठाउँमा क्रान्तिको पर्चा टाँस्दा हिँड्दाको स्थितिमा ऊभित्र पूरै राजनीतिक क्रान्तिचेत सल्बलाएको छ। कमल पर्चा टाँस्दै हिँड्दा विभिन्न ठाउँमा पुग्दछ। त्यसैक्रममा जताततै हराभरा पृथ्वीलाई देखी यस्तो सुन्दर संसारमा निरङ्कुश र घृणित व्यक्तिहरूले गरेको मनपरीतन्त्रको रजाइँप्रति असन्तुष्ट हुन्छ। यो असन्तुष्टि विद्रोही प्रकृतिको छ र अन्त्यमा क्रान्तिचेतमय छ। यो बोध महाकाव्यमा यसरी प्रस्तुत भएको छ :

यस्तो सुन्दर माटोमा देश दुख्दछ बेसरी
गर्दछन् धुन्धुकारीका सन्तानैले ढलीमली

(छैटौँ फूल : २३)

यस्तो अपार संसारमा पञ्चायती शासकहरूले जनतालाई दिएको दुःखपीडाका विरुद्ध कविमा क्रान्तिचेत यसरी जागृत भएको छ :

सोचे क्रान्ति चलाएमा मात्र लक्ष्य हुनन् पूरा
चीसा मूढा पनि बल्छन् आगोलाई छुँदा-छुँदा

(छैटौँ फूल : २७)

कमल जनतलाई सचेत गराउनका लागि क्रान्तिका भाषण र प्रवचन दिँदै हिँड्छ। उसप्रति निरङ्कुश शासकको ध्यान खिचिन थाल्छ। एकदिन कमल क्रान्तिका पोस्टर टाँस्दै हिँड्दा उसको खोजीमा हिँडेका प्रहरीले देखी उसलाई लखेट्छन्। प्रहरीबाट बच्न भाग्दाभाग्दै ऊ पुतलीको घरमा छिर्छ। यसरी आत्तिँदै आएको व्यक्तिलाई देखी पुतलीले तिमी को हौ ? किन यसरी हडबडाउँदै अन्जान व्यक्तिको घरमा पसेका छौ ? भनी सोध्छे। कमलले आफू वर्गमुक्तिको सङ्घर्षमा लागेर क्रान्ति गर्दै हिँडेको बताउँछ र प्रहरीबाट आफूलाई सुरक्षा दिन अनुरोध गर्छ र पाउँछ। यहाँ निरङ्कुश सत्ताको विरुद्ध क्रान्तिचेतनाको प्रस्तुति यसरी भएको छ :

तिम्रो सक्षम आँटले प्रिय सखी ! पाएँ नयाँ जीवन
को हूँ सक्दिनँ भन्न आज सुमुखी ! यसमा म पाऊँ क्षमा
धेरै जीवनले सुखी हुन सकून् भन्ने छ हाम्रो प्रण
लाग्छौँ गर्न भनेर काम यसरी संघर्षका हर्दम

(सातौँ फूल : २१)

देशमा अन्याय, अत्याचार, निरङ्कुशतन्त्रको दमन र शोषण दिनानुदिन बढ्दै जान्छ। यसबाट सर्वसाधारण व्यक्तिहरू ठूलो मारमा पर्दै जान्छन्। पुतली त्यसको एउटा जीवित प्रमाण हुन्छे। ऊ आफूलाई बम्बैमा लगी बेचिएको कुरा बताउँछे र आफ्नो बारेमा अन्य दुखद सबै कुरा पनि बताउँछे। उसमा पुरुषप्रति चर्को वितृष्णाको भाव हुन्छ। कमलले संयमित भएर आफ्नो अधिकार र हकका लागि निरङ्कुश तानाशाह र दलालहरूका विरुद्ध क्रान्तिमा लाग्न उत्साह दिन्छ। तबसम्म जीवनमा हाँसे पनि रोए पनि कुनै सुख छैन, जबसम्म देश अनेक पीडाबाट जर्जर हुन्छ, जहाँ उचित नियम कानुन हुँदैन। जुन ठाउँमा शोषण, दमन, अन्याय, अत्याचार, दुराचार, पापाचार हुन्छ त्यहाँका मानिसहरूले विवश जिन्दगी जिउनुपर्ने बाध्यता हुन्छ भन्ने कुरा पुतलीलाई कमलले बताएको छ। यहाँ कविले जीवनसङ्घर्षलाई बारम्बार महत्त्व दिँदै मानिसलाई हिम्मतसाथ क्रान्तिमा लाग्न प्रेरणा दिएका छन्। पुतलीलाई निराशा त्यागी राज्यको प्रगतिशील रूपान्तरणमा लाग्नका लागि कमलमार्फत यसरी प्रेरणा दिएका छन् :

मैलो ठान्नु हुँदैन वदन हे ! मैलो त हो चिन्तन
हाँसोमात्र हुँदैन जीवन सधैं संघर्ष हो जीवन
आफ्नो साहस साँच बन्छ कि कतै उत्कृष्ट संघर्षण
मान्छे हिम्मत गर्छ नै यदि भने अप्राप्य के पो भन ?

(सातौँ फूल : ८६)

'आँसीका फूलहरू'का कवि दुःखमा पनि ठूलो साहस बटुलेर अगाडि बढेमा जीवन सफल हुने र सुखमा पनि निराश बनेमा दुःखै हुने विश्वयथार्थलाई प्रस्तुत गर्दै चुनौतीपूर्ण रूपमा सङ्घर्ष गर्नुपर्ने र क्रान्ति छेड्नुपर्ने कुरा यसरी व्यक्त गर्दछन् :

निराशासित बाँचेमा दुखी जीवन फल्दछ
चुनौती तर ठानेमा त्यही संसार बल्दछ

(सातौँ फूल : ८९)

कमलले पुतलीमा क्रान्तियात्रा गर्ने क्षमता र सम्भाव्यता देख्दछ । त्यसैले आठौँ फूलमा पुतलीबाट विदा भएर गएको केही समयपछि उसले पुतलीलाई चिठी पठाउँछ । त्यस चिठीमा उसले अन्याय र अत्याचारले आकाश ढाकेको, धर्तीभरि हत्या, हिंसाको प्रलय जागेको र निरङ्कुशताले गर्दा उसभित्रको विद्रोहज्वाला झन् दन्कँदै गएको कुरा उल्लेख गरेको छ । यहाँ उसमा रहेको क्रान्तिभावले सचेत अभिव्यक्ति पाएको छ । यसलाई प्रतीकात्मक रूपमा कविले यसरी प्रस्तुत गरेका छन् :

स्वाभिमान सहनै जान्दैन
अत्याचार सहनै मान्दैन
प्रियसखी पुतली !
पञ्चायतको आज यो
बलिया बलिया यसका थामहरू
खुसुर-खुसुर धमिरा ... ?
फुसुर - फुसुर धुलो ... ?
भाँचिन भाँचिन हरिस हलोको !
टुक्रन टुक्रन बिँड कोदालीको
खिइन खिइन धार हँसियाको
किच्चिन-किच्चिन डोका बाँसको !
आस्था र आत्मा
थिचिएर-मिचिएर - मडारिएर
मसी र कलम
तर उत्साह लिएर सन्देश दिएर
डाँक ... नयाँ बिहानीको हाँक
र मेरो देशको घाउ
घाउ तर रगत जमेर फुट्न थालेको छ
घाउ अब पीप बनेर दु:ख्न थालेको छ

(आठौँ फूल, पृ. : १२०)

कमलले पठाएको त्यस चिठीमा हाम्रो देशमा दु:ख गर्नेले भोकभोकै मर्नुपर्ने, जसले विद्यालय बनाउनका लागि ठूलो परिश्रम गरेको छ। त्यसका बच्चाले पढ्न नपाउने, एउटाले हातमा ठेला उठाएर बाटो खनेको हुन्छ, अर्काले गाडी लिएर हिँड्ने गर्छ भन्ने यथार्थको प्रतिबिम्बन विविध पात्रका माध्यमबाट भएको छ। त्यो चिठी पढेपछि गर्छ भन्ने ‘काम गर्ने हनुमान पगरी गुथ्ने ढेडु’ प्रवृत्तिका विरुद्ध क्रान्तिको भावना जागेको छ। देशका अनेक विसङ्गत परिस्थितिको यथार्थपरक वर्णन गर्दै पुतलीलाई क्रान्तियात्रामा सहभागी बन्न अभिप्रेरित पनि गरिएको त्यस चिठीमा पूरै क्रान्तिकै स्वरहरू पाइन्छन्।

नवौँ फूलमा बुद्ध, व्यास, वाल्मीकि, सीता, भृकुटी र पृथ्वीनारायण जस्ता साहसीहरूको संस्कृति र इतिहास बोकेको सुन्दर नगर काठमाडौँमा भएका विविध विकृति, विसङ्गति र

विद्रूपताहरूका विरुद्ध कविमा क्रान्तिको भावना जागृत भएको छ। चोरी, ठगी, अन्याय, अत्याचार र विकृति हटाउन कविले क्रान्तिको आवश्यकता देखेको पाइन्छ। थोरै व्यक्ति भए पनि दृढ भएर मुलुकभरि क्रान्ति गरी चेतना फैलाएमा देशमा परिवर्तन हुन्छ भन्नेमा कविको विश्वास रहेको पाइन्छ। जसरी आगोको सानो झिल्का पनि अवसर पाउनासाथ ज्वाला बन्न सक्छ, त्यसै गरी बीरवीराङ्गनाको साँचो क्रान्तिको सानो झिल्को पनि क्रान्तिको ज्वाला बनी उर्लन सक्छ। अनि मात्र सभ्य समाजको निर्माण हुन्छ भन्ने कुरा यहाँ उल्लेख भएको छ। कविले कमलका माध्यमबाट देशमा राजनीतिक रूपान्तरणका लागि नारीको योगदानलाई महत्त्व दिएका छन्। क्रान्तिका निम्ति नारीको सहभागिता आवश्यक ठानी उनले पुतलीलाई क्रान्तिमा लाग्न र देशमा चल्दै गरेको क्रान्तिको रथ तान्न यसरी उत्प्रेरणा दिएका छन् :

नारीलाई सुपठित गरी क्रान्तिकारी बनाऔँ
नारीलाई पनि सहृदयी कार्यकर्ता बनाऔँ
आधा मान्छे उनीहरू हुँदा काम तिनको बताऔँ
शिक्षा, न्यानो र सजग दिई क्रान्तिमा लाग्न आऔँ।

(नवौँ फूल : ८०)

दसौँ फूलमा कमल पुतलीलाई भेट्न उनको घरमा आउँछ। कविले त्यहाँ उनीहरूको बीचमा भएका संवादमा क्रान्तिचेतना प्रस्तुत गरेका छन्। "यहाँ क्रान्तिका लागि मन्त्रहरू रहेका छन्। यहाँका कमल र पुतलीका हरेक शब्दबाट क्रान्तिको छाँगा छङछङ्गाएको छ" (ज्ञवाली, २०६२ : १२)। क्रान्तिकारीले क्रान्तिको रथलाई सबल रूपमा तान्नका लागि क्रान्तिकारीहरूले सतर्क, स्फूर्त र चुस्त बनी सबैतिरको ख्याल गर्नुपर्छ किनकि भित्ताले पनि सुन्न सक्छ र हावाले पनि चाल पाउन सक्छ भन्दै कमलले पुतलीलाई क्रान्तिको गतिविधिबारे सतर्क बनाएको छ। निरङ्कुश सत्ताका जासुसहरू जतातत्तै फैलिएका छन् भन्ने बताउँदै ऊ पुतलीलाई भन्छ :

हावा हो जासूस सखी यो
राज खुलाउन सक्छ कतै
भित्ताका पनि कान रहन्छन्
क्रान्ति चियाउन सक्छ कतै

(दशौँ फूल : ६१)

"यस महाकाव्यमा शिक्षक र सुशीलाले निर्माण गरी छाडेका जीवनयात्राका पृष्ठभूमिमा नायक कमल र नायिका पुतलीको क्रान्तिचेत उज्यालोतिर समर्पित भएको छ" (नेपाल,

२०५४ : ११) । देश र जनताको स्वतन्त्रताको अस्तित्व बचाउनका लागि जस्तोसुकै अवस्थामा र जतिसुकै घृणित बन्नुपरे पनि क्रान्ति गर्नु हाम्रो कर्तव्य र दायित्व हो भन्ने कुरा कविले यहाँ यसरी उल्लेख गरेका छन् :

हो यो आफ्नो राष्ट्र बचाउन
वेश्या बन्दा पनि हुन्छ
सच्चा क्रान्ति चलाउनलाई
इज्जत फाल्दा पनि हुन्छ ।

(दशौँ फूल : १३६)

राष्ट्रप्रेमी साहसीहरूको धर्म केवल राष्ट्रलाई माथि लैजानु हो र जनतालाई सुखी तुल्याउनु हो । त्यसैले देश र जनताका लागि लड्ने सच्चा योद्धाले सर्वस्व त्यागेर क्रान्तिमा लाग्नुपर्ने सन्देश कविले यसरी दिएका छन् :

आँसूलाइ पिएर जीवनभरी पर्नेछ लड्ने हुन
काँडासङ्ग जुधेर गोलिसँगमा पर्नेछ भिड्ने हुन
बुझ्नू छन् क्षण आजदेखि रणका तर्बारका धारमा
चाँडो गर्नु छ क्रान्तिको विजय यो आफै परी मारमा

(दशौँ फूल : २०७)

यसरी कमलले पुतलीलाई क्रान्तिको सारा पाठ सिकाएपछि उनमा पनि राज्यव्यवस्थामा रहेका विविध नकारात्मक यथार्थ र कुरीतिविरुद्ध आक्रोश र विद्रोह उर्लँदै जान्छ । उनी सुख, सुविधा, आराम र विश्रामलाई पन्छाएर तत्कालीन सत्तापरिवेशविरुद्ध परिश्रमी जनतालाई अगाडि बढ्न प्रेरणा दिँदै जान्छिन् । आफूजस्तै अनपढ, सोझा, सिधा साथीहरूलाई बटुली क्रान्ति-अभियानको सिलसिलामा अगाडि बढ्दै गएको कविले क्रान्तिचेतना यसरी प्रस्तुत गरेका छन् :

आगो बाल्ने क्रममा
मिलेर साथीहरूसित
पुतली चुल्हो फुक्दै छिन्
दाउरा चिसा छन् कुनै
बेला बेलामा सोच्छिन्
आगो बाल्न कठिन रहेछ
तर निराश बन्दिनन्

(एघारौँ फूल : पृ. १८०)

बाह्रौँ फूलमा कमल र पुतलीको क्रान्तिको सम्बन्ध प्रेम र श्रीमान् श्रीमतीको नाताको रूपमा समेत परिणत भएको छ । यहाँ उनीहरूले विवाहबन्धनमा बाँधिएर एकले अर्कालाई सहयोग गरेका छन् र क्रान्तिमा एकजुट भएर अगाडि बढ्ने प्रण गरेका छन् । यस उदाहरणलाई प्रस्तुत गर्ने क्रममा सफल क्रान्तिका लागि एक-अर्काको सहयोग अपरिहार्य हुन्छ भन्ने कुराको पुष्टि भएको छ । २०४६ सालको जनआन्दोलनको समयमा जनतामा राज्यपरिवर्तनको अहं चाहना थियो । पञ्चायती निरङ्कुशताप्रति घोर विद्रोह थियो, त्यसैले हजारौँ जनताहरू सडकमा उत्रे । यसको प्रतिबिम्बन कविले कमल र पुतलीका माध्यमबाट यसरी गरेका छन् :

गर्दै क्रान्ति र प्रेमसाथ यसरी बढ्दै गएथे उनी
पार्टीलाई भनेर फेरि तिनको सम्पर्कलाई पनि
आज्ञा जीवनसङ्गिनी गरिलिने पाए, रमाए, तर
यो बेला जनक्रान्तिको पनि थियो संघर्ष झन् जब्बर

(बाह्रौँ फूल : १)

यहाँ कमल क्रान्तिकारी शक्तिलाई विस्तार गर्दै दुश्मनबाट बच्नका लागि दुश्मनको आँखा छल्दै आफूमा प्राप्त जिम्मेवारीलाई पूर्ण संवहन गर्नमा तल्लीन छ । उसको मनमा पञ्चायती शासनसत्ताका विरुद्ध जनतन्त्र तथा लोकतन्त्रको दृढ चाहना जागेको छ । यसलाई महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

कुनै त लोकतन्त्रमा समाजवादमा कुनै
स्वतन्त्र चाहमा कुनै र साम्यवादमा कुनै
सधैँ, जपेर शान्ति ! शान्ति ! छन् सधैँ अशान्तिमा
घटाउँ अस्त्र भन्दछन् बनाउँदै नयाँ बम

(बाह्रौँ फूल : १२)

पतिपत्नी बनेका कमल र पुतलीको क्रान्तिकारी सङ्घर्षमय चेतनालाई प्रस्तुत गर्ने काम कविले सचेततापूर्वक गरेका छन् । कमल क्रान्तिमा तल्लीन छ । पुतली पनि शासनव्यवस्था परिवर्तनका लागि जनचेतना छर्दै क्रान्तिको प्रचार-प्रसार गर्दै पर्चा बाँड्दै हिँड्छे यस क्रममा ऊ प्रहरीद्वारा पक्राउ पर्छे र हत्कडीसहित जेलमा थुनिन पुग्छे । गर्भवती पुतलीमाथि प्रहरीले चर्को यातना दिन्छन् । उनीहरू पुतलीबाट क्रान्तिको पोल खोल्न चाहन्छन् तर पुतली दृढ दृढ छे । उसमा क्रान्तिको भावना अझ जाग्दै जान्छ । ऊ पोल खोल्न मान्दिन । प्रहरीको यातनाले

विक्षिप्त बन्छे। यहाँ कविले पुतलीका माध्यमबाट २०४६ सालमा पञ्चायतका विरुद्धमा सडकमा उत्रेकाहरूमाथि प्रहरीले दिएको चरम यातनाको प्रतिबिम्बन गरेका छन्। कमलले पुतली जेलमा परेको थाहा पाएपछि उसमा प्रहरी प्रशासनविरुद्ध थप आक्रोश बढेर आउँछ। ऊ प्रहरीदमन, शोषण, पीडनका विरुद्ध क्रोधले छटपटाउँछ र क्रान्ति सफल पारेरै छाड्ने आत्मविश्वासका साथ अगाडि बढ्छ :

यसरी क्रान्ति चलेका बेला पुतलीबारे चिठि आयो
पर्चा बाँड्दाबाँड्दै पक्रे करमा अनि हतकडी लाग्यो ?
सुनी कमलको मुटू दुख्यो तब छटपट बढ्दै बन्छ धनी
आज कमलको क्रोध बढेको रक्त पिऊँ अब कस्को हँ ?

(बाह्रौँ फूल : ७१)

कमल पुतलीलाई जेलबाट छुटाउन र प्रहरीका गोप्य योजनाहरू थाहा पाउन नक्कली प्रहरी बनी प्रहरीमा भर्ना हुन्छ। यो कुरा पुतलीले बुझ्न नसकी कमलले क्रान्तिलाई धोका दिएको ठान्छे। यसैकारणले पुतली क्षुब्ध भएर आत्महत्या गर्छे। यस घटनाबाट कमल धेरै क्षुब्ध र उत्तेजित हुन्छ र त्यहाँका प्रहरीहरूको हत्या गरी भाग्छ। यहाँ कविमा भएको क्रान्तिचेतना र उग्रक्रोध प्रखर रूपमा प्रस्तुत भएको छ। अन्त्यमा प्रहरीले कमललाई पक्रन्छन्, जेलमा हाल्छन् र उसलाई चरम यातना दिन्छन्। यता देशमा राजनीतिक क्रान्तिले अग्रगामी बाटो लिन्छ, क्रान्ति सम्पन्न हुन्छ। कमल जेलमै हुन्छ र केही समयपछि जेलबाट ऊ छुट्छ। राजनीतिक क्रान्ति त सफल हुन्छ तर शासक, प्रशासक र कर्मचारीहरूको प्रवृत्ति बदलिन्न। जनताले उस्तै भेदभाव, अभाव र शोषण सहिरहनुपर्छ। यो कुरा कमललाई मन पर्दैन। ऊ विरोध गर्न थाल्छ, त्यसैले उसमाथि षड्यन्त्र गरिन्छ र रहस्यमय ढङ्गले उसको हत्या हुन्छ। मर्दामर्दै पनि ऊ क्रान्तिको सन्देश दिँदै मर्दछ। कमलका यी कार्यहरूमा राजनीतिक क्रान्तिचेतना अत्यन्त सचेत रूपको पाइन्छ।

यसरी यस महाकाव्यमा विभिन्न पात्रपरिवेश, बिम्ब र प्रतीकका माध्यमबाट कवि ज्ञवालीले २०१७ देखि २०४६ सम्मको नेपाली राजनीतिलाई अन्तर्वस्तुका रूपमा प्रस्तुत गर्दै नकारात्मक यथास्थितिवादी निरङ्कुश पञ्चायती शासनका विरुद्ध क्रान्तिको आह्वान गरेका छन्। यहाँ अन्याय, अत्याचार, हत्या, हिंसा र निरङ्कुश राज्यसंरचनाको समाप्ति र नयाँ सुशासन, सुव्यवस्थित प्रजातान्त्रिक शासनसत्ताको स्थापनाका निम्ति राजनीतिक क्रान्तिचेतना प्रकट भएको छ।

### ४.४.३ 'पुतली र झुसिल्किरा' (कवितासङ्ग्रह, २०४९) मा राजनीतिक क्रान्तिचेत

सामाजिक क्रान्तिचेतलाई बढी महत्त्व दिई प्रस्तुत गरिएको पुतली र झुसिल्किरा कवितासङ्ग्रहमा राजनीतिक क्रान्तिचेत पनि सबल रूपमा आएको छ। २०४६ सालको जनआन्दोलनपश्चात् प्राप्त प्रजातन्त्रको खुल्ला वातावरणले नेपाली भूमिमा विविध समस्या उत्पन्न भए। विशेष गरी नेपाली राजनीतिक अवस्था एकदम नाजुक हुन पुग्यो। देशमा प्रजातान्त्रिक राज्यव्यवस्थाअनुरूपको स्थायी शासन वा सरकारको स्थापना हुन सकेन। हत्या, हिंसा, शोषण, दमन, भ्रष्टाचार, ठगी, चोरी र विश्वासघातले देश ग्रसित बन्न पुग्यो। यिनै नकारात्मक कुरालाई विषय बनाएर तिनीहरूकै स्वभाव, प्रवृत्ति आदिको प्रतिबिम्बन यस सङ्ग्रहका कविताहरूमा भएको छ। यस्ता नकारात्मक कुराका विरुद्ध उत्पन्न आक्रोश र विद्रोह नै यहाँ राजनीतिक क्रान्तिचेतको रूपमा प्रस्तुत भएको छ। यस कवितासङ्ग्रहका परेवी, अन्डा, गोमन र योद्धा, जङ्गलको चुनाव, चौतारी भत्काउनेहरू, सच्चाकवि, कृतघ्नता, युगपुरुष आदि अनेक कविताहरूमा राजनीतिक क्रान्तिचेत विभिन्न बिम्ब प्रतीक र व्यङ्ग्यमाध्यमबाट अभिव्यक्त भएको छ।

'परेवी, अन्डा, गोमन र योद्धा' शीर्षकको कवितामा कवि ज्ञवालीले बिम्बप्रतीकका माध्यमबाट आफ्नो राजनीतिक क्रान्तिचेत व्यक्त गरेका छन्। यहाँ गोमनले अन्डा खाँदा-खाँदा दुःखी भएकी परेवीलाई योद्धाहरूले ढाडस दिन्छन् र वास माग्छन्, उसको अन्डा आफूले रक्षा गरिदिने वचन दिन्छन्। यही निहुँ गरी अन्डाको कुरुवा बसेका योद्धाहरू अन्त्यमा उल्टै परेवीका बच्चासमेत नष्ट गर्दछन्। यस कुराको उल्लेख गर्दै यहाँ परेवीलाई नेपाली जनताको प्रतीकका रूपमा, अन्डालाई नेपाली जनताको इच्छा, आकाङ्क्षा र रहरको प्रतीकका रूपमा, गोमनलाई पञ्चायती शासनका प्रतीकका रूपमा र योद्धालाई प्रजातन्त्रको स्थापना भएपछिका विश्वासघाती, धोकेबाज पार्टी र नेताका प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। तीसवर्षे लामो पञ्चायती व्यवस्थाले जनतालाई दुःखकष्ट दियो। २०४६ सालको क्रान्तिले त्यसलाई समाप्त पाऱ्यो। त्यस व्यवस्थाको अन्त्य भएपछि सुख, सुविधा र विकासको आशा लिएका नेपालीहरूले नेताहरूलाई विश्वासका साथ चुनावमा जिताए। तर नेपाली जनताले सोचेको कुरा पाउन सकेनन्। उल्टो विविध किसिमले उनीहरूलाई नेताहरूले दुःख-कष्ट दिने, सताउने, दमन गर्ने गर्न थाले। योद्धाद्वारा रक्षा गरिदिने निहुँमा परेवीको अन्डा खाने गरेको प्रवृत्तिझैँ हाम्रा नेताले पनि जनतालाई सुख दिने निहुँमा उल्टै विश्वासघात गरे। यिनै दुःखकष्टका विरुद्ध नयाँ व्यवस्थाका निम्ति राजनीतिक क्रान्तिको आह्वान कविले यहाँ गरेका छन्। क्रान्तिद्वारा नयाँ शासनसत्ता स्थापना गर्न सके मात्र जनताले आफ्नो सुरक्षा आफै गर्न सक्छन् भन्नेमा कविको जोड रहेको छ। यहाँ जनतालाई आफ्नो सुरक्षा आफै गर्नका निम्ति र आफ्नो हक लिनका लागि राजनीतिक क्रान्तिको प्रेरणा यसरी दिएका छन् :

आफैँ छोप तिमी अन्डा
आफैँ आँटेर कोरल
आफ्नै नङ्ग्रा तिखारेर
आफ्नो युद्ध स्वयम् लड ॥

(परेवी, अन्डा, गोमन र योद्धा : २२)

यस कवितामा २०४६ सालको क्रान्ति अपूर्ण छ भन्ने कुरा कविले ठहऱ्याउँदै पूर्ण क्रान्ति गर्नका लागि आह्वान पनि गरेका छन् ।

'जङ्गलको चुनाव' शीर्षकको कविताका चरम स्वार्थी बनेर घरी-घरी रूप फेर्दै हिँड्ने नेताहरूको प्रवृत्तिलाई एउटा सिंहले मृगको बच्चा नखाएको उदाहरणबाट प्रस्तुत गरिएको छ । यहाँ कविले चुनाव जित्नका लागि साम, दाम, दण्ड, भेदका सबै उपाय अपनाउने गरेका नेताहरू जितिसकेपछि जनताको रगत पसिना लुट्दै आफू भोज मस्तीमा डुब्ने गरेको कुरा सङ्केत गरेका छन् । त्यस्ता स्वार्थी नेताहरूका विरुद्ध आक्रोश व्यक्त गर्दै तिनीहरूलाई क्रान्ति गरी ठीक पार्नुपर्ने कुरा कवितामा वर्णित छ । मूलतः यस कवितामा संसदीय चुनावको घिनलाग्दो राजनीतिको उद्घाटन गरिएको छ । जनताले पसिना र रगत बगाएर, त्याग र बलिदान गरेर प्रजातन्त्र ल्याए । नेताहरूलाई जिताएर सत्तामा पुऱ्याए तर नेताहरू भने उही हत्या, हिंसा, दमन शोषणमा नै रमाउन पुगे । प्रजातन्त्रमा समेत जनतालाई त्यही पञ्चायती शासनकालमा झैँ निरङ्कुशता लाद्दै गरे । यस कुरालाई 'पर्खाल, प्रजातन्त्र र नायक' शीर्षकको कवितामा कविले व्यक्त गरेका छन् । उच्चवर्गका ठूलो व्यक्तिहरूले त्यही निरङ्कुशताको पर्खालभित्र रम्दै प्रजातन्त्रलाई खतरामा पार्दै गएको र जनतालाई फेरि पुरानै दमनकारी शासन लाद्न लागेको स्थितिप्रति चिन्तित हुँदै कविले तिनीहरूका विरुद्ध क्रान्तिको स्वर उचालेका छन् । फेरि अर्को क्रान्ति गरी स्वतन्त्र बन्न प्रेरणा दिएका छन् । यहाँ कविको राजनीतिक क्रान्तिचेत व्यङ्ग्यको रूपमा यसरी प्रकट भएको छ :

थुनी ढोका सबै झ्याल
नयाँ दर्बार 'बन्द छ' !
फोरी पर्खाल निस्केका
प्रजातन्त्र र नायक
पर्खालैभित्र छन् मखख
पर्खालकै विनाशक

(पर्खाल, प्रजातन्त्र र नायक : ३०)

नेताहरूले जनतालाई दास सम्झने र विनाकाममा दुःखकष्ट दिने गरेकोमा आक्रोश व्यक्त गर्ने क्रममा 'आक्रोश' शीर्षकको कविता प्रस्तुत छ । यहाँ अत्याचार चुलिँदै गयो भने निरङ्कुशताले सीमा नाघ्यो भने जनताको आक्रोश थेग्न कसैले सक्दैन, जनताको आक्रोशले सम्पूर्ण देशको संरचना फेर्न सक्दछ भन्ने कुरा व्यक्त भएको छ । साथै थोत्रो, मक्किएको, हैकमवादी सत्ताका विरुद्ध आक्रोशको भावना यस कवितामा यसरी प्रस्तुत भएको छ :

नसोचेस् दास हुँ तेरो
जे भने पनि मान्दछु
तँलाई भासमा गाडी
म फेरि लड्न जान्दछु

(आक्रोश : ३३)

'चौतारी भत्काउनेहरू' शीर्षकको कवितामा कविले तीस वर्षे पञ्चायतको हातबाट जनताको हातमा शासन सरेको केही समय नबित्दै स्वार्थी र कृतघ्नहरूद्वारा प्रजातन्त्रलाई मास्ने खेल खेल्न लागिएकोमा आक्रोश व्यक्त गरेका छन् । प्रजातन्त्रलाई मास्ने खेल खेल्न लागिपरेका व्यक्तिलाई कविले चौतारी भत्काउनेहरूको संज्ञा दिएका छन् । त्यस्ता स्वार्थीहरूका हातबाट शासन जनताको हातमा ल्याई चौतारीरूपी प्रजातन्त्रलाई भत्काउन नदिन जनताले मिलेर क्रान्ति गर्नुपर्ने कुरा यस कवितामा प्रस्तुत भएको छ । यहाँ चौतारीलाई प्रजातन्त्र र चौतारी भत्काउनेलाई प्रजातन्त्रका शत्रुका रूपमा लिइएको छ । ती प्रजातन्त्र मास्न तयार भएका दुष्ट नेताप्रति कविको आक्रोश यसरी व्यक्त भएको छ :

कविताले स्वयं बिन्ती
गर्छ हे निर्दयीहरू !
नपार मुटु यो टुक्रा
टुक्रियै तिमी नै बरु !

(चौतारी भत्काउनेहरू ! : ३६)

'इतिहास साक्षी छ' शीर्षकको कवितामा इतिहासमा भएका राष्ट्रघाती शान्तिसम्झौताले सम्पूर्ण नेपालीहरूको मन शोकाकुल भएको कुरा सङ्केत गरिएको छ । देशको स्वाभिमानमाथि आजका वीर भन्नेहरूले दिएको धोकाका विरुद्ध कविमा क्रान्तिको भावना जागृत भएको छ । कवि राष्ट्रको एउटा सचेत व्यक्ति हो । यस्ता सचेत व्यक्तिहरू राष्ट्रका संवाहक हुन् । त्यसैले कविले कर्तव्यनिष्ठ भएर समुन्नत राष्ट्रको निर्माणमा राष्ट्रका प्रतिगामी तत्त्वहरूसँग विद्रोह

गर्नुपर्छ भन्ने भाव 'सच्चा कवि' शीर्षकको कवितामा व्यक्त छ। साथै यस कवितामा स्वतन्त्रता, राष्ट्रियता र प्रजातन्त्रको पक्षमा आफ्नो ज्यान हत्केलामा राखेर राष्ट्र र जनताको हितमा आवाज उठाउने कवि नै सच्चा कवि हुन् भनिएको छ। सच्चा कविहरू जस्तोसुकै अप्ठ्यारामा पनि पछि हट्दैनन्। उनीहरू आगोमा पस्न र काँडेतार पन्छाउन डराउँदैनन् भन्दै क्रान्तिका लागि सच्चा कविलाई हतियारको रूपमा लिइएको छ। कविले यस कवितामा आफ्नो गुमेको अधिकार लिनका लागि निरङ्कुश राज्यसत्तासँग क्रान्ति गर्ने प्रेरणा दिएका छन् र कविहरूको क्रान्तिकारी सामर्थ्यलाई यसरी प्रस्तुत गरेका छन् :

दुःख हजार छन् आफ्नै अर्काका दुःख बोक्तछ
आफ्नै आँसु बगेका छन् अर्काको आँसु पुछ्तछ
बढ्न छाड्दैन ऊ सामु पर्खाल आग्लिए पनि
लड्न छाड्दैन ऊ आफ्नो जिन्दगी पग्लिए पनि।

(सच्चा कवि : ४३)

'युगपुरुष' शीर्षकको कवितामा सम्पूर्ण युवाशक्तिलाई युगअनुसार अगाडि बढ्न र पुरानो राज्यसंरचनासँग राजनीतिक क्रान्ति गरी नयाँ जनचाहना अनुरूपको राज्य स्थापन गर्न प्रेरित गर्ने काम कवि ज्ञवालीले गरेका छन्। यहाँ उनको क्रान्तिचेत युवाशक्तिलाई क्रान्तिमा लाग्न प्रेरित गर्ने उद्देश्यले प्रकट भएको छ। 'फेरि जन्मूँ कि' कवितामा हत्या, हिंसा, दमन, शोषण, ठगी, चोरी, लुटपाट र थिचोमिचोबाट राज्य आक्रान्त भएपछि त्यसको रूपान्तरणका निम्ति बुद्ध पनि शान्त बुद्ध नभएर क्रान्तिको सन्देश छर्दै क्रान्तिबुद्ध भएर जन्मन चाहन्छन् भन्ने कुरा व्यक्त भएको छ। यहाँ हत्या, हिंसा र निरङ्कुशताले जनता सधैँ त्राहि-त्राहि भएपछि बुद्ध पनि क्रान्तिकारी भएर शान्ति स्थापना गर्न आउन सक्छन् भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ :

शान्तिको बुद्धता मेरो
यसरी कुल्चिएपछि
क्रान्तिबुद्ध बनी फेरि
अर्को जीवन जन्मूँ कि !

(फेरि जन्मूँ कि : ४८)

यहाँ क्रान्तिचेत नयाँ बुद्ध जन्माउने क्रममा उब्जिएको छ।

'कृतघ्नता' शीर्षकको कवितामा कवि ज्ञवालीले यसै देशमा जन्मेर हुर्किएर यही देशको अन्नपानी खाएर पनि यही देशको छातीमा लात हान्ने, राष्ट्रप्रति कुठाराघात गर्ने, राष्ट्रको

सम्पत्ति विदेशमा लगी राख्ने, देशको सम्पत्ति ध्वस्त पार्ने प्रवृत्ति बोकेका नेताहरूका विरुद्ध विद्रोह गरेका छन्। जनतालाई शत्रु ठान्ने व्यक्तिप्रति आक्रोश पोखेका छन्। साथै व्यङ्ग्यात्मक रूपमा कविले कृतघ्न व्यक्तिलाई झापड हानेका छन्। त्यस्ता फटाहाबाट शासन जनताको हातमा ल्याउनका लागि राजनीतिक क्रान्ति गर्नुपर्ने सङ्केत गरेका छन्।

जनताले ठूलो दुःख, कष्ट, पीडा सहेर नेताहरूलाई उच्चस्थानमा पुऱ्याए। शासनसत्ता दिलाए। तर नेताहरूले जनताप्रति विश्वासघात गर्दै गए। जनतालाई दबाउँदै गए। त्यसबाट कवि असन्तुष्ट हुँदै त्यसका विरुद्ध लाग्न 'अब रुन्नँ म' र 'रुँदैनन् क्रान्तिका स्वर' शीर्षकको कवितामा आह्वान गरेका छन्। उनले यी कवितामा जसले जति धोका दिए पनि क्रान्तिकारीहरूको सोचाइ र कर्मको अवस्थामा विचलन नआउने कुरा बताएका छन्। अब जनता कुनै पनि हालतमा नेताका पछि लाग्दै आफ्नो दुःख देखाएर रुनेछैनन् र आफ्नो अधिकारका लागि क्रान्तिको मैदानमा आफै उत्रनेछन् भन्ने विचार पनि यो कवितामार्फत प्रस्तुत गरेका छन्। 'रुँदैनन् क्रान्तिका स्वर' कवितामा कवि ज्ञवालीको प्रतिबद्धता यसरी व्यक्त भएको छ :

मरेको छैन हो मान्छे ! भ्रम यो कसरी पऱ्यो ?
तिमी ज्युँदै म ज्युँदै छौँ खै मान्छे कसरी मऱ्यो ?
मुर्दा चिहानमा बस्छन् ज्युँदा बनाउँछन् घर
आँसुमा बरु पौडन्छन् रुँदैनन् क्रान्तिका स्वर

(रुँदैनन् क्रान्तिका स्वर : ५८)

राज्यसत्ता हत्याउनका लागि जस्तोसुकै कुकृत्य गर्न पनि पछि नपरेका जाली, फटाहा, लुच्चा, छुच्चा, शोषणकारी र हत्याकारी व्यक्तिहरूलाई कवि ज्ञवालीले आफ्नो गल्ती ढाकछोप नगर्न चेतावनी दिएका छन्। आफ्नो गल्ती अरूलाई थोपरी 'पानीमाथिको ओभानो' बन्ने परम्पराविरुद्ध असन्तुष्टि व्यक्त गर्दै उनीहरूका प्रत्येक कुकार्यको साक्षी पुस्तकालय बसेको छ भन्ने कुरा 'साक्षी छ पुस्तकालय' शीर्षकको कवितामा व्यक्त हुन आएको छ। यस्ता कुकर्मलाई अब बाँकी नराखिने र क्रान्ति गरैरै छाडिने कुरा यस कवितामा उद्घोष गरेका छन् :

तिमीलाई चिनेको छु कति कुरूप ! सुन्दर !
उज्यालो दीपका सामु के कुरा लुक्न सक्छ र ?
तिम्रा प्रत्येक यात्राको मलाई सब ज्ञान छ
इतिहास सबै तिम्रो मभित्रै विद्यमान छ।

(साक्षी छ पुस्तकालय : ६०)

'सापेक्षित गौरव' कवितामा पृथ्वीनारायण शाहको नेपालएकीकरण कार्यको मूल्याङ्कन सापेक्षित रूपमा गर्नुपर्ने बताउँदै कविको क्रान्तिचेत प्रस्तुत भएको छ। यहाँ सयौं मान्छे मारिएर भए पनि तथा हजारौं विचलित भएर पनि नेपालको एकीकरणकार्य पृथ्वीनारायण शाहको अगुवाइमा पूरा भएको थियो। अब पनि जति मान्छे मरे पनि, जति रगतको खोलो बगे पनि नकारात्मक राज्यप्रणालीका विरुद्ध क्रान्ति गरी राजनीतिक निकास दिनुपर्ने कुरा यहाँ व्यक्त भएको छ। यहाँ पृथ्वीनारायण शाहको जोस र जाँगरले नेपालको एकीकरण पूरा भएजस्तै सारा जनताको जोस र जाँगरद्वारा राजनीतिक निकास दिनका लागि क्रान्तिको सन्देश यसरी व्यक्त भएको छ :

जोडिँदै टुक्रिँदै बन्छन् इतिहास प्रतिक्षण
च्यातिए कतिका छाती भाँचिए कतिका मन
यौटा ध्वंसपछि बन्छ अर्को निर्माणको जग
इतिहास बनेकाले गर्नुपर्दछ गौरव

(सापेक्षित गौरव : ६४)

प्रजातन्त्रको नाममा देशमा बढ्दै गएको भ्रष्टाचार, हत्या, हिंसा, निराशा, दमन र शोषणले जनताको जीवन अत्यन्त कष्टकर बन्दै गएको र जनताले बनाएका नेताहरू राक्षसजस्ता बन्दै गएको बताउँदै ती स्थिति र प्रवृत्तिविरुद्ध कवि ज्ञवालीले 'जीवन, पीडा र गन्तव्य' शीर्षकको कवितामा क्रान्तिचेत व्यक्त गरेका छन्। यसरी जनताका स्वतन्त्रता, मानवता, इच्छा र आकाङ्क्षाको हत्या गरेर प्रजातन्त्रको सुरक्षा हुन नसक्ने विचार यहाँ प्रकट भएको छ। प्रजातन्त्रको सुरक्षा गर्न सन्दैनथ्यौ भने प्रजातन्त्र किन ल्यायौ भनी ज्ञवालीले नेताहरूसँग आक्रोश व्यक्त गरेका छन्। यसरी जनताबाट चुनिएका नेताहरूबाटै प्रजातन्त्र सङ्कटमा परेर जनताका इच्छा गन्तव्यमा पुग्न नसकेको यथार्थविरुद्ध कविको क्रान्तिचेत यसरी प्रकट भएको छ :

जनताबाट नेता भै नेता बन्दछ राक्षस
त्यसै राक्षसका निम्ति जनता मर्छ-मार्दछ
जहिलेसम्म लड्नेछन् नेताका निम्ति मानिस
तहिलेसम्म मान्छेको नेता नै बन्छ मालिक
नेताका निम्ति के लड्छौ मूर्ख मानिस ! दास झैं ?
गर युद्ध स्वयं मान्छे आफैँ नेतासमूह भै !

(जीवनपीडा र गन्तव्य : ६६)

व्यक्तिवादका विरुद्ध समूहवादले विशिष्ट क्रान्ति गर्नुपर्ने सन्देश दिनु यस कविताको विशेष प्राप्ति रहेको छ ।

'विश्वासको प्रश्न' शीर्षकको कवितामा कवि ज्ञवालीले नेताहरूद्वारा जनतालाई धोका दिइए पनि र विश्वासघात गरिए पनि जनताहरूलाई विचलित नभई क्रान्ति नछाड्न विभिन्न बिम्बप्रतीक र उदाहरणद्वारा सन्देश दिइएको छ । यहाँ जनतालाई वीरयोद्धाका रूपमा प्रस्तुत गर्दै यस्ता वीरहरूको आत्मबल कसैले धोका दिएको भरमा गल्दैन, घट्दैन बरु अझ बढेर जानेछ भनिएको छ । साथमा जनतामा क्रान्तिका लागि हौसला दिइएको छ । त्यस्तै 'म त्यस्तो बन्न सक्दिनँ' शीर्षकको कवितामा कविले राष्ट्र, राष्ट्रियता र स्वतन्त्रताका पक्षमा क्रान्तिचेत अघि सारेका छन् । यहाँ राष्ट्रघाती बनी आफ्नो स्वार्थपूर्ति गर्न आफू कहिल्यै तयार नहुने बताउँदै, आफ्नो स्वार्थका निम्ति जनताको आस्था र विश्वासमा विश्वासघात गर्न नहुने धारणा प्रस्तुत गरिएको छ । विश्वासघाती, देशद्रोही, राष्ट्रघाती, नरपिपासुका विरुद्ध कविले चर्को आवाज उठाएका छन् । त्यस्ता व्यक्तिविरुद्ध र राष्ट्रको समुन्नत भविष्यका लागि सोद्देश्यमूलक राज्यक्रान्ति गर्न जनतामा अपिल गरेका छन् ।

सारसङ्क्षेपमा भन्दा कवि रामप्रसाद ज्ञवालीको कवितायात्राको पहिलो चरणको दोस्रो कृतिका रूपमा प्रकाशित पुतली र झुसिल्किरा कवितासङ्ग्रह (२०५९) राजनीतिक क्रान्तिचेतले व्यञ्जित रहेका कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहका कविताहरू वि.सं. २०४६ पछिको प्रजातान्त्रिक शासनकालमा देखिएका राजनीतिक खिचातानी, बेमेल, डकैती, हत्या, हिंसा, भ्रष्टाचार, शोषण र निरङ्कुशता आदिका विरुद्ध उब्जिएका क्रान्तिचेतनाका प्रतिबिम्बन हुन् । यस सङ्ग्रहका कविताहरूमा त्यस्ता नकारात्मक अवस्थाका विरुद्ध क्रान्तिको आह्वान गरिएको छ । जनआन्दोलनपछि स्थापित शासनसत्ता र त्यसको जनविरोधी स्वरप्रति आक्रोश प्रकट गर्दै जनक्रान्तिबाट मात्रै जनताको वास्तविक मुक्ति हुने धारणा प्रकट भएको छ । विशेषतः यस कवितासङ्ग्रहका कविताहरूमा तत्कालीन नेपाली राजनीतिको अन्तः सङ्घर्षका साथै जनजीवनको कष्टकर र दुःखदायी अवस्था मुखरित भएको छ । यसरी यस सङ्ग्रहमा कवि ज्ञवालीले सामन्तवादी राज्यसत्ताका विरुद्ध परिवर्तनकामी क्रान्तिधर्मी चिन्तन प्रस्तुत गरेका छन् ।

#### ४.४.४ 'एकादेशमा' (खण्डकाव्य, २०६१) मा राजनीतिक क्रान्तिचेत

एकादेशमा खण्डकाव्य कवि रामप्रसाद ज्ञवालीको कवितायात्राको दोस्रो चरणको प्रतिनिधि काव्यकृति हो । "यो वर्तमान नेपालको राजनीतिक स्वरूप र प्राचीन लोककथाको अर्थगत व्यञ्जनामा केन्द्रित गणतान्त्रिक विचारले अभिव्यञ्जित समकालीन युगको प्रतिनिधित्व गर्ने

काव्यकृति हो । राजनीतिक क्रान्तिचेत प्रखर रूपमा ब्यक्तिएको एकादेशमा (२०६१) खण्डकाव्यमा रामप्रसाद ज्ञवालीद्वारा लिखित गणतान्त्रिक विचार अभिसिद्ध छ' (पौडेल, २०६२ : २६) यस कृतिमा राजनीतिक क्रान्तिचेतना गणतन्त्रात्मक राज्यव्यवस्थाका लागि सल्बलाएको छ । यहाँ कवि ज्ञवालीको क्रान्तिचेत निरङ्कुश अधिनायकीय राजतन्त्रका विरुद्ध खनिएको छ । जनपक्षीय सोच राखेर निरङ्कुशताका विरुद्ध क्रान्ति गरी गणतन्त्रको स्थापनाको लक्ष्यलाई तीव्र संवेदना र उच्च कलात्मकताका साथ प्रस्तुति गरिएको यो काव्य एक महत्त्वपूर्ण साहित्यिक प्राप्ति हो ।

२०५९ साल असोज १८ गते राजा ज्ञानेन्द्रले प्रजातन्त्रको अपहरण गरी नेपाली जनतामा निरङ्कुशता लादेपछि लोककथात्मक शैलीमा हजुरबा र नातिका माध्यमबाट प्रस्तुत तानाशाही राजतन्त्रविरुद्ध गरिएको क्रान्तिको कथाका रूपमा पनि यस खण्डकाव्यलाई लिन सकिन्छ । यहाँ हजुरबा र नाति पात्रका बीचको प्रश्नोत्तरका रूपमा निरङ्कुश तानाशाही राजतन्त्रका विरुद्धको क्रान्तिचेत व्यक्त भएको छ ।

यस खण्डकाव्यको प्रथम खण्ड 'दिग्भ्रम' मा २०४६ सालमा प्रजातन्त्रको स्थापना भएपछि पनि देशमा हत्या, हिंसा, शोषण, दमन, भ्रष्टाचार बढ्दै गएकाले जनताहरूले घोषित-अघोषित रूपमा सडकमा क्रान्ति गर्दै आएको कुरा उल्लेख भएको छ । यस क्रममा आन्दोलनको नेतृत्व गर्ने नेताले निरङ्कुश राजतन्त्रसँग साँठगाँठ गरेर आन्दोलनलाई विफल पार्ने प्रयास गरेपछि यहाँको नातिपात्र (म) मा विश्वासघाती नेताविरुद्ध आक्रोशको ज्वाला यसरी दन्किएको छ :

रोपूँ भीर तताउँदै कि जनता मार्ने सबै भ्रष्टमा ?
पारी घायल नूनचूक दलिद्यूँ वा घातकी दुष्टमा ?
के गर्ने मन शान्त हुन्न, मनको पीडा म पोखूँ कहाँ ?
छोपूँ आहत वेदना म कसरी ? भागी म जाऊँ कहाँ ?

(दिग्भ्रम : २)

नेपाली जनताहरू सडकमा उत्रेर आन्दोलन गर्दागर्दै नेतृत्व गर्ने व्यक्तिबाट पाएको धोकाबाट आक्रोशित छन् । तिनको आक्रोश कविले 'म' पात्रका माध्यमबाट व्यक्त गरेका छन् ।

एकातिर निरङ्कुश राजतन्त्रले जनतालाई दबाउँदै गयो भने अर्कातिर जनताहरू सडकमा ज्यानको बाजी थाप्दै क्रान्ति गर्दै गए । आफ्नो हक र अधिकारका निम्ति क्रान्ति गर्दै जाँदा 'म' पात्रको मनमा अनेक तरङ्ग उठी अब भावी नेपालको शान्ति, सुव्यवस्था र जनराज्यको स्थापना

कसरी गर्न सकिन्छ भन्ने सोच र द्वन्द्व चलेको छ । यहाँ म पात्रमा गणतन्त्रका लागि क्रान्तिको चाहना चर्को रूपमा मडारिएको छ । ऊ सामन्ती राज्यव्यवस्थाको विकल्प चाहन्छ । त्यसैका लागि सडकमा क्रान्ति गर्न उत्रँदा नेताबाट धोका पाएपछि मनमा चर्को आक्रोश र निराशा उत्पन्न हुँदाको 'म' पात्रको मनस्थितिलाई खण्डकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

जेका निम्ति भनेर फेरि शिरमा कात्रो म बाँध्दै थिएँ
त्यै विश्वास कृतघ्न भो म जसको आधार मान्दै थिएँ
यस्तै कारणले अशान्त म भई कोठा पसेको थिएँ
चर्को द्वन्द्व लिएर भित्र मनमा एक्लै बसेको थिएँ

(दिग्भ्रम : ३)

यहाँ पूर्ण प्रजातन्त्र वा पूर्ण गणतन्त्रका निम्ति 'म' पात्रले सडकमा जनतासित मिलेर क्रान्ति गर्दै गरेको कुरा व्यक्त भएको छ। गणतन्त्रका निम्ति क्रान्ति गर्दै गरेको 'म' पात्रले नेताबाट धोका पाएपछि उसमा क्रान्तिको ज्वाला दन्किएको छ तर ऊ विक्षिप्त अवस्थामा कोठामा एक्लै बसी भविष्यका बारेमा सोच्दै छ। त्यसैबेला आएका हजुरबाले नातिको यो अवस्था देखेर नातिलाई निराश नबनी क्रान्ति गर्न यसरी प्रेरणा दिएका छन् :

ए बाबु ! किन छस् उदास यसरी ? गर्छस् तँ चिन्ता किन ?
झन्डा छैन नि हातमा र सँगमा छैनन् नि ढुङ्गा किन ?
बाटोमा गइस् नि हान्न प्रहरीलाई लखेट्दै किन ?
कालो फेरि भयो मुहार किन हो ? उत्साह क्यै देख्तिनँ !

(दिग्भ्रम : ६)

हजुरबाले यसरी प्रेरणा दिएपछि नाति क्रान्तिमा धोका भएको गुनासो गर्दछ। नातिको अभिव्यक्तिमा सत्तापरिवर्तनको पूर्णइच्छा भएको र त्यसका लागि क्रान्तिमा सर्वहारा, मजदुर र निम्नवर्गका जनताहरू लागेको तर नेतृत्ववर्गले क्रान्तिका विरुद्धमा सम्झौता गरेको गुनासो छ। यो कुरा क्रान्तिचेत भएर यसरी प्रकट भएको छ :

मान्छे छैन स्वतन्त्र आज पनि खै ! के भो र यो क्रान्तिले ?
पाएनौँ कहिल्यै नि बस्न सुखले, आनन्दले, शान्तिले !
खुस्केको अधिकार खोज्न जनता सङ्घर्षमा होमिए
जो जस्को अगुवाइमा अघि सरे धोका तिनैले दिए !

(दिग्भ्रम : ८)

नेपालमा पहिलेदेखि नै आन्दोलन चल्दै आएको पाइन्छ तर पूर्णउद्देश्य प्राप्त हुन सकेको छैन। नेपाली क्रान्ति पहिल्यैदेखि विचलनमा पर्दै आएको छ। "'आन्दोलन + उत्कर्ष + सम्झौता + धोका + निराशा नेपाली आन्दोलन वा क्रान्तिको सूत्र हो" (नेपाल, २०६२ : २३९)। त्यसैले अबको राजनीतिक क्रान्तिलाई सफल रूपमा मार्गनिर्देशन गर्न अनुभवी व्यक्ति हजुरबालाई कविले छनोट गरेका छन्। यहाँ कविले हजुरबाको अनुभवी क्रान्तिसन्देश प्रस्तुत गर्ने क्रममा आफूभित्रको क्रान्तिको भावना व्यक्त गरेका छन्। हजुरबाले नातिलाई नेताहरूले धोका दिए त के भयो ? क्रान्तिको नेतृत्व आफैँ गर र आफैँ क्रान्ति सफल पार भनी दिएको उत्प्रेरणामा क्रान्तिचेत यसरी आएको छ :

> हो गर्ने यदि क्रान्ति पूर्ण किन हे ! पर्ने अरूको भर ?
> बिग्रेको छ भने कृतघ्न अगुवा नेतृत्व आफैँ गर
>
> (दिग्भ्रम : १४)

यस श्लोकमा स्वयं कवि पनि हजुरबाका माध्यमले गणतन्त्रका लागि हतारिएका देखिन्छन्। यदि क्रान्तिलाई पूर्ण गर्ने हो भने अरूको भरमा परेर मात्र हुँदैन, आवश्यक परे आफैले क्रान्तिको नेतृत्व गरेर पनि क्रान्तिलाई सफल पार्नुपर्छ। त्यसैबाट सामन्ती राजतन्त्रको अन्त्य हुन्छ भन्ने हजुरबाको धारणामा क्रान्तिचेतना पाइन्छ। यस खण्डकाव्यमा कविले २०४६ सालको राजनीतिक क्रान्तिलाई अपूर्ण ठानेका छन्। त्यसैले उनमा अब पूर्ण क्रान्तिचेतना जागेको छ। त्यही पूर्णक्रान्तिको भावना हजुरबाको भनाइबाट यसरी व्यक्त भएको छ :

> पैले यो बुझ पूर्ण क्रान्ति जुन हो बाँकी अझै त्यो हुन
> पानीमा कपडा भिज्यो तर अझै बाँकी छ मैलो धुन
>
> (दिग्भ्रम : १९)

यस श्लोकमा कवि ज्ञवालीले बिम्ब र प्रतीकका माध्यमबाट गणतन्त्रका पक्षमा क्रान्तिचेतना व्यक्त गरेका छन्। यहाँ क्रान्तिलाई 'पानी' नेपाली भूमिलाई 'कपडा' र राजतन्त्रात्मक निरङ्कुश राज्यसत्तालाई 'मैलो' का रूपमा लिइएको छ। पहिले जति क्रान्ति भए ,तिनले कपडारूपी नेपालमा लागेको राजतन्त्ररूपी 'मैलो' लाई भिजाई ढड्याउने सम्म काम गरेका छन्। अबको क्रान्तिले त्यस मैलोलाई सफा गरी राजतन्त्रात्मक तानाशाही अन्त्य गरी गणतन्त्ररूपी चमक दिनेछ भन्दै प्रस्तुत कथनबाट अप्रस्तुत अर्थ गणतान्त्रिक स्वरको अभिव्यक्ति दिइएको छ। कविले २०४६ सालको जनआन्दोलन लगायतका यताका विविध क्रान्तिले राजतन्त्ररूपी पिलोलाई निचोरेको छ तर खील निकाल्न बाँकी छ। त्यो खील

ननिकालेसम्म पिलो बल्भिरहन्छ भन्दै क्रान्ति गरी राजतन्त्रलाई समूल नष्ट नगरे राजतन्त्र फेरि उठ्न सक्ने कुरा व्यक्त गरेका छन्। त्यसैले राजतन्त्रात्मक राज्यसत्ताका विरुद्ध क्रान्ति गर्न उनले  यहाँ आह्वान गरेका छन्।

यस खण्डकाव्यको दोस्रो खण्ड 'बाँदरराज्यको स्थापना' अत्यन्त प्रतीकात्मक रूपमा आएको छ। यहाँ हजुरबाले नातिलाई राज्यपुनर्संरचनाका लागि राज्यक्रान्ति गर्न हौस्याउने किसिमको कथावस्तु रहेको छ। यस क्रममा बाँदरको कथा ल्याएर हजुरबाले नातिलाई भन्न सुरु गरेका छन्। यहाँ वर्णित बाँदरको राज्यमा वर्तमान विश्वका जुनसुकै राष्ट्रको क्रूरशासनको अनुहार भेट्न सकिन्छ। यहाँ आएको बाँदरराज्य काव्यको व्यञ्जक हो भने बाँदरप्रवृत्तिको नेपाली राज्यचाहिँ सामन्तीसत्ताको ध्वनन हो। यहाँ कविले लोककथात्मक बिम्ब र प्रतीकका माध्यमबाट आफ्नो गणतान्त्रिक लक्ष्यलाई साध्यसम्म पुऱ्याएका छन्। गणतन्त्रलाई प्रस्तुत गर्ने कला कविको उल्लेख्य प्रवृत्तिका रूपमा आएको छ। सर्प पनि मार्ने लठ्ठी पनि नभाँच्ने कविको चातुर्य प्रशंसनीय देखिन्छ।

देशमा अन्याय, अत्याचार, हत्या, हिंसा, शोषण र दमन फैलिरहेकोमा कवि आक्रोशित छन्। त्यसका विरुद्ध अनेक किसिमबाट विद्रोह गर्दछन्। यसै क्रममा यस खण्डकाव्यमा बाँदर राज्यका बाँदर जनताले भनेको निहुँ पारी समानता र स्वतन्त्रताका निम्ति निरङ्कुश राजतन्त्रविरुद्ध आफ्नो क्रान्तिचेतना यसरी प्रस्तुत गर्दछन् :

यौटै रहोस् नीति रहोस् समानता
यौटै दया न्याय तथा उदारता
नहोस् कहीँ भेद कुनै प्रजाकन
चलाउनोस् भूपति राज्य-शासन !

(बाँदरराज्यको स्थापना : २९)

प्रस्तुत पद्यमा बाँदरप्रजाहरूले आफ्नो बाँदरराजाप्रति गरेको आग्रहलाई अर्थ्याइएको भए पनि यसले राज्यमा नीति-नियम, कानुन र राज्यसत्ता सबै जनताका निम्ति समान रहनुपर्छ भन्ने कुरा बताउन खोजेको देखिन्छ। ठूला, हैकमवादी र नेताहरूलाई जुन अपराध गर्दा पनि छुट र गरिब, किसान, मजदुर र निम्नवर्गका अशक्तलाई कानुन, न्याय, नीति भन्ने कुरा हुनु हुँदैन भन्ने धारणा अगाडि सारिएको छ। राज्यमा समानता, स्वतन्त्रताको विकास भएमा मात्र जनताले सुख पाउन सक्छन्। त्यसैले त्यस्तो समानता, स्वतन्त्रता र उदारता ल्याउनका लागि राज्यक्रान्ति गरी गणतन्त्रात्मक शासनपद्धति लागू गर्नुपर्छ, तबमात्र जीवन सफल हुनसक्छ भन्ने कुरा यहाँ प्रस्तुत हुन आएको छ।

खण्डकाव्यको तेस्रो शीर्षक 'अचम्मको रहर' रहेको छ। यहाँ हजुरबाले नातिलाई बाँदरराजाको घमन्ड बढ्दै गएको कथा वर्णन गरेका छन् । यस कुरामा कविले राजा ज्ञानेन्द्रको अहंतालाई प्रस्तुत गरेका छन् । त्यस निरङ्कुश राजशाहीविरुद्ध उनले नेपालीहरूलाई क्रान्तिमा होमिन आह्वान पनि गरेका छन् । बाँदरराजाको घमन्ड प्रस्तुत गर्ने क्रममा नेपाली राजामाथि व्यङ्ग्य गर्ने तथा चेतावनी दिने काम सम्पन्न गरिएको छ। यहाँ राजाको घमन्ड र उद्दण्डताबारे यसरी वर्णन गरिएको छ :

राजा थियो बाँदर जो समूहको
भयो घमन्डी अति उग्र रूपको
उद्दण्ड राजा त कडा हुँदै गयो
राज्यव्यवस्था खतरा छुँदै गयो

(अचम्मको रहर : ९)

बाँदरराजको अहंकार, अन्याय, अत्याचार, शोषण, दमन, बढ्दै जाँदा बाँदरप्रजा परम्परागत रूपमा चल्दै आएको दमनकारी बाँदरशासनको समाप्ति चाहन्छन् । त्यसका निम्ति ती बाँदर प्रजाहरूमा जागृति बढ्दै जान्छ। अन्त्यमा सामन्ती राज्यसत्ता ढाल्न बुद्धिमान् र साहसी बाँदरहरू ठूलो आँट र साहस बटुली क्रान्तिमा उत्रिन्छन् । राजाले पनि अनेकतरहले उनीहरूलाई दबाउँदै जान्छ। बाँदरप्रजा धेरै मारिँदै जान्छन् तैपनि क्रान्ति जाग्दै जान्छ। यस भनाइले नेपाली क्रान्ति र राजाले क्रान्ति दबाउन गरेको दमन एवं दुस्साहसपूर्ण कार्यको प्रतिबिम्बन भएको छ। यहाँ कविले आफ्नो क्रान्तिचेत बाँदरका सेनाले गरेको क्रान्तिका रूपमा प्रस्तुत गरेका छन् ।

यस खण्डकाव्यको चौथो शीर्षक 'बाँदरराजको अवसान' मा घमन्डले उन्मत्त भएको बाँदरराजाले जनतालाई विनाकाम दुःख दिने, सताउने गरेको कुरा देखाइएको छ। अन्त्यमा बाँदर जनसेनाहरू दुःखकष्ट सहन गर्न नसकी विद्रोहमा उत्रेका छन् । उनीहरूले एक भएर क्रान्तिको तयारी गरेका छन् :

होऔँ त्यसैले अब चङ्ख लौ सब
गरौँ महाक्रान्ति हुनेछ गौरव
पानी नपाएर गरेर छटपटी
मर्नेछ कुत्ता भुसिया मरेसरि !

(बाँदरराजको अवसान : ८०)

सबै बाँदरसेना एकजुट भएर आफ्नो दुष्टराजालाई अन्त्य गर्ने सोचका साथ बाँदरराजा चढेको पर्खाल भत्काउने सल्लाह गर्छन् । त्यसैअनुरूप पिँधमा रहेका आठवटा बाँदर जगबाट हट्छन् । यसले गर्दा बाँदरसेनाद्वारा निर्माण भएको बानरपर्खाल भत्कन पुग्छ । पर्खालको टुप्पोमा बसी जनतामाथि दमन गर्दै रमिता हेर्ने बाँदरराजा ढुन्मुनिँदै तल चट्टानमा आएर पछारिन्छ । उसको शरीर टुक्राटुक्रा हुन्छ । यसरी तानाशाही बाँदरराजाको अन्त्य हुन्छ । बाँदरप्रजाहरूको सत्ता सुरु हुन्छ । सबैमा खुसी छाउँछ । यसलाई कविले निकट भविष्यमै नेपाली राजतन्त्रको अन्त्य हुने कुराको भविष्यवाणीका रूपमा प्रस्तुत गरेका छन् । नेपाली जनताले बाँदरसेनाको जस्तै हिम्मतका साथ क्रान्ति गरी बाँदरराजको अन्त्य गरेझैँ नेपाली निरङ्कुश र अधिनायकवादी राजतन्त्रको अन्त्य गर्न प्रेरणा दिएका छन् । यहाँ बाँदरसेनाहरूको उदाहरण दिँदै राजतन्त्रविरुद्धको कविको सचेत क्रान्तिचेत प्रकट भएको छ ।

चौथो खण्डमा हजुरबाले सुनाएको बाँदरराजको पतनको कथाबाट उत्साह, प्रेरणा र हौसला पाएर नाति दिग्भ्रमबाट मुक्त हुँदै अब आफै क्रान्तिको नेतृत्व गरी क्रान्ति सञ्चालन गर्ने अठोटका साथ अगाडि बढेको छ । हजुरबाले नातिलाई गणतन्त्रको स्थापनाका लागि क्रान्ति अझ अपुग रहेको यसरी व्यक्त गरेको छन् :

बाटो बिरानो छ असाध्य लामो
यो देशमा क्रान्ति अझै छ सानो

(दिग्भ्रमबाट मुक्ति : १०)

यहाँ कविले नेपाली जनतालाई क्रान्तिको मर्मबोध गराउँदै, नडगीकन, निराश नभईकन क्रान्ति गर्न सन्देश दिएका छन् । क्रान्ति भन्ने कुरा एकैपटक सफल हुने होइन, बिस्तार-बिस्तार नयाँ जोस र जाँगर लिएर अगाडि बढ्नुपर्छ भन्ने कविको क्रान्तिप्रतिको धारणा यसरी प्रकट भएको छ :

सङ्घर्षमा हार र जीत छन् दुवै
अधीर भै क्रान्ति कतै जितिन्न है !
हारे अझै जित्न अगाडि बढ्नु छ
जिते अझै टिक्न अगाडि लड्नु छ

(दिग्भ्रमबाट मुक्ति : ११)

हजुरबाले नातिमा उत्साह जगाउँदै भनेको पूर्ण क्रान्ति र पूर्ण गणतन्त्रको स्थापनाका लागि जनताले आफै अगाडि बढ्नुपर्ने, नेताहरूको भरपर्न नहुने कुरा महत्त्वपूर्ण छ । क्रान्ति

गतिशील हुन्छ । नेताले धोका दिए अर्को नेतृत्व जन्मन्छ भन्ने तथ्यलाई यसमा स्पष्ट पारिएको छ । यस कुराको पुष्टि गर्दै हजुरबाका माध्यमबाट कविले जनतालाई क्रान्तिमा उत्रन यसरी आह्वान गरेका छन्:

नेता महादुष्ट भयो त के भयो ?
दर्बारमा पस्न गयो त के भयो ?
नेता नयाँ बन्न अघि स्वयं बढ
नेतृत्व आफैँ गर क्रान्तिको अब

(दिग्भ्रमबाट मुक्ति : १५)

अन्त्यमा हजुरबाले नातिलाई दिएको क्रान्तिसन्देशका माध्यमद्वारा कवि ज्ञवालीले सम्पूर्ण नेपाली जनतालाई आफ्नो हक-अधिकार र स्वतन्त्रताका लागि, निरङ्कुश राजतन्त्रको समूल नष्टका लागि पुरानो राज्यसंरचनाको रूपान्तरण र नयाँ गणतन्त्रात्मक राज्यसंरचनाको स्थापनाका लागि राजनीतिक क्रान्ति गर्न यसरी आह्वान गरेका छन् :

सच्चा क्रान्ति रुँदैन सुँक्कसुँक्क गरी धोका भयो हा ! भनी
मान्छे हो अगुवा नि, फेर्न सकिने नेता र पार्टी पनि
अर्काको सुखनिम्ति मात्र यसरी मर्दैन कोही कहीँ
आफ्नै निम्ति, प्रणालिनिम्ति, जनताका निम्ति हो क्रान्ति नि

(दिग्भ्रमबाट मुक्ति : १८)

होला भेद र भाव शोषण तथा अन्याय जैलेतक
मान्छे शान्त हुँदैन, हुन्छ नि सदा यो क्रान्ति आवश्यक
जस्को कारणले शहीद जनता बन्छन् सदासर्वदा
हो त्यै कारण नष्ट पार्न यसरी हुन्छन् कुरा क्रान्तिका

(दिग्भ्रमबाट मुक्ति : १९)

यसप्रकार कवि रामप्रसाद ज्ञवालीले यस खण्डकाव्यमा विभिन्न शीर्षक दिएर विविध बिम्ब र प्रतीकहरूको प्रयोगद्वारा राजनीतिक क्रान्तिचेत प्रस्तुत गरेका छन् । राजनीतिक क्रान्तिद्वारा पुरानो राज्यसंरचनालाई ध्वस्त पार्नुपर्छ भन्दै नयाँ जनवादी गणतन्त्रात्मक राज्यको स्वागत गरेका छन् र त्यो क्रान्ति सम्पन्न भइछाड्नेछ भनी भविष्यवाणी गरेका छन् । जसरी बाँदर राज्यको पतन भयो त्यसैगरी नेपाली शाहवंशीय अधिनायक, क्रूर र दम्भी राज्यसत्ताको अन्त्य हुनेछ र गणतन्त्रको झन्डा फर्फराउनेछ भनी उनले घोषणा गरेको केही समयपछि नै

नेपालको राजतन्त्र समाप्त भई गणतन्त्र स्थापना हुनुले कविको भविष्यदृष्टि कति शक्तिशाली छ भन्ने कुराको पुष्टि हुन्छ । गणतन्त्र यस खण्डकाव्यको मूल नारा हो। 'प्रत्येक श्लोक-श्लोकमा क्रान्तिचेतको अभिव्यक्ति हुनु यस खण्डकाव्यको उपलब्धि हो। यो क्रान्तिचेत प्रत्येक नेपालीको चेतनासम्म पुऱ्याउने यस खण्डकाव्यको उद्देश्य हो भने क्रान्तिचेतना जनतासँग पुऱ्याउन सक्नु र जनताको प्रिय बन्न सक्नु यसको शक्ति वा सामर्थ्य हो। यसरी यस खण्डकाव्यका रूपमा ज्ञवालीको राजनीतिक क्रान्तिचेत उच्चतहमा र सिद्धरूपमा प्रस्तुत भएको देखिन्छ। नेपाली काव्यपरम्परामा यो खण्डकाव्य हालसम्मको उत्कृष्ट क्रान्तिचेतना प्रस्तुत गर्ने प्रतिनिधि खण्डकाव्यको रूपमा देखापरेको छ।

४.४.५ 'असुरग्याँस !' (कवितासङ्ग्रह,२०६२) मा राजनीतिक क्रान्तिचेत !

रामप्रसाद ज्ञवालीको कवितायात्राको दोस्रो चरणको दोस्रोकृति 'असुरग्याँस !' कविता सङ्ग्रह (२०६२) हो। 'एकादेशमा' खण्डकाव्यले उठाएको राजनीतिक क्रान्तिचेतनालाई अझै सघन बनाउने काम असुरग्याँस कवितासङ्ग्रहले गरेको छ। २९ वटा कविताहरू रहेको यस सङ्ग्रहमा वर्तमान नेपाली जनताको कठोर राजनीतिक यथार्थलाई प्रतिबिम्बन गरिएको छ। यी कवितामा युद्धताप र वर्गसङ्घर्षको आत्मतापलाई सरल, सहज, संवेद्य अत्यन्त सजीव र मर्मस्पर्शी ढङ्गमा प्रस्तुत गरिएको छ। अन्याय, अत्याचार, हत्या, हिंसा, शोषण, दमन, उत्पीडन र निरङ्कुशताका विरुद्ध विद्रोह गर्दै यसका माध्यमबाट राज्यसंरचनाको रूपान्तरणका लागि क्रान्तिको बिगुल फुकिएको छ। पूर्ण जनतन्त्रात्मक स्वतन्त्रता र समानताका लागि यहाँ कविको क्रान्तिचेतना प्रस्तुत भएको छ। यस सङ्ग्रहका 'आजको नेपाल', 'सुनी नसक्नु भयो', 'म खुम्ची बस्न सक्दिनँ', 'स्वतन्त्र देश बाँच्न द्यौ', 'बाँकी त्यै गणतन्त्र छ', 'गधा गई बन्नै सक्दैन', 'प्रश्नोत्तर' लगायतका अनेक कविताहरूमा सशक्त रूपमा राजनीतिक क्रान्तिचेतनाको प्रस्तुति भएको पाइन्छ।

निरङ्कुश राजतन्त्रात्मक शासनप्रणालीद्वारा जनताका अधिकारहरू खोसिएपछि जनताहरू आफ्नै देशमा शरणार्थीझैँ पराधीन भएर बस्नुपरेको मर्मलाई कवि ज्ञवालीले 'आजको नेपाल' शीर्षकको कवितामा प्रस्तुत गरेका छन्। उनले आजको नेपाल राजतन्त्रका मतियारद्वारा तहसनहस अवस्थामा पुगेको र जताततै विविध किसिमले हत्या, हिंसा, शोषण, दमन ठगीले अशान्ति भएको कुरा बताउँदै त्यसका विरुद्ध क्रान्ति गरी ठीक पार्नुपर्ने कुरा क्रान्तिचेतका साथ यसरी प्रकट भएको छ :

अत्याचार चुलिन्छ यै विधि भने आचार नै क्रुद्ध होस् !
यस्तै हुन्छ भने त बन्दुक नयाँ बोक्ने स्वयं बुद्ध होस् !
यस्तै शासन हो भने अब नयाँ विस्फोट भै छाड्दछ !
यस्तै मात्र रहन्न देश अब यो अर्कै भई छाड्दछ !

(आजको नेपाल : २)

जतातत‍ै हत्या र हिंसाले रगतको खोलो बगेको र कहीँ शान्ति नभएको अवस्थामा सर्वसाधारण जनताहरूले बस्न नसक्ने स्थितिको यथार्थ चित्रण गरिएको 'सुनी नसक्नु भयो' शीर्षकको कवितामा राष्ट्रिय वेदना प्रस्तुत छ । यहाँ राजतन्त्रले शिशु, बालक, बूढा र विधवा आदिलाई बिनाकसुर निर्ममतापूर्वक हत्या गरेको कुरा व्यक्त गर्दै कविले क्रान्तिद्वारा सामन्ती र हत्यारो दरबारिया शक्तिलाई, ध्वस्त पार्न शोषित-पीडित वर्गमा यसरी भावुक अनुभूति सम्प्रेषण गरेका छन् :

बरबाद भएर घरबार पनि
अभिशाप भए दरबार पनि
यति त्रास बढ्यो कि सकिन्न भनी
भयभीत स्वयं छ नि त्रास पनि !

(सुनी नसक्नु भयो : ४)

'म खुम्ची बस्न सक्दिनँ' शीर्षकको कवितामा कवि ज्ञवालीले नेपाल आमाको दु:ख र चीत्कारलाई प्रस्तुत गर्दै नेपाल आमाको आँसु पुछ्नका लागि युवाशक्तिहरूलाई युगवाहक बनी क्रान्ति गर्न अनुरोध गरेका छन् । नेपालमा २०५२ सालमा माओवादी जनविद्रोह सुरु भएपछि जनताहरू दुईतिरको मारमा पर्ने स्थिति आयो । एकातिर राज्यसत्ताको दमन शोषण हत्याहिंसाले नेपाली जनताहरू मारमा पर्दै थिए भने अर्कातिर माओवादीहरूले समेत जनयुद्धको क्रममा गरिब असहाय निहत्था जनताहरूमाथि विविध प्रकारले दु:ख दिने, निर्दोष जनताको हत्या गर्ने र लुटपाट गर्ने काम थाले । यस्तो अवस्थामा नेपालमा जतातत‍ै रगतको खोलो बग्न थाल्यो, जतातत‍ै लासको थुप्रोबाहेक केही देखिन छाड्यो र यसबाट नेपाल आमाको छाती चिरिन पुग्यो । यही भावलाई कवि ज्ञवालीले यस कवितामा उल्लेख गर्दै 'साँढेको जुधाइ बाच्छाको मिचाइ'बाट सर्वसाधारण जनता र देश बचाउनका लागि युवा शक्तिहरूलाई आह्वान गरेका छन् :

यौटा बन्दुक आएर मेरै सन्तान मार्दछ !
अर्को बन्दुक आएर मेरै कोख उजाड्दछ !
आफ्नै सन्तानको हत्या सहूँ म कसरी भन ?
आओ हे मुक्तिदाता हो ! उद्धारक यहाँ बन !

(म खुम्ची बस्न सक्दिनँ : ६)

२०५८-२०५९ पछि देशमा बढ्दै गएको विद्रूपता बेमेल र नानथरीका हत्या, हिंसा, ठगी, चोरी, उत्पीडन र अधिनायकीय बर्बरता आदिले जनताहरू सधैँ त्राहि-त्राहिमा बाँच्नुपर्ने भयो । स्वतन्त्रता र समानता भन्ने कुरा कुरामै सीमित बन्न पुगे । जताततै बमबारुद गोलीको वर्षा भए । जताततै मान्छेका लास र रगतको खोलोसिवाय देख्न छाडियो । देशमा सधैँ बन्द, हड्ताल र तोडफोडले निम्नवर्ग, मजदुरवर्ग, किसानवर्गहरू काम नभएर भोक-भोकै मर्न लागे । रोग, भोक र शोकले सारा नेपालीहरू आक्रान्त भए । भ्रष्टाचार र निरङ्कुशताले देश खोक्रो भयो । केही व्यक्तिहरूले जनताका स्वतन्त्रता र अधिकारहरू लुट्दै गए । जाली फटाहाहरूले मोजमस्ती र रमझममा देशको ढुकुटी दिनानुदिन रित्याउँदै गए । यस्तो नकारात्मक राज्यसंरचनाको यथार्थ प्रतिबिम्बन कवि रामप्रसाद ज्ञवालीले ‘स्वतन्त्र देश बाँच्न द्यौ’, ‘हे देवकोटा भन’ र ‘मन हिच्किचाउँछ’ आदि शीर्षकका कवितामा गरेका छन् । यस्ता नकारात्मक यथास्थितिको रूपान्तरण, सार्वभौमिकता, समानता र दिगो शान्ति सुव्यवस्थाका लागि उनले प्रगतिशील आवाज उठाएका छन् । राज्यक्रान्ति गर्ने अठोट लिई सबै हेपिएका, थिचिएका र पिल्सिएका जनतालाई अधिकार र स्वतन्त्रताको प्रत्याभूति दिलाउन गणतन्त्रको स्थापना एवं संस्थागत विकासका लागि जागृत गरेका छन् । स्वतन्त्रता र बाँच्न पाउने अधिकारलाई कसैले हनन् गर्न पाउनेछैनौँ भन्दै कविले क्रान्तिचेतना यसरी प्रस्तुत गरेका छन् :

नमेट प्यास रक्तले नमेट भोक मासुले
मभित्र वेदना बढ्यो भिज्यो शरीर आँसुले
चरी उडोस् स्वतन्त्र भै नरोक उड्न नाच्न द्यौ !
नमार निर्दयीहरू ! स्वतन्त्र देश बाँच्न द्यौ !

(स्वतन्त्र देश बाँच्न द्यौ : ८)

'प्रतिगमन' शीर्षकको कवितामा कवि ज्ञवालीको क्रान्तिचेत हिटरीय तानशाही, राष्ट्रघाती, मूर्तिचोर, बलात्कारीहरूका विरुद्ध जीवन्त भई प्रकट भएको छ । यहाँ कविले 'म' पात्र खडा गरी त्यसलाई प्रतिगमनकारी रूपमा व्यक्तित्व प्रदान गरेर प्रतीकात्मक रूपमा प्रतिगमन र निरङ्कुशताका विरुद्ध व्यङ्ग्य-विद्रोहका भाव व्यक्त गरेका छन् ।

जनमुखी राजनीतिक रूपान्तरणका लागि कविको शक्ति अजेय हुन्छ भन्ने कुरा कवि ज्ञवालीले 'अचम्मको वीर' शीर्षकको कवितामा व्यक्त गरेका छन् । वीर तानाशाही व्यवस्थाको रक्षक छ भने कविका क्रान्तिकारी कवितासँग डराउँछ भन्ने कुरा व्यङ्ग्यचेतका साथ प्रस्तुत गरिएको छ । संसारमै प्रख्यात वीर क्रान्तिकारी कविहरूसँग डराएर उनीहरूलाई पक्रने गर्दछ । यस तथ्यलाई प्रस्तुत कविताले चित्रण गर्दछ । देशको संरक्षक वीर जो बम, गोली, बारुददेखि डराउँदैन, बमको गोला हातले खेलाउँछ । मृत्युलाई शिरोधार्य गर्दै खाई-नखाई वा चनाको भरमा शत्रुसँग लड्दछ । शत्रुका क्याम्प-क्याम्पमा घुस्न सक्दछ, वैरीको सातो लिन सक्दछ तर क्रान्तिकारी कविदेखि डराउँछ । कविताको 'क' देखि नै उसको सात्तोपुत्लो जाने गर्दछ भन्दै सामन्तवादी वीरसेना डराउने कविता र कविको शक्ति र सामर्थ्यलाई प्रस्तुत गर्दै राजनीतिक क्रान्तिका लागि कवि र कविताले साहसी क्रान्तिकारी भूमिका निर्वाह गर्न सक्ने कुरा यस कवितामा प्रस्तुत हुन आएको छ :

'क' देखेमा अतासिन्छ कम्युनिस्ट छ यो भनी
'वि' देखेमा अतासिन्छ विध्वंस गर्छ यो भनी
'ता' मा देख्छ तालीम केन्द्र घेर्न लगाउँछ
अचम्मको छ यो वीर कविदेखि डराउँछ

(अचम्मको वीर : १८)

क्रान्ति गर्छु भनी अघि सरेका तर लाछी, हुतिहारा, सत्य बोल्न डराउने, सत्य लेख्न नसक्ने र तानाशाही राजतन्त्रको गुलामी गर्नेलाई कविले आत्महत्या गर्ने सन्देश दिँदै निर्भीक क्रान्ति गर्नका लागि 'आत्महत्या गरे भयो !' कवितामार्फत यसरी आह्वान गरेका छन्:

क्रान्ति गर्छु पनि भन्छस् मृत्युदेखि डराउँछस् !
बाटो खन्छु पनि भन्छस् गैँती बोक्न डराउँछस् !
आँट गर्न नसक्नेले दम्भ यो नगरे भयो
किन पो बाँच्नु लाछीले, आत्महत्या गरे भयो ।

(आत्महत्या गरे भयो : १९)

'माथि उड्दै छ बाज' शीर्षकको कविता प्रतीकात्मक छ। यहाँ देशका सामन्ती र निरङ्कुश राज्यसंयन्त्रका मतियारहरूलाई बाजका रूपमा लिइएको छ। जबसम्म अकाशमा बाज उड्छ तबसम्म तल उडिरहेका परेवालाई आफ्नो ज्यान जोगाउन कठिन पर्दछ भन्दै सामन्तवादी राज्यप्रणाली रहुन्जेलसम्म नेपालीहरू उनीहरूको शोषण र दमनबाट पिल्सिएरै रहनुपर्छ भन्ने भाव कविले व्यक्त गरेका छन्। निरङ्कुश र अधिनायकवादी राज्यव्यवस्था भएसम्म जनताहरू निश्चिन्त हुन सक्दैनन् भन्दै निरङकुश राजतन्त्रको अन्त्य गर्नका लागि कविले सबैलाई क्रान्ति गर्न जनउत्प्रेरणा दिने काम यस कवितामा गरेका छन्। यहाँ कविले बाजरूपी निरङ्कुशतालाई अन्त्य गरी जनतारूपी र देशरूपी परेवाको रक्षा गर्न क्रान्तिको भावना व्यक्त गरेका छन्।

स्वार्थी र विश्वासघाती कृतघ्नहरूले क्रान्तिको सन्दर्भमा दिएका धोकालाई 'जनताको अभिमत' र 'मगन्ते क्रान्ति गर्दिनँ' शीर्षकका कवितामा प्रस्तुत गर्ने काम कविले गरेका छन्। जब राजाबाट नेपाली जनताहरूका स्वतन्त्रता र स्वाधीनताको अस्मितामाथि बलात्कार भयो, त्यसपछि नेपाली जनताहरू आफ्नो अधिकार र लुटिएको अस्मिता फिर्ता गर्न सडकमा उत्रेका थिए। त्यस अवस्थामा नेता भनाउँदा विश्वासघातीहरूले पद र सम्पत्तिको लोभमा परी जनयुद्धलाई रोक्न राज्यपक्षसँग जनविरोधी सम्झौता गर्ने र सडकमा उत्रेका जनतालाई दबाउन अप्रत्यक्षरूपमा सहयोग गरे। यस्ता स्वार्थी, धोकेबाज, विश्वासघाती र नालायक नेतृत्वहरूसँग मिली गरिने क्रान्ति सफल नहुने देखेपछि उनले यस्तासँग मिलेर क्रान्ति नगर्ने कुरा यसरी व्यक्त गरेका छन् :

सत्ता नमिल्दातक लागिपर्छ जो
मिलेसि सत्ता जनद्रोह गर्छ जो
बिन्ती गरी खोज्दछ जो सुखी हुन
डर्कोप लाछीसँग क्रान्ति गर्दिनँ !

(जनताको अभिमत : २४)

गएर राजासित पाउ पर्दछौं
फर्केर जन्तासित भाउ गर्दछौं
सत्तामुखी खेल सधैँ सधैँ किन ?
अशुद्ध नेतासँग क्रान्ति गर्दिनँ

(जनताको अभिमत : २४)

सधैँ निरङकुशता, अन्याय र अत्याचारको पक्षमा लागेका र दासताको खुट्टा मोल्दै हिँड्ने गरेका व्यक्तिलाई कवि ज्ञवालीले घृणा गर्दै थुकेका छन्। उनी कुनै पनि हालतमा घृणित व्यक्तिलाई नछाड्ने र राज्यक्रान्तिद्वारा तिनीहरूलाई खतमै पार्ने सुरमा छन्। यहाँ राज्यका अनैतिक र दुराचारीहरूका विरुद्ध क्रान्तिचेतना चर्को रूपमा प्रस्तुत भएको छ :

फाल हाल्नुपरे हाल्छु आगोमा म सबै दिन
आगो बाल्नुपरे बाल्छु आफैमाथि दिनैदिन
भई कायर वैरीको पाउ मोल्न म सर्दिनँ !
मर्नुपर्छ भने मर्छु मगन्ते क्रान्ति गर्दिनँ !

(मगन्ते क्रान्ति गर्दिनँ : २६)

“क्रान्तिलाई कसैले रहर मानेका छन्। कसैले सत्ताप्राप्तिको सिँढी मानेका छन्, कसैले जीवनको मोलमोलाइ सम्झेका छन्। निकै उत्साह बोकेर क्रान्तिको मार्गमा अघि बढ्ने तर दुष्ट र कायर शासकका अगाडि केही बोल्न नसक्ने विरोध गर्न नसक्नेहरूलाई कविले मर्‍यौ कि क्या हो भनेर सचेत गराएका छन्” (नेपालः २०६२: ६)। यहाँ कविको क्रान्तिचेतना स्पष्ट, निर्भीक र सचेत रूपमा प्रकट भएको छ। दासता, षड्यन्त्र, धोका, जालझेल र अन्यायका विरुद्ध कवि मर्न र मार्न तयार छन्। अर्काको रगत र मासु खान पल्केका र अर्काको पसिना चुस्न पल्केका शोषकहरूलाई जनक्रान्ति गरी समाप्त पार्न आफू तयार रहेको कुरा उनले यसरी व्यक्त गरेका छन् :

सबै गर्नु छ मैले नै ! मैले नै अझ मर्नु छ !
बाँच्ने हो यदि मान्छेले तैँले नै मर्नुपर्दछ !
योद्धा समाप्त बन्दैनन् , तँ नै अब समाप्त बन् !
के छ अन्तिम इच्छा भन् ? मर्नलाई तयार बन्।

(मर्नलाई तयार बन् : ३०)

कवि ज्ञवालीको राजनीतिक क्रान्तिचेत अन्तर्राष्ट्रिय हस्तक्षेप र साम्राज्यवादी शक्तिहरूका विरुद्ध पनि प्रस्तुत छ। उनले मानवताको नाममा जताततै आतङ्क छर्नेहरूका विरुद्ध आक्रोश व्यक्त गरेका छन्। आज अमेरिकाले मानवता, स्वतन्त्रता र प्रजातन्त्रको नारा जप्दै विश्वमा नै आतङ्क फैलाएकोमा अमेरिकी साम्राज्यवादी र अधिनायकका विरुद्ध ‘प्रश्नोत्तर’ कवितामार्फत चुनौती र व्यङ्ग्य गरिएको छ। उनले प्रजातन्त्रको नाममा लाखौँ लाख मान्छे मार्ने, सद्दामको नाममा सिङ्गै इराक ध्वस्त पार्ने र विश्वमै एकाधिकारवादी हैकम चलाउने अमेरिकाको विरोध गरेका छन्।

कवि ज्ञवालीले कविको वास्तविक चेतनास्तर कवितामै झल्कने कुरा 'कवि होस् कविता भित्रै ...' कवितामा व्यक्त गरेका छन् । कविताले क्रान्तिको संवाहक कवितालाई मानेका छन् । यस कवितामा कविको क्रान्तिचेतना जागरणमुखी बनेको छ। यहाँ कविले क्रान्तिलाई साहित्यको सौन्दर्यबोधक तत्त्वका रूपमा स्विकारेका छन् । उनको विचारमा सबै कवितामा जीवनको सौन्दर्य र सकारात्मक चेतना अनिवार्य हुनुपर्छ भन्ने रहेको पाइन्छ ।

मान्छे शान्ति चाहन्छ, त्यसैले ऊ शान्तिका लागि प्रयासरत छ । तर त्यो शान्ति पाउन सकेको छैन । त्यसको मूलकारण मान्छेका अधिकार लुटिनु, एउटाको सुखका निम्ति हजारौंका सुख लुटिनु, एउटाले बोल्नका लागि हजारौँका मुखमा ताल्चा लाग्नु हो भन्दै कविले एउटाका निम्ति हजारौँलाई घानमा पार्न नसकिने कुरा उद्घोष गरेका छन् । उनले 'मान्छे शान्त त्यसै हुँदैन' शीर्षकको कवितामा यस्ता विकृत यथार्थको विरुद्ध क्रान्ति गरी शान्ति ल्याउन आह्वान गरेका छन् । त्यो शान्ति अरूले सोच्ने गरेको मुर्दा शान्तिभन्दा छुट्टै रहेको छ । उनले चाहेको शान्ति मुर्दा शान्ति होइन । यहाँ समाजमा भेदभाव र शोषण रहेसम्म वास्तविक शान्ति हुन नसक्ने कुरा उनले यसरी प्रस्तुत गरेका छन् :

यौटा शान्ति छ  त्यो मसानघरमा मूर्दाहरू शान्त छन्
अर्को शान्ति छ त्यो खुला बगरमा ढुङ्गाहरू शान्त छन्
मान्छे शान्त हुँदैन हो उदरमा आगो बली नै रहे !
यौटा पेटनिमित्त पेट सबको भोको बनाई रहे !

(कवि होस् कविता भित्रै ....., ३६)

यहाँ कविको राजनीतिक क्रान्तिचेतना दिगो शान्तिको सन्देश दिँदै प्रकट भएको छ ।

गणतान्त्रिक क्रान्तिचेतनाले भरिपूर्ण भएको कविता 'बौलाएको कुकुर मार्नै पर्छ'मा कवि ज्ञवालीले निरङ्कुश राजतन्त्रलाई साँढे, ढाडे, मन्द्राएको वृष र बौलाएको कुकुर आदिका रूपमा प्रस्तुत गरेका छन् । सबैको हत्या, हिंसा, शोषण गर्दै र स्वतन्त्रता खोस्दै आएको र गरिनै रहेको राजतन्त्रलाई जनक्रान्ति गरी फाल्नुपर्ने कुरा कविले यहाँ व्यक्त गरेका छन् । नेपाली जनताले विनाकामको राजसंस्था पालिरहेकोमा कविले जोत्न नमिल्ने साँढे नपाल्न अनुरोध गरेको भावमा राजसंस्थालाई नपाल्न आग्रह गरेका छन् । आज राजसंस्थाले बौलाएर मनपरि गर्न लागेकाले यसलाई बौलाएको कुकुरका रूपमा लिँदै बौलाएको कुकुर मार्नुपर्ने कुरा यस कवितामा यसरी प्रस्तुत भएको छ :

रोगाएको अलिकति भए जिन्दगी भर्न मिल्छ
लागेको जन्डिसतक भए औषधी गर्न मिल्छ
रोगै त्यो एड्स छ यदि भने औषधीले छुँदैन
बौलाएको कुकुर छ भने त्यो नमारी हुँदैन

(बौलाएको कुकुर मार्नै पर्छ : ३८)

यहाँ कविको विद्रोह आक्रोश र क्रान्तिचेत प्रतीकात्मक रूपमा अभिव्यञ्जित भएको पाइन्छ ।

राजा ज्ञानेन्द्रप्रति लक्ष्य गर्दै लेखिएको 'गधा गाई बन्नै सक्दैन' कवितामा ज्ञवालीले राजतन्त्र जति सुध्रे पनि र जति पानीमाथिको ओभानो बन्न खोजे पनि उसका कुकर्म र खराब प्रवृत्ति जानेछैनन्, उसले निरङकुशता छोड्नेछैन । त्यसैले जनक्रान्ति गरी राजतन्त्रलाई जरै समेत उखेलेर फाल्नुपर्छ भन्ने कुरा उल्लेख गरेका छन् । कविले राजतन्त्रप्रति आकोश व्यक्त गरेका छन् र त्यो आक्रोश क्रान्तिसन्देशको रूपमा यस कवितामा यसरी प्रस्तुत भएको छ :

चुँड्ने मात्र गरे त झार सुन हे ! मर्दैन फर्कन्छ त्यो
फेदैबाट उखेल्नुपर्छ नभए टेर्दैन हुर्कन्छ त्यो
जस्तै सुन्दर होस् न सर्प त्यसले टोक्नेछ पायो भने
राम्रो हुन्छ नि दुष्ट सर्प चिडियाखाना पुर्‍यायो भने

(गधा गाई बन्नै सक्दैन : ४०)

२०५९ साल असोज १८ गते राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर प्रजातन्त्रको हत्या गरेपछि कवि ज्ञवाली आक्रोशित भएका छन् । त्यही आक्रोशको भाव 'हामी तयार छौं' शीर्षकको कवितामा प्रतिबिम्बित भएको छ । राजतन्त्ररूपी बाज जनतारूपी परेवाको सिकारमा अगाडि बढेको छ, पिलो फेरि बल्झेको छ भन्दै त्यसका विरुद्ध क्रान्ति गर्न सबैलाई कविले सचेत गराएका छन् । यहाँ कविले आफू राजतन्त्रको निरङ्कुशता र बर्बरताका विरुद्ध क्रान्ति गर्न तयार रहेको कुरा ओजस्वी भावसहित यसरी प्रस्तुत गरेका छन् :

खोजेको त्यसले होला तानाशाही चलाउन !
लाठामुङ्ग्रा र गोलीले जनक्रान्ति गलाउन
तर तयार छौँ हामी तानशाह ढलाउन !
मसानघाटमा त्यस्कै क्रियाकर्म चलाउन !

(हामी तयार छौँ : ४२)

'बाँकी त्यै गणतन्त्र छ' शीर्षकको कवितामा कवि ज्ञवालीले सबै व्यवस्थाको विकल्प गणतन्त्र भएको बताएका छन् । नेपालीहरूद्वारा गणतन्त्रका लागि एकजुट भएर निरङ्कुशताका विरुद्ध क्रान्ति गर्नुपर्छ भन्ने स्पष्ट र खरो अभिव्यक्ति यस कवितामा दिइएको छ । यहाँ उनी अहिले गणतन्त्रको विकल्पमा अर्को व्यवस्था नभएको निष्कर्षमा पुगेका छन् । उनको गणतान्त्रिक क्रान्तिचेतना यस कवितामा यसरी प्रकट भएको छ :

राजतन्त्र हुँदा केही राजा मात्रै सुखी भए
प्रजातन्त्र हुँदा केही नेता मात्रै सुखी भए
सबै सुखी त्यहाँ हुन्छन् जहाँ बुद्धि स्वतन्त्र छ
व्यवस्था भोगियो धेरै बाँकी त्यै गणतन्त्र छ ।

(बाँकी त्यै गणतन्त्र छ : ४४)

निरङ्कुशता, पराधीनता, अन्याय, अत्याचार र असमानताबाट राष्ट्रको अस्तित्व बचाउनको लागि, जनताका इच्छाआकाङ्क्षाको पूर्ति गर्न क्रान्तिले सञ्जीवनीको काम गर्ने कुरा कवि ज्ञवालीले क्रान्तिजीवनी कवितामा उल्लेख गरेका छन् । उनले क्रान्ति र जीवनको सम्बन्ध घनिष्ट रहेको र क्रान्तिकारी जीवन नै सार्थक जीवनको नमुना रहेको कुरा यसरी प्रस्तुत गरेका छन् :

चाहन्छ जो विश्व सुखी रहोस् भनी
समानता न्याय दुःखी नहोस् भनी
चर्को प्रतिक्रान्ति भए मिटाउन
लड्ने सधैँ गर्दछ क्रान्तिजीवन ।

(क्रान्तिजीवन :४६)

शान्तिक्षेत्रका रूपमा चिनिने बालबालिकाहरूमाथि विविध किसिमबाट गरिएको दमन, शोषण र हत्याहिंसाका विरुद्ध बालबालिका शान्ति क्षेत्र हुन् शीर्षकको कविता प्रस्तुत भएको छ । यसमा बालबालिकाको हकअधिकारका पक्षमा र थिचोमिचोहरूका विरुद्ध चर्को विद्रोह पोखिएको छ । हाम्रो देशमा युद्धको समयमा राज्य र माओवादी दुवैतर्फबाट बालबालिकालाई प्रयोग गरिएकोमा कवि ज्ञवालीले विरोध जनाएका छन् । बालबालिका भनेका चन्द्रसूर्य हुन् बिहानीका घामका किरण हुन्, भविष्यका कर्णधार हुन् भन्दै बालबालिकाको हत्या, हिंसा नगर्न उनले यसरी अनुरोध गरेका छन् :

यी भविष्यका कर्णधार हुन्
भोलिका नयाँ यी विचार हुन्
यी विचारमा नगर आक्रमन्
बालबालिका शान्तिक्षेत्र हुन्

(बालबालिका शान्तिक्षेत्र हुन् : ५५)

यहाँ राज्य र माओवादीका तर्फबाट भएको बालबालिकाको हत्याहिंसाका विरुद्ध कवि ज्ञवालीमा मानवतावादी क्रान्तिचेतना प्रकट भएको छ ।

कवि रामप्रसाद ज्ञवालीको असुरग्याँस वर्तमान समयमा चल्दै गरेको गणतन्त्रोन्मुख लोकतान्त्रिक आन्दोलन र तदनुकूलको राज्यव्यवस्थाका लागि थप ऊर्जा हो । यो कृति कला र विचारको उत्कृष्ट संयोजन हो । यसले स्वतन्त्रता र जनअधिकारका पक्षमा बोल्ने सम्पूर्ण नेपालीको आवाजलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । यसमा कविले निरङ्कुश व्यवस्था आदिका विरुद्ध क्रान्तिचेत प्रस्तुत गरेको पाइन्छ । यसरी उनमा आँसीका फूलहरूमा जन्मेको राजनीतिक क्रान्तिचेतले विकसित हुँदै असुरग्याँसमा आइपुग्दा गणतान्त्रिक क्रान्तिचेतको उत्कर्षका रूपमा पूर्णता प्राप्त गरेको देखिन्छ ।

## ४.५ रामप्रसाद ज्ञवालीका कविता-काव्यमा आर्थिक क्रान्तिचेत

### ४.५.१ विषयप्रवेश

क्रान्ति पुरानो उत्पादनपद्धति र त्यस आधारमा निर्मित मानवसंस्कार र धारणाविरुद्ध सम्झौताहीन सङ्घर्ष हो। आर्थिक क्रान्ति अर्थतन्त्रका सम्बन्धमा भएका पुराना मूल्यमान्यताको रूपान्तरणका लागि गरिने क्रान्ति हो । जबसम्म कुनै पनि देशको अर्थतन्त्रको सबल विकास हुन सक्दैन तबसम्म त्यस देशको सामाजिक, राजनीतिक अवस्थामा पनि सुधार आउन सक्दैन । मार्क्सले सबै क्रान्तिको केन्द्रमा आर्थिक अवस्थालाई राखेका छन् । आर्थिक क्रान्ति समाजमा वर्गद्वन्द्वलाई समाप्त पार्दै वर्गहीन समाजको निर्माणका लागि अग्रसर रहन्छ । “समाजमा रहेका धनी र गरिब, मालिक र दास, भूमिपति र मजदुरबीचको द्वन्द्व वर्गद्वन्द्व हो जबसम्म धनी र गरिब, मालिक र दास, भूमिपति र किसान मजदुरहरूबीचको खाडल पुरिँदैन तबसम्म वर्गद्वन्द्व चली नै रहन्छ भन्दै माक्सले वर्गद्वन्द्वको अन्त्य आर्थिक क्रान्तिबाट मात्र सम्भव रहेको कुरा व्यक्त गरेका छन्” (मार्क्स-एङ्गेल्स, २०५७ : ५२) । आर्थिक क्रान्तिबाट समतामूलक समाजको निर्माण, भूमिमा रहेको द्वैतवादको अन्त्य, भूदासप्रथाको अन्त्य, आर्थिक असमानताको अन्त्य, भूमिको असमान वितरणका साथै अर्धऔपनिवेशिक र अर्धसामन्ती अर्थव्यवस्थाको अन्त्य हुन गई समाजमा ठूलो र सानोबीचको पर्खाल भत्कन पुग्छ । एङ्गेल्सले

"राजनीति, न्याय, दर्शन, धर्म, साहित्य र कलाको विकास आर्थिक विकासमा आधारित हुन्छ तर यी सबै कुराले एकआपसमा प्रभाव परिरहन्छन् तापनि आर्थिक अवस्थाले केन्द्रीय प्रभाव पारिरहेको हुन्छ र आर्थिक अवस्था नै एकमात्र सक्रिय तत्त्वका रूपमा आएको हुन्छ भन्ने कुरा बताएका छन्" (मार्क्स-एङ्गेल्स, १९८९ : ३९) ।

आर्थिक क्रान्ति र साहित्यका बीच निकट सम्बन्ध रही आएको छ । साहित्यले कुनै पनि समाज र देशको आर्थिक संरचनाको यथार्थ प्रतिबिम्बन गर्दै नकारात्मक अवस्थाका विरुद्ध परिवर्तनका लागि क्रान्तिको उद्घोष गर्दछ । यो परम्परा विश्वसाहित्यमा सचेतताका साथ साहित्यलेखन परम्परा सुरु भएदेखि नै चल्दै आएको छ । मार्क्सवादी कलाको सुरुवात् भए पश्चात् क्रान्ति साहित्यको सौन्दर्यबोधक तत्त्वका रूपमा विकसित भएको पाइन्छ । नेपाली साहित्यमा आर्थिक क्रान्तिचेतना २००६ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना एवं प्रगतिवादी साहित्यको सुरुवात् भएपछि विकसित हुँदै आएको छ । हाल अधिकांश प्रगतिवादी साहित्यकारहरूका कलासाहित्यमा कुनै न कुनै रूपमा आर्थिक क्रान्तिचेत प्रस्तुत हुँदै आएको छ । त्यही परम्परा विकसित हुँदै आउँदा त्यस क्षेत्रमा समकालीन समयमा धेरै प्रगतिवादी साहित्यकार पनि देखिएका छन् । तीमध्येका एक व्यक्ति कवि रामप्रसाद ज्ञवाली पनि हुन् ।

कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा प्रस्तुत भएका विभिन्न क्रान्तिचेतनामध्ये आर्थिक क्रान्तिचेतना पनि एउटा हो । नेपाली समाजमा देखिएका आर्थिक असमानता, भूदासीय प्रवृत्ति, सामन्तवादी-पुँजीवादी अर्थनीति, भूमिको असमान वितरण, अर्धऔपनिवेशिक, अर्धसामन्ती अर्थव्यवस्था आदि सङ्कीर्णतावादी अर्थव्यवस्थाप्रति उत्पन्न असन्तोष र विद्रोह विकिसत हुँदै गएर ज्ञवालीमा आर्थिक क्रान्तिचेतको जन्म भएको छ । कवि ज्ञवालीले ग्रामीण स्तरदेखि केन्द्रीय स्तरसम्मका नकारात्मक आर्थिक यथार्थको प्रतिबिम्बन गर्दै त्यसको रूपान्तरणका लागि आफ्ना कविता-काव्यमा आर्थिक क्रान्तिचेतलाई अगाडि सारेका छन् । उनका कवित-काव्यमा आर्थिक समस्या, आर्थिक असमानता, आर्थिक, शोषण र उत्पीडनको प्रतिबिम्बन भएको छ र उनका कवितामा असन्तुष्ट भाव विद्रोहका साथ त्यस्ता कुरीति र कुपरम्पराबाट परिवर्तनको स्वर गुन्जिन पुगेको छ ।

### ४.५.२ 'औँसीका फूलहरू' (महाकाव्य,२०५३) मा आर्थिक क्रान्तिचेत

कवि रामप्रसाद ज्ञवालीको आर्थिक क्रान्तिचेत औँसीका फूलहरू महाकाव्यदेखि नै विस्तारित रूपमा प्रकट हुन सुरु भएको छ । आज विश्वसमाज नै रोग, भोक, शोक, र अनिकालको चपेटामा रूमलिएको छ । यस्तो समस्याबाट नेपाल पनि अछुत रहन सकेको छैन । यहाँ पनि अधिकांश निम्नवर्गका व्यक्तिहरू अत्यन्त दयनीय अस्थामा जीवननिर्वाह गर्न

बाध्य छन्। उनीहरूलाई गाँस, बास र कपासको अभावले सताउँदै आएको छ। कवि ज्ञवालीले नेपालीहरूको यस्तो दुर्दशाको प्रतिबिम्बन औँसीका फूलहरू महाकाव्यमा गरेका छन्। हुनतः उनले आर्थिक अवस्थाका समस्यालाई पहिले 'म बूढोको वाद' कवितामा उठाएको पाइन्छ। त्यहाँ उनले परम्परागत रूपमा चल्दै आएको शोषण, दमन र आर्थिक भेदभावलाई यथार्थ रूपमा चित्रण गर्दै त्यसका विरुद्ध आक्रोश व्यक्त गरेको पाइन्छ र बूढोको वादका रूपमा रहेको पुरानो शोषणमुखी आर्थिक अवस्थाबाट समाजको रूपान्तणका लागि सचेत अभिव्यक्ति दिएको देखिन्छ। यसरी म बूढोको वादमा नै आर्थिक क्रान्तिको पृष्ठभूमि बनाइसकेका ज्ञवालीको औँसीका फूलहरू महाकाव्यमा प्रखर रूपमा आर्थिक क्रान्तिचेतना प्रकट भएको पाइन्छ।

औँसीका फूलहरूमा गुल्मी जिल्लाको हुँगा गाउँमा आर्थिक समस्या परेका एक परिवारको माध्यमबाट ज्ञवालीले आर्थिक क्रान्तिचेतलाई प्रस्तुत गर्न प्रारम्भ गरेका छन्। जुन परिवार अत्यन्त गरिब छ, दुई छाक खान र एक सरो लाउन यस परिवारलाई ध्यौ-ध्यौ परेको छ। उनीहरूलाई मीठो र पेटभरि खान चाडपर्व पर्खनु पर्ने अवस्था छ, यस कुरालाई महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

भुरा भन्थे 'आमा' ! भन न कहिले आउँछ तिहार् ?
मनाऔँला खाई  चिजबिज रमाई शुभ चहाड्
दिदी ! सङ्क्रान्तिको कति पर छ त्यो माघ ! भन न ?
र खाऔँला चाकू, तिल, तरुल, खिच्रो बसिकन ?

(पहिलो फूल : ९)

यहाँ कविले हुँगा भन्ने गाउँको एउटा परिवारको आर्थिक अवस्थाको चित्रणका माध्यमबाट अधिकतम नेपालीहरू जो आर्थिक अभावले छटपटिएका छन् जो दिनभरि काम गर्दा पनि भोकै रहनुपर्ने बाध्यतामा हुन् र तिनले भरपेट खान पाएका छैनन्। ती सबैका जीवनका यथार्थलाई प्रतिबिम्बन गरेका छन्। कविले यस्तो अवस्था र दुःखबाट नेपाली समाजलाई मुक्त पार्न आर्थिक क्रान्तिको आवश्यकता रहेको कुरा प्रस्तुत गरेको पाइन्छ।

समाजमा सामन्तवर्गले निमुखा र गरिबलाई सधैं ठग्ने र आफ्नो जमिनमा भूदास बनाउने राम्राराम्रा जमिनजति सबै आफैले हडप्ने परम्परा परापूर्वकालदेखि चल्दै आएको छ। जसले गर्दा धनी, सामन्त र शोषकहरू दिनानुदिन धनी हुँदै जाँदै छन्, भने गरिब सधैं अर्काका काममा जोतिँदै झन्झन् गरिब हुँदै गएका छन्। यसको मूलकारण जग्गा-जमिनको असमान विवरण र ठूला र सामन्तवर्गका व्यक्तिहरूको लुटाहा प्रवृत्ति नै रहेको पाइन्छ। कवि रामप्रसाद

ज्ञवालीले यस्तो यथार्थको प्रतिबिम्बन 'औंसीका फूलहरू' महाकाव्यमा सुशीलाकी आमा, बहिनीहरू, बालक भरिया, यस महाकाव्यका नायकनायिका (कमल र पुतली), रामबहादुर, बिर्खे, कामनसिंह, प्याकुली आदि पात्रहरूको जीवनका यथार्थ घटनाहरूका माध्यमहरूबाट प्रस्तुत गरेका छन्। सुशीलाकी आमा सामन्त शोषकहरूले आफ्नो पतिलाई मारेकाले र गरिबीका कारणले घर धान्ने तथा छोराछोरीलाई खुवाउने समस्याबाट पीडित छन्। सुशीलाकी बहिनीहरूले गरिबीका कारणले विद्यालय हुँदाहुँदै पनि पढ्न पाएका छैनन् र पेटभरि खाएर हिँड्न पाएका छैनन्। बालक भरियालाई गरिबीका कारणले मरीमरी भारी बोकेर हिँड्दा हिँड्दै पनि साहुले राम्रो ज्याला दिँदैन। उल्टै पिट्छ र ऊ पीडित बन्छ। नायक कमल सर्वहारा पात्र हो। उसका न कुनै नातागोता छन् न कुनै धनसम्पत्ति छ। ऊ केवल अनाथालयमा हुर्केको व्यक्ति हो। पुतली पनि शोषक वर्गद्वारा शोषित छे। रामबहादुर आर्थिक अभावकै कारणले साबेल, कोदाली बोकी दिनहुँ खेतबारीमा गई काम गर्दा पनि छोराछोरीलाई राम्ररी लाउनखान दिन नसकेर पीडित छ। कमानसिंहले आर्थिक अभावकै कारणबाट छोराछोरीलाई पढ्न स्कुल पढाउन सकेको छैन। यस्तो नकारात्मक आर्थिक स्थितिको चित्रण गर्दै कवि ज्ञवालीले आर्थिक रूपान्तरण गर्नका निम्ति अप्रत्यक्ष सन्देश दिएको पाइन्छ। गरिबीको पीडा र आर्थिक असमानताका बारे उनले यसरी वर्णन गरेका छन् :

करोडौंमा कोही तर गरिब बाँच्दै छ ऋणमा
कुनै हाँसोमा छन् जलन छ कुनैका हृदयमा
कुनै गर्छन् नौला दिनदिन ठूला उत्सव नयाँ
कुनै आँखा पुच्छन् सुखसयल ता मात्र सपना

(पाँचौँ फूल : १३)

यस्तो असमानताका विरुद्ध आर्थिक क्रान्तिको चेतना यसरी छरिएको छ :

यो अन्यायी चलन यसरी सृष्टिमा साँच्नु हुन्न
अत्याचारी दुःख पनि सही जिन्दगी बाँच्नु हुन्न
भन्ने नारासित कमलले लड्न थाल्यो चुनाव
टिप्थे उस्का गतिविधि निकै पञ्चका दूध-भात

(पाँचौँ फूल : १५)

हाल विश्वमै पुँजीवादी अर्थनीतिले प्रभाव पारिरहेको छ। नेपालमा पनि त्यो प्रभाव दिनानुदिन परी नै रहेको छ। यहाँ केही पुँजीपतिहरू गरिब र निम्न वर्गका व्यक्तिहरूमाथि

आफ्नो हैकम लाद्दै आफ्नो स्वार्थ पूर्ति गर्न तल्लीन रहेका छन्। कवि ज्ञवालीले यस्तो पुँजीवादी अर्थनीतिका विरुद्ध आफ्ना-कविताकाव्यमा आक्रोश व्यक्त गरेका छन्। उनले पुँजीवादी अर्थनीतिमा रूपान्तरण आवश्यक ठानेका छन्। यसका निम्ति समाजवादी अर्थनीतिको स्थापनाका लागि क्रान्तिकारी कार्य गर्नुपर्ने र त्यो कार्य दूरदृष्टि भएका विशिष्ट नेताको नेतृत्वमा हुनुपर्ने स्वरलाई काव्यमा यसरी प्रस्तुत गरेका छन् :

हो थोरैले मुलुकभरिको क्रान्ति सम्हाल्नुपर्छ
हो थोरैले मुलुकभरिमा चेतना छर्नुपर्छ
थोरै नै होस् दृढतर भए एक हज्जार हुन्छ
सानो झिल्का पनि अनलको अग्नि ज्वाला बनिन्छ

(नवौं फूल : ९७)

हाम्रो समाजमा नारीमाथि शोषण, दमन र उत्पीडन प्रबल समस्याको रूपमा रहेको छ। त्यसको मूल कारण आर्थिक अधिकारमाथिको पक्षपात नै हो। आज नारीले आर्थिक अभावका कारणले पढ्न पाएका छैनन्। आर्थिक अभावका कारण ठूला र सामन्तीको लोभलालचमा परी आफ्नो अस्मिता गुमाउनुपरेको छ, बेचिनुपरेको छ। साथै यौनव्यापारमा संलग्न रहनुपरेको छ। यस्तो यथार्थको चित्रण कविले आँसीका फूलहरू महाकाव्यमा विभिन्न पात्रहरूका माध्यमबाट गरेका छन्। सुशीला, सुशीलाका बहिनीहरू, पुतली, लोग्नेबाट कुटिएकी आइमाई र प्याकुलीजस्ता पात्रद्वारा आर्थिक समस्याबाट उत्पन्न नारीशोषण र नकारात्मक यथास्थितिको चित्रण गरिएको छ। त्यस किसिमको अवस्थाबाट छुट्कारा दिलाउनका लागि आर्थिक क्रान्ति हुनुपर्नेमा ज्ञवालीले जोड दिएका छन्। यहाँ सुशीलाले आर्थिक अवस्था कमजोर भएकै कारण पढ्न पाएकी छैन। ऊ सोझी छे, जसले गर्दा शिक्षकको आर्थिक प्रलोभनमा परी उसको यौनस्वार्थ पूर्ति गर्ने साधन हुन पुगेकी छे। आर्थिक अवस्था कमजोर भएका कारणले पनि समाजले उसमाथि नानाथरी आरोप लगाएको छ।

पुतली पनि गरिबीका कारणले पहिला पढ्न नसकेर घाँस दाउरा गरी अर्थाभावको जीवन बिताउन बाध्य छे। त्यही नपढेको अज्ञानी सोझोपनको फाइदा उठाउँदै दलाल युवकले उसलाई फसाएर बम्बईमा लगी बेचिदिएको छ र वेश्यालयमा पुगेपछि पुतलीले जबर्जस्ती यौनव्यापारमा संलग्न हुनुपरेको छ। यी कुराहरूको बोध गर्दै आर्थिक असमानताबाट उत्पन्न समस्या र नारीमुक्तिका निम्ति कवि ज्ञवालीले नारीजागरणको शङ्खघोष यसरी गरेका छन्:

नारीलाई सुपठित गरी क्रान्तिकारी बानाऔं

नारीलाई पनि सहृदयी कार्यकर्ता बनाऔँ
अन्धा मान्छे उनिहरू हुँदा काम तिन्को बताऔँ
शिक्षा न्यानो र सजग दिई क्रान्तिमा लाग्न आऔँ ।

(नवौँ फूल : ८०)

यसरी आँसीका फूलहरू महाकाव्यमा कवि रामप्रसाद ज्ञवालीले विभिन्न पात्रहरूका माध्यमद्वारा आर्थिक अवस्थाको यथार्थ प्रतिबिम्बन गर्दै नकारात्मक आर्थिक संरचनाको रूपान्तरणका लागि आर्थिक क्रान्ति अपरिहार्य रहेको कुरा उल्लेख गरेका छन् ।

### ४.५.३ 'पुतली र झुसिल्किरा' (कवितासङ्ग्रह, २०५९) मा आर्थिक क्रान्तिचेत

रामप्रसाद ज्ञवालीको कवितायात्राको पहिलो चरणको दोस्रो कृति पुतली र झुसिल्किरा कवितासङ्ग्रहमा रहेका केही कविताहरूमा पनि आर्थिक क्रान्तिको अभिव्यक्ति भएको पाइन्छ । यहाँका 'घर, छाप्रा र डोजर', 'आक्रोश', 'सच्चा कवि' आदि कविताहरूमा विविध रूपमा आर्थिक क्रान्तिचेत प्रस्तुत भएको पाइन्छ ।

ग्रामीण शोषणमुखी समाजमा ठूलाले सानालाई शोषण गर्ने, धनीले गरिबलाई हेप्ने कुल्चने र थिचोमिचो गर्ने परम्परा परापूर्वकालदेखि चल्दै आएको छ । पञ्चायतकालमा गरिब असहायहरूले ठूलाले दिएको पीडा चर्को रूपमा भोग्नुपरेको थियो । सामन्त र पुँजीपतिहरूको शोषण, दमन र हेपाइबाट साना र निम्नस्तरका व्यक्तिहरू निकै सताइएका थिए । सबै उत्पादनका साधनहरू भूमि, जग्गाजमिन र कलकारखाना निरङ्कुशतन्त्रका पक्षधर सामन्त शोषकवर्गका पेवाझैँ बनेका थिए । निम्नवर्गका किसान, मजदुर र श्रमिकहरू तिनै सामन्तीहरूका जग्गाजमिन कलकारखानामा गएर काम गर्न बाध्य थिए । यसको मूलकारण अशिक्षा र बेरोजगारी थियो । यो परम्परा २०४६ सालको जनआन्दोलनपश्चात् पनि बदलिन सकेन, उही रूपमा चल्दै गयो । झन् राजनीतिक अस्थिरताका कारण विविध किसिमका समस्याहरू थपिँदै गए । देशमा दिनहुँका हड्ताल र बन्दले गर्दा कामको अभाव हुन थाल्यो । महँगी दिनानुदिन बढ्दै गयो । यसले गर्दा गरिबहरूका छाप्राहरू उघ्रिन सकेनन् । दिनका दिन गरिब गरिब नै बन्दै गए र शोषक साहु र धनीवर्ग धनीका-धनी बन्दै गए । समाजमा ठूलाबडा र धनीले निमुखा र गरिबहरूलाई तथा ठूला घरले साना छाप्रालाई दुःख पीडा दिने प्रचलन झन् झन् बढ्यो । कवि ज्ञवालीले यस्तो चरम बर्बताको प्रतिबिम्बन 'घर, छाप्रा र डोजर' कवितामा गरेका छन् । २०४६ सालको जनआन्दोलनपश्चात् गरिब र निम्नवर्गका व्यक्तिहरू सुख, शान्ति र सुविधाको आशामा रहेका थिए । तर आशा निराशामा परिणत हुन पुग्यो । समाजका सामन्ती प्रवृत्तिका व्यक्तिहरूले गरिबलाई झन् दबाए । विकासको नाममा उनीहरूका भएका छाप्रा पनि डोजर लगाएर भत्काइए । त्यस कुरालाई घर, छाप्रा र डोजर

शीर्षकको कवितामा सूक्ष्म आख्यानका माध्यमबाट प्रस्तुत गरिएको छ। यसरी आर्थिक अभाव र गरिबीले गर्दा छाप्रोबाट पनि वञ्चित भई सुकुम्बासीको स्थितिमा पुग्नु परेको जनताको दुःखद जीवनयथार्थलाई कविले यस कवितामा प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै आर्थिक अवस्थाको भेदभावका विरुद्ध क्रान्तिको चेतनालाई व्यङ्ग्य र ध्वनिका माध्यमबाट यसरी व्यक्त गरेका छन् :

छाप्रोमा नै गरिबी छ
छाप्रोमै छ असभ्यता
छाप्रो विकासको बाधा
छाप्रो हो राष्ट्रको व्यथा

(घर, छाप्रा र डोजर : १७)

यसो भन्दै विकासको नाममा वैकल्पिक व्यवस्था नै नगरी छाप्राहरूमाथि डोजर चलाएको कुरालाई यसमा आर्थिक क्रान्तिचेतका साथ प्रस्तुत गरेको देखिन्छ।

'आक्रोश' कवितामा गरिब जनताहरूले आफ्ना इच्छाआकाङ्क्षा पूरा हुने आशामा नेताहरूलाई चुनाव जिताएर पठाएका तर चुनाव जितेपछि नेताहरूले उल्टो ती गरिब जनतालाई नै शोषण, दमन गर्दै आफू रातारात सम्पन्न भएको कुरा उल्लेख भएको छ। साथै गरिब जनताहरू आर्थिक अभावले भोकभोकै मर्नुपर्ने अवस्थामा रहेको कारुणिक चित्रण गर्दै त्यसका विरुद्ध कविले आक्रोश यसरी व्यक्त गरेका छन् :

अभाव भोकको पीडा
सही बारुद पत्थर
तेरै कुरा सुनी मैले
छाती थापेँ बराबर

तेरो बुद्धि यति चाँडै
तरबार भयो किन ?
त्यो भूत बङ्गलामात्र
घरबार भयो किन ?

(आक्रोश : ३३)

यहाँ कविले आर्थिक असमानताको यथार्थ स्थिति प्रतिबिम्बन गर्दै असमानता र नेताहरूको कृतघ्नताका विरुद्ध आक्रोश व्यक्त गरेका छन्। 'सच्चा कवि' कवितामा कवि हरेक क्रान्तिको सफल योद्धा हुन सकेकाले आर्थिक क्रान्ति गर्न पनि कविले भूमिका खेल्न सक्ने कुरा उल्लेख हुन आएको देखिन्छ। 'फेरि जन्मूँ कि' शीर्षकको कवितामा आर्थिक क्रान्तिचेतना

विद्रोहका साथ प्रकट भएको छ। सामाजिक भेदभावका कारण उत्पन्न आर्थिक समस्या र अर्थतन्त्रका नकारात्मक कुरालाई रूपान्तरण गर्न आर्थिक क्रान्तिचेत आवश्यक भएकाले कविले बुद्ध पनि अब क्रान्तिकारी बुद्ध भएर जन्मनुपर्ने कुरा कवितामा प्रस्तुत गरेका छन्। यहाँ कविको आर्थिक क्रान्तिचेत बुद्धलाई जन्माउने सन्दर्भमा प्रकट भएको छ।

'रुँदैनन् क्रान्तिका स्वर' शीर्षकको कवितामा कवि ज्ञवालीले नेताहरूले विश्वासघात गरे पनि जनताहरूमा क्रान्तिचेतना नढल्ने र आस्था टुक्रिए पनि यो चेतना नटुक्रिने कुरा बताएका छन्। जसरी दुर्गन्धमा उम्रेका फूलहरूले पनि सुगन्ध छर्न सक्छन् त्यसैगरी दुरावस्थामा पनि परिवर्तनका पाइलाहरू अगाडि बढाउँदै गएमा नै उन्नति हुने र क्रान्तिको स्वर कहिल्यै नरुने कुरालाई व्यक्त गरेका छन्। आँसु खसालेर गरिबी टाढा नहुने वा धनी र गरिबबीचको भेदभाव अन्त्य नहुने कुरा सचेततापूर्वक उल्लेख गरेका छन्। धनी र गरिब बीचको दूरी हटाउनका लागि आर्थिक क्रान्ति गर्नुपर्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

जान्यौँ आलोचना गर्न बुझ्यौँ धेरै कुरा तर
बुझेकै भरमा भूमि अग्लो गजुर बन्छ र ?
हो गरिब भयौँ हामी ठगिँदै छौँ निरन्तर
तातो आँसु खसाल्दैमा गरिबी दूर हुन्छ र ?
(रुँदैनन् क्रान्तिका स्वर : ५७)

यसरी कवि रामप्रसाद ज्ञवालीले सामाजिक वर्गव्यवस्थाले निम्त्याएका विविध शोषण, दमन र पुँजीवादी आर्थिक नीतिनियमका विरुद्ध क्रान्ति गरी समतामूलक र वर्गविहीन समाजनिर्माणका लागि आर्थिक क्रान्तिको उद्घोष गरेका छन्। यसै क्रममा पुतली र झुसिल्किरा कविता सङ्ग्रहमा रहेका अन्य विविध कवितामार्फत पनि अन्योलग्रस्त आर्थिक अवस्थाको चित्रण गर्दै आर्थिक समस्याले ग्रसित समाज बदल्नुपर्ने धारणा प्रस्तुत भएको पाइन्छ।

### ४.५.४. एकादेशमा खण्डकाव्य (२०६१) मा आर्थिक क्रान्तिचेत

एकादेशमा खण्डकाव्य रामप्रसाद ज्ञवालीको कवितायात्राको दोस्रो चरणको पहिलो कृति हो। यसमा ज्ञवालीको आर्थिक क्रान्तिचेतभन्दा पनि राजनीतिक क्रान्तिचेत प्रबल रहेको छ। यहाँ मानवसभ्यताको विकासमा राजनीतिक क्रान्तिलाई संयोजन गर्दै कलात्मक रूप दिइएको छ।

यस खण्डकाव्यको कला र क्रान्तिको संयोजनका बारेमा रमेश भट्टले आफ्नो विचार यसरी अगाडि सारेका छन् : "समाजशास्त्र, क्रान्ति र राजनीतिक विषयवस्तुलाई

उच्चकाव्यात्मक रूपमा प्रस्तुत गरी पठनीय र श्रुतिमाधुर्य बनेको यो खण्डकाव्य पढ्दा लालित्यमय कवितामा समाजशास्त्र पढेझैँ लाग्छ" (२०६१ : ५) । मूलतः राजनीतिक विषयलाई संयोजन गर्दै तयार पारिएको यस खण्डकाव्यमा ज्ञवालीले आर्थिक क्रान्तिलाई छुट्टै प्रस्तुत नगरेर राजनीतिक क्रान्तिभित्रै अभिव्यञ्जित गराएका छन् । त्यसैले यहाँ आर्थिक क्रान्तिचेत स्वतन्त्र रूपमा आएको छैन । यहाँ कविले आर्थिक विषम अवस्थाको यथार्थलाई ठाउँठाउँमा प्रस्तुत गरेका छन् ।

यस खण्डकाव्यको बाँदरराज्यको स्थापनाखण्डमा बाँदरराजाको घमन्डको वर्णन गर्ने क्रममा कविले आर्थिक अवस्थाको कमजोरीका कारणबाट बाँदरप्रजाले भोग्नुपरेको समस्यालाई यसरी प्रस्तुत गरेका छन् :

अन्यायले हुन्छ कहाँ समानता ?
पाखण्डले हुन्छ कहाँ महानता ?
लाखौँ सुखी जीवनमा भरी दुःख
तँ एकलाई कसरी दिने सुख ?

(अचम्मको रहर : ६९)

शोषण, अन्याय, अत्याचार, भेदभाव र भोक, शोक जबसम्म रहिरहन्छन् तबसम्म मान्छे शान्त हुँदैन । त्यसैले सबैमा समान आर्थिक व्यवहार गरिनुपर्छ भन्ने कुरा उल्लेख गर्दै, भेदभावरहित अवस्थाको सिर्जना गर्न आर्थिक समानता हुनुपर्ने कुरामा ज्ञवालीले एकादेशमा खण्डकाव्यमार्फत पनि जोड दिएका छन् । आर्थिक अवस्थामा समानता आउनका लागि आर्थिक क्रान्तिको आवश्यकतालाई यसरी प्रस्तुत गरिएको छ :

होला भेद र भाव शोषण तथा अन्याय जैलेतक
मान्छे शान्त हुँदैन, हुन्छ नि सदा यो क्रान्ति आवश्यक
जस्को कारणले शहीद जनता बन्छन् सदा सर्वदा
हो त्यै कारण नष्ट पार्न यसरी हुन्छन् कुरा क्रान्तिका ।

(दिग्भ्रमबाट मुक्ति : १८)

यसरी एकादेशमा खण्डकाव्यमा आर्थिक क्रान्तिचेत राजनीतिक क्रान्तिचेतका साथै अभिव्यञ्जित भएको पाइन्छ ।

### ४.५.५ 'असुरग्याँस !' (कवितासङ्ग्रह, २०६२) मा आर्थिक क्रान्तिचेत

असुरग्याँस ¤ कवितासङ्ग्रह कवि रामप्रसाद ज्ञवालीको दोस्रो चरणको उत्कृष्ट कविताहरूको सङ्ग्रह हो । यहाँ गणतान्त्रिक क्रान्तिचेतले सिद्ध कविताहरू भए पनि आर्थिक

अभावका कारण उत्पन्न नकारात्मक अवस्थाको यथार्थ चित्रण हुँदै त्यसको अग्रगामी परिवर्तनका लागि आर्थिक क्रान्तिचेत पनि व्यक्त भएको पाइन्छ। यस सङ्ग्रहका विभिन्न कविताहरूबाट आर्थिक क्रान्तिचेत प्रकट भएको पाइन्छ।

कवि ज्ञवालीले कविताका माध्यमबाट आफ्नो चाहना प्रस्तुत गर्ने क्रममा अभीष्ट कविता लेखेका छन्। यसमा उनले आर्थिक अवस्थाको समस्याले उत्पन्न भएको भोक, अभाव, दुःख र पीडालाई हटाएर सुखी र सम्पन्न समाजको निर्माणका निम्ति आह्वान गरेका छन्। यस कवितामा त्यस्ता समस्याको समाधानका लागि यसरी आह्वान गरिएको छ :

वर्णवर्ण बनून् दाना खेतबारी भरी गरी
शब्दशब्द बनून् खाना भोका पेट सबै भरी
वाक्यवाक्य बनून् पानी तिर्खा मेटाउने गरी
श्लोकश्लोक बनून्, खानी अभावै नहुने गरी
अनुच्छेदहरू होऊन् कपडा घर आँगन
प्रत्येक सिर्जना होऊन् दुःखी जीवनका धन

(अभीष्ट)

पचासको दशकमा नेपाली राष्ट्रको आर्थिक अवस्था निकै नाजुक हुन पुग्यो। एकातिर समाजमा हुनेखाने वर्गले साना तथा निम्न वर्गका व्यक्तिहरूलाई आर्थिक, शारीरिक र भौतिक रूपमा शोषण गर्न थाले भने अर्कातिर माओवादी जनयुद्धले पनि सर्वसाधारण वर्गमा हाहाकार र त्रास मच्चायो। दिनहुँका नेपाल बन्द, चक्काजाम, हड्तालले किसान, मजदुर र श्रमिकहरूमा हातमुख जोर्न ठूलो समस्या पर्‍यो। उच्च ओहदाका र जिम्मेदार व्यक्तिहरूद्वारा भ्रष्टाचार भएर देशको अर्थतन्त्र टाट पल्टन पुग्यो। वनविनाशलगायतका राष्ट्रको सम्पत्ति हिनामिनामा कसैले रोक लगाउन सकेन। राम्रो खेतीयोग्य जग्गाजमिन सबै सामन्त र धनीमानी व्यक्तिहरूले हडप्न पुगे। यसले गर्दा जताततैबाट देशमा आर्थिक समस्याले हाहाकार मच्चिन पुग्यो। यस्तो रापिलो, तापिलो, निसासिँदो अवस्थालाई कवि ज्ञवालीले आफ्नो कवितामा प्रतिबिम्बन गरेका छन्। उनका 'आजको नेपाल', 'सुनी नसक्नु भयो', 'म खुम्ची बस्न सक्दिनँ', 'स्वतन्त्र देश बाँच्न द्यौ' जस्ता कवितामा यिनै रापिला, तापिला आदि नकारात्मक आर्थिक यथास्थितिको प्रतिबिम्बन भएको छ र त्यसबाट छुटकारा दिलाउन उनले आर्थिक क्रान्तिका पक्षमा अभिव्यक्ति दिएका छन्।

'हे देवकोटा भन' र 'मन हिच्किचाउँछ' शीर्षकका कवितामा नेपाली दाजुभाइ र दिदिबहीनीहरूलाई खानलाउन समेत धौ-धौ अवस्था रहेको कुरा बताइएको छ। देश आर्थिक सङ्कटले ग्रस्त तुल्याइएको छ। यस्तो अवस्थामा तिमीलाई केले पूजा गरौँ ? के चढाऔँ ? भन्दै कविले देवकोटालाई आफ्नो देशको हालत व्यक्त गरेका छन् भने यस समयमा आफूले पाएको पुरस्कार लिन पनि गाह्रो परेको कुरा उल्लेख गरेका छन्। यहाँ देशको आर्थिक अभावको यथार्थ उद्घाटन भएको छ। यसलाई कवितामार्फत् यसरी प्रस्तुत गरिएको छ :

भई बेघर भागेका शरणार्थी हजारन
जाडोमा नाङ्गिई मर्छन् गर्मीमा रोगिईकन
यस्तो देख्दा नि स्विकार्नु सम्मान के सुहाउँछ ?
नलिऊँ प्रेमको हेला, लिऊँ यै प्रश्न आउँछ।

(मन हिच्किचाउँछ ! : १२)

'माथि उड्दै छ बाज' शीर्षकको कवितामा कवि ज्ञवालीले प्रतीकात्मक रूपमा समाजको आर्थिक नकारात्मक यथास्थितिलाई प्रस्तुत गरेका छन्। यहाँ बाजलाई सामन्ती, निरङ्कुश र शोषकवर्गको प्रतीक बनाई प्रस्तुत गरिएको छ। जबसम्म बाज माथि आकाशमा उड्दछ तबसम्म तल रहेका परेवा सुरक्षित रहन सक्नैनन् भन्ने कुरा व्यक्त गर्दै पुँजीवादी अर्थतन्त्र चलुन्जेल सर्वहारा, किसान, मजदुरको आर्थिक स्थिति सुदृढ हुन सक्दैन भन्ने कुरा यहाँ व्यञ्जित हुन आएको छ। कविको आर्थिक क्रान्तिचेत प्रतीकात्मक रूपमा यसरी प्रस्तुत भएको छ :

अलि मलजल पाई हुर्कंदै थ्यो मुना यो
तहस नहस गर्दै ध्वस्त पार्छौ नि के हो ?
भन किन खुन गर्छौ त्रस्त पार्दै समाज ?
किनकि अफ खुनीकै हुन्छ सम्मान आज !

(माथि उड्दै छ बाज : २१)

समाजको आर्थिक अवस्थामा सुधार गर्ने क्रममा गरिँदै आएका क्रान्तिको सन्दर्भमा धोका दिने व्यक्ति वा नेतालाई कविले 'मगन्ते क्रान्ति गर्दिन' र जनताको अभिमत शीर्षक कवितामा व्यङ्ग्यविद्रोह र आक्रोशसाथ प्रहार गरेका छन्। गरिब र निम्नवर्गका पक्षमा आफैले क्रान्तिको नेतृत्व गरी क्रान्ति गर्ने कुरासमेत अगाडि सारेका छन्। उनको त्यो भाव यसरी व्यक्त भएको छ :

गरिबको नाम लिईलिईकन
धोका तिनैमाथि दिईदिईकन
तिम्रो भुँडी भर्न म मर्न सक्दिनँ
विश्वासघातीसँग क्रान्ति गर्दिनँ

(जनताको अभिमत : २३)

आर्थिक अवस्था कमजोर भएर गरिब भएका निम्नवर्गका जनताहरूमाथि सामन्त र शोषकवर्गहरूले गरेको शोषणको प्रतिबिम्बन कविले 'मऱ्यौ कि क्या हो ?' र 'मर्नलाई तयार बन्' शीर्षकका कवितामा गरेका छन् । गरिबीका कारणले भोक लागेका बेला खान नपाउने अवस्थाका विरुद्ध उनले आक्रोश प्रकट गरेका छन् । आर्थिक अवस्थाको तनावबाट समाजलाई मुक्त गर्न उनमा आर्थिक क्रान्तिचेतना यसरी जागृत भएको छ :

सहने कति हो मैले सधैँ बनेर घायल ?
सधैँ षड्यन्त्र, यो धोका, जालझेल सधैँ छल !
त्रास-आतङ्कमा बाँच्ने कसरी पलका पल ?
तँलाई भासमा गाड्न आएँ म क्रान्ति उज्ज्वल !

(मर्नलाई तयार बन् : २९)

जबसम्म मान्छेलाई खान, लाउन, मुस्किल हुन्छ । उसलाई अनिकाल र अभावले गाँजेको हुन्छ तबसम्म मान्छे चुप लागेर बस्न सक्दैन, त्यसका विरुद्ध सङ्घर्षमा उत्रन्छ भन्ने कुरा मान्छे शान्त त्यसै हुँदैन शीर्षकको कवितामा यसरी प्रस्तुत भएको छ :

भोको पेट रहन्न क्वै यदि भने  चोर्थ्यो कसैले किन ?
चर्को भेद हुँदैनथ्यो यदि भने लड्थ्यो र को दिन्दिन
मान्छे शान्त हुँदैन हो उदरमा आगो बली नै रहे !
यौटा पेटनिमित्त पेट सबको भोको बनाई रहे !

(मान्छे शान्त त्यसै हुँदैन : ३५)

देशको सम्पत्ति विदेशमा लगेर थुपार्ने, देशका वन जङ्गल, नदीनाला बेच्ने र देशको आर्थिक स्थिति टाट पल्टाउनेहरूलाई कवि ज्ञवालीले तीव्र प्रहार गरेका छन् । त्यस्ता व्यक्तिलाई उनले बौलाएको कुकुरको संज्ञा दिदै कवितामार्फत त्यस्ता व्यक्तिलाई छाड्न नहुने कुरा यसरी व्यक्त गरेका छन् :

जल्ले बेच्यो वन् नद नदी राष्ट्रपारेर शेष
जल्ले अर्बौं धन मुलुकको पोस्छ लग्दै विदेश

त्यो घातीको मगज सुन हे तर्कले सुध्रँदैन
बौलाएको कुकुर छ भने त्यो नमारी हुँदैन !

(बौलाएको कुकुर मार्नै पर्छ : ३७)

नेपाली श्रमिक एवं गरिब जनताहरू लामो समयदेखि सामन्तवादी शोषण तथा उत्पीडनको मारमा पर्दै आएका छन् । स्थानीय शोषक र सामन्तको संरक्षण केन्द्रीय सामन्ती सत्ताबाट हुँदै आएको छ । सामन्ती शोषणको यस मारमा गरिबी, भोक, शोक र अभावले ग्रसित व्यक्तिहरू एवं निम्नवर्गका व्यक्तिहरू परेका छन् । यही पक्षको बारेमा कुरा उठाउँदै ज्ञवालीले 'गधा गाई बन्नै सक्दैन' र 'क्रान्तिजीवन' कविताको रचना गरेका छन् । यी कविताहरूमा कविले उल्लिखित नकारात्मक आर्थिक स्थितिको चित्रणका साथै अर्थव्यवस्थासँग सम्बन्धित कुरीति, कुसंस्कारविरुद्ध क्रान्ति गर्न तयार छौं र अर्धऔपनिवेशिक पुँजीवादी अर्थव्यवस्थाविरुद्ध आर्थिक क्रान्ति नै जनताको निम्ति सञ्जीवनी हो भन्ने कुरालाई पनि यसरी व्यक्त गरेका छन् :

समानता न्याय खुसी दिलाउन
भविष्य नौलो र सुखी तुल्याउन
बाधा छ जे जे सब ती हटाउन
निर्भीक भै लड्दछ क्रान्तिजीवन

(क्रान्तिजीवन : ४६)

'बाँकी त्यै गणतन्त्र छ' शीर्षकको कविता गणतान्त्रिक चेतनाले घनीभूत भएको कविता हो । यसमा देश गणतन्त्रमा परिवर्तन भइसकेपछि सामाजिक र आर्थिक दुवैका नकारात्मक अवस्थामा परिवर्तन एवं रूपान्तरण आउने कुरा कविले उल्लेख गरेका छन् । जब गणतन्त्रात्मक शासनपद्धति लागू हुनेछ तब त्यहाँ भूदास व्यवस्थाको अन्त्य, आर्थिक असमानताको अन्त्य, भूमिमाथिको असमानताको अन्त्य भई शोषण, दमन र पीडनबाट जनता उन्मुक्त हुनेछन् भन्दै कविको आर्थिक क्रान्तिचेतना प्रकट भएको देखिन्छ । यस कवितामा राजनीतिक-गणतान्त्रिक क्रान्तिचेतसँग सामीप्यता गाँस्दै आर्थिक क्रान्तिचेतना अभिव्यञ्जित भएको छ ।

यसरी यस कवितासङ्ग्रहमा कवि ज्ञवालीले विभिन्न बिम्बप्रतीक एवं उदाहरणका माध्यमबाट नकारात्मक यथास्थितिको प्रतिबिम्बन गर्दै त्यसको समाप्ति र अग्रगामी आर्थिक रूपान्तरणका लागि आर्थिक क्रान्ति आवश्यक भएको बताएका छन् । त्यसका निमित्त सारसन्देशका रूपमा क्रान्तिको आह्वानसमेत गरेका छन् ।

यसप्रकार कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा सामाजिक क्रान्तिचेतना र राजनीतिक क्रान्तिचेतना जुन रूपमा रहेको छ, आर्थिक क्रान्तिचेतना त्यही रूपमा व्यक्त भएको छ । उनको आर्थिक क्रान्तिचेतना सबैभन्दा बढी औँसीका फूलहरू महाकाव्यमा आएको छ भने कम रूपमा एकादेशमा खण्डकाव्यमा रहेको छ । उनको आर्थिक क्रान्तिचेत स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्मका आर्थिक उपरिसंरचकहरूको नकारात्मक यथास्थितिको उद्घाटन, तीप्रतिको असहमति, प्रगतिशील रूपान्तरण एवं नवीन आर्थिक संरचनाको जग खडा गर्ने दिशामा केन्द्रित रहेको पाइन्छ ।

## ४.६ निष्कर्ष

रामप्रसाद ज्ञवाली नेपाली साहित्यका क्षेत्रमा समाजवादी-यथार्थवादी अर्थात् प्रगतिवादी धारमा २०४० को दशकबाट सामान्यतः र मूलतः २०४६ सालबाट सशक्त रूपमा क्रियाशील कवि हुन् । २०४० मा भारतको हरिद्वारबाट प्रकाशित हुने सगरमाथा पत्रिकामा 'हाम्रो कर्तव्य' शीर्षकको कविता प्रकाशन गरी साहित्ययात्रा आरम्भ गरेका ज्ञवालीका पहिलेदेखिकै कविताहरू क्रान्तिकारी भावचेतले अनुप्राणित छन् । उनले समाजमा देखेका अन्याय, अत्याचार र शोषण दमनविरुद्ध पहिलेदेखिकै साहित्यकृतिमा आवाज उठाउँदै आएका छन् । ज्ञवाली राष्ट्रिय तहमा नेपाली जनतालाई सामाजिक उत्पीडनबाट मुक्त गर्नुपर्ने धारणासहित कविता-काव्यमा प्रस्तुत भएका देखिन्छन् । सामन्ती सामाजिक संरचनाका कारण नेपाली जनताहरू युगौँदेखि आर्थिक शोषण, जातीय भेदभाव 'धार्मिक अन्धविश्वास' र रूढिवादी परम्पराबाट पीडित छन् । समाजका यस्ता परम्पराविरुद्ध ज्ञवालीले कलम चलाएका छन् । यस क्रममा उनले त्यस्ता यथास्थितिको यथार्थ प्रतिबिम्बन गर्दै त्यसबाट मुक्ति र प्रगतिशील रूपान्तरणका लागि क्रान्तिको आह्वान् गरेका छन् । सामाजिक समानता, पूर्णस्वतन्त्रता र स्थायी शान्तिका लागि क्रान्ति अनिवार्य रहेको देख्ने ज्ञवाली वर्गीय चेतनाले उठेको क्रान्तिकारी आन्दोलनले मात्र सबै प्रकारका सामाजिक समस्या समाधान हुन सक्छन् भन्ने मान्यता राख्दछन् । यसो भएमा मात्र सामाजिक भेदभाव, शोषण, उत्पीडनको अन्त्य भई मानवताको स्थापना हुन सक्छ भन्ने कुरामा उनको विश्वास देखिन्छ । त्यसैले उनका कविता-काव्यमा सामाजिक न्याय, मानवीय मूल्य र मानवीय सौन्दर्यचेतनाले सशक्त रूपमा स्थान पाएका छन् ।

ज्ञवालीका कविता-काव्यमा क्रान्तिचेतको बीज समाजमा विद्यमान सामन्ती-पुँजीवादी उत्पीडन र शोषणप्रतिको असन्तुष्टिबाट उत्पन्न भएको छ । जनतालाई विविध रूपले शोषण

गर्ने तथा उनीहरूको नैसर्गिक र मानवीय अधिकार अपहरण गर्ने तात्कालीन शासकीय नीति र व्यवहारको उनी कटु आलोचना गर्दछन् ।

यस क्रममा उनले आफ्ना कविताकाव्यद्वारा सामाजिक न्यायमानवीय मूल्य र यथार्थ धरातलमा उभिएको राष्ट्रिय भावनाका पक्षमा सशक्त आवाज प्रस्तुत गरेका छन् । विद्यमान समाजका उत्पीडन र आफ्नै देशमा पराधीनता हुनुपर्ने खोक्रो राष्ट्रवादका विरोधी उनका कविता-काव्यमा सामाजिक उत्पीडनबाट मुक्ति र मानवतावादी मूल्यको स्थापनाका निम्ति क्रान्तिचेतना केन्द्रीय रूपमा प्रस्तुत भएको छ । नेपाली समाजमा युगौँयुगदेखि चल्दै आएको सामन्ती उत्पीडन र निरङ्कुशतन्त्र अहिलेसम्म पनि यथावत् नै रहेको देख्ने ज्ञवाली समाजमा आमूल परिवर्तन नहुँदासम्म मानवीय मूल्यको स्थापना हुन सक्दैन भन्दै आमूल परिवर्तनकारी क्रान्तिको पक्षमा देखिन्छन् । सामन्ती उत्पीडन, पुँजीवादी शोषण र अधिनायकवादी दमनबाट मुक्ति नपाउँदसम्म साँचो अर्थमा समाजमा न्याय, मानवीय मूल्य, पूर्णस्वतन्त्रता र शान्ति, सुशासन स्थापना हुन सक्दैन भन्ने कुरामा उनी विश्वस्त छन् । राष्ट्रिय भावना, सामाजिक न्याय, मानवीय मूल्यचेतनालाई केन्द्रीय अन्तर्वस्तुका रूपमा ग्रहण गरी तिनलाई उच्च कलात्मकताका साथ अभिव्यञ्जित गर्नु ज्ञवालीका कविता-काव्यको मौलिक विशेषता र उपलब्धि बन्न पुगेको छ ।

ज्ञवालीका कविता-काव्यहरू सामाजिक, आर्थिक तथा राजनीतिक क्रान्तिचेतनाले परिपक्व छन् । उनको सामाजिक क्रान्तिचेतनाले तीन अवस्थामा विकसित भएर पछिल्लो चरणमा सिद्धि प्राप्त गरेको छ । उनले पहिलो चरणमा सामाजिक नकारात्मक यथास्थितिको यथार्थ प्रतिबिम्बन गरेका छन् । दोस्रो चरणमा नकारात्मक यथास्थितिविरुद्ध विद्रोह र आक्रोश व्यक्त गरेका छन् र राजनीतिम क्रान्तिचेतनामा उनी पहिलो अवस्थामा पूर्णप्रजातन्त्रको स्थापनाका लागि क्रान्तितर्फ उन्मुख छन् भने दोस्रो चरणमा आएर जनवादी गणतन्त्र वा पूर्णलोकतन्त्रको संस्थागत विकासका निम्ति क्रान्तिकारी परिवर्तनतिर उन्मुख रहेको अभिव्यक्ति दिन्छन् । आर्थिक क्रान्तिचेतनामा ज्ञवाली समाजमा विद्यमान रोग, भोक, अभाव, अनिकाल, शोषणमुखी समाजको अर्थनीति, सामन्तवादी अर्थव्यवस्था, औपनिवेशिक दलाल अर्थनीति र भूमिको असमान वितरण जस्ता कुराहरूमा परिर्वतन गर्न कविता-काव्यका माध्यमबाट क्रान्तिको सारसन्देश दिन पुगेका छन् ।

यसरी धरणीधर कोइरालाबाट सुरु हुँदै आएको नेपाली साहित्यमा क्रान्तिचेतनाको परम्परा गोपालप्रसाद रिमालमा आइपुग्दा केही विकसित भएको पाइन्छ भने २००६ सालमा

नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि यसले औपचारिक विकास प्राप्त गरेको देखिन्छ। यस क्रममा २०१० को दशकदेखि २०६० को दशकसम्म क्रान्तिधर्मी कविहरू देखा परे जसमा मुख्य रूपमा युद्धप्रसाद मिश्र, सिद्धिचरण श्रेष्ठ, केवलपुरे किसान, कृष्णचन्द्रसिंह प्रधान, टी. आर. विश्वकर्मा, गोकुल जोशी, धर्मराज थापा, कुलमणि देवकोटा, भूपि शेरचन, दुर्गालाल श्रेष्ठ, रामचन्द्र भण्डारी, पारिजात, निनु चापागाईं, ध्रुव मधिकर्मी, विमल निभा, कृष्णसेन इच्छुक, ईश्वरचन्द्र ज्ञवाली, मातृका पोखरेल, मित्रलाल पंज्ञानी, हरिगोविन्द लुईंटेल, प्रकाश सायमी, अर्जुन पराजुली, ऋषिराज बराल, देवी नेपाल, दाहाल यज्ञनिधि, जगदीशचन्द भण्डारी, बेन्जु शर्मा, खगेन्द्र संग्रौला र वैरागी काइँला आदि रहेका छन्। यी प्रगतिशील, प्रगतिवादी वा क्रान्तिकारी कविहरूको मूल अभीष्ट नै समाजरूपान्तरण कविको कर्म रहेको पाइन्छ। प्रगतिवादी धारामै समसामयिक युगमा देखा पर्ने एक स्पष्ट, निर्भीक, साहसी र क्रान्ति सौन्दर्य प्रस्तुत गर्ने कवि हुन् रामप्रसाद ज्ञवाली। उनका कविता-काव्यद्वारा २०५० पछि क्रान्तिकारी प्रवृत्तिले अझ विस्तारित हुने मौका पाएको देखिन्छ। उनी समसामयिक युगका एक क्रान्तिकारी, उत्कृष्ट र प्रतिनिधि कविका रूपमा रहेका छन्।

*परिच्छेद - पाँच*

# मूल्याङ्कन र निष्कर्ष

## ५.१ मूल्याङ्कन

नेपाली साहित्यको प्रगतिवादी कविताफाँटमा देखा परेका कवि रामप्रसाद ज्ञवाली एक चर्चित र प्रतिनिधि कविव्यक्तित्व हुन् । साहित्यकार, प्राध्यापक एवं वाम बौद्धिक व्यक्तित्वका रूपमा समेत परिचित ज्ञवालीका साहित्यिक यात्रा दुई दशकभन्दा लामो देखिन्छ । यस अवधिमा उनी साहित्यिक, शैक्षिक, राजनीतिक तथा सामाजिक कार्यमा समेत निरन्तर सक्रिय रहँदै आएका पाइन्छन् । क्रान्तिको चेतना बोकी सुरुदेखि नै क्रान्तिकारी आन्दोलनमा संलग्न हुँदै आएका ज्ञवालीको साहित्यिक लेखन मार्क्सवादी सौन्दर्यशास्त्रको अभिप्रेरणाद्वारा अनुप्राणित हुँदै आएको देखिन्छ । आन्दोलनसँग तथा जनताको सरोकारहरूसँग गाँसिएका सर्जकले मात्र कलाप्रति न्याय गर्न सक्छ भन्ने विश्वास राख्ने र कलासाहित्यलाई प्रतिभा र वर्गीय समाजको उपज मान्ने ज्ञवालीका सृजना र समालोचना दुवै उद्देश्यनिष्ठ, परिवर्तनमुखी र तीव्र वैचारिक प्रवृत्तिका रहेका छन् । उनको साहित्यिक लेखन साहित्यका विविध विधामा फैलिएको भए पनि मूलतः उनी समालोचक र कविव्यक्तित्वका रूपमा बढी स्थपित हुन पुगेका छन् । हालसम्म उनका एउटा महाकाव्य, एउटा खण्डकाव्य र दुईवटा फुटकर कवितासङ्ग्रह लगायत विविध पत्रिकामा प्रकाशित विविध फुटकर कविताहरूले उनलाई समकालीन नेपाली कविताका फाँटमा एक सङ्घर्षशील, क्रान्तिकारी एवं परिवर्तनगामी कविका रूपमा उभ्याएका छन् । बौद्धिक उच्चता र अनुभूतिको तरलतम प्रवाहका साथ परिष्कृत पद्यशैलीमा लेखिएका उनका कविताहरू विचारोत्तेजक, सरल, सहज, सरस र सन्देशमूलक छन् । समाजको नकारात्मक यथास्थितिको प्रतिबिम्बन, त्यस स्थितिप्रति असन्तुष्टि, विद्रोह र अग्रगामी परिवर्तनका निम्ति तीव्र वैचारिक प्रक्षेपण उनका कविता-काव्यका प्रमुख विशेषता हुन् ।

कवि रामप्रसाद ज्ञवालीले वि.सं. २०४० सालदेखि कविता लेख्न सुरु गरे पनि क्रान्तिचेत सहितको कवितालेखन भने २०४७/०४८ सालतिर लेखेको ‘म बुढोको वाद’ जस्ता फुटकर कविताबाट सुरु भई २०४९ सालमा लेखिएको औँसीका फूलहरू महाकाव्यबाट विकसित हुँदै आएको देखिन्छ । कृतिप्रकाशनका दृष्टिले ज्ञवालीको क्रान्तिकारी वा प्रगतिवादी कविताको यात्रा औँसीका फूलहरू (महाकाव्य २०५३) देखि असुरग्याँस ! (कवितासङ्ग्रह २०६२) सम्म

आइपुगेको छ। यस क्रममा १० वर्ष पूरा भइसकेका छन्। यस अवधिमा कवि ज्ञवालीको क्रान्तिचेत सहितको कवितासाधानले नेपाली प्रगतिवादी कवितापरम्परालाई परिमाणात्मक र गुणात्मक दुवै रूपमा सम्पन्न बनाउन सहयोग गरेको देखिन्छ। दुईवटा फुटकर कवितासङ्ग्रह र दुईवटा प्रबन्धकाव्यका अतिरिक्त धेरै ठूलो सङ्ख्यामा फुटकर रूपमा प्रकाशित उनका कविताहरूले नेपालको एउटा युगको प्रतिनिधित्व गर्दछन्। नेपाली साहित्यमा गोपालप्रसाद रिमालबाट आरम्भ भएको क्रान्तिकारी कवितालेखनयात्राको रथलाई २०५० देखि कुशलतापूर्वका अगाडि बढाउने प्रविण सारथीका रूपमा कवि ज्ञवाली प्रतिष्ठित छन्। वास्तवमै लेखेर नै स्रष्टा बनेका रामप्रसाद ज्ञवाली समयलाई आफ्नो काबुमा राखेर जीवनको रथ हाँक्ने कुशल सारथी हुन्।

ज्ञवालीका सुरुदेखिकै कविता-काव्यमा सामाजिक, आर्थिक र राजनीतिक क्रान्तिचेतना सल्बलाएको पाइन्छ तापनि उनका पहिलो चरणका भन्दा पछिल्लो चरणका कविताकाव्यमा क्रान्तिचेतनाको भाव तुलनात्मक रूपमा धेरै रहेको पाइन्छ। यसै कारणले ज्ञवालीका कविता-काव्यमा व्याप्त क्रान्तिचेतको मूल्याङ्कन छुट्टा-छुट्टै उपशीर्षकमा गर्न सकिन्छ।

### ५.१.१ सामाजिक क्रान्तिचेत

सामाजिक क्रान्तिचेतसहितको कवितालेखन भएको कवि ज्ञवालीको पहिलो प्रकाशित कृति औँसीका फूलहरू महाकाव्य हो। यसमा महाकाव्यमा सामाजिक, आर्थिक र राजनीतिक क्रान्तिचेतको प्रतिबिम्बन भएको छ  तर पनि यसमा सामाजिक अवस्थाको चित्रण बढी उर्वर भएको पाइन्छ। यसमा ज्ञवालीको सामाजिक क्रान्तिचेतनाको उद्घाटन समाजका नकारात्मक यथास्थितिको प्रतिबिम्बनका रूपमा बढी रहेको पाइन्छ। समाजमा व्याप्त हत्या, हिंसा, दमन, शोषण, चिथोमिचो, लुटपाट र चेलिबेटीबेचबिखन जस्ता अनेक नकारात्मक कुरालाई यथार्थरूपमा प्रतिबिम्बन गर्दै उनले त्यस्ता नकारात्मक अवस्थाप्रति आक्रोश, असन्तुष्टि र विद्रोहभावना व्यक्त गरेको पाइन्छ। त्यसैले यस महाकाव्यलाई उनमा रहेको क्रान्तिचेतनाको प्रारम्भिक स्वरूप वहन गर्ने कृतिका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। यसमा कविले सुशीला, कमल र पुतली आदि अनेक पात्रबाट सामाजिक स्थिति र नेपालको जीवनसङ्घर्षको स्वरूपलाई उच्च कलामूल्यका साथ प्रस्तुत गरेको पाइन्छ। यहाँ गाउँ, पाखा, पहरा कन्दराको मर्म, पीडा, रोग, भोक र शोकलाई अन्तर्ध्वनित गराइएको छ। यसले गर्दा समाजमा ठूला पक्षदेखि साना भन्दा साना पक्षलाई छुन पनि महाकाव्य सफल भएको छ। औँसीका फूलहरू महाकाव्यको उच्चमूल्याङ्कन गर्दै ज्ञाननिष्ठ ज्ञवालीले यसको कथावस्तुलाई यसरी प्रस्तुत गरेका

छन् : “औँसीका फूलहरू महाकाव्यमा नेपालीका कथा छ। नेपाली केटाकेटीको व्यथा छ, बुढाबुढी र युवतीहरूको कथा छ। अनि सम्पूर्ण क्रान्तिकारी कार्यकर्ताको जीवन सङ्घर्षको कथा छ” (उन्नयन २०६२ : ७)। यस भनाइबाट पनि यो महाकाव्य आम नेपालीहरूको कठिन र सङ्घर्षशील जीवनको यथार्थलाई प्रतिबिम्बन गर्न सक्षम रहेको छ भनी यसको उच्च मूल्याङ्कन र्न सकिन्छ। यति हुँदाहुँदै पनि यसपछिका पुतली र भ्रुसिल्किरा, एकादेशमा, असुरग्याँस कविता-काव्यमा जुन क्रान्तिचेतन आएको छ। त्यसको तुलनामा यसमा त्यति प्रखर क्रान्तिचेत सशक्त भएर आउन सकेको छैन। क्रान्तिका लागि छाती फुकाएर लड्न सक्ने पात्रको चयन गर्दा पनि समाजको नकारात्मक यथास्थितिको प्रतिबिम्बनमै बढी ध्यान गएको देखिन्छ। यसबाट ज्ञवालीको यो महकाव्य सामाजिक क्रान्तिचेतको सुरुवात हो भनी मूल्याङ्कन गर्न सकिन्छ। औँसीका फूलहरूमा आरम्भ भएको उनको क्रान्तिकारी भावना पुतली र भ्रुसिल्किरा कवितासङ्ग्रहमा स्पष्ट रूपमा नै प्रकट भएको छ। यसलाई कविको समाजिक क्रान्तिचेतनाको क्रमिक विकासको रूपमा लिन सकिन्छ। यहाँ २०४६ सालपछिको नेपाली ग्रामीण र सहरी समाजको प्रतिबिम्बन त भएकै छ साथमा विविध बिम्ब, प्रतीक, उदाहरण र उपमाहरूबाट क्रान्तिचेतको सशक्त अभिव्यक्ति पनि भएको छ। वर्गविहीन समाजको स्थापना गर्नुपर्छ भन्ने धारणा बोकेको यस कवितासङ्ग्रहका अधिकांश कविताहरूको क्रान्तिचेतना घनीभूत रहेको छ। नकारात्मक यथार्थविरुद्ध महाकाव्यमा जागृत भएको असन्तुष्टि, विद्रोह र आक्रोश यस कवितासङ्ग्रहमा आएर क्रान्तिचेतनाकै रूपमा विकसित भएको छ। यसरी पहिलो चरणका कविताकाव्यमा क्रान्तिचेतनाको सुरुवात र विकास रहेको पाइन्छ भने उत्कर्ष हुन बाँकी नै देखिन्छ। यिनमा सामाजिक क्रान्ति नै राजनीतिक र आर्थिक क्रान्तिचेतनाभन्दा बढी सशक्त अवस्थामा आएको छ।

ज्ञवालीको दोस्रो चरणका प्राप्ति २०६० पछिका एकादेशमा खण्डकाव्य र असुरग्याँस कवितासङ्ग्रह हुन्। यिनमा तुलनात्मक रूपमा सामाजिक क्रान्तिचेतनाभन्दा पनि राजनीतिक क्रान्तिचेतना बढी मुखरित भएको पाइन्छ। यहाँ कवि ज्ञवालीले राजनीतिक परिवर्तनलाई अन्य परिवर्तनको मुख्य आधार मानी सामाजिक परिवर्तनको चाहना राखेको पाइन्छ। एकादेशमा खण्डकाव्यमा निरङ्कुश राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाका लागि क्रान्तिचेत भविष्यदृष्टिका साथ प्रकट भएको छ। तथापि यहाँ निरङ्कुशता, शोषण, दमन र तानाशाहीको उद्घाटन गर्दै उत्पीडित समाजको प्रतिबिम्बन पनि राम्ररी भएको पाइन्छ। तसर्थ एकादेशमा खण्डकाव्यलाई सामाजिक क्रान्तिचेत केन्द्रीय रूपमा नभई सहायक रूपमा प्रस्तुत गर्ने काव्यका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। दोस्रो चरणको दोस्रो कृति असुरग्याँस कविता

सङ्ग्रहका कविताहरूमा सामाजिक र राजनीतिक क्रान्तिचेतना एकैसाथ व्यक्त भएका छन् । यहाँका कविताहरूमा बिम्बप्रतीकहरूको विशेष प्रयोगका माध्यमबाट समाजका यथार्थ नकारात्मक स्थितिको प्रतिबिम्बन भएको छ । यिनमा समाजमा बढ्दै गएको हत्या, हिंसा, दमन, शोषण, पीडन, ठगी र चोरी आदिका विरुद्ध उनको सामाजिक क्रान्तिचेत प्रकट भएको छ । यस कवितासङ्ग्रहलाई सामाजिक क्रान्तिचेतलाई सशक्त बल प्रदान गर्न सक्ने कृतिका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । यहाँ ज्ञवालीको २० वर्षअगाडि सुरु भएको समाजप्रतिको असन्तुष्टिले क्रमशः विकास प्राप्त गरी पूर्णरूपमा क्रान्तिचेतनाको रूपमा निकास पाएको छ । यस कवितासङ्ग्रहका अनेक कविताहरूमा कविको क्रान्तिचेतले उत्कर्ष प्राप्त गरेको छ । यहाँ वर्गविहीन समाजनिर्माणका लागि उनीभित्रको क्रान्तिचेतना व्यक्त भएको देखिन्छ ।

यसरी तुलनात्मक रूपमा हेर्दा ज्ञवालीका कविताकाव्यमा सामाजिक क्रान्तिचेतना औँसीका फूलहरूमा विस्तारमा छ, तर सुगठित हुन सकेको छैन । पुतली र भुसिल्किरा कवितासङ्ग्रहमा केही मात्रामा उन्नत भएको देखिन्छ भने दोस्रो चरणका कृतिहरूमा यसले स्पष्ट दिशाबोध गर्दै सुगठन पनि प्राप्त गरेको देखिन्छ । सुरुका कृतिबाट विकसित हुँदै सामाजिक क्रान्तिचेतनाले पछिल्लो चरणमा सिद्धि प्राप्त गरेको छ । चारवटा कृतिहरूमध्ये औँसीका फूलहरू र असुरग्याँस कवितासङ्ग्रहमा अन्य कृतिहरूको तुलनामा सामाजिक क्रान्तिचेतना बढी मात्रामा व्यक्त भएको देखिन्छ ।

### ५.१.२ राजनीतिक क्रान्तिचेत

रामप्रसाद ज्ञवालीको कविताकाव्यमा प्रस्तुत भएको सामाजिक क्रान्तिचेतनाको अध्ययनपछि ती काव्यकृतिमा प्रयुक्त राजनीतिक क्रान्तिचेतनाको अवस्थालाई मूल्याङ्कन गर्न सकिन्छ :

कवि ज्ञवालीमा राजनीतिक क्रान्तिचेतनाको आरम्भ पञ्चायती राज्यव्यवस्थाप्रतिको असन्तुष्टि र त्यसबाट उत्पन्न विद्रोहात्मक चेतबाट भएको छ । त्यही विद्रोहात्मक भाव विकसित हुँदै क्रमशः क्रान्तिचेतनाका रूपमा स्पष्ट हुँदै गएको पाइन्छ । उनका कविताकाव्यमा राजनीतिक क्रान्तिचेत भाषा, शैली, बिम्बप्रतीक, आख्यान, पात्र र परिवेश आदिका माध्यमबाट व्यक्त भएको छ ।

कवि ज्ञवालीको राजनीतिक क्रान्तिचेतको प्रस्तुति पहिलो चरणको पहिलो कृति औँसीका फूलहरूबाट कृतिगत रूपमा प्रारम्भ भएको छ । यहाँ २०१७ सालदेखि २०४६ सालसम्म चल्दै आएको निरङ्कुश पञ्चायती व्यवस्थामा देखिएका हत्या, हिंसा, शोषण, दमन, बन्देज र

अधिनायकवादी प्रवृत्तिको नकारात्मक यथार्थ प्रतिबिम्बन भएको छ। यस्तो राज्यप्रणाली समाप्त गरी नयाँ राज्यसंरचना स्थापना गर्नुपर्ने राजनीतिक विचारअनुरूप यहाँ क्रान्तिचेतनाको अभिव्यक्ति भएको पाइन्छ। यस काव्यमा प्रस्तुत राजनीतिक क्रान्तिचेतना सामाजिक र आर्थिक क्रान्तिचेतनाभन्दा टड्कारो रूपमा आएको छ। यसको विषयवस्तु नै २०४६ सालको राज्यक्रान्ति हो। यहाँ कमल र पुतलीले राजनीतिक क्रान्तिमा नै ज्यान गुमाएका छन्। साथै सम्पूर्ण महाकाव्यले राजनीतिलाई नै केन्द्रमा राखेको छ। त्यसैले यस महाकाव्यमा ज्ञवालीको राजनीतिक क्रान्तिचेतको विशेष मूल्याङ्कन गर्न सकिन्छ। औँसीका फूलहरू महाकाव्यमा पञ्चायती व्यवस्थाको रूपान्तरणका लागि राजनीतिक क्रान्तिचेत उर्वर भएर आएको छ भन्ने कुरा सिद्ध हुन्छ। यस अर्थमा प्रस्तुत महाकाव्यको उच्च मूल्याङ्कन गर्न सकिन्छ।

कवि ज्ञवालीको कवितायात्राको पहिलो चरणको दोस्रो कृतिका रूपमा आएको पुतली र भुसिल्किरा कवितासङ्ग्रहका कविताहरूमा २०४६ सालपछि देखा परेका राजनीतिक बेमेल शासनसत्ताको अस्थिरता, नेताहरूको घातप्रतिघात र कृतघ्नता आदि पक्षहरूको प्रतिबिम्बन भएको छ। यो कृति औँसीका फूलहरूमा देखिएको राजनीतिक क्रान्तिचेतको विकसित रूप हो। यसमा जनपक्षीय शासनव्यवस्थाका पक्षमा विचार प्रकट भएको छ। यहाँ बिम्ब, प्रतीक र अनेक उदाहरणको प्रयोगद्वारा राजनीतिक क्रान्तिचेत प्रकट भएको छ। राजनीतिक क्रान्तिचेतका दृष्टिकोणबाट मूल्याङ्कन गर्दा औँसीका फूलहरूकै क्रान्तिचेत यहाँ विकसित भएर आएको छ। २०४६ सालको प्रजातन्त्रपछि देखापरेको खुला र अराजक राजनीतिका विरुद्ध यसको क्रान्तिचेत लक्षित छ। यहाँ पूर्ण प्रजातन्त्रका लागि पूर्णक्रान्तिको आह्वानसमेत हुन सकेको छ।

दोस्रो चरण (२०६० पछि) का एकादेशमा खण्डकाव्य र असुरग्याँस कवितासङ्ग्रहमा गणतान्त्रिक राज्यव्यवस्थाको स्थापनाका निम्ति राजनीतिक क्रान्तिचेतना नै बढी प्रबल भएर आएको छ। पहिलो चरणमा पञ्चायती शासनप्रणालीका विरुद्ध जागृत भएको क्रान्तिचेत यहाँ प्रजातन्त्रको नाममा भएका निरङ्कुशता र तानाशाहीविरुद्ध लक्षित छ। यी दुई कृतिमा जनवादी गणतन्त्र र समाजवादी व्यवस्थाका पक्षमा कविभित्रको क्रान्तिचेत प्रकट हुन पुगेको छ। यस चरणका कृतिहरूमा सामाजिक र आर्थिक क्रान्तिचेतभन्दा राजनीतिक क्रान्तिचेतले बढी ठाउँ पाएको छ। तुलनात्मक रूपमा हेर्दा राजनीतिक क्रान्तिचेत नै ज्ञवालीको प्रमुख क्रान्तिचेतको रूपमा रहेको छ। एकादेशमा खण्डकाव्यको राजनीतिक क्रान्तिचेत निकै उच्च

मूल्याङ्कन रहेको छ। 'एकादेशमा खण्डकाव्य नेपाली राजनीतिक यथार्थ बोकेको हालसम्म नेपाली साहित्यमा कहीँ पनि नभेटिएको बिम्बात्मक-प्रतीकात्मक र ध्वन्यात्मक काव्य हो, "यसमा जनपक्षीय सोचलाई बढी महत्त्व दिइएको छ। निरङ्कुशताका विरुद्ध क्रान्तिकारी गणतन्त्र स्थापनाको लक्ष्यलाई तीव्र संवेदना र उच्च कलात्मकतासाथ प्रस्तुत गरिएको महत्त्वपूर्ण साहित्यिक कृति हो (अधिकारी, २०६५:३१)। ज्ञवालीको अघिल्लो चरण २०४०-२०५९ सम्म निरङ्कुश पञ्चायती शासन तथा प्रजातन्त्रको नाममा चलेको सामन्तवादी शासन र शासनवर्गका विरुद्ध राजनीतिक क्रान्तिचेत व्यक्त भएको छ भने पछिल्लो चरणमा प्रजातन्त्रमाथिको हस्तक्षेप, प्रतिगमन, दमनकारी, राजनीतिक सत्ता र त्यसको जनविरोधी स्वरूपप्रति आक्रोश प्रकट गर्दै जनवादी शासन व्यवस्थाको स्थापनाका लागि राजनीतिक क्रान्तिचेत प्रकट भएको छ। यसरी तुलनात्मक रूपमा हेर्दा कवि ज्ञवालीका कविता-काव्यमा राजनीतिक क्रान्तिचेतना मूलप्रवृत्तिका रूपमा रहेको छ भनी मूल्याङ्कन गर्न सकिन्छ।

५.१.३ आर्थिक क्रान्तिचेत

मार्क्सले सम्पूर्ण क्रान्तिको केन्द्रमा आर्थिक क्रान्तिलाई लिएका छन्। उनी समाजमा वर्गविभेदका निम्ति आर्थिक अभाव र आर्थिक असमानतालाई मूलकारण ठान्छन्। कवि ज्ञवाली पनि मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताबाट प्रभावित व्यक्ति भएकाले उनले आफ्ना कविताकाव्यमा आर्थिक अभाव र आर्थिक असमानताविरुद्ध क्रान्तिको आह्वान गरेका छन्। उनका सुरुदेखिकै कविता-काव्यमा आर्थिक क्रान्तिचेतना जागृत भएको छ। आर्थिक क्रान्तिको प्रस्तुतिका क्रममा आँसीका फूलहरू महाकाव्यमा गरिबी, अशिक्षा, रोग, शोक, अभावजस्ता समस्याको प्रतिबिम्बन भएको छ। यस्ता परिस्थितिका विरुद्ध आर्थिक असन्तुष्टि र विद्रोह उत्पन्न हुँदै क्रमशः क्रान्तिचेतनाको रूपमा विकसित भएको छ। उनका सम्पूर्ण कविता-काव्यमा भूमिको असमान वितरण, साम्राज्यवादी, पुँजीवादी, आर्थिक नीति, शोषक र शोषित, धनी र गरिब आदिका बीचमा द्वन्द्व र यस्ता समस्याबाट समाजलाई मुक्ति दिलाउनुपर्ने चेतनासहितको आर्थिक क्रान्तिचेतना प्रकट भएको छ। तुलनात्मक रूपमा मूल्याङ्कन गर्दा ज्ञवालीका कविता-काव्यमा सामाजिक र राजनीतिक क्रान्ति जति सशक्तरूपमा बाहिर प्रकट भएको छ, त्यति विस्तारित र सशक्त रूपमा आर्थिक क्रान्तिचेतना आउन सकेको पाइन्न। तैपनि विविध भावाभिव्यञ्जनाका साथ आर्थिक क्रान्तिचेतना जागृत भई कवितामा प्रकट हुने क्रममा कविको पहिलो चरणमा नै सबल रहेको देखिन्छ। पहिलो चरणको पहिलो कृति

औँसीका फूलहरूमा विभिन्न जीवनस्थिति र परिवेशका माध्यमबाट समाजमा व्याप्त गरिबी, अशिक्षा, अभाव, रोग र भोक आदि कुराहरूको प्रतिबिम्बन गर्दै त्यस नकारात्मक यथास्थितिबाट समाजको अग्रगामी रूपान्तरणका लागि आर्थिक क्रान्तिचेतनाको अभिव्यक्ति दिइएको छ । यो चेतना ध्वन्यात्मक रूपमा घनीभूत हुन पुगेको छ । पुतली र भ्कुसिल्किरा कवितासङ्ग्रहमा रहेका कविताहरू पनि समाजमा आर्थिक विषम अवस्थामाथि आक्रोश व्यक्त गर्दै नेताहरूको भ्रष्टाचार, राष्ट्रिय सम्पत्तिको हिनामिना, वनविनाश र वन्य जन्तुको बिक्रीवितरण जस्ता आर्थिक कुकार्यका विरुद्ध प्रकट भएका छन् । यसप्रकार यी दुवै कृति आर्थिक क्रान्तिचेतनाका कोणबाट उल्लेख्य नै रहेका छन् ।

दोस्रो चरणमा कवि ज्ञवालीका कविताकाव्यमा व्यक्त आर्थिक क्रान्तिचेत राजनीतिक चेतनाको सहयोगीका रूपमा प्रकट भएको छ । यी रचनाहरूमा जनपक्षीय शासनको स्थापना भएपछि राजनीतिक परिवर्तनसँगै आर्थिक अवस्था पनि परिवर्तन हुँदै जाने कुरामा कवि विश्वस्त देखिन्छन् । त्यसैले उनले एकादेशमा खण्डकाव्यमा गणतन्त्रमुखी अर्थतन्त्रका लागि गणतान्त्रिक क्रान्तिचेतनाको प्राप्तिमा जोड दिएको पाइन्छ । असुरग्याँस कवितासङ्ग्रहका कवितामा राज्यको प्रगतिशील रूपान्तरणका निम्ति आर्थिक क्रान्तिचेतनाको अभिव्यक्ति छ । यहाँका कविताहरूको मूल स्वर भूमिको समान वितरण,  भूमिमाथिको द्वैध प्रथाको अन्त्य, जनवादी र साम्यवादी आर्थिक नीति, सर्वहारा वर्गको उत्थानको आवश्यकताका पक्षमा व्यञ्जनात्मक सन्देश दिने प्रवृत्तिका छन् ।

यसप्रकार कवि रामप्रसाद ज्ञवालीका कविता-काव्यमा प्रयुक्त आर्थिक क्रान्तिचेतना सामाजिक र राजनीतिक क्रान्तिचेतकै समान सफल रूपमा आउन सकेको देखिदैन तैपनि उनको द्वितीय चरणका कृतिहरूमा भन्दा प्रथम चरणका कृतिहरूमा सबल र सक्षम आर्थिक क्रान्तिचेतना पाइन्छ । ज्ञवालीको आर्थिक क्रान्तिचेतना सुरुकै कृतिमा उच्च रहेको मूल्याङ्कित हुन आएको छ । त्यसैले औँसीका फूलहरू महाकाव्य अरू कृतिहरू पुतली र भ्कुसिल्किरा, एकादेशमा, असुरग्याँसभन्दा आर्थिक क्रान्तिको भावनाले महिमामण्डित रहेको पाइन्छ ।

समस्त कविताकाव्यकृतिमा अभिव्यक्त सामाजिक, राजनीतिक र आर्थिक क्रान्तिचेतनाको छुट्टछुट्टै मूल्याङ्कनबाट सारभूत निष्कर्ष निकाल्दा कवि ज्ञवालीका सबै कविता-काव्यमा तीनै वटा (सामाजिक, राजनीतिक र आर्थिक) क्रान्तिचेत कुनै न कुनै रूपमा प्रस्तुत रहेका देखिन्छन् । ती प्रगतिवादी वैचारिकताबाट अनुप्राणित देखिन्छन् । एकादेशमा र असुरग्याँस कविताकाव्यकृतिहरूमा राजनीतिक क्रान्तिचेतना बढी  पाइन्छ भने औँसीका फूलहरू र पुतली

र झुसिल्किरा कविताकाव्यकृतिमा राजनीतिक क्रान्तिचेतकै हाराहारीमा सामाजिक र आर्थिक क्रान्तिचेतना पाइन्छ । यद्यपि सबै प्रवृत्तिका क्रान्तिचेतना आँसीका फूलहरूबाट नै जन्म हुँदै आएका र पछिल्ला कृतिहरूमा क्रमशः विकसित हुँदै अन्तिममा आएर उत्कर्षमा पुगेका देखिन्छ ।

## ५.२ निष्कर्ष

कवि रामप्रसाद ज्ञवालीका प्रकाशित कविता-काव्यहरूको उपर्युक्त अध्ययनबाट उनका कविता-काव्यमा प्रस्तुत क्रान्तिचेतनासम्बन्धी निम्नलिखित निष्कर्ष निस्कन्छ :

रामप्रसाद ज्ञवाली नेपाली कवितापरम्परामा पचासको दशकका प्रतिनिधि कविहरू मध्येका एक हुन् भने यस अवधिका प्रगतिवादी कविहरूमा अग्रणी कविका रूपमा रहेका छन् । नेपाली छन्दकविताको गरिमावृद्धि र त्यस शैलीका कवितामा आधुनिक चेतनाको उच्च प्रस्तुतिका दृष्टिले उनी यस अवधिका केन्द्रीय प्रतिभा हुन् । चालिसको दशकबाट कवितायात्रा सुरु गरेका कवि ज्ञवाली पारिवारिक, सामाजिक र राजनीतिक परिवेशबाटै क्रमिकरूपमा विद्रोही एवं क्रान्तिकारी बन्न पुगेका र विद्यार्थी राजनीतिमा सहभागी भएपछि मार्क्सवादप्रति प्रतिबद्ध रही नकारात्मक पक्षप्रति विद्रोही बन्न पुगेका देखिन्छन् । उनका प्रायः सबै कविताकाव्यमा समान प्रवृत्तिहरू बारम्बार पुनरावृत्त भएका छन् । सुरुदेखि अन्त्यसम्म उनको अभिव्यक्तिमा सरलता छ, भाषामा शुद्धता र सहजताको प्रयत्न छ तथा उद्देश्यमा सन्देशमूलकता छ । बिम्बचयनमा मौलिकता छ, अभिव्यक्तिशैलीमा विशिष्टता, लय र छन्द प्रयोगमा परिष्कार देखिन्छ । लय, भाषा, भाव, शिल्प, आख्यान, पात्र, परिवेशचयनको समुचित सन्निवेशले उनका कविता-काव्यहरू सबल र सक्षम बन्न पुगेका छन् । शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग तथा ओजस्वी विचार वहन गर्ने सुललित पदावलीले भरिएका पङ्क्तिपुञ्ज र सूक्तिमयताले उनका कविता-काव्य सम्प्रेषणीय र आस्वाद्य बनेका छन् ।

देशभक्ति, राष्ट्रियता, स्वतन्त्रता, समानता तथा निम्नवर्ग र सर्वहारा वर्गप्रतिको पक्षधरता उनका कविताकाव्यका अन्तर्वस्तुगत प्रमुख प्रवृत्ति बनेका छन् । उनका रचनाहरू अन्तर्वस्तुमा नेपाली समाज, राजनीतिमा, अर्थतन्त्र, धर्म र संस्कृति परम्पराप्रतिको सचेत दृष्टि रहेको छ । जनताका पीडा-व्यथा र वेदना तथा आजीविकाका समस्याको यथार्थ प्रतिबिम्बन उनका कविता-काव्यमा भएका छन् । त्यस्ता नकारात्मक यथास्थितिबाट आमजनताको मुक्ति नै उनका रचनाको लक्ष्य हो । वर्गीय पक्षधरता र प्रगतिशीलता उनका भाव र विचारगत केन्द्रीय

प्रवृत्ति बनेका छन् । प्रगतिवादी समानता, समाजवादी विश्वमानवतावाद, मार्क्सवादी सौन्दर्य दृष्टि र बहुसङ्ख्यक मानिसको स्वतन्त्रता उनको जीवनदर्शन देखिन्छ ।

सुरुदेखिकै कविता-काव्यमा सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका नकारात्मक यथास्थितिको प्रतिबिम्बन गर्दै त्यस नकारात्मक प्रवृत्तिबाट समाजलाई आमूल परिवर्तन गर्नका लागि उनको क्रान्तिचेतना सक्रिय भएको देखिन्छ । पहिलो चरणका कविता-काव्यमा पूर्ण प्रजातन्त्रका लागि निरङ्कुश शासनसत्ताविरुद्ध राजनीतिक क्रान्तिचेतनाको आह्वान भएको छ भने दोस्रो चरणमा जनवादी गणतन्त्रको स्थापनाका लागि निरङ्कुश तानशाही परम्परावादी शासनप्रणालीका विरुद्ध राजनीतिक क्रान्तिचेतना प्रकट भएको छ । समाजमा व्याप्त शोषण, दमन, हत्या, हिंसा, अविश्वास, धार्मिक अन्धविश्वास, रूढिवादी परम्परा, जातभातको विभेद, यौनशोषण, चेलीबेटी बेचबिखन, छुवाछुत आदि कुसंस्कार र खराबीहरूको यथार्थ चित्रण उनका कविता-काव्यमा पाइन्छ । त्यस्ता नकारात्मक प्रवृत्तिप्रति असन्तुष्ट हुँदै त्यसको समाप्ति र प्रगतिशील दिशामा आमूल परिवर्तनका लागि सामाजिक क्रान्तिचेतना उल्लिखित कविता-काव्यमा प्रस्तुत छ । उनको सामाजिक क्रान्तिचेत पहिलो चरणदेखि नै जागृत भएको छ र अन्त्यमा गणतान्त्रिक समाजनिर्माणको सम्प्रेषणसम्म पुग्न सफल भएको छ । कविता-काव्यमा आर्थिक क्रान्तिचेत वर्गविहीन समाजनिर्माणका लागि उब्जिएको छ । जबसम्म समाजमा धनी र गरिब, भूमिपति र कमैया हुन्छन् तथा भूमिको एकाधिकार, भूमिमाथिको द्वैध प्रथा र आर्थिक उत्पादनका साधनमा निरङ्कुशताको हैकम चलिरहन्छ तबसम्म समाजमा वर्गविभेदको खाडल पुरिन सक्दैन भन्ने धारणा उनका कविता-काव्यमा व्यक्त भएको छ । वर्गहीन समाजको निर्माणका लागि आर्थिक क्रान्तिचेतको अपरिहार्यतालाई उनका कविता-काव्यले स्विकारेका छन् । यिनका कविता-काव्यमा आर्थिक क्रान्तिचेत पहिलो चरणमा नै सशक्त रूपमा व्यक्त भएको छ ।

नेपाली जनताहरू सामन्ती शोषणबाट मात्र होइन, पुँजीवादी साम्राज्यवादी शोषणको मारमा पनि पर्दै आएका छन् । कविले आर्थिक असामञ्जस्य प्रस्तुत गर्ने क्रममा यही कुरालाई व्यक्त गरेका छन् । नेपाली समाजको अर्धसामन्ती र अर्धऔपनिवेशिक मूलस्वरूपमा परिवर्तन गर्नका लागि पनि उनको क्रान्तिचेत जागृत रहेको छ ।

उच्च, उदात्त, सरल र सम्प्रेष्य मार्क्सवादी कलासाहित्यका पारखी ज्ञवाली वर्तमानको बोध गर्नमा जति सशक्त रहेको छन् भविष्यको सम्भावनाप्रति पनि त्यत्तिकै दूरद्रष्टा रहेका छन् । उनी आफ्ना कविता-काव्यमा भविष्यवाणी गर्न सफल साहित्यकारका रूपमा देखिन्छन् ।

ज्ञवालीका कविताकाव्य युगबोधका दृष्टिले सबल, युगीन र भविष्यको मार्गनिर्देशक पनि छन् । अग्रजप्रति कृतज्ञ, नयाँ पुस्ताप्रति सचेत र आफ्नो युगको दायित्वप्रति संवेदनशील र सक्रिय कवि ज्ञवाली कविताका माध्यमबाट पाठकलाई सही दिशानिर्देश गर्ने उपदेशक र सन्देशक स्रष्टा पनि हुन् । मूलतः प्रगतिशील क्रान्तिलाई जप्दै क्रान्तिकै उद्घोष गर्दै क्रान्तिको सन्देश दिनु उनका कविता-काव्यको अभीष्ट रहेको देखिन्छ ।

दुई दशकभन्दा लामो क्रान्तिकारी र प्रगतिवादी नेपाली कवितालेखनको यात्रामा कवि-ज्ञवाली गुणात्मक र परिमाणात्मक दुवै रूपमा क्रान्तिकारी नेपाली कवितालाई माथि उठाउन सक्रिय रहेका देखिन्छन् । उनी नेपाली कविताको इतिहासमा पचासको दशकदेखि यताका केन्द्रीय प्रतिभामध्येका एक देखिन्छन् । समसामयिक युगका बहुआयामिक युगयथार्थलाई सचेतता र गम्भीरतापूर्वक लिई उच्च कलात्मक अभिव्यक्ति दिने क्रान्तिकारी कविहरूमध्ये एक विशिष्ट प्रतिनिधि क्रान्तिकारी कविका रूपमा ज्ञवालीको मूल्याङ्कन गर्न सकिन्छ ।

सम्भावित शोधशीर्षकहरू

१. रामप्रसाद ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्व

२. रामप्रसाद ज्ञवालीका कविता-काव्यको कृतिपरक अध्ययन

३. रामप्रसाद ज्ञवालीका कविता-काव्यमा प्रगतिवादी चेतनाको खोज

# सन्दर्भसामग्री सूची

(क) पुस्तक


आप्टे, वामनशिवराम (२००७), संस्कृत हिन्दीशब्दको, (दो.सं.) चौखम्बा विद्याभवन, वाराणसी : ३११

उपाध्याय, केशवप्रसाद (२०५९), साहित्य प्रकाश, (छै..सं.) साझाप्रकाशन, पुल्चोक, ललितपुर, पृ. ३ ।

गौचम, कृष्णप्रसाद (२०५५), पाश्चात्य महाकाव्य, भुँडीपुराण प्रकाशन, काठमाडौँ ।

गैरे, ईश्वरी (२०६०), आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, न्यूहीराबुक इन्टरप्राइजेज ।

गौतम, केशव (२०६२), पुतली र झुसिल्किरा कविता सङ्ग्रहको कृतिपरक अध्ययन, ने. सं. वि.को शास्त्री तृतीय वर्षको छैटौं पत्रको प्रयोजनका लागि प्रस्तुत शोधपत्र ।

चैतन्य (२०६४), मार्क्सवादी कला दृष्टि र समीक्षा, (दो.सं.), ऐरावती प्रकाशन प्रा.लि., काठमाडौँ ।

जगन्नाथ, पण्डितराज (१९८३), रसग•धर (ते.सं.), चौखम्बा विद्याभवन, वाराणसी ।

ज्ञवाली, ज्ञानिष्ठ (२०६३), भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू, हजुरको पुस्तक प्रकाशन, काठमाडौँ ।

ज्ञवाली, रामप्रसाद (२०४४), विवश आँसु, स्वयम्, काभ्रे ।

———— (२०५०), परिवर्तनका मोडमा, जनमत प्रकाशन, काभ्रे ।

———— (२०५३), जीवनका घुम्तीहरू, सुनकोशी साहित्य प्रतिष्ठान, काठमाडौँ ।

———— (२०५३), औँसीका फूलहरू, ने.रा.प्र.प्र., काठमाडौँ ।

———— (२०५८), आख्यानकार पारिजात, हजुरको पुस्तक प्रकाशन, काठमाडौँ ।

———— (२०५९), पुतली र झुसिल्किरा, भुँडीपुराण प्रकाशन, काठमाडौँ ।

———— (२०६१), सानी परेवी र बाज, विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ ।

———— (२०६१), एकादेशमा, भुँडीपुराण प्रकाशन, काठमाडौँ ।

———— (२०६२), असुरग्याँस ¤ भुँडीपुरान प्रकाशन, काठमाडौँ ।

———— (२०६३), सम्पत्ति, जम्को प्रकाशन, काठमाडौँ ।

———— (२०६३), पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या, हजुरको पुस्तक प्रकाशन, काठमाडौँ ।

———————(२०६४), फुटकर कविताका केही बान्कीहरू, जनमत प्रकाशन, काभ्रे ।

———————(२०६५), आहा कति मिठो खीर, बी.एन. पुस्तक संसार, काठमाडौँ ।

ढकाल, घनश्याम (२०५४),मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना, विजय ढकाल, काठमाडौँ ।

देवकोटा, लक्ष्मीप्रसाद (२०६१), शाकुन्तल महाकाव्य, (सा.सं.) साझा प्रकाशन पुल्चोक, ललितपुर ।

नेपाल, देवी (२०६२), यथार्थवादी नेपाली समालोचना (सम्पा. घनश्याम ढकाल), गण्डकी साहित्य सङ्गम, पोखरा, पृ. २२६-२४४ ।

पाण्डेय, ताराकान्त (२०५६), प्रगतिवाद र नेपाली कविता, स्वयम्, काठमाडौँ ।

पुष्पलाल (२०५१), छानिएका रचनाहरू, (भाग ३) पुष्पलालस्मृति प्रतिष्ठान, काठमाडौँ ।

भण्डारी, जगदीशचन्द्र (२०५५), प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण, मुन्नी भण्डारी, कोटेश्वर काठमाडौँ ।

———————(२०६०), पृथक सृजन : पृथक निरूपण, मुन्नी भण्डारी, कोटेश्वर काठमाडौँ ।

भट्टराई, गोविन्द (२०६२), काव्यिक आन्दोलनको परिचय, (दो.सं.), साझा प्रकाशन, पुल्चोक ललितपुर ।

भामह (छैटौँ शताब्दी), काव्यलङ्कार, १/१६ ।

भुसाल, घनश्याम (२०५९), प्रगतिवाद, हाम्रो सदन, विराटनगर ।

मम्मट (२०१६), काव्यप्रकाश, राजस्थान, प्राच्यविद्या प्रतिष्ठान, पृ. ७ ।

मार्क्स र एङ्गेल्स (१९८९), साहित्य र कला, प्रगति प्रकाशन, मस्को ।

मार्क्स र एङ्गेल्स (२०४८), कम्युनिष्ट पार्टीको घोषणापत्र, (अनु : निरञ्जन गोविन्द वैद्य), प्रगति प्रकाशन काठमाडौँ ।

मार्क्स र एङ्गेल्स (२०५७), कम्युनिष्ट पार्टीको घोषणापत्र, (अनु : कृष्णदास श्रेष्ठ), जनसाहित्य प्रकाशन केन्द्र, काठमाडौँ ।

लम्साल, शक्ति (२०६३), मार्क्सवाद, समाजवाद र साहित्य (दो.सं.), ऐरावती प्रकाशन प्रा.लि. ।

लुइँटेल, खगेन्द्रप्रसाद र अरू (२०५२), नेपाली कविता, (पं.सं.), विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, पृ. २ ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), नेपाली कविता सिद्धान्त र नेपाली कविताको इतिहास, प्रज्ञाप्रतिष्ठान, काठमाडौँ, पृ. ९ ।

लेनिन (२०५८), राज्य र क्रान्ति, (अनु : कृष्णप्रसाद श्रेष्ठ) सिर्जनशील प्रकाशन, काठमाडौँ ।

वरदराज, मध्यसिद्धान्त कौमोदी, (पं.सं.), मोतिलाल वाराणसी, पृ. १९८ ।

वेदव्यास (१९६६), अग्निपुराण, चौखम्वा संस्कृतसिरिज अफिस, वाराणसी, पृ. ४८९ ।

विश्वनाथ (१९८८), साहित्यदर्पण, भारतीयबुक कर्पोरेशन, दिल्ली, पृ. १९ ।

शर्मा, मोहनराज (२०५०), कविताको परिभाषा र समकालीन सन्दर्भ, प्रज्ञा, काठमाडौं, पृ. ९-११ ।

त्रिपाठी, वासुदेव (२०५४), नेपाली कविता (भाग ४), (ते.सं.), साझा प्रकाशन पुल्चोक, ललितपुर, पृ. १५ ।

(ख) पत्रपत्रिका

अधिकारी, महादेव (२०६५), 'ऐतिहासिक खण्डकाव्य 'एकादेशमा'को निरूपण' भानु (४५ : ११४) पृ. २५-३१ ।

आचार्य, नरहरि (२०६४),'एकादेशमा लोकतन्त्रको सैद्धान्तिक परिभाषा', गरिमा (२५: ५:२९३) पृ. १०३-१०५ ।

उलक, चन्द्रबहादुर (२०६१), 'एकादेशमा (खण्डकाव्य) अध्ययन गर्दा', श्रमिक साप्ताहिक (११ : ३१) पृ. ३ ।

गाम्नागे, लक्ष्मण (२०५७), 'धत् रामप्रसाद ज्ञवाली', हिमालय टाइम्स (५ : ३१) पृ. ५ ।

गौतम, लक्ष्मण (२०६४), 'आजको नेपाली कवितामा लोकतान्त्रिक चेतना', गरिमा (२५ : ५ : २९३) पृ. १९५-२०१ ।

घिमिरे, युवराज (२०६४), 'राजनीतिक आन्दोलनमा स्रष्टाहरू', गरिमा (२५ : ५ : २९३) पृ. ६४ ।

चाम्लिङ, भोगीराज (२०६१), 'पुतली र झुसिल्किरा विरोधाभासको आँखीझ्यालबाट', जनएकता (जेठ : १३) पृ. ६ ।

——————(२०६१), 'एकादेशमा गणतन्त्रात्मक चेत', जनएकता (भदौ : १४) पृ. ५ ।

(२०६३), 'गणतन्त्र र मुक्तिका लागि कविता गायन', जनएकता (साउन : २९) पृ. ४ ।

थपलिया, यादव (२०५९), 'ज्ञवालीका फलामे कविता', स्पेसटाइम्स (साउन : २३) पृ. ४ ।

धमला, चेतनाथ (२०५८), 'साँढेले बाटोमा बुद्धलाई नै भेटे पनि हान्छ', नेपाल जागरण, (पुस : ९) पृ. ३ ।

निमिष (२०५७), 'पुतली र झुसिल्किरामा ज्वारभाटा', शब्दाङ्कुर (३ : ३३), पृ. ३३ ।

नेपाल, पूर्णप्रकाश (२०५४), 'आँसीका फूलहरू : एक विहङ्गावलोकन', जनमत (१४ : ५६) पृ. ५-१३ ।

नेपाल, हेमचन्द्र (२०६२), 'कलात्मक मूल्यमा एकादेशमा खण्डकाव्य', जनमत (२२ : ७-८) पृ. १९ ।

पौडेल, हेमनाथ (२०६२), 'एकादेशमा : विचार र कलाको संयोजन', शब्द संयोजन (२ : १० : २२) पृ. ३६-३८ ।

पौडेल, डमरु (२०६२), 'समयको आगो कवि रामप्रसाद ज्ञवाली', मजदुर (साउन : २५) पृ. ६ ।

भट्ट, रमेश (२०६१), 'नेपालीले पढ्नै पर्ने खण्डकाव्य', कान्तिपुर (भदौ : १५) पृ. ५ ।

भट्ट, आनन्ददेव (२०६४), 'राष्ट्रको सामाजिक रूपान्तरण साहित्यले दुरगामी भूमिका खेलेको हुन्छ', गरिमा (२५ : ५ : २९३) पृ. ७-१७ ।

भण्डारी, श्रीश (२०६१), 'आन्दोलनमा अर्को इँटा', कान्तिपुर कोसेली (असार : २१) पृ. घ ।

भण्डारी, जगदीश (२०६४), 'लोकतान्त्रिक आन्दोलनमा कविता', गरिमा (२५: ५ : २९३) पृ. ७१ ।

भट्टराई, यादव (२०६१), 'क्रान्ति र बलिदानको अभिव्यक्ति एकादेशमा', छलफल साप्ताहिक (२२ : ४३) पृ. ६ ।

भट्टराई, तुलसी (२०६४), 'लोकतान्त्रिक आन्दोलनमा स्रष्टा', गरिमा (२५ : ५ : २९३), पृ. ७९-८९ ।

शुभेच्छुक, रमेश (२०६४), 'कवि रामप्रसाद ज्ञवालीको असुरग्याँसको सुगन्ध', दिगोदलित आवाज (साउन) पृ. ८ ।

सापकोटा, प्रभात (२०५७), 'तातो महाकाव्य आँसीका फूलहरू', समष्टि द्वैमासिक (२१ : ४), पृ. ७०-८८ ।

सिलवाल, प्रकाश (२०५७), 'कुकर्मको मैलो पखाल्ने पुरस्कार खतरनाक हुन्छ', समाचारपत्र (कार्तिक : ६) पृ. ७ ।

————————(२०६१), 'हो सच्चाक्रान्ति रुँदैन', हिमालयटाइम्स (असार : १२) पृ. ३ ।

सङ्ग्रौला, खगेन्द्र (२०६३), 'कवितामा गणतन्त्रको गुञ्जन', वेदना (३३ : १ : ७१) पृ. ४-८ ।

ज्ञवाली, ज्ञाननिष्ठ (२०६२), 'नेपाली महाकाव्यको परम्परामा आँसीका फूलहरू', उन्नयन : ५, पृ. ६ -१५ ।

# परिशिष्ट

## (क) शोधनायक रामप्रसाद ज्ञवालीसँगको अन्तर्वार्ता

१. तपाईंको जन्मस्थल, जन्ममिति र पारिवारिक पृष्ठभूमिबारे बताउनोस् न ¤

☞ मेरो जन्म पश्चिम नेपालको गुल्मी जिल्लामा पर्ने थानपति गाविस वडा नं. ३ मा अवस्थित फेक्लदी भन्ने ठाउँमा भएको हो। खास जन्ममितिबारे मलाई थाहा छैन; नागरिकताअनुसार मेरो जन्म वि.सं. २०२४ साल वैशाख ११ गतेका दिन भएको हो। निम्न मध्यमवर्गीय ब्राह्मण परिवार, अशिक्षित र अविकिसित गाउँठाउँ, अन्धविश्वासी र धर्मभीरु समाज, भाग्यवादी, आध्यात्मिक र आदर्शवादी विश्वदृष्टिकोण, कृषि र कर्मकाण्डीय पेसा, असहिष्णु र सङ्कुचित छिमेकीहरूको समाज, घाँसदाउरा, मेलापात, खेतबारी र वनजङ्गलको नियमित दिनचर्या, मेलापर्वले मात्र मुस्किलले मीठो-मसिनो खान जुर्ने आर्थिक दुरवस्था, भन्टाङभुन्टुङ ससाना दाजुभाइहरूको असरल्ल उपस्थिति आदि मेरो मुख्य पारिवारिक पृष्ठभूमि थियो। समग्रमा भन्दा गरिबी, पछौटेपन, अन्धविश्वास र अर्थाभावको पृष्ठभूमि नै मेरो मुख्य पारिवारिक पृष्ठभूमि थियो।

२. आ□नो शिक्षादीक्षाबारेमा बताइदिनुहोस् न ¤

☞ म ६ वर्षको भएपछि घर नजिकै पर्ने सागरपोखरी प्रा.वि.मा कक्षा एकमा भर्ना भएँ। मेरो औपचारिक शिक्षा प्रारम्भ त्यहीँबाट भएको हो। मेरो प्रारम्भिक शिक्षा खासै उत्सादप्रद थिएन। पढ्ने वातावरण पनि थिएन। कक्षा चारमा फेल भएँ तर बुबा रिसाउनुहुन्छ भन्ने डरले अर्काले ल्याएको अबिर दलेर घर गएँ र पास भएँछु भनेँ। कक्षा पाँचका किताब किन्न लगाई स्कुल जान थालेँ। यससम्बन्धी लामै घटना छ, आत्मसंस्मरणमा लेखेको छु। पछि भारतको हरिद्वार गएर संस्कृत पढेँ। २०४३ सालमा शास्त्री (स्नातक तह) उत्तीर्ण गरेपछि नेपाल आई ५ वर्ष शिक्षक भई बिताएँ। २०४७ सालमा पुनः पढ्न मन लाग्यो र त्रिभुवन विश्वविद्यालयबाट एम्.ए. (नेपाली) उत्तीर्ण गरेँ। अहिले 'आधुनिक नेपाली महाकाव्यमा वर्गद्वन्द्वको अभिव्यक्ति' शीर्षकमा विद्यावारिधि गर्दैछु।

३. जीवनमा के कस्ता सङ्घर्ष गर्नुभएको छ ? केका लागि ?

☞ मैले बाँच्नका लागि गर्नुपर्ने आर्थिक सङ्घर्ष र केही विशेष काम गर्नका लागि गर्नुपर्ने समाजसङ्घर्ष गरी दुवै प्रकारका सङ्घर्ष गर्नुपऱ्यो । म केटाकेटी छँदै ऋणबाट मुक्त हुन भनी बुबा विदेश जानुभयो । हामी सबै दाजुभाइ (२-२ वर्षको फरकका), रोगी आमा, गरिबी, छिमेकीको हेपाइ र बुबाको भारतपलायनले गर्दा मेरो बाल्यकाल हिँडेर नभई घस्रेरै बित्यो भन्दा हुन्छ । ११ वर्षको हुँदा भारतको हरिद्वार गएँ । जोगीहरूको खाना बनाउँदै, मन्दिर र आश्रम सफा गर्ने कठोर काम गर्दै, भारतीय विद्यार्थीहरूको उपहास सहँदै र कुण्ठित हुँदै शास्त्रीसम्मको पढाइ गरुन्जेल मैले अनेक नमिठा अनुभूतिहरू सँगाल्न बाध्य हुने जीवन-सङ्घर्ष गर्नुपऱ्यो । २०४२ सालमा नेपाल आएपछि शिक्षकको जागिर खाँदा गाउँका सामन्त, शोषक पछौटे समाज र प्रगतिविरोधी कानुन, प्रशासनसँग कडा सङ्घर्ष गर्नुपऱ्यो । जनचेतना जगाउन खोज्दा अराष्ट्रिय तत्त्वको आरोपमा एवं जनपक्षीय नाटकहरू देखाउँदा व्यवस्थाविरोधीका रूपमा दिइएका अपमान, असहयोग, धम्की र मानसिक यातना आदिको सङ्घर्षको छुट्टै पाटो नै छ । साहित्यमा लाग्दा प्रकाशनको समस्यादेखि पहिचान, विकास, स्थापना, विस्तार र मौलिक परिचय निर्माणसम्मको यात्रा रोमाञ्चक र सङ्घर्षपूर्ण छ । तर मेरा यस्ता सङ्घर्षहरू अभावका बीचमा रहेर केही गर्न चाहने आम नेपालीहरूका सङ्घर्ष नै हुन्, तिनलाई विशेष भन्न मिल्दैन ।

४. साहित्यतर्फ लाग्न प्रेरणा कसरी र कस-कसबाट मिल्यो र कति सालमा ?

☞ साहितयतर्फ लाग्ने प्रेरणा भारतको हरिद्वारमा छँदा मिलेको हो । आफूभन्दा ठूला र जान्ने भनिएकाहरूले कविता पढ्थे र ताली खान्थे; मलाई पनि रहर लाग्थ्यो । हिन्दीका जासुसी र प्रेमका उपन्यासहरू पढ्थेँ, नायकजस्तै बन्न रहर लाग्थ्यो । फिल्महरू हेर्थें र हिरोजस्तै हुन रहर लाग्थ्यो । रहरैरहरमा कविताप्रतियोगितामा भाग लिन थालेँ । वातावरण बन्दै गयो र लेख्दै गएँ । मेरो पहिलो कवितालेखन अनौठो र विस्मात्पूर्ण थियो । एउटा कविता कोरेको थिएँ, विषय मानवताको थियो । कविता लेखेको छु भनेर बताउँदा गुरु ललितमोहन व्यासले मेरो कविता हेर्न खोज्नुभयो । मलाई लाज लाग्यो र मैले त्यो कविता देखाउन मानिनँ । उहाँले मसँग कविताको कागज खोस्न थाल्नुभयो । आत्तिएर मैले कविताको कागज मुखमा हालेँ, चपाएँ र निलेँ । यो घटना मैले पूर्वमध्यमा (एस.एल.सी.) पढ्दाको (सायद २०३६-३७

सालतिर) हो । म कुनै एकजनाको प्रभाव र प्रेरणाले नभई अध्ययन, परिवेश र रहरले साहित्यतर्फ लागेको हुँ; पछिमात्र सोद्देश्य लेखनतिर मोडिएँ ।

५. तपाईं किन कविताविधामा नै बढी लाग्नुभयो ?

☞ कविताबाटै मेरो साहित्ययात्रा सुरु भयो । कविताबाटै मलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्ने अवसर मिल्यो र कविताबाट नै पत्रपत्रिका, साहित्यिक गोष्ठी, मञ्च आदिमा मेरो प्रारम्भिक पहिचान बन्यो । थोरै शब्दमा धेरै भन्न सकिने, थोरै समयमा दर्शक, श्रोता र पाठकसामु प्रभावकारी ढङ्गले सम्प्रेषित हुन सकिने, प्रकाशनका लागि पनि थोरै स्थान भए पुग्ने जस्ता कारणले सुरुसुरुमा कवितातिर बढी चासो रह्यो । पछिपछि साहित्यिक जगत्मा कविकै रूपमा बढी मञ्चहरू र सम्मान प्राप्त हुन थाले । समालोचक र पाठकले कवितामा मेरो स्थान प्रतिनिधिमूलक हुन सक्ने भन्दै प्रतिक्रिया दिए । सुरुमा रहर र सहजताका कारण तथा पछि अवसर र सम्मानका कारण म कविताविधामा बढी लागेको हुँ ।

६. साहित्यका कुन-कुन विधामा कलम चलाउनुभएको छ ?

☞ सबै साहित्यिक विधामा कलम चलाएको छु । कविताविधामा फुटकरदेखि महाकाव्यसम्म, आख्यानविधामा लघुकथादेखि उपन्याससम्म, नाटकविधामा एकाङ्कीदेखि पूर्णाङ्कीसम्म, निबन्धमा परिचयात्मक निबन्धहरू हुँदै यात्रासंस्मरणदेखि विचारप्रधान निबन्धसम्म तथा समालोचना व्यावहारिक समालोचनादेखि सैद्धान्तिक समालोचनसम्मका पुस्तकहरू प्रकाशित छन् ।

७. तपाईंको परिवर्तनशील एवं क्रान्तिधर्मी पहिलो कविता कुन हो, थाहा छ ?

☞ परिवर्तनप्रति मेरो रुचि पहिलो कवितादेखि नै रहेको थियो भन्ने बोध मलाई हुन्छ । त्यसबेला म सचेत रूपमा कुनै वाद, विचारधारा वा सिद्धान्तको ज्ञान भएर लेख्ने व्यक्ति थिइनँ । त्यसबेला मभित्र लेखक हुने रहरमात्र थियो तथापि समाजका खराबीप्रति मेरो असन्तुष्टि त्यसबेलाका कवितामा पनि प्रकट हुन्थ्यो नै । देशभक्ति, मानवता र नेपाली हुनुको गर्व नै त्यसबेलाका मेरा कविताको प्रगतिशीलता थियो । जहाँसम्म क्रान्तिधर्मी पहिलो कविताको कुरो छ, प्रकाशनलाई नै यसको आधार मान्ने हो भने काभ्रेबाट निस्कने ‘जनमत साहित्यिक मासिक’ मा प्रकाशित ‘क्रान्तिको समय’ मेरो प्रथम प्रकाशित कविता हुनुपर्छ जस्तो लाग्छ ।

८. तपाईं प्रगतिवादी साहित्यतर्फ लाग्नुको कारण के हो ? किन तपाईं प्रतिगामी साहित्य लेखनतर्फ लाग्नुभएन ?

☞ सुरुका मेरा रचनाहरू स्वच्छन्दतावादी प्रवृत्तिका छन् । २०४२ सालमा तत्कालीन नेकपा (माले) र कम्युनिस्ट विचारधाराका पुस्तकहरूसितको सम्पर्कले मभित्र प्रगतिवादी चेतनाका प्रारम्भिक उत्तेजनाहरू थपिए तर म प्रगतिवादी नै बनिसकेको स्थिति थिएन । त्यसक्रममा यथार्थवाद, स्वच्छन्दतावाद र प्रगतिवादको मिश्रण भएका रचनाहरू लेखेछु जस्तो लाग्छ । २०४४ सालमा विद्रोही प्रकृतिका स्वच्छन्दतावादी रचनाहरू बढी लेखेको छु । त्यस समयमा मैले नौवटता सामाजिक तथा विद्रोही प्रवृत्तिका नाकटहरू लेखें । २०४६ सालको जनआन्दोलनमा मेरो प्रत्यक्ष सहभागिता र त्यसपछिको अध्ययनले मात्र म सचेत रूपमा प्रगतिवादी साहित्यतर्फ लागेको हुँ । जनताप्रतिको प्रेम, आफूले सामन्तीहरूबाट पाएको तिरस्कार, घृणा, अपमान र उपहास, भारतमा छँदा भारतीयहरूको हेपाइ र दुच्छर व्यवहार तथा नेपालप्रतिको तिनीहरूको अपमानजनक दृष्टिकोण, कम्युनिस्ट पार्टीसँगको सम्बन्धन, मार्क्सवादी साहित्यको अध्ययन, राष्ट्रविकासप्रतिको तीव्र चाहना र क्रान्तिबाट मात्र समाजवादी-साम्यवादी परिवर्तन सम्भव छ भन्ने कुरामा विश्वास तथा सचेत नागरिक हुनुको दायित्वबोधजस्ता कुराहरू नै म प्रगतिवादी साहित्यतर्फ लाग्नुका प्रमुख कारण हुन् । जहाँसम्म प्रतिगामी साहित्यतर्फ किन लागिनँ भन्ने कुरा छ, त्यसको उत्तर पनि माथि भनिएकै कुरामा अन्तर्निहित छन् । जनता, देश र मानवतालाई माया गर्ने स्रष्टाले प्रतिगामी साहित्यको पक्ष कहिल्यै लिने गर्दैन ।

९. तपाईं कति सालदेखि मार्क्सवादी साहित्य-सौन्दर्यबाट प्रेरित हुनुहुन्छ । मार्क्सवादी सौन्दर्यशास्त्रअनुरूप लेखिएको तपाईंको पहिलो साहित्यिक रचना कुन हो ?

☞ पूरै बुझेर नभनूँ किनभने अझै पनि मार्क्सवादी सौन्दर्यलाई सम्पूर्णतः बुझिसकेको छैन, तथापि नबुझे पनि बुझेँ कि भन्ने आलोचकाँचो बोध गरेपछि नै म मार्क्सवादी साहित्य र सौन्दर्यबाट प्रेरित हुन थालेजस्तो लाग्छ । फुटकर रचनाका रूपमा मार्क्सवादी सौन्दर्यशास्त्रअनुरूपको मेरो पहिलो रचना यो नै हो भनेर किटान गर्न म आफैंले पनि मेरा कविताहरूको पुनः अध्ययन नै गर्नुपर्छ । पुस्तकाकारमा प्रकाशित कृतिका दृष्टिले प्रगतिवादी दृष्टिकोणको प्रभावमा परेर लेखिएको तर पूर्णता प्राप्त गर्न बाँकी रहेको प्रथम प्रकाशित कृति 'परिवर्तनको मोडमा' उपन्यास (लेखन २०४९, प्रकाशन २०५०) हो भने पूर्णता नै प्राप्त

गरेको नभए पनि पूर्णताको नजिकनजिक पुगेको पहिलो प्रगतिवादी कृति 'आँसीका फूलहरू' महाकाव्य (लेखन २०४९, प्रकाशन २०५३) हो भन्ने मेरो ठम्याइ छ ।

१०. तपाईं राजनीतिमा कुन शक्तिमाथि आस्थावान् हुनुहुन्छ, किन ? सुरुदेखि नै एउटै पार्टीमा समर्पित हुनुभएको छ कि, पार्टी फेर्ने गर्नुभएको छ ?

☞ मेरो राजनीतिक आस्था कम्युनिस्ट राजनीतिक शक्तिमाथि छ । सुरुमा म नबुझ्रैरै कम्युनिस्टप्रति आकर्षित भएँ । २०४२ सालमा नेकपा (माले) को सम्पर्कमा पुगेँ । पछि केही बुझ्दै गएँ । २०४४ सालदेखि त्यस पार्टीको सङ्गठन विस्तारमा लागेँ । २०४६ सालमा पार्टी सदस्य बनेँ र २०५४ सालसम्म नेकपा (एमाले) को सदस्य र त्यस पार्टीका विभिन्न जनवर्गीय सङ्गठनमा रहेर राजनीति पनि गरेँ । २०५४ सालदेखि यता म कुनै राजनीतिक पार्टीको आधिकारिक सदस्य छैन । त्यस समयदेखि हालसम्म वाम राजनीतिप्रति आस्था राख्ने स्वतन्त्र व्यक्तिका रूपमा छु र त्यस्तो वैचारिकता बोक्ने इमानदार व्यक्तिले निर्वाह गर्ने राजनीतिक तथा नागरिक दायित्व पूरा गर्दै काम गरिरहेको छु । त्यो दायित्व सडकसङ्घर्ष र रचनासङ्घर्ष गरी दुई रूपमा पूरा गरिरहेको छु ।

११. तपाईंका हालसम्म कुनकुन विधाका कतिवटा साहित्यिक कृति प्रकाशित छन् र फुटकर रूपमा सबै विधाका कति-कतिवटा प्रकाशित छन् ?

☞ हालसम्म पुस्तकाकार रूपमा प्रकाशित मेरा कृतिहरको सङ्ख्या चालीसभन्दा बढी छ । तर विशुद्ध साहित्यिक विधाका कृतिहरू भने १६ वटा मात्र छन् । तिनमा दुईवटा कवितासङ्ग्रह, दुईवटा उपन्यास, एउटा खण्डकाव्य, एउटा महाकाव्य, तीनवटा समालोचनाग्रन्थ, दुईवटा नाटक, तीनवटा बालकथा (बालउपन्यास) र एउटा सी.डी. रहेका छन् । फुटकर रूपमा सङ्ख्या गन्न गाह्रो छ । सायद एक सयभन्दा बढी कविताहरू, एक सयभन्दा बढी समालोचनात्मक लेखहरू, आधा दर्जनको हाराहारीमा एकाङ्कीहरू, त्यस्तै केही गीत, केही निबन्ध, केही कथा, केही संस्मरणहरू र अन्तर्वार्ताहरू छन् ।

१२. तपाईंले कविता लेख्ने क्रममा कविताको विषय कुन-कुन क्षेत्रबाट लिनुभएको छ ?

☞ मैले कविताको विषय सौन्दर्य, राजनीति, प्रकृति, शिक्षा, प्रशासन, प्रेम, समाज (गरिबी, अन्धविश्वास, शोषण, विभेद आदि) र कल्पनाजस्ता अनेकन् क्षेत्रलाई बनाएको छु ।

१३. कला-साहित्यले समाजको रूपान्तरण गर्न कसरी भूमिका खेल्न सक्छ ?

☞ समाजको रूपान्तरण भनेको यथास्थितिमा हुने क्रान्तिकारी परिवर्तन हो। क्रान्तिका अधिकतम नायकनायिकाहरूले यसका निम्ति प्रारम्भिक प्रेरणाहरू साहित्यका माध्यमबाट नै प्राप्त गरेको इतिहास पाइन्छ। कलासाहित्यले सकारात्मक दृष्टि प्रदान गरेर चेतना र भावनाका तहमा क्रान्तिकर्मलाई सघाउँछ। समाजपरिवर्तनको मूल आधार भावना, चेतना र कर्मका तहमा हुने सकारात्मक परिवर्तन नै हो। कला र कलाकर्मीहरूले शरीर, सृजना, समालोचना र समाजपरिवर्तनका लागि कलात्मक भूमिका खेल्न सक्छन्।

१४. प्रगतिवादी साहित्य र प्रतिगामी साहित्यका बारेमा कतिको भिन्नता र एकरूपता भएको महसुस गर्नुहुन्छ ?

☞ प्रगतिवादी साहित्य र प्रतिगामी साहित्यको भिन्नताका बारेमा हजारौँ चिन्तकहरूले अनेक कुराहरू बताइसकेका छन्। मैले थप नयाँ कुरा भन्न सकुँला जस्तो लाग्दैन। सजिलो भाषामा भन्दा प्रगतिवादी साहित्यले सामूहिक चेतना, सामूहिक हित, सामाजिक न्याय, समतामुखी विश्वमानवतावाद र उत्पीडित वर्गीय स्वार्थको वस्तुपरक र वैज्ञानिक उद्घाटन गर्ने कुरामा जोड दिन्छ भने प्रतिगामी साहित्यले व्यक्तिवादी चेतना, वैयक्तिक आनन्द, वैयक्तिक स्वार्थ, उत्पीडक वर्गीय पक्षधरता, वैयक्तिक मानवतावाद, अवस्तुवादी र अवैज्ञानिक आदर्शवादी पक्षहरूको उद्घाटन गर्ने कुरामा जोड दिन्छ। अघाएको पेट र गोरो छालाको अत्युच्य दर्शन प्रतिगामी साहित्यको केन्द्रीय रुचि हो भने भोको पेट, श्रमिक र सिपालु हात एवं बहुसङ्ख्यक जीवनप्रतिको अनुराग प्रगतिशील साहित्यको केन्द्रीय रुचि हो भन्ने ठान्छु।

१५. छोटो रूपमा साहित्यको परिभाषा कसरी गर्नुहुन्छ ?

☞ मानवीय स्वार्थ र परार्थलाई केन्द्रमा राखेर अनुभव, अध्ययन र आदर्शलाई कल्पना र साधनद्वारा सौन्दर्यपूर्ण पारी अभिव्यक्त गरिएको भाषिक कला नै साहित्य हो।

१६. तपाईंका धेरै कविताहरू क्रान्तिधर्मी र परिवर्तनगामी देखिन्छन् नि ? तपाईं क्रान्तिकारी कवि बन्नुको पछाडि कारक तŒव के-के हुन् ? के कसैको प्रेरणा मिलेको छ ?

☞ कविता होस् वा अन्य कला, त्यो मूलतः स्रष्टाको अनुभव, अध्ययन र आदर्शकै प्रतिबिम्बन हो। स्वभावतः त्यसमा स्रष्टाको जीवनभोगाइ, बुझाइ र चाहना प्रस्तुत हुन्छन्। मेरा

कवितामा मेरो जीवनभोगाइ, जीवनबुझाइ र चाहना प्रतिबिम्बित छन्। ती झन्डैझन्डै मजस्तै, मेरा बुझाइजस्तै र मेरो चाहनाजस्तै छन्। मेरो जीवन पनि परिवर्तननिम्ति क्रान्तिकारी क्रियाकलाप गर्दै तथा सामाजिक रूपान्तरणका निम्ति प्रगतिवादी आदर्श बोकेर नै बित्दै आएको छ। मेरा रचना तिनैको प्रतिबिम्बन भएकाले ती क्रान्तिधर्मी र परिवर्तगामी देखिएका हुन्। बिनाप्रेरणा त कसले पो लेख्यो र ? तर एउटा मात्रै कुराको प्रेरणा भने छैन।

१७. तपाईंका कविता-काव्य पढ्दा लाग्छ तपाईंले युगबोध, इतिहासबोध र भविष्यबोध राम्ररी गर्नुभएको छ। के भन्नुहुन्छ ?

☞ यो तपाईंजस्ता पाठकहरूले गर्ने सकारात्मक मूल्याङ्कन हो। यदि तपाईं र तपाईंजस्ता बौद्धिक पाठकलाई मेरा कवितामा युगबोध, इतिहासबोध र भविष्यबोध राम्रो छ भन्ने लाग्छ भने म कवितालेखनको उद्देश्यमा सफल रहेछु भनेर सन्तोष गरुँला। निश्चय नै म सोद्देश्य लेख्ने व्यक्ति हुँ। मेरै निम्ति मात्र लेख्नका निम्ति मेरो लेखन हो भने समाजले मलाई पढ्नुको कुनै अर्थ छैन। मेरा कृतिहरूले निकट भविष्यमै हुने कुराको पूर्व घोषणा गरेका छन् भन्ने कुरा धेरै हदसम्म सत्य नै हो। मेरो महाकाव्यले २०४६ सालको क्रान्ति अपूर्ण हो, अर्को क्रान्ति अवश्य हुनेछ भन्ने घोषणा गऱ्यो, जीवनका घुम्तीहरू उपन्यासले अब अर्को भूमिगत राजनीति र ठूलो क्रान्ति हुनेछ भन्ने घोषणा गर्दै नायकलाई जङ्गल पस्न लगायो र एकादेशमा खण्डकाव्यले आठवटा ठूला दलहरू मिलेर राजतन्त्रलाई समाप्त गर्नेछन् भनेर घोषणा गऱ्यो। नभन्दै उपर्युक्त तीनवटै भविष्यवाणी सही साबित भए। यस्तो भविष्यवाणी गर्न मेरो कवितालाई विश्वको इतिहास, नेपालीहरूको जागृत र बढ्दो परिवर्तनमुखी चेतना, नेपालमा घटिरहेका घटना आदिले दिशाबोध गराएका हुन्। यस अर्थमा तपाईंको मूल्याङ्कन वस्तुपरक र उचित नै लाग्यो।

१८. तपाईं आफ्नो सबैभन्दा उल्लेख्य रचना वा कृति कुनलाई मान्नुहुन्छ ? किन ?

☞ यसको ठाडो उत्तर दिनु अवस्तुवादी काम हुन्छ। परिवर्तको मोडमा उपन्यासमा खलपात्रको परिवर्तनमुखी चरित्र नेपाली उपन्यासकै नौलो पात्रका रूपमा छ। औँसीका फूलहरू एम्.ए. अध्ययन गर्दा १०० पूर्णाङ्कका निम्ति गरिने सिर्जनात्मक लेखनअन्तर्गत तयार पारिएको कृति हो जुन यस्तो प्रक्रियाबाट आएको विश्वकै पहिलो महाकाव्य हो भने सर्वहारावर्गको नायकलाई लिएर नेपाली राजनीति र २०४६ सालको जनआन्दोलनलाई विषय

बनाई नेतालाई नभई कार्यकर्तालाई प्रमुख चरित्र प्रदान गरी तयार पारिएको पहिलो प्रगतिवादी नेपाली महाकाव्य पनि हो। मलाई साहित्यिक क्षेत्रमा स्थापित गराउन यसै महाकाव्यले सबैभन्दा ठूलो भूमिका खेलेको छ। पुतली र भ्रुसिल्किरा भाव, विचार र साधनाले कलमी गरिएका कविताहरूको सङ्ग्रह हो भने एकादेशमा गणतान्त्रिक चेतना, काव्यिक साहस, कविनागरिक हुनुको दायित्वबोध, युगको यथार्थबोध, सूत्रात्मक विश्वबोध, राजनीतिक प्रतिबद्धता, विचारप्रतिबद्धता र भविष्यदृष्टिको प्रमाण दिने खण्डकाव्य हो। त्यस्तै असुरग्याँसलाई पनि एकादेशमा खण्डकाव्यसरह तर बहुआयामिक कृतिका रूपमा लिन सकिन्छ। त्यसैले सबैको महत्त्व फरकफरक रूपमा उत्तिकै उल्लेख्य छ। तैपनि सरलताभित्र गम्भीरता, सङ्क्षिप्ततामा मानवसभ्यताको बोध र कच्चा सामग्रीमा उच्चसौन्दर्यको प्रतिबिम्बन गर्ने भएकाले मलाई एकादेशमा खण्डकाव्य बढी प्रिय छ।

१९. धेरै समालोचक एवं लेखकले तपाईंलाई र तपाईको 'एकादेशमा' खण्डकाव्यलाई निर्भीक भविष्यवाणी दिने कृतिका रूपमा लिएका छन् नि ? तपाईं के भन्नुहुन्छ ?

☞ उनीहरूले ठीकै मूल्याङ्कन गरेका छन्। यो कृति जुन समयमा र जस्तो जोखिम मोलेर प्रकाशित गरियो (लेख्न त सकिन्थ्यो तर प्रकाशन गर्नु काल निम्त्याउनुजस्तै थियो) र जुन भविष्यवाणी यसमा गरियो त्यसको ऐतिहासिक महत्व छ। यत्तिको कृति त्यस समयमा कुनै प्रतिगामी स्रष्टाले रचेको हुन्थ्यो भने पत्रपत्रिकालगायतका मिडियाहरूले यसलाई नेपालकै मात्र भएर विश्वकै उत्कृष्ट कृतिहरूमा राखी प्रचार गर्ने थिए र अङ्ग्रेजीलगायतका अनेक भाषामा अनुवाद गराउने थिए। क्रान्तिकारी स्रष्टाले लेखेको हुनाले प्रतिक्रियावादीहरूले त यसको प्रचार गरेनन् नै, साथमा आफूलाई प्रगतिवादी र क्रान्तिकारी भन्ने मिडिया, लेखक, समालोचकले पनि ईर्ष्यावश यसलाई चर्चामा ल्याएनन्।

२०. ह ालसम्म ८-१० वटा पुरस्कार एवं मानसम्मानबाट सम्मानित भइसक्नुभएको छ, कतिको गर्व गर्नुहुन्छ ?

☞ पुरस्कार र सम्मान प्राप्त गरेकैले त मलाई कुनै गर्व छैन; उत्साहसम्म थपिएको छ। म पुरस्कार पाउनका लागि लेख्ने गर्दिनँ। ४० हजारको युवा वर्ष मोती पुरस्कार अस्वीकार गरेँ किनकि गणतन्त्र नल्याई पुरस्कार नलिने घोषणा गरेको थिएँ। मलाई राम्रो काम गरिछस् भनेर उत्साहित गर्न दिइएका पुरस्कारप्रति म कृतज्ञ छु तर तिनबाट मेरो उत्साह मात्र बढेको हो।

सम्मान त राम्रा रचना गर्न जति सक्छु त्यति बढी प्राप्त हुनेछ। पाठकले मेरा कविताका श्लोक कण्ठ गर्नु र आफ्नो मनमा मलाई स्थान दिनुभन्दा ठूलो सम्मान र पुरस्कार मेरा निम्ति अर्को हुनै सक्दैन। मेरो योगदान अझै पनि त्यति ठूलो सम्मानको हकदार भइसकेको छैन किनभने त्यस तहको महान् काम गर्न बाँकी नै छ। हेरौँ, कुनै समय सम्मान र पुरस्कारको योग्य काम गर्न पो सक्छु कि !

२१. अन्त्यमा तपाईंका कविता शोध गर्न स्वीकृति दिने रत्नराज्यलक्ष्मी क्याम्पसको नेपाली शिक्षण विभाग र शोधकर्तालाई केही भन्न चाहनुहुन्छ कि ?

☞ यो मेरो अहोभाग्य हो। म थोरैमा पनि थोरै साहित्यिक काम गरेको व्यक्ति हुँ। शोधार्थीहरू म र मेरो कृतिमाथि शोध गर्न इच्छुक हुनु मेरा निम्ति ठूलो प्रेरणा हो। मेरो माया लागेर मात्रै शोधार्थीले शोध गर्न खोजेका तथा मप्रति दया गरेर मात्रै नेपाली शिक्षण विभागले शोधकार्य गर्न स्वीकृति दिएको होइन होला भन्नेसम्मको सोचाइ राख्न पाउँछु होला। बाँकी दुवै पक्ष मप्रति सकारात्मक भएकै कारणले मैले शोध र अध्ययनको विषय बन्न पाएको छु भन्ने कुरामा म विश्वस्त छु। साहित्यमा अत्यन्त सानो सहभागिता जनाएको मलाई पनि शोधको विषय बनाउने शोधार्थी र त्यसनिम्ति स्वीकृति प्रदान गर्ने नेपाली शिक्षण विभागप्रति म हृदयतः आभारी छु। शोधकर्तासित यतिमात्र अनुरोध छ- भावुकतामा, पूर्वाग्रहमा, अत्याग्रहमा र स्वार्थयोजनामा परेर शोधकार्यलाई हलुका, अवस्तुवादी र सामान्य नबनाइदिनुहोला।

(ख) साहित्यकार रामप्रसाद ज्ञवालीका बारेमा मित्रलाल पंज्ञानी (छिमेकी) सँगको अन्तर्वार्ता

१. रामप्रसाद ज्ञवालीसँग भेट भएको कति वर्ष भयो ?

☞ एउटा दुब्लो तर उज्यालो अनुहारको छरितो वाणी भएको युवकले पुतलीसडकमा मसित भेट हुँदा मेरो 'गतिमान् गण्डकी' खण्डकाव्यको प्रशंसा गरेको मलाई टड्कारो सम्झना छ। मैले त्यसपछि मात्रै रामप्रसाद ज्ञवाली भनेर चिनेँ भन्ने लाग्छ। भेट त साहित्य सन्ध्याकै सेरोफेरोमा त्यसअघि पनि भइसकेको हुनुपर्छ। ठ्याक्कै मिति र स्थान भन्न गाह्रो छ। गतिमान् गण्डकी प्रकाशनकै हिसाबले पनि उहाँसित भेट भएको कम्तीमा पन्ध्र वर्ष भयो।

२. यस बीचको समयमा तपाईं र ज्ञवालीको सम्बन्ध कस्तो रहेको अनुभव गर्नुहुन्छ ?

☞ यस बीचको समयमा हाम्रो सम्बन्ध घनिष्ठ रह्यो। साहित्यिक रूपमा एकअर्कालाई अझै सबल पार्ने ध्येय हामीले सदैव राख्यौँ, व्यावहारिक रूपमा घरायसी समस्यामा सरसहयोग पनि गरिरह्यौँ।

३. ज्ञवालीको पारिवारिक अवस्थाबारे केही भनिदिनुहोस् न ?

☞ ज्ञवाली निम्नमध्यमवर्गीय परिवारमा जन्मनुभएको हो। आफ्ना बाआमाका पाँच छोरा र एक छोरीमध्ये उहाँ चौथो सन्तान हुनुहुन्छ। हाल एक छोरा, एक छोरी र श्रीमतीसहित कपनमा बस्नुहुन्छ। उहाँको परिवार सुखी र शान्त छ।

४. कहिलेकाहीँ कुनै कुरामा ज्ञवालीसँग केही मनमुटाव पनि भएको छ कि ?

☞ उहाँसित कहिलेकाहीँ मतभेद भएको छ, तात्तातो बहस पनि भएको छ तर मन कुँडिने र भाँच्चिने गरी भएको छैन। हामी आफ्ना कमीकमजोरीलाई स्विकार्ने गर्छौं। तसर्थ कहिल्यै पनि मनमुटाव भएन।

५. ज्ञवालीलाई कुन-कुन व्यक्तित्वका रूपमा राम्रो मूल्याङ्कन गर्नुभएको छ ?

☞ मूलतः उहाँ साहित्यकार नै हो। पेसाका हिसाबले प्राध्यापक हुनुहुन्छ।

६. उहाँको साहित्यिक व्यक्तित्वका बारेमा केही बताइदिनु हुन्थ्यो कि ?

☞ उहाँका कवि र समालोचक दुई व्यक्तित्व बढी बलशाली र चर्चित र उहाँ छन्दमा मीठा र मार्मिक कविता लेख्ने अग्रगण्य कवि हुनुहुन्छ। उहाँका समालोचना पनि सिर्जनाजत्तिकै सहज, सरल र सरस मानिन्छन्। उहाँसित आफ्नो उपस्थिति र प्रस्तुति भएका ठाउँमा आफूलाई एउटा उल्लेख्य व्यक्तिका रूपमा परिचित गराइहाल्न सक्ने खुबी छ। उहाँले कलम नचलाएको कुनै पनि साहित्यिक विधा छैन।

७. के रामप्रसाद ज्ञवालीलाई समाजसेवी र राजनीतिक व्यक्तित्वका रूपमा पनि लिन सकिन्छ ? किन ?

☞ प्रगतिवादी चेतनाले डोरिएको एउटा साहित्यकारको व्यक्तित्वको एउटा पाटो समाजसेवी र राजनीतिक पनि हुनु स्वाभाविक छ। कुनै पार्टीविशेषको सदस्य नभए तापनि कतिपय राजीतिक आन्दोलनहरूमा उहाँ सक्रिय सहभागी हुनुहुन्छ। नेपालमा गणतन्त्र स्थापनाको अभियानमा उहाँको खटाइ उल्लेखनीय छ।

८. ज्ञवालीले समाजसेवा गर्ने सन्दर्भमा के-के योगदान गर्नुभएको छ ?

☞ आफू बसेको ठाउँको बाटाघाटा, पानी, बत्ती आदिको व्यवस्था गर्ने समितिमा बसेर काम गर्नुभएको छ। साथै उहाँ मन, वचन र कर्मले समाजसेवा गर्ने व्यक्ति हुनुहुन्छ।

९. ज्ञवालीका काव्यकृतिहरूको मूलभाव र विचार के पाउनुभएको छ ?

☞ ज्ञवालीका काव्यकृतिहरूको मूल भाव र विचार न्यायपूर्ण वितरणमा आधारित समाजव्यवस्थाको स्थापना नै हो; श्रमको शोषण नहुने र जाति, लिङ्ग आदि आधारमा विभेद नगरिने मानवीय विवेकयुक्त गतिशील समाजको निर्माण नै हो। यस्तो प्राप्तिका निमित्त शोषित-पीडितहरूले सचेत र सङ्गठित भई सङ्घर्ष गर्नैपर्ने सन्देश उहाँका काव्यकृतिहरूले प्रवाहित गर्दछन्।

१०. ज्ञवालीका कविता-काव्य कत्तिको क्रान्तिकारी एवं परिवर्तनधर्मी छन् ? तपाईं पनि एक प्रखर प्रगतिवादी साहित्यकार भएकाले केही भनिदिनुहुन्थ्यो कि ?

☞ यसबारेमा जवाफ अघि नै आइसकेको छ। थप भन्नुपर्दा उहाँले ज्ञानेन्द्रको शासनको उत्कर्ष कालमा राजतन्त्रको प्रखर विरोधी खण्डकाव्य 'एकादेशमा' लेख्नुभएको हो। उक्त खण्डकाव्य उतिबेला चर्चित त रह्यो नै तर लिखित रूपमा समालोचकीय हिसाबले यथोचित

चर्चा भने पायोजस्तो लाग्दैन। जहाँसम्म बुझेको छु, साँच्चै नै, उहाँका साहित्यकृतिहरू क्रान्तिकारी एवं परिवर्तनधर्मी छन्। त्यसमा पनि कविता-काव्य सशक्त रूपमै लागिपरेका छन्।

११. ज्ञवालीका कृतिहरू पढ्दा के-कस्ता प्रवृत्तिहरू भेटाउनुभएको छ ? छोटकरीमा भनिदिनुभए राम्रो ?

☞ रामप्रसाद ज्ञवालीको एउटा अनुकरणीय पाटो उहाँको काम गर्ने तरिका पनि हो। कतिपय मान्छेहरू एउटा काम थाल्ने र त्यसलाई पूरा नगर्दै फेरि अर्को काम थाल्ने गर्छन्। अधुरा कामहरूको समेलिनसक्नु खात लाग्छ। उहाँ त्यसो गर्नुहुन्न। थालेका कामहरू क्रमशः निष्कर्षमा पुऱ्याएर मात्रै नयाँ कामको थालनी गर्नुहुन्छ। उहाँको लेखाइको वेग तीव्र छ।

१२. अन्य केही ?

☞ अरूले गरेभन्दा भिन्न काम गर्न रुचाउने ज्ञवालीले शास्त्रीय छन्दका कवितालाई सङ्गीत दिएर सी.डी. निकाल्नुभएको छ। जनगायक रामकृष्ण दुवालको सङ्गीत र स्वरमा उक्त समग्री निर्माण भएको हो।